सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र

विधायिकाको लागि उमेद्वार चयन

सेफाकर आशिग्बोर

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स

सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र

विधायिकाको लागि उमेद्वार चयन

सेफाकर आशिग्बोर

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई) एक गैरनाफामुलक संस्था हो । यसले संसारभरि लोकतन्त्रलाई बलियो बनाउने र बिस्तार गर्ने काम गर्दछ । विज्ञहरूको विश्वव्यापी सञ्जालको सहयोगले *एनडीआई*ले लोकतान्त्रिक मूल्य मान्यता, अभ्यास र प्रतिष्ठानका उन्नती गर्न नागरिक तथा राजनीतिक नेताहरूलाई सहयोग गर्दछ एनडीआईले राजनीतिक तथा नागरिक संस्थाहरूको निर्माण गर्न, निर्वाचनलाई सुरक्षित बनाउन, नागरिक सहभागिता बढाउन, खुलापना बढाउन र सरकारको जवाफदेहिता बढाउन संसारका हरेक क्षेत्रका लोकतन्त्रका समर्थकसँग मिलेर काम गर्दछ ।

दलसम्बन्धी कानुन, उमेद्वार चयन र दलको वित्तीय व्यवस्थाजस्ता विषयमा गरिएको अनुसन्धानमार्फत *एनडीआई*ले दलीय राजनीतिका विभिन्न पक्षको तुलनात्मक जानकारी प्रदान गर्दछ । यसका साथै प्रभावकारी र समावेशी राजनीतिक दल निर्माणमा रहेका अवरोध र समाधानका सम्भावित विधिमाथि प्रकाश पार्दछ । राजनीतिक दलहरूको अनुभवको आधारमा प्राज्ञिक विश्लेषण गरी यस इन्स्टिच्युटले *सैद्धान्तिक तथा व्यवहारिक दृष्टिकोणबाट राजनीतिक दल र लोकतन्त्र* तयार गरेको छ । यस श्रृङ्खलामा राजनीतिक दलको भूमिका र कामको लागि केन्द्रिय विषयको समीक्षा गरिएको छ । यसमा निम्न विषयहरू समावेश गरिएका छन् :

विधायिकाको लागि उमेद्वार चयन
सेफाकर आशिग्बोर, नेशनल डेमोक्रेटिक इन्स्टिच्युट

दलीयन कानुनको अवलम्बन
डा. केनेथ जान्डा, नर्थवेस्टर्न विश्वविद्यालय

राजनीतिक वित्तीय नीति, दल र लोकतान्त्रिक विकास
डा. माइकल जोन्स्टन, कोल्गेट विश्वविद्यालय

पार्टी सञ्चारमा भएका विकास
डा. पिप्पा नोरीस, जोन एफ केनेडी स्कुल अफ गभरमेन्ट, हार्वड विश्वविद्यालय

पार्टीमा आन्तरिक लोकतन्त्रको कार्यान्वयन
डा. सुसन स्क्यारो, हस्टन विश्वविद्यालय

*एनडीआई*को राजनीतिक कार्यक्रमसम्बन्धी थप जानकारी आवश्यक परेमा वा यी प्रकाशनको विद्युतीय प्रतिलिपि प्राप्त गर्नको निम्ति इन्स्टिच्युटको वेबसाइट http://www.ndi.org मा हेर्नुहोला ।

प्रतिलिपि अधिकार © : नेशनल डेमोक्रेटिक इन्स्टिच्युट सन् २००८ । सम्पूर्ण अधिकार सुरक्षित । यस दस्तावेजका अंशहरू गैरव्यापारिक प्रयोजनको लागि उत्पादन र अनुवाद गर्न पाइनेछ । उत्पादन वा अनुवाद गर्दा स्रोतको रूपमा *एनडीआई* उल्लेख गर्नुपर्नेछ र अनुवादको प्रति हामीलाई पनि उपलब्ध गराउनु पर्नेछ । संयुक्त राज्य अमेरिकामा मुद्रित ।

२०३० एम स्ट्रीट, एन डब्ल्यु
फिफ्थ फ्लोर
वाशिङ्गटन, डीसी २००३६
सम्पर्क नं. : २०२-७२८-५५००
फ्याक्स : २०२-७२८-५५२०
वेबसाइटः www.ndi.org

यस प्रकाशनको मुद्रण संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास नियोग, द्वन्द्व तथा मानवीय सहायता, लोकतन्त्र ब्युरो, लोकतन्त्र तथा सुशासन कार्यालयले प्रदान गरेको सहयोग नं DGC-A-00-01-00004-00 को शर्त अन्तर्गतको सहयोगबाट सम्भव भएको हो ।

ISBN: 978-1-880134-37-5

सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणमा राजनीतिक दलहरू र लोकतन्त्र

यस प्रकाशनको मस्यौदा संस्करणमा टिप्पणी गरिदिनु भएकोमा यहाँ उल्लेखित व्यक्तिहरूलाई *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)* धन्यवाद दिन चाहन्छ : इलिनोइस विश्वविद्यालयका सहायक प्राध्यापक डा. डेनिस बयर, म्यान्चेस्टर विश्वविद्यालयका युरोपेली राजनीतिका जीन मोरेट अध्यक्ष डा. डेभिड फारेल, भेर्मोन्ट विश्वविद्यालयका राजनीतिशास्त्र विभागका अनुसन्धान र सामुदायिक विकास तथा प्रयोगात्मक अर्थशास्त्रका उप-प्राध्यापक एडवार्ड म्याक्मोहन, हस्टन विश्वविद्यालय राजनीतिशास्त्रका प्राध्यापक डा. सुसन स्क्यारो र अन्तर्राष्ट्रिय विकास परामर्शदाता टोनी वर्थिङ्टन । यसैगरी आफ्नो अनुभव साझेदारी गर्न स्वीकार गर्नु हुने राजनीतिक दलका पदाधिकारी तथा कार्यकर्ताहरू पनि धन्यवादका पात्र हुन्, उनीहरूको सहयोग र सहायताबिना यो अनुसन्धान गर्न सम्भव थिएन । खासगरी आफ्नो पार्टीको छनौट प्रक्रियाको घटना अध्ययन सही छ भनी प्रमाणिकरण गर्ने व्यक्तिहरूप्रति पनि *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)* अगुग्रहित छ । यहाँ उल्लेख गरिएका *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*का वर्तमान र पूर्व कर्मचारीले यस दस्तावेजमा तयार पार्न निकै ठूलो योगदान गरेका छन् : भिक्टोरिया क्यानाभोर, र्ग्यान्ट गडफ्रे, मेरेडिथ काज, रेमण्ड कु, मारिओ मित्रे, केटी मज, जुलियान क्वीबेल, निआम ओ कोनोर, जार्ते तोरा, रेबेका भानासेक, र एल्भिस जुतिक । यस अध्ययनमा श्लोमिट बार्नियाले अनुसन्धान सहायकको काम गरेका थिए । यो दस्तावेजको डिजाइन तथा ले-आउटको लागि स्टेफ्यानी लेभीले काम गरेका थिए ।

NDI
NATIONAL DEMOCRATIC INSTITUTE FOR INTERNATIONAL AFFAIRS

USAID
FROM THE AMERICAN PEOPLE

विषयवस्तु

लेखकका बारेमा १

प्राक्कथन २

१. कार्यकारी सारांश ३

२. विचार गर्नुपर्ने सवाल ७

परिचय ७

राजनीतिक र नियामक वातावरण ८

निर्वाचन प्रणालीको ढाँचा ८

छनौट प्रक्रियामा राज्यको नियमन ९

सन्तुलित उमेद्वारीका लागि वैधानिक कोटा र प्रोत्साहन ९

सामाजिक मान्यता र अन्तरदलीय प्रतिस्पर्धा १०

अन्तरपार्टी लोकतन्त्र ११

संस्थागत गर्ने ११

विकेन्द्रीकरण १२

समावेशिता १५

प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिता १६

सदस्यता र योग्यताका सवाल १७

को योग्य हन्छ र कसले निर्णय लिन्छ ? १७

सदस्यता वितरणको प्रक्रिया २०

उमेद्वार चयनमा ध्यान दिनुपर्ने विषय २०

टिकट वितरणमा सन्तुलन २६

अनौपचारिक रणनीति २६

कोटा तथा अन्य प्रकारका सकारात्कम कदम २६

विशिष्टकृत सहयोग प्रणालीहरू २९

पार्टीको एकता जोगाउने संयन्त्र र रणनीति २९

छनौट प्रक्रियामा विश्वास आर्जन २९

उमेद्वारको प्रतिबद्धता-पत्र तथा आचारसंहिता ३०

विवाद समाधान ३०

केही व्यवस्थापकीय पक्ष ३२

बैठकको ढाँचा ३२

मतदान र अनुमोदन प्रणाली ३२

उमेद्वार छनौट प्रक्रियाको आर्थिक पक्ष ३३

गठबन्धनको लागि उमेद्वार छनौट ३४

प्रतिस्पर्धा नगर्ने सहमती ३४

"ब्याक डोर प्राइमरी" को बिकल्प ३५

संयुक्त उमेद्वार छनौट ३५

निश्कर्ष ३७

३. **घटना अध्ययन** ३९

द अफ्रिकन नेशनल कंग्रेस (दक्षिण अफ्रिका) ३९

द कन्जर्भेटिभ पार्टी (बेलायत) ४२

फीन गेल (आयरल्याण्ड) ४९

द इन्स्टिच्युशनल रिभोलुश्नरी पार्टी (मेक्सिको) ५३

द कोमिन्ताङ (ताइवान) ५९

द लेबर पार्टी (बेलायत) ६३

द लिबरल पार्टी (क्यानाडा) ७०

द न्यु पेट्रिअटिक पार्टी (घाना) ७८

द प्यानहेलेनिक सोसलिस्ट मुभमेन्ट (ग्रीस) ८१

द सोसल डेमोक्रेटिक पार्टी (बोस्निया-हर्जगोभिना) ८४

४. **अनुसूची** ८८

छोटकरी शब्द ८८

शब्दावलीको परिभाषा ९०

निर्वाचन प्रणाली र उमेद्वार चयनमा प्रभाव ९२

सन्दर्भ सामग्री ९५

टेक्स्टबक्सको सूची .....

१. उमेद्वार छनौटमा शाखा समितिको संलग्नताका लागि आवश्यकता शर्तको नमुना .....

२. उमेद्वार छनौटमा नेतृत्वको र शाखा समितिको स्वार्थबीच सन्तुलन .....

३. एक सदस्य एक मत.....

४. उमेद्वारको लागि योग्यतासम्बन्धी शर्तको नमुना .....

५. उमेद्वारलाई आवेदन फारममा सोधिने विषय र प्रश्नको नमुना.....

६. उमेद्वार छनौटको लागि समयसीमा.....

७. दक्षिण अफ्रिकाको लोकतान्त्रिक गठनबन्धन र आकांक्षीहरूको मूल्याङ्कन .....

८. टिकट वितरणमा सन्तुलन कायम राख्ने केही विधि.....

९. आचारसंहिताका साझा प्रावधान.....

१०. गठबन्धनमा संयुक्त रूपमा उमेद्वार छनौट गर्ने केही बिकल्प.....

११. उमेद्वार छनौटको लागि व्यवहारिक सवाल .....

१२. लोकतान्त्रिक गठबन्धनको उमेद्वार छनौटका लागि सूची निर्धारण प्रक्रिया.....

१३. द कन्जर्भेटिभ पार्टीको विमेनटुविन.....

१४. लेबर पार्टीमा महिलाका लागि सकारात्मक विभेद .....

१५. घानाको नेशनल डेमोक्रेटिक कंग्रेसको उमेद्वार छनौट प्रक्रियामा सुधार.....

१६. ग्रीसको द प्यान्हेलेनिक सोसलिस्ट मुभमेण्ट (पीएएसओके) दलले मारोसी अनुभव .....
: योजनाबद्ध निर्वाचनबाट उमेद्वारको छनौट.....

तालिकाको सूची

१. आयरल्याण्डका तीन ठूला दलमा उमेद्वार छनौट.....

२ द इन्स्टिच्युशनल रिभोलुश्नरी पार्टीको सीपीएन र सीपीआईको भूमिका र जिम्मेवारी.....

३. मेक्सिकोको तीन ठूला तीन दलमा उमेद्वार छनौट.....

४. बेलायतका तीन ठूला दलमा उमेद्वार छनौट .....

५. लिबरल प्रोभिन्सल र टेरेटोरियल एसोसियशनका छनौट प्रक्रियामा रहेको भिन्नताका उदाहरण.....

६ क्यानाडाको कन्जर्भेटिभ पार्टी र लिबरल पार्टीमा उमेद्वार छनौट .....

लेखकका बारेमा

सेफाकर आशिग्बोर *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*को राजनीतिक दल कार्यक्रममा वरिष्ठ सल्लाहकार हुन् । उनी संसारभर *इन्स्टिच्युट*को राजनीतिक दल कार्यक्रमको ढाँचा तयार पार्ने, कार्यन्वयन र मूल्याङ्कमा प्राविधिक सहयोग प्रदान गर्छन् । यसैगरी नयाँ लोकतान्त्रिक मुलुकमा लोकतान्त्रिक दलहरूको विकास प्रक्रियामा भइरहेका असरबारे अनुसन्धानमा संलग्न छन् । आशिग्बोरले अफ्रिकाको सब सहारा क्षेत्रमा केन्द्रित रहेर *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*मा आफ्नो सेवा सुरू गरेका हुन् । राजनीतिक दलको विकास, दोहनकारी उद्योगको व्यवस्थापन, महिलाको राजनीतिक सहभागिता, निर्वाचन पर्यवेक्षण र विधायिकाको विकासजस्ता विषयमा क्षमता अभिवृद्धि गर्ने र अनुसन्धान व्यवस्थापन गर्ने क्रममा उनले यस महादेशका सबैजसो देशमा यात्रा गरेका छन् । उनले घाना र मलावीमा स्थलगत दरबन्दीमा रहेर पनि काम गरेका छन् । आशिग्बोरले लण्डन स्कुल अफ इकोनोमिक्स् एण्ड पोलिटिकल साइन्स्बाट अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातकोत्तर गरेका छन् भने सेल्वीन कलेज, क्याम्ब्रिजबाट इतिहास विषयमा स्नातक तहको अध्ययन पूरा गरेका छन् ।

प्राक्कथन

लोकतन्त्रमा नागरिकको प्रतिनिधित्व गर्न सक्षम र सार्वजनिक हितको पक्षमा शासन गर्ने क्षमता प्रदर्शन गर्ने नीतिगत बिकल्प प्रदान गर्ने बलिया र दिगो राजनीतिक दलहरू चाहिन्छ। तर, स्थापित लोकतन्त्रिक मुलुक र भरखरै लोकतन्त्रको अभ्यास गर्न थालेका बहुदलीय मुलुकहरू दुवैमा धेरै राजनीतिक दल लगभग संकटको अवस्थामा छन् भन्ने कुरा सर्वविदितै छ। संसारभरका नागरिक आफ्ना राजनीतिक दल र नेतासँग धेरै भन्दा धेरै निराश भैरहेका छन् । यसै अवस्थामा, स्वतन्त्र उमेद्वार, विशेष रुची भएका दल र दलविरोधी आन्दोलनहरूको पक्षमा समर्थन बढ्न थालेको छ। राजनीतिक दलहरूको लागि पुनः जनमानसको विश्वास जित्न व्यापक नागरिक सहभागिता, नेतृत्वको जवाफदेहिता, पारदर्शिता तथा संस्थागत सुरक्षा प्रावधान पहिले भन्दा झनै महत्वपूर्ण भएका छन् ।

*नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*ले २० वर्षभन्दा धेरै समयदेखि नागरिकले लोकतान्त्रिक प्रक्रियामा अझैं सक्रियतापूर्वक भाग लिन पाउने थप खुला राजनीतिक वातावरण निर्माण गर्न संसारभरका राजनीतिक दलसँग मिलेर काम गरिरहेको छ । राजनीतिक दलसम्बन्धी प्रतिष्ठानको रूपमा *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*ले आफ्नो कामलाई व्यवहारिक दृष्टिकोणले हेर्ने गर्दछ, दलहरूको दीर्घकालीन संस्थागत विकासलाई प्रवर्धन गर्नको निम्ति निस्पक्ष सहायता उपलब्ध गराउँछ, स्थानीय र राष्ट्रिय निर्वाचनमा तिनीहरूको प्रतिस्पर्धात्मक क्षमताको अभिवृद्धि गर्ने गर्दछ, र तिनीहरूलाई रचनात्मक तरिकाले सरकारमा सहभागी हुन सहयोग पुऱ्याउँदछ। अन्तर्क्रियात्मक प्रशिक्षण र निर्देशनात्मक अभ्यासदेखि लिएर परामर्श र दलहरूलाई अझैं बढी खुला तथा प्रतिनिधिमुलक संस्था बन्नको लागि दललाई आवश्यक पर्ने खालको स्रोत संसाधन प्रदान गरि विभिन्न स्वरूपमा सहयोग गर्दछ ।

राजनीतिक दलसँग प्रभावकारी रूपले काम गर्नको लागि दलका नेतालाई प्रभाव पार्ने प्रोत्साहन र सुधारका सम्भावनालाई आकार दिने विषयबारे बुझ्न जरूरी हुन्छ । *इन्स्टिच्युटले* प्रयोगात्मक अनुसन्धानमार्फत दलीय राजनीतिका विभिन्न पक्षबारे तुलनात्मक सूचना प्रदान गर्दछ, र अझैं बढी प्रभावकारी तथा समावेशी दल निर्माण गर्नको लागि वाधाहरू र सम्भावित समाधानमा जोड दिन्छ। सन् २००४मा *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)*ले सैद्धान्तिक ज्ञान, प्रयोगात्मक अनुसन्धान र व्यवहारिक अनुभवको मिश्रण सहितको अनुसन्धान पत्रहरूको शृंखला *सैद्धान्तिक तथा व्यवहारिक दृष्टिकोणमा राजनीतिक दल र लोकतन्त्र*को प्रकाशन गर्न थाल्यो । यी अनुसन्धान पत्रले राजनीतिक दलको भूमिका तथा कर्तव्य सम्बन्धी मुख्य विषयमा तुलनात्मक सूचना प्रदान गर्छन् । यी दस्तावेजले पाठकलाई प्रत्येक विषयमा राम्रो बुझाइ प्रदान गर्नुका साथै खासगरि सम्बोधन गरिएका विषयको जटिलताबारे बुझाइ प्रदान गर्छन् । तर यी दस्तावेजले दलको संगठनात्मक विषयमा सिद्धान्त पेश गर्ने वा छलफल गरिएका विषयलाई सम्बोधन गर्नको लागि तयारी समाधान प्रदान गर्दैनन् । बरु, यसले भएका खतराका संकेत र कमीकमजोरी र त्रुटी औंल्याइ दिन्छ र दलहरू सचेत हुनुपर्ने व्यवहारिक विचारणीय पक्षबारे जानकारी गराइदिन्छन् ।

यस दस्तावेजको पहिलो खण्डमा "विधायिकाको लागि उमेद्वार चयन"मा विधायिकाको लागि उमेद्वार चयनमा राजनीतिक दलले छलफल गर्न चाहेका मुख्य विषयबारे चर्चा गरिएको छ । दोस्रो खण्डमा, संसारभरका १० राजनीतिक दलको उमेद्वार छनौटसम्बन्धी व्यवहारिक अनुभवबारे जानकारी समेटिएको घटना अध्ययनरू प्रस्तुत गरिएका छन् । अनुसन्धानमा सहयोग गरेर र विभिन्न मस्यौदामा आफ्नो सुझाव टिप्पणी पेश गरेर यस दस्तावेजलाई सार्थक तुल्याइदिनुहुनेहरू प्रति *नेशनल डेमोक्रेटिक इन्स्टिच्युट (एनडीआई)* आभारी छ ।

केनेथ वोल्लाक
अध्यक्ष

इभान डोहोर्ती
वरिष्ठ एसोसियट
राजनीतिक दलसम्बन्धी कार्यक्रम निर्देशक

कार्यकारी सारांश

लोकतान्त्रिक समाजमा राजनीतिक दलको एउटा महत्वपूर्ण काम भनेको विधायिकाको लागि उमेद्वारको चयन गर्नु हो । दलले चयन गर्ने उमेद्वारले मतदाताको लागि नेतृत्व गर्नुका साथै प्रतिनिधिमुलक बिकल्पको परिभाषा गर्छन् । दलीय व्यवस्था वा दल बलियो भएको ठाउँमा राजनीतिक दलको नेतृत्व पनि दलले उमेद्वार चयन गर्छ वा पूर्वनिर्धारित हुन्छ । यस्तो प्रक्रिया र नतिजाले दलको मूल्य र कार्यसम्पादन वातावरण निर्माण गर्ने मात्र होइन, समग्र सार्वजनिक छबि निर्माणमा नै असर पार्दछ । यसैका आधारमा कुनै निश्चित दल कति एकीकृत र उर्जाशील छ वा हतोत्साहित र विभाजित छ भन्ने कुराको निर्धारण हुन्छ । निर्वाचनमा कुनै दलले प्राप्त गर्ने सफलताका लागि पनि यसले निकै महत्वपूर्ण भूमिका खेल्छ ।

उमेद्वार चयनका विभिन्न पक्षबारे राजनीतिक विज्ञहरूले व्यापक अनुसन्धान र बहस गरेका छन् । अत्यन्त धेरै अध्ययन सामग्री प्रकाशित भए छन् । तथापि, दल र सरोकारवालाले ध्यान दिनुपर्ने विभिन्न विषयवस्तुबारे व्याख्या गरिएका, उपलब्ध विभिन्न बिकल्पको फाइदा र बेफाइदाबारे बिस्तृतरूपमा विश्लेषण गरिएका र प्रयोग-मैत्री स्रोतमा भने सहजै पहुँच पुग्न नसकेको राजनीतिक दलहरूले बताउँदै आएका छन् । यस कार्यपत्रले सो अभावलाई पूर्ति गर्ने लक्ष्य राखेको छ । केही समयदेखि गरिएको प्राज्ञिक अध्ययन र उमेद्वार चयनको तुलनात्मक अनुभवको आधारमा यो कार्यपत्र तयार पारिएको हो । यस कार्यपत्रको पहिलो खण्ड राजनीतिक दलले उमेद्वार आफ्नो छनौट प्रक्रिया निर्धारण गर्दा विचार गर्नुपर्ने विषय साथै उपलब्ध बिकल्पका मुख्य फाइदा र बेफाइदाका सवालमा चर्चा गरिएको छ ।

उमेद्वार छनौट प्रक्रिया भनेको दलको मूल्य-मान्यता र स्वार्थको झलक हो र यसले दलको काम गर्ने परिपाटीको पनि प्रतिबिम्बिन गर्छ । दलको नियामक रूपरेखा, सामाजिक मान्यता र अन्तरपार्टी प्रतिस्पर्धाको तहजस्ता सबै विषयले दलको काम गर्ने वातावरणलाई आकार दिन सहयोग पुऱ्याउँछ, जुन समय परिस्थितिअनुसार परिवर्तन हुन सक्छ । त्यसैले यो दस्तावेज दल आफैंले नियन्त्रण गर्न सक्ने र उसका आन्तरिक प्रक्रियामा केन्द्रित छ । यद्यपि, यहाँ त्यस्ता पक्ष र उमेद्वार छनौटमा यसको सम्भावित प्रभावको पनि छलफल गरिएको छ ।

त्यसपछिका अर्को दस्तावेजले दलभित्रको विभिन्न तहका संस्थागत संरचना, विकेन्द्रीकरण र समावेशिताको आधारमा मापन गरी उमेद्वार छनौट गर्दा पार्टीको आन्तरिक लोकतन्त्रको विषयले पनि भूमिका खेल्छ । यसैगरी उमेद्वार छनौट प्रक्रियामा पार्टीका विभिन्न तहसँग सम्बन्धित फाइदा र जोखिमको मूल्याङ्कन गरिन्छ । फरक-फरक दलका संगठनात्मक संरचना र प्रक्रियालाई राख्न मिल्ने गरी स्लाइडिङ स्केल बनाइन्छ । यी स्केलमा दुवैतिरको सबैभन्दा धेरै अंक प्राप्तिले केही जोखिम रहेको संकेत गर्न सक्छ । अत्यन्तः संस्थागत नभएको, असमावेशी र विकेन्द्रीकरणले उमेद्वार छनौटलाई अपारदर्शिता बनाउँछ भने वैधानिकतामाथि पनि खतरा ल्याउन सक्छ । त्यसैले निरन्तररूपमा यस्तो परिपाटीको अभ्यास गरियो भने यसले दललाई राजनीतिक वातावरणसँग लचक हुने स्थान खुम्च्याउँछ र दलप्रतिको वफादारीता र अनुशासन कार्यान्वयन गर्न पनि अप्ठ्यारो हुनसक्छ । पार्टीलाई एक ढिक्का बनाइ राख्ने र सहभागिता बढाउने सम्बन्धमा दललाई विशेष चासो हुनसक्छ । यी दुवै क्षेत्रलाई सन्तुलित राख्ने क्रममा दलले सम्झौता गरेका केही पक्षहरूबारे पनि यहाँ व्याख्या गरिएको छ । जस्तैः पार्टीको शाखा र सदस्यतामा सहभागी हुन निश्चित समय तोकियो भने यसले कसैलाई पार्टीमा तुरूनतै संलग्न हुनबाट रोक्छ यसैगरी दलीय नेतृत्वबाट मात्रै अनुमोदन हुनुपर्ने प्रक्रियाले दलको पहिचान जोगाउन मद्दत पुऱ्याउँछ ।

राजनीतिक दलले सबैभन्दा उपयुक्त उमेद्वार छनौट गर्दा के कुरा ध्यान दिनुपर्छ भने चुनाव प्रचार-प्रसारको क्रममा मात्र होइन, निर्वाचित भएर उच्च पदमा पुगिपछि पनि आफ्नो राजनीतिक दलको हितमा काम गर्न सक्छ कि सक्दैन भन्ने पनि हेर्नुपर्छ । यसका साथै निर्वाचनमा विजयी हुने उमेद्वार छनौट गर्दा लोकप्रिय सार्वजनिक छबि भएको व्यक्ति छान्नुपर्छ । राजनीतिक दलले सम्भावित उमेद्वारको खोजी गर्दा तोकिएको वैधानिक योग्यताका शर्त भएको र दलले निर्धारण गरेको योग्यताका मापदण्डको पालना गराउने औपचारिक व्यवस्था पनि पूरा भएको हुनुपर्छ । मूलतः

यस्तो शर्त निर्धारण गरिएको खण्डमा अयोग्य व्यक्तिलाई उमेद्वारका रूपमा अगाडि आउनबाट रोक्छ । तर, यस्ता प्रावधान अत्यन्त कडा भए भने कतिपय वर्ग वा समुदायका सम्भावित उमेद्वारलाई रोक्न पनि सक्छ अर्थात विभिन्न जातजाति र समुदायका व्यक्तिलाई निर्वाचनमा सहभागी हुनको लागि बन्देज वा सीमा निर्धारण गरिदिन सक्छ । यस्ता प्रावधान निकै कडा भए भने अन्य निर्वाचन छनौट प्रक्रियामा पनि व्यापक सहभागिता खोज्नु अर्थहीन हुन सक्ने गम्भीर खतरा पनि पैदा हुन सक्छ । त्यसैले यस्ता शर्त निर्धारण गर्दा निम्न विषयबारे विचार गरिनुपर्छ : दलमा निश्चित समयदेखि सक्रियतापर्वक संलग्न भएको इतिहास, सार्वजनिक छबि बनाएको, राजनीतिक दक्षता भएको, नैतिकवान, आर्थिक स्रोत जुटाउन सक्ने र सामाजिक-आर्थिक तथा शैक्षिक पृष्ठभूमिलाई आधार मानेर सम्भवित उमेद्वारको छनौट गरिनुपर्छ ।

राजनीतिक दलले उमेद्वार चयनको लागि जुनसूकै प्रक्रिया अवलम्बन गरे पनि लिङ्ग, भूगोल, अपाङ्गता भएका व्यक्ति, युवा, समुदाय, जातजाति र निश्चित सिमान्तकृत समुदायको थप प्रतिनिधित्व हुने गरी उमेद्वार चयनको विशेष व्यवस्था गरिनुपर्छ । सैद्धान्तिक व्याख्याले राजनीतिक नेतृत्वलाई ठूलो लचकता प्रदान गर्नसक्छ तर, परिवर्तनको लागि भने यो मात्रै पर्याप्त हुँदैन । विवादित विषयवस्तु भएता पनि उमेद्वार छनौट प्रक्रिया र कार्यान्वयनको चरणमा विभिन्न तहमा आरक्षण (जस्तै : ३० वा ४० प्रतिशत)का साथै अन्य प्रकारका सुधारात्मक काम निर्धारण गर्नुपर्छ । एतिहासिकरूपमा सिमान्तकृत भएका समूहलाई लक्षित गरी प्रशिक्षण र अन्य विभिन्न किसिमका सहयोग र सहयोग प्रदान गर्नका लागि विशेष सहयोग प्रणालीकै स्थापना गर्न सकिन्छ ।

राजनीतिक दलले उमेद्वार छनौट गर्दा दलभित्रै एक किसिमको प्रतिस्पर्धा र एकताको एक अनौठो सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा दलहरूले आफैंले निर्धारण गरेका नियम र कार्यविधिको पूर्णरूपमा पालना गरे भने यसले दलको पारदर्शिता प्रबर्द्धन गर्न, सहभागिता बढाउन र द्वन्द्व घटाउन सहयोग पुऱ्याउँछ । यसरी बनाइएका नियम तोडमोड गर्ने प्रयास भयो भने विवाद बढ्ने सम्भावना हुन्छ र यसको परिणाम ती मुद्दा अदालती प्रक्रियामा जाने जोखिममा रहन्छ । यसका साथै आमसञ्चार माध्यममा नकारात्मक टिकाटिप्पणी हुन थाल्छन् । यति मात्र होइन, आफैंले बनाएको नियम पालना गर्न नसक्ने दलले निर्वाचित भए पनि जनताका आवश्यकता सम्बोधन गर्ने नीति नियम पालना गर्दैनन् भन्ने आशंका मतदाता र सदस्यसम्म पुग्ने सम्भावना हुन्छ । त्यसैले दलभित्र असन्तुष्ट आकांक्षीहरूले गुनासो गर्न पाउने संयन्त्रको निर्माण गरिनुपर्छ । यद्यपि, दलको नेतृत्वको अवमूल्यन गर्ने र पार्टीको विखण्डन गराउन सक्नेजस्ता खतरा उत्पन्न गराउन उद्दत कार्यकर्तालाई कारबाही गर्ने बिकल्प भने खुला राख्नुपर्छ । उमेद्वार छनौट प्रक्रियामा आचारसंहिताको कार्यान्वयन गर्नाले दलको पारदर्शिता बढाउँछ भने यस्तो कदमले दलभित्रको विवाद रोकथाम गर्न सहयोग पुऱ्याउँछ । यसका अतिरिक्त दलसँग गुनासो दर्ता गर्ने, अभिलेख राख्ने, सुनुवाइ गर्ने र फैसला गर्नको लागि औपचारिक प्रक्रियाको स्थापना गर्नेबारे पनि दलहरूले सोच्नुपर्छ ।

राजनीतिक दलहरूले मतदान र प्रमाणिकरण प्रणालीका साथै व्यवस्थापकीय पक्षबारे पनि विचार गर्नुपर्छ । यस दस्तावेजमा उपलब्ध विभिन्न बिकल्प र तिनका फाइदा र बेफाइदाबारे संक्षिप्त जानकारी उपलब्ध गराउँछ । यसले उमेद्वार छनौट प्रक्रिया र आर्थिक लगानी जुटाउने सम्बन्धमा पिन केही विचार अभिव्यक्त गर्दछ । अन्त्यमा, परिस्थितिअनुरूप कतिपय राजनीतिक दलले गठबन्धन निर्माण गरेर चुनावमा भाग लिने निर्णय गर्न सक्छन् । यस्तो अवस्थामा उनीहरूसँग दुई प्रमुख बिकल्प हुन्छन् : एक, गठबन्धनका घटकहरूले आकांक्षी उमेद्वारको सूची संयुक्तरूपमा अनुमोदन गर्ने र त्यसपछि मात्रै अन्तिम छनौट गर्ने । र दुई, घटकका सदस्यले आ-आफ्नै छनौट कार्यविधि प्रयोग गरी प्रारम्भिक छनौट गर्ने र त्यसपछि दोस्रो चरणमा गठबन्धनका सदस्यले संकलित सूचीबाट उमेद्वारको अन्तिम छनौट गर्ने ।

उमेद्वार छनौटसम्बन्धी स्पष्ट नियम अवलम्बन गरी पालना गर्दा दलहरूलाई फाइदा हुनसक्छ । यद्यपि, यी नियमहरू सम्बन्धित दललाई तत्कालीन परिवेशअनुरूप व्यवहारिक हुने किसिमले निर्धारण गर्नुपर्छ । यो नै यस दस्तावेजको पहिलो खण्डको निचोड हो । विभिन्न किसिमका दल र तिनले काम गर्ने वातावरणको विविधताका कारण उमेद्वार छनौटको लागि कुनै एउटा व्यवस्थालाई सबैभन्दा उत्कृष्ट भन्न सकिँदैन । राजनीतिक दलले परिवर्तनशीलता र आवश्यकता अनुकूलको प्रतिक्रियाअनुसार उमेद्वार छनौट प्रक्रिया छनौट गर्छन् ।

यो दस्तावेजको दोस्रो खण्डमा संसारभरका १० ओटा राजनीतिक दलको घटना अध्ययनका आधारमा प्राप्त अनुभवको समीक्षा गरिएको छ । यसमा उल्लेखित कतिपय दलहरू आफ्नो प्रक्रियासँग तुलनात्मक रूपले सन्तुष्ट छन् भने कतिपय दलहरू यसलाई थप सुधार गर्ने अन्य बिकल्पको खोजीमै छन् । तर, यहाँ अध्ययन गरिएका घटनालाई उत्कृष्ट नमुनाको रूपमा पेश गर्न भने खोजिएको होइन । अध्ययनमा समेटिएका प्रत्येक दलको अनुभवलाई गहिरोसँग विश्लेषण गर्ने प्रयास पनि यहाँ गरिएको छैन । यहाँ त अध्ययनमा समेटिएका प्रत्येक दलको उमेद्वार छनौट प्रक्रिया समयसँगै कसरी परिवर्तन भए भन्ने विषयमा संक्षिप्त जानकारी दिइएको छ । यसैगरी अहिले अभ्यासमा रहेका उमेद्वार छनौट प्रक्रियाका प्रमुख चरण र यो प्रक्रियामा समावेश निश्चित सबल पक्ष र कमजोर पक्षहरू समावेश गरिएको छ। यहाँ उल्लेख गरिएका दलहरू विभिन्न दर्शन र सिद्धान्तलाई आत्मसात गर्छन् र ती दलहरू विभिन्न राजनीतिक र नियामक परिवेशबाट आएका छन् ।

दक्षिण अफ्रिकाको *अफ्रिकी नेशनल कंग्रेस (एएनसी)*को शाखाहरूले विधायिका चुनावको लागि उमेद्वार मनोनयन गर्छन्। प्रादेशिक र राष्ट्रिय अधिवेशनले मनोनित उमेद्वारको लोकप्रियताको आधारमा सूचीकरण गरिएका उमेद्वारको मतदान गर्छन्। सो दलले सम्भावित उमेद्वारको मूल्याङ्कन गर्नको निम्ति एउटा औपचारिक प्रक्रियाको प्रयोग गर्दछ । दलले आफ्नो उमेद्वार सूचीमा समावेश गर्न उमेद्वारलाई पालैपाले *जीपरीङ्ग* भन्ने विधिको प्रयोग गरी प्रत्येक चरणमा पुनरावेदन गर्दै उमेद्वार छनौट गर्ने व्यवस्थाको अभ्यास गर्छ ।

संयक्त अधिराज्य (युनाइटेड किङ्डम)को कन्जर्भेटिभ पार्टीमा केन्द्रले स्वीकृत गरेको सूचीमध्येबाट मातहत निकायले आफ्नो निर्वाचन क्षेत्रको उमेद्वार छान्ने गर्छन् । यसरी अनुमोदन भएको सूचीमा समावेश व्यक्तिलाई प्रशिक्षण दिइन्छ र निरन्तरूपमा मूल्याङ्कन गरिन्छ । यो राजनीतिक दलले बिगतमा कोटा प्रणालीको अवधारणालाई इन्कार गरेको थियो । तर महिला र जातीय अल्पसंख्यकको संख्या बढाउने प्रयासस्वरूप पछिल्लो वर्षमा "सुरक्षित" र "जित्न सकिने" स्थानमा कोटा प्रणालीको कार्यान्वयन सुरू गरेको छ ।

आयरल्याण्डमा, फीन गेल पार्टीले उमेद्वार छनौटका लागि पूर्व-छनौट प्रक्रिया अवलम्बन गर्छ । उक्त दलले आकांक्षी उमेद्वारको एउटा सरल मनोनयन प्रक्रियको अभ्यास गर्दछ। आयरल्याण्डमा सिङ्गल ट्रान्सफरेबल मतदान प्रक्रिया भएको हुनाले प्रत्येक निर्वाचन क्षेत्रमा एकजना मात्रै उमेद्वारको मनोनयन गर्ने कुरा निकै महत्वपूर्ण हुन्छ । यो देशमा अत्यन्त धेरै वा अत्यन्त थोरै उमेद्वार उठाउँदा दललाई विधायिका सिटमा घाटा लाग्न सक्छ। यहाँ उमेद्वार छनौट सदस्यहरूले गरेको मतदानको आधारमा हुने भएता पनि उमेद्वारको संख्या भने राष्ट्रिय कार्यकारीले छनौट गर्छ । त्यसैले कुनै-कुनै अवस्थामा शाखाहरूले अनुमोदन गरेको सूचीको नाममा थपघट वा परिमार्जन हुन सक्छ। यस दलको नियमावलीमा भने कागजमा मात्रै सीमित शाखा र तुरूनतै सदस्य बन्नेविरूद्ध बलिया सुरक्षा प्रावधान समावेश गरिएका छन् ।

मेक्सिकोको इन्स्टिच्युशनल रिभोलुश्नरी दल (पीआरआई) मा दलको राष्ट्रिय नेतृत्वले क्षेत्रीय उमेद्वारको सूची निर्धारण गर्छ । तर, दलको नियमावलीले बहुमतीय सिट (मेजोरिटेरियन सिट)को लागि उमेद्वार चयनको लागि भने बन्द वा खुला प्राथमिक (प्राइमरी) र अधिवेशन जस्ता बिकल्पको प्रयोग गर्दछ। प्रत्येक उमेद्वार छनौट प्रक्रियाको निर्धारण राष्ट्रिय राजनीतिक परिषद् *(कोन्सेजो पोलिटिको लेश्नल वा सीपीएन)*ले गर्दछ । परिषद्ले तोकिएका मनानयनकर्ताको बिस्तृत विवरणसहित आवेदन माग गर्दछ। प्रतिस्पर्धात्मक राजनीतिको युगमा उक्त दलले बहमतीय (मेजोरीटरियन) सिटको लागि उमेद्वार छनौटलाई संगठित गर्ने र सहभागितामुलक बनाउने कोशिश गरेको छ। यद्यपि, उमेद्वार छनौटको यो प्रक्रियामा स्थानीय तहको भन्दा राष्ट्रिय तहको बढी प्रभाव पर्ने गरेको छ भने सँधैजसो विवादित हुने गरेको छ ।

ताइवानमा सन् २००० को राष्ट्रपति चुनावमा कुओमिन्टाङ् पराजित भएपछि उमेद्वार छनौट प्रक्रियामा ठूलो सुधारको प्रयत्न थालनी गऱ्यो । भ्रष्ट राजनीतिसँग सम्बन्ध बनाउने र दलले आकांक्षी उमेद्वारको लागि पार्टीले कडा आचरणको मापदण्ड तोकेको छ । यसैगरी, प्रत्यक्ष निर्वाचनको लागि उमेद्वार छनौट गर्दा सदस्यको मतदान र सार्वजनिक जनमतको सुरूआत पनि गरिएको छ ।

बेलायत को लेबर पार्टीमा केन्द्रले अनुमोदन गरेको पूर्व-अनुमोदित सूचीबाट उमेद्वार छान्न सकिने व्यवस्था छ । अथवा पार्टीले अन्य आकांक्षीबारे पनि विचार गर्न सक्छ। पूर्व-अनुमोदित सूचीमा नरहेका अन्य आकांक्षी पनि उमेद्वारका

रूपमा छनौट भएमा राष्ट्रिय कार्यकारीले अनुमोदन गर्नुपर्छ। त्यस्ता उमेद्वार पनि एक व्यक्ति एक मतको आधारमा छनौट गरिन्छ । लेबर पार्टीले महिला, अश्वेत र जातीय अल्पसंख्यकका उमेद्वारको संख्या बढाउनको लागि पूर्ण महिला सूची र प्रक्रियागत आरक्षणजस्ता सकारात्मक विभेदका उपायको पनि प्रयोग गर्ने गरेको छ ।

क्यानाडाको लिबरल दलमा प्रादेशिक र क्षेत्रीय संगठनलाई दलको संघीय मनोयन नियमावली परिमार्जन गर्ने अधिकार हुन्छ । पार्टीका शाखाले आफ्नो उमेद्वार छान्नको लागि मतदान गर्ने व्यवस्था छ तर नियमावलीमा दलको नेतृत्वको तजबिजी पनि चल्ने भएका कारण उमेद्वारका लागि प्रत्यक्ष मनोयन गर्न पाउने अवस्था पनि छन् । मनोनयन प्रक्रियामा सदस्यता वितरण भने अभिन्न अङ्ग बन्ने गरेको छ ।

घानाको न्यु पेट्रिओटिक पार्टी (एनपीपी)मा पार्टीको शाखाका प्रतिनिधिहरूले संसदीय समितिको लागि उमेद्वार चयन गर्छन्। शाखाको सहभागिता प्रतिनिधिले उमेद्वार छनौट गर्ने भएका कारण यो प्रक्रिया प्रभावकारीलाई प्रभावकारी मानिन्छ । यद्यपि, पार्टीमा उमेद्वार छनौटका लागि निर्णय गर्ने कुनै औपचारिक प्रक्रिया नभएका कारण कहिलेकाहीँ राष्ट्रिय दलका पदाधिकारीले बहालवाला सांसदको पक्षमा उमेद्वारी दिन हस्तक्षेप गर्ने गरेका छन्, यसले गर्दा मिश्रित नतिजा आउने गरेको छ । यसका अतिरिक्त प्रतिनिधिको मतलाई प्रभावित पार्न पैसाको प्रयोग पनि हुने गरेको छ जसले चिन्ता पनि बाएको छ । त्यसैले पार्टीका कतिपय सदस्यले सदस्यको मतकै आधारमा उमेद्वार छनौट हुनुपर्ने विषय उठाइरहेका छन् । तर, उमेद्वार छनौटमा सुधार ल्याउनको लागि उठेको यो आवाज भने पार्टीले सुनेको छैन ।

ग्रीसमा एकल र बहुसदस्यीय निर्वाचन क्षेत्र छन् । त्यसैले पान्हेलेनिक सोसलिस्ट आन्दोलन (पीएएसओके)ले उमेद्वारको सूची तयार पार्न देशको ५६ ओटै निर्वाचन क्षेत्रका शाखासँग परामर्श लिने गर्दछ । सदस्यहरूको बैठकको रूपमा यस्ता परामर्श बैठक हुने गर्छन् । यसरी परामर्शबाट तयार पारिएको प्रतिवेदन दलको निर्वाचन समितिमा पठाइन्छ, जुन समिति पार्टीको महाधिवेशनबाट निर्वाचित भएको हुन्छ । यो समितिले शाखा कार्यालयका बैठकबाट प्राप्त प्रतिवेदनको समीक्षा गर्छ र उमेद्वारको सूचीलाई अन्तिम रूप दिन्छ । उमेद्वारको राष्ट्रिय सूची पार्टीको सभापतिले बनाउँछन् र राष्ट्रिय कार्यकारीले यसको अनुमोदन गर्दछ ।

बोस्नीया-हर्जगोभिना (बीआईएच)को सामाजिक लोकतान्त्रिक पार्टी (एसडीपी)मा महिला संगठन, युवा संगठन, व्यापार संगठन र अवकाश प्राप्त व्यक्तिहरूको संगठनजस्ता दलका शाखाहरू छन् । यी भातृ वा भगिनी संगठनले निर्वाचनका लागि सम्भावित उमेद्वारको चयन गर्छन् । पार्टीका पालिका, क्षेत्रीय र राष्ट्रिय तहका पदाधिकारीले यस्तो सूची संकलन गर्छन र अन्तिम रूप दिन्छन् । पार्टीले महिला र युवाको लागि ३५ प्रतिशतको आरक्षण लागू गरेको छ (बीआईएचमा अनिवार्यरूपमा लैङ्गिक आरक्षणको लागू हुनुपर्छ) । यसैगरी उमेद्वारको सूचीमा बहु-सामुदायिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास गर्दछ । अहिले यो पार्टीले उमेद्वार छनौटको लागि प्रतिनिधि अधिवेशनको आयोजना गर्ने योजना पनि बनाइरहेको छ ।

विचार गर्नुपर्ने सवाल

परिचय

आमनिर्वाचनको लागि कुनै पार्टीले आफ्नो प्रतिस्पर्धी छान्ने वा विधायिकाको उमेद्वार चयन गर्ने लोकतान्त्रिक विधि समाजमा राजनीतिक दलको सदस्यता बिस्तारको लागि समेत महत्वपूर्ण मानिन्छ । निर्वाचनका बेला उमेद्वारले मतदातालाई आफूले छान्ने पार्टीको नेतृत्व र प्रतिनिधित्वको बिकल्प प्रदान गर्छन् । दलीय व्यवस्था सशक्त भएको देशमा वा दल बलियो भएका देशमा उमेद्वार छनौटकै आधारमा दलको नेतृत्व निर्धारण हुनसक्छ । उमेद्वार छनौटको कार्यविधि र नतिजाले पार्टीको मूल्य-मान्यता र कार्यसञ्चालन वातावरणलाई प्रतिविम्बित गर्छ । यतिमात्रै होइन, यसले पार्टीको सार्वजनिक छबिमा पनि महत्वपूर्ण प्रभाव पार्दछ । निर्वाचन प्रचार-प्रसारका साथै निर्वाचित भएको खण्डमा पदमा पुगेपछि पार्टीको सार्वजनिक छबि निर्माणमा ती उमेद्वारले निकै महत्वपूर्ण भूमिका खेल्न सक्छन् । ती प्रतिनिधिले दलको इतिहास र भविष्यको योजनालाई व्याख्या र विश्लेषण गर्न सक्छन् । उनीहरूले मतदाता समूह, पार्टी इकाइ र सरकारबीचको सम्बन्धलाई परिभाषित गर्छन् । यसैगरी सामूहिकरूपमा उमेद्वारले दलको जनसांख्यिक, भौगोलिक र सैद्धान्तिक मूल्य तथा स्वार्थको प्रतिनिधित्व गर्छन् ।

उमेद्वार छनौट प्रक्रियाले दलका बफादार कार्यकर्तालाई उर्जा प्रदान गर्छ । पार्टीमा नयाँ सदस्यलाई आकर्षित गर्न सक्छ । यसले पार्टीबारे आमसञ्चारमाध्यममा सकारात्मक प्रचार-प्रसार हुनसक्छ जसले पार्टीमाथि जनविश्वास पैदा गर्न भूमिका खेल्छ । यसैगरी निर्वाचनमा जितको लागि आधार तय गर्न सघाउँछ। तर, कतिपय अवस्थामा उमेद्वार छनौटको सवालमा हुने आन्तरिक विवादले दलहरू विभाजन भएका छन् वा सार्वजनिक रूपमा घृणा र हास्यको पात्र हुने प्रकृत्तिका अभ्यास भएका छन् । यसको परिणामस्वरूप पार्टीको सदस्यता घट्ने र निर्वाचनमा हार हुने गरेको छ । उदाहरणका लागि ताइवानको कोमिन्ताङ् (केएमटी) मा उमेद्वार छनौट प्रक्रियामा विवाद भएकै कारण पार्टी विभाजन भयो भने निर्वाचनमा पनि हार व्यहोऱ्यो । तर, कालान्तरमा भने पार्टीमा आन्तरिक सुधार पनि भएको थियो । एक पार्टी पदाधिकारीका अनुसार, “निर्वाचन हार्दा मनमा चोट पऱ्यो । तर, जुन कारणले निर्वाचन हारियो त्यसले झन बढी चोट पुग्यो । पार्टीका सदस्य जेम्स सुङ कोमिन्ताङ (केएमटी) भन्छन्, निर्वाचनमा हामी सबै मिलेको भए ६० प्रतिशत मत ल्याउन सक्थ्यौं । यसबाट हामीले पाठ सिक्यौं । अर्को पटक भने पार्टीकै कार्यकर्ताले उमेद्वार चयन गर्नेछन् । अघिल्लो चोटी पार्टीका प्रतिनिधि (पार्टीको राष्ट्रियसभा)ले उमेद्वार छनौट गरेको थियो । तर, ती प्रतिनिधि पनि केन्द्रिय समितिले नै छनौट गरेको थियो” (मोनिका तथा थोम्सन २००३) ।

छानिएका प्राज्ञिक दस्तावेज साथसाथै राजनीतिक दलका अनुभवको तुलनात्मक अध्ययन समेटिएको यो खण्डमा दलले उमेद्वार छनौटसम्बन्धी नियम निर्धारण गर्न प्रयोग गर्न सक्ने विषयको रूपरेखाबारे चर्चा गरिएको छ। निर्वाचन प्रणाली, अनिवार्य आरक्षण, परिवर्तित सामाजिक मान्यता र अन्तरपार्टी प्रतिस्पर्धामा आएका परिवर्तनजस्ता राजनीतिक र नियामक वातावरणले उमेद्वार छनौटमा पार्न सक्ने प्रभावसम्बन्धी चर्चाबाट यो खण्डको सुरूआत गरिएको छ।

यो खण्डमा विभिन्न तहमा अन्तरपार्टी लोकतन्त्रको अध्यासका कारण उमेद्वार छनौट प्रक्रियामा पुग्ने फाइदा र जोखिमको विभिन्न तहमा हुने संस्थागत अभ्यास, विकेन्द्रीकरण र समावेशिकरणका आधारमा मूल्याङ्कन गरिएको छ । राजनीतिक पार्टीलाई अखण्डता र पहिचान कायम राख्नुका साथै सदस्यबीच सन्तुलन कायम गर्ने सवालमा चिन्ता हुनसक्छ । त्यसैले, यी परस्पर प्रतिस्पर्धी आधारबीच सन्तुलन कायम राख्न दलले प्रयोग गरेका केही संस्थागत सुरक्षा प्रावधानबारे यहाँ व्याख्या गरिएको छ । सबैभन्दा उपयुक्त उमेद्वार छान्दा दलले चुनाव प्रचार-प्रसारको समयमा मात्र होइन, निर्वाचित भएर पदमा रहँदा समेत दलको हितमा काम गर्ने सक्छ । यसैगरी निर्वाचन जित्नको लागि सार्वजनिक क्षेत्रमा लोकप्रिय व्यक्तिको उपयुक्त सन्तुलन कायम गर्नुपर्छ । यसपछि मात्रै उमेद्वार छनौट रणनीति र शर्तको विश्लेषण गर्नुपर्छ । यसैगरी उमेद्वार छनौट गर्दा महिला, युवा र जातीय अल्पसंख्यकका साथै

सिमान्तकृत समुदायलाई प्रोत्साहित गर्ने बिकल्पबारे पनि विचार गर्न सक्छन् ।

उमेद्वार छनौटमा प्रतिस्पर्धा र एकताको सन्तुलन कायम गर्नु अपरिहार्य हुन्छ । यस दस्तावेजमा दलले उमेद्वार छनौट प्रक्रियामा आउन सक्ने विवाद न्यूनिकरण गर्नका लागि चाल्न पर्ने केही कदमबारे पनि चर्चा गरेको छ । र, अन्त्यमा दस्तावेजको यस खण्डमा मतदान प्रणाली र बैठकका स्वरूपजस्ता कतिपय व्यवस्थापकीय पक्षबारे संक्षिप्तमा चर्चा गरेको छ । यसका साथै गठबन्धन बनाएर निर्वाचनमा सहभागी हुँदा उमेद्वार छनौट गर्ने केही बिकल्प पनि दिएको छ ।

राजनीतिक र नियामक वातावरण

उमेद्वार छनौट प्रक्रियाले पार्टीको मूल्य-मान्यता र पार्टी हितका साथै कार्यसञ्चालन गर्ने वातावरणको पनि प्रतिनिधित्व गर्दछ । यो प्रक्रियाका कारण पार्टीको नियामक ढाँचा, सामाजिक मान्यता र अन्तरदलीय प्रतिस्पर्धा एउटा आकार ग्रहण गर्छ जुन समयक्रमसँगै परिवर्तन हुन पनि सक्छन् । त्यसैले यो दस्तावेज मूलतः पार्टीको आन्तरिक लोकतन्त्र र पार्टीले नियन्त्रण गर्न सक्ने विषयमा केन्द्रित छ । यहाँ यिनै पक्षबारे चर्चा गरिएको छ ।

निर्वाचन प्रणालीको ढाँचा

दल र उमेद्वारले प्राप्त गरेको मतलाई सिटमा रूपान्तरण गर्नका लागि विभिन्न देशले फरक-फरक निर्वाचन प्रणालीको अभ्यास गर्छन् । निर्वाचनमा अभ्यास हुने विधिमध्ये बहुमतीय, समानुपातिक र मिश्रित प्रणाली मुख्य हुन् । निर्वाचनका सबै विधिको आ-आफ्नै राजनीतिक फाइदा र बेफाइदा छन् । त्यसैले राजनीतिक दलको विकास, सदस्यता वितरण प्रणाली र उमेद्वार छनौट प्रक्रिया कस्तो छ र कस्तो निर्वाचन प्रणालीको अभ्यास गरिन्छ भन्ने सवालबीच अन्तरसम्बन्ध छ । दलको गठन प्रक्रिया र निर्वाचन प्रणालीबच तादात्म्य मिलेन भने त्यसले निर्वाचनमा प्रभावित पार्छ । उदाहरणको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (एफटीपीटी)मा मतदाताले व्यक्तिको लागि मत दिन्छन् । यस्तो निर्वाचन प्रणालीको अभ्यास गर्दा निर्वाचन क्षेत्रका समुदायसँग बलियो सम्बन्ध भएको व्यक्तिलाई उमेद्वारका रूपमा छनौट गर्नु उपयुक्त हुन्छ । तर, पहिलो हुने निर्वाचित हुने (एफटीपीटी) प्रणाली अभ्यास गरिएका धेरै ठाउँमा उमेद्वारभन्दा पनि दल हावी हुने गरेको छ । त्यसैले कतिपय निर्वाचन क्षेत्रमा पार्टीले जसलाई अघि सार्छ सोही व्यक्तिले चुनाव जित्ने सुनिश्चित जस्तै हुन्छ । कडा प्रतिस्पर्धा हुने क्षेत्रमा भने उमेद्वारको व्यक्तिगत लोकप्रियताका कारण पनि उमेद्वार विजयी हुनसक्छ । तर, बन्द सूचीसहितको समानुपातिक निर्वाचन प्रणालीको अभ्यास गर्दा मतदातासँग व्यक्तिगतरूपमा उमेद्वारलाई मत दिने बिकल्प हुँदैत । त्यसैले यस्तो सूचीमा दलले समुदायसमक्ष कम परिचित व्यक्तिलाई पनि उमेद्वार बनाउन सक्ने अवस्था रहन्छ । यति मात्र होइन, पार्टीलाई प्राप्त हुने कूल मतको पूर्व अनुमानका आधारमा सूचीमा अगाडि राखिएका व्यक्तिहरू पक्कै पनि निर्वाचित हुनेछन् भन्ने कुरा पनि थाह पाउन सकिन्छ ।

निर्वाचन प्रणालीले उमेद्वार छनौटमा अन्य किसिमको असर पनि पार्न सक्छ । सन् १९९६ भन्दा अघि जापानमा प्रयोग गरिएको एकल असंक्रमणीय मत प्रणाली अपनाइएको थियो । यसले त्यहाँको लिबरल डेमोक्रेटिक पार्टीकै उमेद्वारबीच प्रतिस्पर्धा गराईयो जसले पार्टीभित्र गुट विभाजनलाई प्रश्रय दियो (गालाघर सन् १९९८) । आयरल्याण्डमा एकल संक्रमणीय मत प्रणालीको अभ्यास गरिएको थियो । त्यसैले त्यहाँ दलले प्रत्येक निर्वाचन क्षेत्रमा उठाउने उमेद्वारको संख्याको सन्दर्भमा रणनीतिक निर्णय लिनु पर्ने हुन्थ्यो । आवश्यकता भन्दा धेरै वा थोरै उमेद्वार उठाउँदा पार्टीले जित्ने सिट पनि गुमाउन सक्थ्यो । फ्रान्समा विधायिका सदस्यहरू दुई चरणमा निर्वाचित हुन्छन् । यसको नतिजास्वरूप कहिलेकाहीँ दलहरूले पहिलो चरणको संसदीय चुनाव कुन उमेद्वारलाई उठाउँदा दोस्रो चरणमा पनि विजयी हुनसक्छ भन्ने मूल्याङ्कन गरी उपयुक्त उमेद्वार छनौट गर्नु पर्ने हुन्छ ।

यसका साथै कुनै निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सांसदको संख्या र निर्वाचन क्षेत्रको भौगोलिक क्षेत्रफल पनि विचार गर्नुपर्ने पक्ष हुन् । उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व प्रणालीको अभ्यास हुँदा ठूला निर्वाचन क्षेत्रबाट मत संकलन हुने हुँदा राजनीतिक दलले महिला र सिमान्तकृत समूहको प्रतिनिधित्व सुनिश्चित हुनेगरी उमेद्वारी दिन सजिलो हुन्छ । तर, एक मात्र व्यक्ति निर्वाचित हुने क्षेत्रमा

लिङ्ग, युवा र अन्य पहिचानका व्यक्तिलाई उमेद्वार बनाएर जोखिम लिन दलहरू तयार हुँदैनन् । साना निर्वाचन क्षेत्र हुने देशमा स्थानीय ज्ञान पनि निर्वाचनको क्रममा महत्वपूर्ण हुन्छ । यस्तो अवस्थामा उमेद्वार छनौट प्रक्रियामा पार्टीको स्थानीय शाखा वा सदस्यको परामर्श लिनु महत्वपूर्ण हुन्छ । स्थानीय पार्टी समितिले कुन उमेद्वार निर्वाचन जित्नको लागि उपयुक्त हुन्छ भनी दिएको सुझाब उमेद्वार छनौटको क्रममा बढी सहयोगी हुन्छ। तर, धेरै सिट भएका र भौगोलिक रूपमा पनि ठूला क्षेत्रमा भने धेरै समन्वय चाहिने भएकाले दलको केन्द्रिय निकायले नै उमेद्वारको सूची तयार पार्दा बढी उपयोगी र प्रभावकारी हुनसक्छ । निर्वाचन प्रणाली अनुरूप उपयुक्त उमेद्वार छनौट गर्ने प्रक्रिया र यसको प्रभावबारे अनुसूची ३ मा थप चर्चा गरिएको छ ।

छनौट प्रक्रियामा राज्यको नियमन

उमेद्वार छनौट प्रक्रियालाई कानुनले कुन हदसम्म नियमन गरेको छ भन्ने विषयले पनि दलहरूसमक्ष उपलब्ध बिकल्पहरूलाई असर गर्न सक्छ । धेरै जस्तो अवस्थामा, उमेद्वार छनौटसम्बन्धी कानुनी रूपरेखा हुँदै हुँदैन वा सामान्य रूपमा मोटामोटी खाका मात्रै प्रदान गर्दछ । यस्तो प्रणालीमा अमेरिका एउटा अपवाद हो भने केही हदसम्म जर्मनी र फिनल्याण्डलाई पनि यस्तो अपवादका रूपमा लिन सकिन्छ । उदाहरणको लागि घानाको संविधानको धारा ५५ मा घुमाउरो तरिकाले लेखिएको छ : "कुनै पनि राजनीतिक दलको आन्तरिक संगठन लोकतान्त्रिक सिद्धान्तअनुरूप हुनुपर्छ । अर्कोतिर, टर्कीको सन् १९६५ मा तयार पारिएको राजनीतिक दलसम्बन्धी कानुनअनुसार पार्टीको केन्द्रिय कार्यसमितिले राष्ट्रियसभाका लागि आफ्नो दलको पाँच प्रतिशतभन्दा धेरै उमेद्वार छान्न पाउँदैन । बाँकी सबै उमेद्वार प्रत्येक निर्वाचन क्षेत्रका सदस्यता शुल्क तिर्ने सदस्यको प्रत्यक्ष मतदानबाट छानिनु पर्छ । उक्त कानुनले दलको सदस्यतासम्बन्धी योग्यतामा पनि केही बन्देज लगाएको छ । पार्टीमा प्रवेश शुल्क र मासिक सदस्यता शुल्कको अधिकतम् सीमा तोक्नु यसैको एउटा उदाहरण हो ।"

सन् १९२० को मनोनयन ऐनअनुसार नर्वेमा सन् २००२ सम्म राजनीतिक दलले केही निश्चित शर्त पूरा गरेको खण्डमा मात्रै उमेद्वारको मनोनयन प्रक्रिया सुरू गर्न पाउँथ्यो र त्यसपछि मात्रै आवश्यक खर्चको लागि सार्वजनिक कोषबाट सहायता पाउन सक्थे । निर्वाचन क्षेत्रभित्रका सबै स्थानीय एकाइबाट आएका प्रतिनिधिसहितको मनोनयन बैठकले उमेद्वार छनौट गरी उनीहरूको प्राथमिकता तोक्नुपर्थ्यो । मनोनयन बैठकले गरेका निर्णय नै अन्तिम हुने गर्दथ्यो । यसका साथै मतदान गर्न पाउने उमेर पुगेका र सदस्यता शुल्क पनि तिरेका सदस्य मात्रै यस्ता सम्मेलन र सम्मेलनको लागि प्रतिनिधि छान्ने स्थानीय बैठकमा भाग लिन पाउँथे । व्यवहारिक रूपमा हेर्दा नर्वेका धेरैजसो राजनीतिक दलले देशको केन्द्रिय राजधानी ओस्लो र नर्वेका दोस्रो ठूलो काउन्टी अकेर्सशमा बाहेक अन्य क्षेत्रमा उमेद्वार छनौट गर्दा ऐनमा उल्लेखित व्यवस्थाको पालना गर्ने गर्दथे । ती ठूला शहर निर्वाचन क्षेत्रमा पार्टीको केन्द्रिकृत अवधारणाको प्रयोग गरेर वरिष्ठ पदाधिकारीका लागि सुरक्षित गरिन्थ्यो । यसका लागि उनीहरू सार्वजनिक कोषबाट प्राप्त हुने रकम त्याग्न पनि तयार हुन्थे (भ्यालेन एट अल. २००२) ।

सन्तुलित उमेद्वारीका लागि वैधानिक कोटा र प्रोत्साहन

उमेद्वार छनौट प्रक्रियामा अनिवार्य आरक्षणले पनि प्रभाव पार्ने पार्दछ । जस्तै, यो व्यवस्थाअन्तर्गत दलले आफ्नो उमेद्वार सूचीमा कुनै खास लैङ्गिकता वा सामाजिक समूहबाट निश्चित संख्या वा प्रतिशतमा उमेद्वार समावेश गर्नुपर्ने हुन्छ । उदाहरणका लागि सन् २००६ को विधायिका चुनावमा वेष्ट ब्यांक र गाजामा मिश्रित निर्वाचन प्रणाली प्रयोग गरिएको थियो । उक्त निर्वाचनमा कानुनमा प्रत्येक राष्ट्रिय दलले उमेद्वारको सूची पेश गर्दा पहिलो तीनमध्ये कम्तीमा एकजना महिला अनिवार्य हुनै पर्ने र त्यसपछि चौथो क्रममा पनि अर्को महिला हुनुपर्ने व्यवस्था गरेको थियो । यसैगरी त्यसपछिको प्रत्येक पाँचजनामध्ये एकजना महिला हुनैपर्ने व्यवस्था गरेको थियो । सन् २००२ मा जारी बेल्जियमको निर्वाचनसम्बन्धी नियमअनुसार सबै पार्टीले निर्वाचनमा मनोनयनको सूची पेश गर्दा महिला र पुरुष दुवैको संख्या बराबर हुनुपर्ने व्यवस्था छ । यसका साथै कुनै पनि सूचीमा एउटै लिङ्गका उमेद्वारले पहिलो दुई पद ओगट्न नपाउने व्यवस्था पनि गरिएको छ । यस प्रावधानको कार्यान्वयन नगर्ने राजनीतिक दलको सूचीलाई निर्वाचन प्रशासनले अस्वीकार गर्ने गरेका छन् । प्रत्येक लिङ्गको

लागि अधिकतम् र न्यूनतम् संख्या वा अनुपात तोक्ने लैङ्गिक तटस्थता आरक्षणको अर्को स्वरूप हो । बेल्जियमको सन् २००२ मा आरक्षणसम्बन्धी कानुन आउनु भन्दा अगाडि कुनै पनि निर्वाचन मनोनयन सूचीमा समान लिङ्गका दुई तिहाइभन्दा बढी उमेद्वार हुन पाउने थिएनन् ।

निर्वाचनसम्बन्धी कतिपय कानुनले अनिवार्य आरक्षणको व्यवस्था गर्दैनन् तर सन्तुलित टिकट वितरणको लागि भने प्रोत्साहन गर्छन् । सन् २००० मा पारित फ्रान्सको लैङ्गिक समतासम्बन्धी कानुनअनुसार निर्वाचनमा देशभरिबाट उमेद्वारको सूची पेशा गर्दा राजनीति दलले एक लिङ्गलाई ४८ भन्दा कम वा ५२ भन्दा धेरै समावेश गर्न नपाउने व्यवस्था गरेको थियो । यदि राजनीतिक दलहरूले यस्तो नियमको पालना नगरे दलहरूलाई सार्वजनिक कोषबाट दिइने आर्थिक सहायतामा कटौती गरेर दण्डित गरिने व्यवस्था छ । कोषबाट दिइने सहायता कति घटाउने भन्ने हिसाब गर्न बढ्दो स्केलको प्रयोग गरिने व्यवस्था छ, जस्तो : १० प्रतिशतको लैङ्गिक भिन्नता भएमा पाँच प्रतिशत, ६० प्रतिशतको भिन्नता भएमा लागि ३० प्रतिशत र शतप्रतिशत भिन्नता भएको अवस्थामा अधिकतम् ५० प्रतिशत सहायता कटौती हुनसक्छ । तर, व्यवहारिकरूपमा हेर्दा राजनीतिक दलहरू लैङ्गिक समताको प्रावधान पूरा गर्नुभन्दा पनि जरिवाना तिर्न तयार देखिने गरेका छन् (नोरिस २००४) ।

मेक्सिकोमा सन् २००२ मा परिमार्जन गरिएको निर्वाचन कानुनअनुसार दलहरूले आफ्नो मुख्य उमेद्वार सूचीमा ७० प्रतिशतभन्दा धेरै एउटा मात्रै लिङ्गका उमेद्वार समावेश गर्न पाउँदैनथे । यद्यपि, उक्त कानुन त्यसपछिको पाँचओटा निर्वाचन (सन् २००३, २००६, २००९, २०१२)मा मात्र लागू भयो । त्यसपछि दलहरूले आफ्ना उमेद्वार छनौट गर्न "प्रत्यक्ष मतदान" प्रयोग गरेको अवस्थामा आरक्षणको शर्त पालना नगर्दा पनि हुने छुट प्राप्त गऱ्यो (बाल्डेज सन् २००४) । सन् २००८ को जनवरीमा पारित उक्त कानुनले आरक्षणको समय सीमा हटायो र दलको उमेद्वारको सूचीमा प्रत्येक लिङ्गबाट कम्तीमा ४० प्रतिशत हुनै पर्ने प्रावधानको सुरूआत गऱ्यो । यो कानुनमा पनि सन् २००२ मा जस्तै समानुपातिक प्रतिनिधित्व सूचीको क्रम निर्धारणसम्बन्धी व्यवस्था गरिएको छ । राजनीतिक दलले आफ्नो विधानबमोजिम लोकतान्त्रिक पद्धतिबाट उमेद्वार चयन गर्दा प्रत्यक्ष सिटमा समावेशी प्रावधान लागू गर्नु नपर्ने छुट पनि दिएको छ ।

कतिपय देशमा लक्षित समूहको लागि पनि सिट छुट्याइएको हुन्छ । ती सिटमा निर्वाचित गर्ने प्रक्रिया देशअनुसार फरक-फरक हुन्छ । यस्ता अवस्थामा राजनीतिक दलले मनोनयन गर्न नपर्ने पनि हुनसक्छ । युगाण्डामा एउटा विशेष निर्वाचन मण्डलले आरक्षित सिटबाट प्रतिनिधित्व गराइने व्यक्ति पहिचान गर्ने व्यवस्था छ । तान्जानियामा निर्वाचनमा जितेको सिट संख्याको अनुपातमा राजनीतिक दलले महिलाका लागि आरक्षित सिट (३० भन्दा धेरै नहुने गरी कम्तीमा २० प्रतिशत) छुट्याइन्छ । लक्षित समूहलाई सिट आरक्षित गरिएका कारण दलहरू "खुला सिट"मा उनीहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्न त्यति उत्साहित हुँदैनन भन्ने पनि एक थरिको तर्क रहेको छ ।

सामाजिक मान्यता अन्तरपार्टी प्रतिस्पर्धा

उमेद्वार छनौट प्रक्रियाले प्रायजसो सामाजिक मान्यताको प्रतिनिधित्व गर्ने गर्दछ । उदाहरणको लागि उन्नाइसौँ शताब्दीमा क्यानेडेली राजनीतिक दलको उमेद्वार सामुदायिक व्यक्तित्व भएको एउटा विशिष्ट व्यक्ति र स्थानीय सञ्जालको समूहमा आबद्ध व्यक्ति हुने गर्थ्यो । त्यतिबेला औपचारिक पार्टी सदस्यता र पार्टीको केन्द्रिय संरचना नभएका कारण स्थानीय सञ्जालले आफ्नो उमेद्वार आफैँ छान्नुपर्छ भन्ने विचार हावी थियो । यसलाई आजसम्म पनि उमेद्वार छनौटको एउटा मुख्य सिद्धान्तको रूपमा लिइन्छ ।

लोकतन्त्र स्थापित भइसकेको र नयाँ लोकतान्त्रिक व्यवस्थामा भएका मुलुकमा धेरै दलले उमेद्वार छनौट प्रक्रिया लोकतान्त्रिकरण हुँदै गइरहेको अनुभव गर्न थालेका छन् । यसलाई पुराना लोकतान्त्रिक मुलुकमा भएको आर्थिक, सामाजिक तथा प्राविधिक विकासको प्रतिफलका रूपमा हेरिन्छ । यसका साथै नागरिक राजनीतिक दलप्रति आश्रित हुनुपर्ने बाध्यताबाट मुक्त हुँदै गएकाले पनि राजनीतिक दलहरू समूहमा आधरित हुने र उनीहरूको *मास-बेस्ड* चरित्र क्षय हुँदै गएको भनी व्याख्या हुँदै आएको छ । धेरै दलले आफू र आमजनताबीचको सम्बन्ध कमजोर हुँदै गइरहेको अवस्थामा पुनः एकपटक सदस्यलाई आकर्षित गर्न र सदस्य र मतदातालाई पार्टीका क्रियाकलापमा सहभागी भएको महसुस गराउने प्रयास गरिरहेका छन् । तिनै प्रयासस्वरूप ती पार्टीले मताधारको दायरा फराकिलो बनाउने प्रयास

गरेका छन् । कतिपय अवस्थामा लोकतान्त्रिक मानिएका दलहरूले पनि महाधिवेशन प्रतिनिधि चयन र निर्वाचनमा उमेद्वार छनौटजस्ता व्यवस्थामा आएका परिवर्तनका कारण ती दलमा पर्याप्त लोकतान्त्रिक अभ्यास हुन नसकेको पनि देखिएको छ ।

राजनीतिक दलहरू स्वभावैले प्रतिस्पर्धी हुन्छन् र कुनै पनि सुधारले आफ्नो सार्वजनिक छबि र निर्वाचनमा पार्ने प्रभावबारे विचार गर्छन् । अन्तरदलीय प्रतिस्पर्धाको स्तर बढ्दै गएका कारण उमेद्वार छनौट प्रक्रियामा पनि परिवर्तन हुन सक्छ । मेक्सिकोको इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीमा सन् २००० को निर्वाचनभन्दा अगाडि उमेद्वार छनौटका सन्दर्भमा तीब्र प्रतिस्पर्धा भएको थियो जसमा गभर्नरहरूको प्रभाव निकै बलियो थियो । यिनै प्रतिस्पर्धाको विकासक्रमको परिणामस्वरूप त्यहाँको उमेद्वार छनौट प्रक्रियामा परिवर्तन भयो । त्यहाँ निर्वाचनका लागि उमेद्वार छनौट प्रक्रियामा प्रतिस्पर्धा कम हुँदा केन्द्रिय तहबाटै छनौट गरिन्थ्यो । संसदमा स्वतः निर्वाचित हुने कुरा ग्यारेन्टी नभएका कारण विधायिका सदस्यका उमेद्वारको लागि समर्थन प्राप्त गर्न र पार्टी परिचालन गर्न पार्टीका गभर्नरमाथि नै भर पर्नुपर्थ्यो । यसको प्रतिफलस्वरूप गभर्नरहरूले आफ्ना निकटस्थलाई उमेद्वारका रूपमा चयन गर्नुपर्छ भन्ने माग गर्थे (ल्याङ् ग्स्टन सन् २००६) ।

बेलायत बेलायतको कन्जर्भेटिभ पार्टीले "जित्न सकिने" निर्वाचन क्षेत्रमा महिला र जातीय अल्पसंख्यक उमेद्वारको संख्या बढाउनको लागि हालै एउटा कार्यविधिमा संशोधन गरेको छ । उक्त पार्टीले आफ्नो सार्वजनिक छबि राम्रो बनाउन र बिस्तार गरी निर्वाचन जित्न सक्ने सम्भावना बढाउन यस्तो सधार गरेको देखिन्छ । यद्यपि, यो आंशिक सुधार मात्रै हो । घानामा सन् २००० को निर्वाचन अगाडि नेशनल डेमोक्रेटिक कंग्रेसले उमेद्वार छनौट गर्दा निर्वाचन क्षेत्रमा जबर्जस्ती उमेद्वार उठाइएको भन्दै पार्टीमा आन्तरिक विवाद भएको थियो । उक्त घटनाबारे व्यापक मात्रामा समाचार पनि प्रकाशित भए । यसरी प्रकाशित समाचारले पार्टीको सार्वजनिक छबिमा नकारात्मक असर पऱ्यो । उक्त समाचारका कारण कतिपय निर्वाचन क्षेत्रका मतदाता स्वतन्त्र उमेद्वार (तीमध्ये कतिपय त टिकट नपाएका *एनडीसी*कै सदस्य थिए)लाई समर्थन गर्न वा अप दलतर्फ धकेलिएका थिए । यसकारण पार्टीले निर्वाचनमा हार व्यहोरेपछि पार्टीले संगठन पुनःगठन गर्दै सम्बन्ध नविकरण गर्ने प्रयासमा लाग्यो । यसैगरी सो पार्टीले विधायिकाको लागि उमेद्वार छनौट गर्दा शाखासमिति स्तरमा अधिवेशन गर्नुपर्ने प्रावधानसहित उमेद्वार छनौट नियमावलीनै परिवर्तन गऱ्यो ।

अन्तरपार्टी लोकतन्त्र

राजनीतिक विज्ञहरूले प्रायजसो पार्टीको संगठन संस्थागत, व्यवस्थित, समावेशी र विकेन्द्रीकृत हुनुपर्ने र यसो भएमा अन्तरपार्टी लोकतन्त्र बलियो हुने विश्लेषण गरेका छन् । राजनीतिक पार्टीहरूले संगठनात्मक संरचना र प्रक्रियालाई व्यवस्थित बनाउन *स्लाइडीङ स्केल*को प्रयोग गरेका छन् । यी मापन पद्धतिअनुसार पार्टीको संस्थागत व्यवस्था, समावेशीता र विकेन्द्रिकरण ज्यादै कममा झऱ्यो भने उमेद्वार छनौट प्रक्रियाको पारदर्शिता र वैधानिकतामै खतरा उत्पन्न हुनसक्छ । यसैगरी उच्च अवस्थामा पुग्यो भने पनि राजनीतिक दल तरल राजनीतिक वातावरण फस्ने वा लचकता अपनाउने नाममा पार्टीको बफादारीता र अनुशासन कायम गर्ने क्षमतामै ह्रास ल्याउन सक्छ ।

संस्थागत गर्ने

राजनीतिक पार्टीले औपचारिक वा अनौपचारिक माध्यमले उमेद्वार छान्न सक्छन् । उमेद्वार छनौटका लागि एउटा महत्वपूर्ण पक्ष भनेको उमेद्वार छनौट प्रक्रियालाई पार्टीको नियमावलीमा बिस्तृतमा उल्लेख गर्न गर्नु हो । अर्कोतर्फ "कुनै एउटा अँध्यारो कोठामा" पार्टीको एउटा सानो समूहले अपलाई थाह नै नदिइकन पनि उमेद्वार छान्न सक्छ । अत्यन्त अनौपचारिक र सशक्त किसिमको छनौट प्रणाली भयो भने पनि अन्यौल सिर्जना हुनसक्छ । यस्तो अवस्थामा कृपावाद र आफ्नो मान्छे भएको/नभएको आधारमा उमेद्वार निर्धारण गर्ने अभ्यास पनि हुनसक्छ । तर, यस्तो अभ्यासले द्वन्द्वको भने सुरूआत गराउन सक्छ । यो प्रक्रियाले नै संस्थागत व्यवस्थाका रूपमा बिस्तारै विकास हुनसक्छ । घानामा *एनडीसी*ले विधायिकाको उमेद्वार छनौट गर्ने प्रक्रियालाई पार्टीका दस्तावेजमा समावेश गर्नुअघि यस्ता विभिन्न विधिको प्रयोग गरेको थियो ।

पार्टीको नियमावली वा अन्य दस्तावेजमा उल्लेख गरेको

भए पनि वा स्थापित प्रचलनमा मानिए पनि ती व्यवस्थालाई राम्ररी परिभाषित गरियो भने त्यसले उमेद्वार छनौटका लागि तयार गरिएको सार्वजनिक कार्यविधिमा पनि प्रष्ट्ता ल्याउँछ । त्यसैले स्थापित प्रक्रिया पालना भएको खण्डमा त्यसले सहभागिता बढाउे र विवाद घटाउन सहयोग पुऱ्याउँछ । यस्तो अवस्थामा महिला र अन्य सिमान्तकृत समूहको सहभागितालाई नियममै प्रष्ट र पारदर्शी व्यवस्था गरेर संस्थागत गरिनुपर्ने विज्ञहरूले तर्क गरेका छन् । यसका बाबजुत कतिपय अवस्थामा छनौट प्रक्रिया संस्थागत गरिए पनि कुनै एक व्यक्ति वा सानो समूहमा शक्ति केन्द्रित भयो भने त्यसले महिला र सिमान्तीकृत समुदायको सहभागितामा बाधा उत्पन्न गर्न सक्छ ।

राजनीतिक पार्टीका कतिपय नियम परिवर्तन गर्नका लागि पार्टीको महाधिवेशन वा सदस्यताको मतदान वा दुवै प्रक्रियाबाट अनुमोदन गराउनु पर्ने हुन्छ । त्यसैले पार्टीमा संस्थागत भएका व्यवस्थालाई परिवर्तन गर्न निकै गाह्रो हुनसक्छ । यसले पार्टीको नियन्त्रणलाई सीमित गरिदिन्छ । राजनीतिक माहोल परिवर्तन हुँदा कार्यविधिलाई परिमार्जन गर्ने केही छुट हुनसक्छ । कनै निश्चित मूल्य र सिद्धान्तका आधारमा दलहरूले पार्टीको निश्चित अधिकार, भूमिका र जिम्मेवारी पाएका हुन्छन् जसलाई दलकै विधानमा उल्लेख गरिएको हुन्छ । पार्टीले भएका व्यवस्थालाई बिस्तार गरी उमेद्वार छनौट प्रक्रियाको विकास गर्न कुनै तोकिएको निकायलाई जिम्मेवारी दिन सक्छ । यस्तो व्यवस्थाले पार्टीले आवश्यक लचकता प्रदान प्रदान गर्नुपर्ने हुन्छ किनभने सिद्धान्ततः राजनीतिक परिवेशअनुसार निर्वाचनमा उमेद्वार छनौट गर्ने प्रक्रिया प्रत्येक निर्वाचनका क्रममा परिवर्तन हुन सक्छन् । यसैगरी फरक-फरक तहको निर्वाचनका लागि उमेद्वार छनौट प्रक्रिया पनि फरक-फरक हुनसक्छ ।

आयरल्याण्डको फीन गेल पार्टीको विधानमा विधायिकाको लागि उमेद्वार छनौट गर्दा केन्द्रिय कार्यकारीले जारी गरेको निर्देशनको आधारमा निर्वाचन क्षेत्रका समितिले अधिवेशन आयोजना गरी उमेद्वार छनौट गर्ने उल्लेख गरिएको छ । तर, विधानले क्षेत्रीय स्तरका समितिका सदस्यको भोटका आधारमा मनोनयन तय गरिने र नेतृत्वको निश्चित नियन्त्रण हुने कुरा पनि सोही विधानमा उल्लेख छ । यसैगरी दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेस (एएनसी)को केन्द्रिय कार्यकारी समितिले तय गरेबमोजिम उमेद्वारको सूची निर्माण गरिने कुरा पार्टीको विधानमा उल्लेख गरिएको छ (तर, व्यवहारमा पार्टीले उमेद्वार छनौट गर्ने प्रक्रियामा लामो समयदेखि एउटै व्यवस्थाको अभ्यास गर्दै आएको छ) । बेलायत बेलायतको लिबरल डेमोक्र्याटको हकमा भने उमेद्वार छनौटको लागि बिस्तृत कार्यविधिको निर्माणका लागि एउटा उमेद्वार छनौट समिति बनाइएको छ, यही समिति उमेद्वार छनौटका लागि जिम्मेवार हुन्छ । तर, पार्टीको संघीय विधानमा बिस्तृत कार्यविधि बनाउँदा पालना गर्नु पर्ने थुप्रै प्रावधान उल्लेख गरिएको छन् ।

उमेद्वार छनौटका लागि जुनसुकै विधि अपनाइए पनि महिला र सिमान्तीकृत समुदायलाई सहभागिताको उचित अवसर प्रदान गर्न, उमेद्वार छनौटको प्रक्रियाको वैधानिकता बृद्धि गर्न र विवाद न्यूनीकरणको लागि दलहरूले कुनै पनि निर्वाचन हुनुभन्दा निकै अगाडिनै स्पष्ट नियम निर्माण गर्नुपर्छ ।

विकेन्द्रीकरण

विकेन्द्रीकरणले पार्टीका मातहतका समितिमा शक्ति प्रत्यायोजनको स्थितिलाई व्याख्या गर्दछ । एउटा कोणबाट हेर्दा उमेद्वार छनौटको पार्टीको कुनै पनि केन्द्रिय अङ्गको सुझाबबिना नै पार्टीका स्थानीय समितिले पूरै नियन्त्रण गर्न सक्छन् भन्ने देखिन्छ । अर्को कोणबाट हेर्दा पार्टीको केन्द्रिय समिति वा एकजना व्यक्तिले उमेद्वार छनौटलाई नियन्त्रण गर्न सक्छ। उमेद्वार छनौटका सम्बन्धमा धेरैजसो राजनीतिक दल यी दुई दृष्टिकोणको बीचतिर कतै पर्छन् । साधारणतयाः विकेन्द्रीकरण बृद्धि भयो भने उमेद्वार छनौटमा समावेशीता बढ्ने सम्भावना रहन्छ । यद्यपि, उमद्वार छनौटमा सदस्यको पूर्ण र प्रत्यक्ष सहभागिता हुन्छ भन्न सकिँदैन । उदाहरणको लागि कुनै प्रक्रिया विकेन्द्रित हुनसक्छ तर सबै सदस्यलाई सहभागी गराउनको सट्टा स्थानीय समितिको पदाधिकारीको मात्रै सहभागीतामा उमेद्वार छनौट हुनसक्छ ।

विकेन्द्रीकरणले उमेद्वारका आकांक्षीलाई शाखा तहका पार्टी पदाधिकारीसमक्ष नजिक बनाउँछ । उनीहरूको विचारप्रति थप संवेदनशील हुन प्रोत्साहित गर्दछ । यसले उमेद्वारलाई पार्टीको केन्द्रिय एकाइप्रति बफादार हुनुभन्दा पार्टीप्रतिको व्यापक जवाफदेहिताको प्रबर्द्धन गर्दछ । यति मात्र होइन, उमेद्वारलाई आफ्नो क्षेत्रको राजनीतिक माहोल बुझ्न, पार्टीको सन्देश प्रवाह गर्न र कार्यकर्ता र आर्थिक संकलक परिचालन गर्न पनि शाखाहरूले

महत्वपूर्ण भूमिका खेल्छन् । निर्वाचन क्षेत्र र त्यहाँका व्यक्ति उमेद्वारलाई सबैभन्दा राम्ररी चिनेका हुन्छन् । यसले उनीहरूकै सहभागिताले छानिएको उमेद्वार निर्वाचन लड्ने क्षेत्रमा सुपरिचित र प्रतिष्ठित छ भन्ने कुरा पनि सुनिश्चत गर्दछ । समानुपातिक प्रतिनिधित्वका लागि उमेद्वार छनौटमा शाखाको सहभागिताले पार्टीको उमेद्वारको पूर्ण सूची विविधतायुक्त छ र यसले भौगोलिक क्षेत्रमा पार्टीलाई समर्थन जुटाउन सकिन्छ भन्ने विश्वास बढाउँछ । दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेसको राष्ट्रिय सूची निर्माण समितिले प्रादेशिक तहबाट नामावली संकलन गर्छ र क्रम निर्धारण गरी राष्ट्रियसभाका उमेद्वारको सूची तयार गर्दछ ।

ज्यादै विकेन्द्रित उमेद्वार छनौट प्रणालीले पार्टीको शाखा समितिलाई उमेद्वार छनौटको लागि आफ्नै कार्यविधि निर्धारण गर्ने अधिकार दिन्छ । उदाहरणको लागि दक्षिण अफ्रिकाको डेमोक्रेटिक अलायन्स् (डीए)को सन् २००२ को विधानअनुसार उमेद्वार सूची तय गर्नको लागि पार्टीको संघीय परिषद्बाट अनुमोदन गराउने गरी प्रादेशिक अधिवेशनले आफ्नै नियम बनाउन सक्थ्यो । क्यानाडाको लिबरल पार्टीको प्रादेशिक र इलाकाका संगठनले पार्टीको संघीय छनौट नियमअनुकूल परिमार्जन गर्न सक्छ । नर्वेमा प्रयोग गरिएको कम विकेन्द्रित व्यवस्थामा शाखाले केन्द्रिय कार्यालयले स्थापना गरेको प्रक्रिया पालना गरेमा केन्द्रको हस्तक्षेप बिनै उमेद्वार छनौट गर्न सक्ने व्यवस्था छ । स्वीडेनको सोसल डेमोक्रेटिक पार्टीले पनि व्यवस्था अवलम्बन गरेको छ । यस व्यवस्थामा केही एकरूपता वा सामनजस्यता छ । तर, यहाँ पार्टीका शाखाले केन्द्रको हस्तक्षेप बिना उमेद्वार छनौट गर्न पाउने अधिकारको उपयोग गर्न पाउँछन् । उमेद्वार छनौटकै लागि रातारात शाखाहरू स्थापना हुने जोखिम रहेको अवस्थामा वा दुईओटा निर्वाचनको बीचतिरको समयमा यस्ता शाखाको सक्रियता बढी हुनसक्छन् । यसरी उमेद्वार छनौट प्रक्रियामा शाखाको संलग्नता बढ्दै जाँदा शाखाले केही शर्त पनि राख्न सक्छन् (हेर्नुहोस् बक्स १) । यस्तो विकेन्द्रीकरणले निर्वाचन प्रचार-प्रसारमा पनि शाखाको पूर्ण सक्रियताको सुनिश्चिता गर्छ भने निर्वाचनमा पार्टीको जीतको सम्भावना पनि बढाउँछ । यसले दिर्घकालीनरूपमा पार्टी संगठनको संरचनाको क्षमता अभिवृद्धिमा पनि योगदान पुऱ्याउँछ ।

विकेन्द्रीकरणमा आउन सक्ने एउटा चुनौती भनेको पार्टीका शाखा समितिको स्वार्थ, पार्टी अनुशासन र कहिलेकाहीँ उमेद्वारको जित्ने सम्भावनाबीच सन्तुलन कायम गर्नु हो । कतिपय अवस्थामा शाखा वा शाखास्तरका कार्यकर्ता आफ्ना समग्र मतदाताभन्दा सैद्धान्तिक सवालमा बढी कठोर हुनसक्छन् । तिनले निर्वाचन जित्नको लागि पर्याप्त लोकप्रियता नभएको व्यक्तिलाई चुनावमा उठाउन सक्छन् । उदाहरणको लागि बेलायत बेलायतको लिबरल डेमोक्रेटको शाखाले साधारण मतदाताको विचारविरूद्धमा लागू औषधलाई गैरअपराधिकरण गर्ने व्यक्तिलाई मत हाल्न खोजे । यसरी पार्टीमा थोरै सदस्यको विचारको प्रतिनिधित्व गर्ने तर, निर्वाचन जित्न पर्याप्त मत संकलन गर्न आम जनताको समर्थन नभएको व्यक्तिलाई उमेद्वारको रूपमा उठाइने जोखिम रह्यो (रोज एण्ड ओ कोनेल) ।

पार्टीका स्थानीय शाखाबीचको भिन्नताले पार्टी एकतामा

बक्स १ : उमेद्वार छनौटका क्रममा शाखा समितिको संलग्नता हुँदा राखिने शर्तको नमुना

कतिपय दलमा शाखा समितिले उमेद्वार चयन प्रक्रियामा संलग्न हुनको लागि केही शर्तहरू पूरा गर्नुपर्छ । ती शर्तहरू यस प्रकार रहेका छन् :

- पार्टीको विधान र पार्टीको नियमावलीमै शाखालाई आदिमा पार्टीको निकाय हो भनी औपचारिक मान्यता दिइएको,
- न्यूनतम सदस्य संख्या पूरा गरेको (उदाहरणको लागि निश्चित संख्याको सदस्यता र बिगतको निर्वाचनमा पार्टी भोटको निश्चित प्रतिशत प्राप्त गरेको),
- सदस्यता शुल्कको न्यूनतम रकम संकलन वा आर्थिक संकलनमा अन्य किसिमको सहभागिता भएको ।
- सबै उमेद्वारलाई सहभागी गराई न्यूनतम छलफल र संवाद गराइएको,
- र, निश्चित समयसीमा पूरा गरेको ।

खतरा ल्याउन सक्छ । उत्तरी आयरल्याण्डसभाको लागि सन् २००३ मा भएको निर्वाचन अगाडि *उल्स्टर युनियनिष्ट* पार्टीका विभिन्न स्थानीय शाखाले उमेद्वार छनौटको काम गरेका थिए । शान्ति प्रक्रियामा विभाजित भएका शाखाहरूबीचको द्वन्द्व पार्टीको उमेद्वार चयनमा देखियो । आधाजसो उमेद्वारले शान्ति प्रक्रियाको समर्थन गरे भने आधाले यसको विरोध गरे । यो विभाजनको कारणले पार्टीले निर्वाचित भएमा शान्ति सम्झौताको विषयमा के गर्ने भनी पार्टीको आधिकारिक नीति जारी गर्न सकेन (रोज एण्ड ओ कोनेल) ।

पार्टीका केन्द्रिय अङ्गले कुनै उमेद्वारविरूद्ध भीटो प्रयोग गर्न वा इन्कार गर्न सक्ने वा पूर्व अनुमोदन गर्ने व्यवस्थाले केही सुरक्षा प्रावधान प्रदान गर्न सक्छ । तर, पूर्व अनुमोदनभन्दा भीटो वा खारेज गर्ने अधिकार कम आकर्षक हुनसक्छ किनभने आफ्ना उमेद्वार केन्द्रिय नेतृत्वले खारेज गरेमा पार्टीका शाखाहरू असन्तुष्ट हुन सक्छन् । पार्टीको केन्द्रिय नेतृत्वले उमेद्वारको खारेजी गरेका कारण छनौटको पुनरावृत्ति गर्नु पर्दा ठूलो आर्थिक भार निम्तिन सक्छ र यसले पार्टीको मनोबल र एकतामा खलल पुऱ्याउन सक्छ । तर, सावधानीपूर्वक यो विधिको प्रयोग गरिएमा केन्द्रिय नेतृत्वमा भएको त्यस्तो अधिकारले शाखाको मनोमानी गर्ने व्यवहारलाई बन्देज लगाउन सक्छ । पार्टीको नेतृत्वसँग भीटो वा खारेजीको अधिकार छ र आवश्यक परेमा प्रयोग गर्न सक्छ भन्ने थाहा पाएपछि शाखाहरूले शाखाको र केन्द्रको दुवैको आवश्यकता पूरा गर्ने उमेद्वार छान्न प्रोत्साहित गर्नसक्छ । हुन त यो व्यवस्थाले पार्टीमा पक्षपातपूर्ण व्यवहार गराउन सक्ने भनी आलोचकहरूले आलोचना गरेका छन् । तथापि, यो विधिले आवश्यक पर्दा संवाद गर्ने वातावरण सिर्जना गर्दछ र प्रदेश/राज्य तह र केन्द्रिय कार्यालय दुवै आवश्यकता सुहाउँदो उमेद्वारको सूचीमा सहमति जनाउने वातावरण पनि बनाउँछ । आयरल्याण्डको फीन गेल पार्टीमा कार्यकारी परिषद्ले प्रत्येक निर्वाचन क्षेत्रमा उमेद्वार चयनको लागि मार्गदर्शन जारी गर्दछ । तर, व्यवहारमा भने मार्गदर्शन जारी गर्नुभन्दा पहिले नै प्रत्येक निर्वाचन क्षेत्रमा पूर्व-अधिवेशन गरी रणनीति समितिको बैठक बोलाइन्छ । ती समितिले स्थानीय राजनीतिक अवस्थाको लेखाजोखा गर्छन् । फीन गेल र प्रतिस्पर्धीका सम्भावित उमेद्वारबारे चर्चा गरिन्छ । आवश्यक परेको ठाउँमा सम्भावित उमेद्वारको पहिचान गरिन्छ र कार्यकारी परिषद्लाई अधिवेशनको समय, निर्वाचन रणनीति र उमेद्वारको संख्या सिफारिस गरिन्छ । यो परामर्शको प्रक्रियाले राष्ट्रिय नेतृत्व र पार्टीका शाखाबीचको असहमतिको पूर्व-आँकलन गर्न सघाउ पुऱ्याउँछ ।

अर्को बिकल्प भनेको कतिपय निर्वाचन क्षेत्रका लागि दलको निश्चित पदमा पुगेका व्यक्तिलाई सोझै उमेद्वार छनौट गर्न वा नियुक्त गर्न दलको नेतृत्वलाई अधिकार दिनु हो । क्यानेडियन लिबरल पार्टीमा प्रादेशिक र इलाका संगठनको नियमावलीले तोकिएबमोजिम नियमको पालना नगरी सिधै नेतृत्वलाई उमेद्वार छनौटको जिम्मा दिन पाउने व्यवस्था गरेको छ । यति मात्र होइन, नेता र राष्ट्रिय प्रचार-प्रसार समितिले पूरै आफ्नो विवेकअनुसार कुनै उमेद्वारलाई अनुमोदन गर्न इन्कार पनि गर्न सक्छ । निर्वाचनको बेला आवश्यक परेमा केन्द्रिय अभियानको अध्यक्षले कुनै निर्वाचन क्षेत्रमा वा देशैभरि शाखाले छनौट गरेका उमेद्वारलाई आफ्नो तजबिजीमा परिवर्तन गर्न सक्छन् । मोजाम्बिकको लिबरेशन फ्रन्टमा राजनीतिक आयोगले उमेद्वारको १० प्रतिशत सोझै नियुक्त गर्न सक्छन् । बाँकी सूचीको लागि जिल्ला शाखाले प्रादेशिक समितिलाई उमेद्वारको प्रस्तावित नामावली पठाउँछन् । यसैको आधारमा प्रादेशिक समितिले संक्षिप्त सूची बनाइ पार्टीको राजनीतिक आयोगमा पठाउँछन् (सितो एट अल. सन् २००५) ।

दलहरूले उमेद्वार छनौट प्रक्रियामा शक्ति-सन्तुलनको केही न केही उपाय अवलम्बन गर्छन । यसका लागि पार्टीको केन्द्रिय अङ्गमा रहेका नेतृत्वको केही अधिकारमा बन्देज लगाउन सक्छन् । दक्षिण अफ्रिकाको डेमोक्रेटिक अलायन्स पार्टीको सन् २००२ को विधानअनुसार प्रादेशिक समितिले आफ्ना निर्वाचन क्षेत्रको लागि उमेद्वार सूचीको मस्यौदा बनाए, तर, यसरी तयार पारिएको सूचीको केही स्थान भने खाली राख्नुपर्ने प्रावधान बनाइएको थियो ।

यस्तो अवस्थामा दलको नेताले उमेद्वारलाई सूचीको खाली राखिएको माथिल्लो स्थानमा सार्न पाउने तर कुनै पनि उमेद्वारलाई तल झार्न वा हटाउन नपाउने प्रावधान थियो । यसका अतिरिक्त दुईतिहाइ बहुमत भएमा प्रादेशिक समितिले नेताले गरेको परिवर्तनलाई खारेज गर्न पाउने व्यवस्था पनि थियो । ग्रीसको पान्हेलेनिक सोसलिस्ट मुभमेन्ट अर्थात् पीएएसओकेमा ५६ एकल र बहुसदस्यीय निर्वाचन क्षेत्र छन् । ती निर्वाचन क्षेत्रमा उमेद्वार तय गर्नको लागि शाखाको परामर्श लिइन्छ तर, केन्द्रिय सूची बनाउँदा शाखाले

कुनै भूमिका खेल्दैनन् । बक्स २ मा नेतृत्व र शाखाको हितलाई सन्तुलनमा राख्ने केही उपाय सुझाइएको छ ।

समावेशिता

सबैभन्दा समावेशी व्यवस्थामा दर्ता भएका सबै मतदाता र कुनै पनि इच्छुक व्यक्तिले उमेद्वार छनौटमा सोझै मत हाल्न पाउँछन् । खुला प्राथमिक मतदानले सम्भावित उमेद्वारले निर्वाचन पाउन सक्ने समर्थनको संकेत प्रदान गर्नसक्छ । तर, यसो गर्दा आकांक्षीले धेरै मतदातासम्म पुग्नका लागि लामो समयसम्म प्रचार-प्रसार गर्नुपर्ने हुन्छ । यसले गर्दा कहिल्यै नटुङ्गिने प्रचार-प्रसारको अवस्था आउन सक्छ र खर्च पनि बढ्न जान्छ । निर्वाचन प्रचार खर्च धेरै हुन गएमा उमेद्वारले आर्थिक सहायताको लागि त्यति उपयुक्त नहुने स्रोतबाट पनि चन्दा लिनुपर्ने हुनसक्छ । अवथा यसले उमेद्वारको नेतृत्व क्षमता जस्तोसुकै भए पनि स्वतन्त्ररूपले निर्वाचन खर्च व्यहोर्न सक्ने गरी धनी उमेद्वारको सहभागितालाई नै सजिलो बनाउन सक्छ ।

आफ्ना कार्यकर्तालाई सक्रियतापूर्वक सहभागी गराउने राजनीतिक दल स्वभाविक रूपले मतदातासँग नजिक हुन्छन् । त्यसकारण उनीहरू नागरिकको चासोबारे जानकार हुन्छन् । यस्ता दलले समावेशी ढाँचाले उमेद्वारलाई प्रोत्साहित गर्न सक्छन् । यसका साथै छनौट गरिएका उमेद्वार निर्वाचित भएमा वा दलको नेतृत्वमा पुगेमा उनीहरूलाई आफ्नो राजनीतिक भविष्यको आधारका रूपमा गरेका दलका कार्यकर्ताको समग्र हितप्रति बफादार रहन पनि मद्दत पुऱ्याउँछ । आफैँले छानेको उमेद्वारप्रति पार्टीका कार्यकर्ता बढी लगनशील हुन्छन् । त्यसैले उनीहरूले उमेद्वारलाई आर्थिक सहयोग दिने, आर्थिक संकलन गर्ने र संगठन बिस्तार गर्ने काममा सक्रियपूर्वक सघाउँछन् । पार्टीका सदस्य वा आमजनताको निर्वाध सहभागिताले पार्टीको अखण्डतामा भने जोखिम निम्त्याउन सक्छ । नेतृत्वले नभई पार्टीका सदस्य (वा सर्वसाधरण)ले निर्णय लिने वातावरणमा उमेद्वारले स्थानीयस्तरको भावनालाई बढी महत्व दिनुपर्ने हुन्छ जसले पार्टीप्रतिको बफादारीमा भने कमी आउनसक्छ ।

यस्ता जोखिम कम गर्न राजनीतिक दलले विभिन्न सुरक्षा प्रावधान लागू गर्न सक्छन् । यसका लागि पहिलो कदम भनेको सदस्यताको अभिलेख राम्ररी राख्ने हो । कतिपय दलले आफ्नो सदस्यताको सूची प्रकाशन गर्न निश्चित कदम चाल्ने

बक्स २ : उमेद्वार चयनमा केन्द्रिय नेतृत्व र शाखा समितिको हित र स्वार्थबीचको सन्तुलन

उमेद्वार चयन प्रक्रियामा केन्द्रिय नेतृत्व र शाखाको संलग्नताबीच सन्तुलन कायम गर्ने केही बिकल्प तल प्रस्तुत गरिएका छन् :

- उमेद्वारको छनौट केन्द्रिय नेतृत्वले पूर्व-अनुमोदन गरेको सूचीबाट शाखाले छान्नुपर्छ वा अन्य उमेद्वारका छनौटका लागि केन्द्रले अनुमोदन गर्नुपर्छ ।
- केन्द्रिय नेतृत्वले पूर्व-अनुमोदन गरेको सूचीबाट शाखाले छानेको उमेद्वारलाई केन्द्रले स्वीकार गर्नुपर्छ ।
- केन्द्रिय नेतृत्वले शाखाले गरेको छनौटको निश्चित र सीमित संख्या वा प्रतिशतका उमेद्वारलाई मात्र भीटो वा खारेज गर्न पाउनुपर्छ ।
- केन्द्रिय नेतृत्वले पार्टीको शाखाले गरेको उमेद्वार छनौटलाई प्रत्येक निर्वाचन चक्रमा निश्चत पटक मात्रै अस्वीकार वा खारेज गर्न पाउँछ ।
- केन्द्रिय नेतृत्वले पार्टीको शाखाले गरेको उमेद्वार छनौटलाई तोकिएको निर्वाचन चक्रमा असीमित पटक अस्वीकार वा खारेज गर्न पाउँछ ।
- केन्द्रिय नेतृत्वले शाखाको पहिलो छनौटलाई खारेज गर्न सक्छ तर, यसको सट्टा शाखाले सिफारिस गरेको दोस्रो व्यक्तिलाई छान्नुपर्छ ।
- उमेद्वार सूचीका निश्चित पद पार्टीको केन्द्रिय नेतृत्वले निर्धारण गर्नुपर्छ ।
- महाधिवेशन वा सदस्यताको निश्चित प्रतिशत मतले नेतृत्वले गरेको परिवर्तनलाई खारेज गर्न पाउनुपर्छ ।

गर्छन् । यसले गर्दा व्यक्तिले आफ्नो सूचना प्रमाणिकरण गर्न सक्छ । बहु-सदस्यतासम्बन्धी चासो हुने अवस्थामा सूचीमा उल्लेखित व्यक्तिलाई सुरक्षा जोखिम नपर्ने गरी त्यस्तो अभिलेख प्रकाशन गर्न सकिन्छ । यसले समस्याको पहिचान गर्न सहयोग पुऱ्याउँछ। कतिपय राजनीतिक दलमा नयाँ सदस्यले पार्टीको सदस्यता लिएको निश्चित दिन वा महिनापछि मात्रै उमेद्वार छनौट प्रक्रियामा भाग लिन पाउँछन् । यस प्रावधानले उमेद्वारका आकांक्षीलाई आफ्ना चिनेजानेका व्यक्तिलाई पार्टीको सदस्यको रूपमा भर्ती गरी छनौट प्रक्रियालाई प्रभावित पार्न सक्ने जोखिमलाई कम गर्दछ। अन्य सुरक्षा प्रावधानमा उमेद्वारको आकांक्षीले दिन पाउने सदस्य संख्याको सीमा तोक्न सकिन्छ। यससँगै सबै शुल्क सोझै पार्टीको बैंक खातामा जम्मा गर्नुपर्ने प्रावधान राख्न सकिन्छ जसले गर्दा "सामूहिक"रूपमा सदस्यता बाँडिएको कुरा पहिचान गर्न सजिलो हुन्छ । कतिपय अवस्थामा पार्टीको केन्द्रिय नेताले सदस्यता वितरण प्रक्रियामा नियन्त्रण गरेका हुन्छन् । यसले गर्दा पार्टीमा कुनै रुची नभएका व्यक्तिलाई स्थानीय शाखाले सदस्यता दिँदा केन्द्रले नियन्त्रण गर्न सक्छ । यसबाट कुनै स्थानीय नेतृत्वले एकाधिकार कायम गर्नेगरी आफूलाई प्रश्न गर्नेलाई पार्टी सदस्य बन्नबाट रोक्न सक्ने कुराको पूर्व-आँकलन गर्न सकिन्छ ।

उदाहरणको लागि आयरल्याण्डको फीन गेल पार्टीमा विधानले सदस्यता तथ्याङ्क प्रत्येक वर्ष प्रकाशित गर्ने र अभिलेख सच्याउने प्रक्रियाको व्याख्या गरेको छ । पछिल्लो पटक प्रकाशन भएको सदस्यता सूचीमा नाम उल्लेख भएका सदस्यले मात्रै अधिवेशनमा मत हाल्न पनउने व्यवस्था छ । सदस्यता सूचीसम्बन्धी विवाद भएमा समाधानका लागि पार्टीको कार्यकारीले आफ्ना सदस्यमध्येबाट कसैलाई नियुक्त गरी पुनरावेदन समितिलाई जिम्मा लगाउन सक्नेछ। यसका अतिरिक्त मतपत्र प्राप्त गर्दा दर्ता भएका सदस्यले परिचयपत्र देखाउनु पर्ने हुन्छ ।

बैकल्पिक रूपमा नयाँ सदस्यतालाई आकर्षित गर्ने वा सहभागितालाई हतोत्साहित गर्ने जस्ता विषयलाई सम्बोधन गर्ने आवश्यकता अनुसार योजनाबद्धरूपमा न्यूनतम व्यवस्था राख्न सकिन्छ । क्यानाडामा उमेद्वार चयन प्रक्रियालाई प्रायजसो नयाँ सदस्य भर्ना गर्ने मौकाको रूपमा लिइन्छ र प्रयोग पनि गरिन्छ । त्यसैले यहाँ सहभागिताको लागि कुर्नुपर्ने समय तुलनात्मक रूपमा अत्यन्त कम छ, कतिपय अवस्थामा छनौट बैठकको औपचारिक मितिभन्दा ३० दिनमात्रै अघि मात्रै छ । कन्जर्भेटिभ र लिबरल दुवै दलमा उमेद्वार मनोनयन नियमावलीमा आकांक्षीहरूको लागि सदस्यता वितरण सम्बन्धी मार्गदर्शन समावेश छ ।

प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागिता

कतिपय अवस्थामा प्रत्येक सदस्यलाई उमेद्वार छनौटको प्रक्रियामा सहभागी गराउनु संख्याकै कारणले पनि अव्यवहारिक हुनसक्छ । उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व प्रणालीमा ठूला निर्वाचन क्षेत्र (जस्तै सिङ्गै देश) हुन्छ । यस्तो प्रणालीका लागि बन्द सूचीसहित एक सदस्य एक मत (ओएमओभी) प्रयोगका आधारमा एउटा सूची तयार पारिन्छ । यसका लागि आवश्यक समन्वय गर्ने अप्ठ्यारो हुनसक्छ । यसका साथै अन्य कारणले गर्दा दलहरूले परम्परागत प्रत्यक्ष प्रणालीबाट उमेद्वार चयन गर्नुभन्दा प्रतिनिधिमुलक तरिकाले गर्ने प्रयास गरेमा बढी प्रभावकारी हुनसक्छ ।

बक्स ३ : एक सदस्य एक मत

एक सदस्य एक मत (ओएमओभी) भन्नाले उमेद्वार छनौट र अन्य निर्णय प्रक्रियामा सबै सदस्यले भाग लिन पाउने व्यवस्थालाई बुझाउँछ । यस्तो प्रणालीलाई विशेषगरी "आन्तरिक लोकतन्त्रको सबैभन्दा "अँध्यारो कोठा"को विपरित "आन्तरिक लोकतान्त्र"को राम्रो अभ्यासको रूपमा बुझिन्छ। तर, अध्ययनहरूले के देखाएको छ भने धेरै ठूलो संख्याका मतादताबाट उमेद्वार छान्दा सुधारात्मक उपाय नहुने हो भने सन्तुलन कायम राख्न गाह्रो हुनसक्छ। पार्टीका सदस्यको हित र अनुशासनलाई सन्तुलन कायम राख्ने चिन्तामा रहेका दलहरूले सन्तुलित टिकट वितरणको लागि नेतृत्वले असहज हुनसक्छ। यस्तो अवस्थामा पूर्वअनुमोदन गरिएका उमेद्वार, भार प्रणाली, आरक्षण र लक्षित समदायको सिटमा सुधारात्मक उपायको अवलम्बत गर्नेजस्ता सुरक्षा प्रावधान अपनाउन सकिन्छ । कतिपय सैद्धान्तिक व्यक्तिले त्यस्तो व्यवस्था लागू गर्दा सहभागिता र लोकतन्त्रलाई फिक्का बनाउने तर्क पनि गर्न सक्छन्।

तर, प्रतिनिधिको भूमिका र प्रयोगजस्ता कारणले गर्दा पनि कहिलेकाहीँ उमेद्वार छनौट विवादास्पद हुन सक्छ । प्रतिनिधि कसरी छानिन्छन् भन्ने एउटा महत्वपूर्ण प्रश्न हो । यससँग सम्बन्धित एउटा विषय भनेको प्रतिनिधिले आफूले प्रतिनिधित्व गर्ने समूह वा व्यक्तिको रूचिको आधारमा मत हाल्ने अपेक्षा गरिन्छ कि आफ्नो दलको उचित हित र आफूले प्रतिनिधित्व गर्ने समूह वा व्यक्तिको रुचीका आधारमा भन्ने कुराले महत्व राख्छ (तर, गोप्य मतदानको हकमा कुनै प्रतिनिधिले केमा मत दिए भनेर जाँच्ने कुनै माध्यम हुँदैन । यति मात्र होइन, कतिपय अवस्थामा आकांक्षीको अन्तिम सूची थाहा हुनुभन्दा पहिले नै प्रतिनिधिको छनौट गरिएको हुनसक्छ) । कतिपय अवस्थामा उमेद्वार छनौट गर्ने प्रतिनिधिलाई उमेद्वारबारे अनुभव र ज्ञान हुन्छ भन्ने तर्क पनि गरिन्छ । तर, प्रतिनिधिको छनौट गर्ने सानो समूहमा भने दबाब र प्रभावको सम्भावना बढी नै हुनसक्छ । घानाको एनपीपीमा गोप्य मतदान प्रयोग गरिने भए पनि दबाब र प्रभावको आधारमा प्रतिनिधिको मतलाई प्रभावित पार्ने गरिएका छ । यसकारण कतिपय सदस्यले पूर्ण सदस्यता मतको पनि वकालत गर्न थालेका छन् । तर, यो प्रस्तावित सुधार अहिलेसम्म पार्टीले लागू भने गरेको छैन ।

निर्वाचनका उमेद्वार छनौट गर्ने प्रतिनिधिले सदस्य र मतदाताको मर्म बिर्सिन पनि सक्छन् । बेलायत बेलायतको लेबर पार्टीले साधारण सदस्यलाई नीति-निर्माण र उमेद्वार छनौटमा सहभागी गराउन सकेन । सन् १९८३ को निर्वाचनमा पार्टीले हार्नुको मुख्य कारण यही थियो । त्यो पराजय पार्टीको अहिलेसम्मकै सबैभन्दा नराम्रो पराजय थियो । त्यतिबेला नीति-निर्माण र उमेद्वार चयनमा सांसद, ट्रेड युनियनका नेता र पार्टीको शाखाका कार्यकर्ता हावी भएका थिए । उनीहरू साधारण मतदाताका सवाल र चासोबारे अनभिज्ञ थिए । पार्टीलाई आधुनिक बनाउने प्रक्रिया चलिरहेकै बेला स्वार्थप्रेरित शक्तिलाई कमजोर बनाउन एक सदस्य एक मत विधि लागू गरिएको थियो ।

प्रतिनिधिको मत भार प्रणालीको कारणले वा प्रतिनिधिको अनुपातको कारणले पनि कमजोर हुनसक्छ । कुनै पनि दलको ऐतिहासिक र सैद्धान्तिक अवस्थाका आधारमा निर्वाचन छनौट प्रक्रियामा ट्रेड युनियनका प्रतिनिधि, बहालवाला विधायक, विधायिकाका उमेद्वार र पार्टीका पूर्व नेतालाई प्रतिनिधि बनाइन सक्छ । उदाहरणको लागि दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेसमा उमेद्वारको प्रादेशिक सूची छनौटका लागि हुने सम्मेलनका ८० प्रतिशत प्रतिनिधि पार्टीको शाखाका प्रतिनिधि हुन्छन् । प्रत्येक शाखाको प्रतिनिधि संख्या सो शाखाअन्तर्गतका नियमित शुल्क तिर्ने सदस्यको अनुपातको आधारमा निर्धारण हुन्छ । बाँकी २० प्रतिशत मत दिने प्रतिनिधि चाहिँ प्रादेश कार्यसमिति, पदाधिकारी, युवा र महिला संगठनमा संलग्न व्यक्तिहरू हुन्छन् ।

सदस्यता वितरण तथा योग्यताको सवाल

को योग्य हन्छ र कसले निर्णय लिन्छ ?

उमेद्वारीका लागि सम्भावित उमेद्वारको राज्यले तोकेको कानुनी योग्यता पुगेको सुनिश्चित हुनुपर्छ भने अर्कोतिर उमेद्वार चयनको लागि औपचारिक रूपमा दलले राखेका शर्त पनि पूरा गर्नुपर्छ । यस्ता शर्तले अयोग्य व्यक्तिलाई दाबी गर्नबाट रोक्न सक्छ । तर, यस्तो शर्त ज्यादै कडा भयो भने चाहिँ त्यसले सम्भावित उमेद्वारमाथि विभेद हुनसक्छ । त्यसैले यो प्रक्रियामा सहभागी हुन चाहने उमेद्वार कम हुन सक्छ । यसले विभिन्न प्रतिस्पर्धामा पार्टीलाई उपलब्ध बिकल्प पनि सीमित गराइ दिन सक्छ । यसभन्दा पनि नराम्रो त के हुन सक्छ भने उमेद्वार छनौट प्रक्रियाका शर्तहरू धेरै कडा भयो भने सहभागितालाई नै अर्थहीन बनाइ दिन सक्छ ।

उदाहरणको लागि मेक्सिकोको इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीको नियमअनुसार सिनेटको लागि उमेद्वार छनौट गर्दा प्रादेशिक र राज्यस्तरले मनोनयन गर्नुपर्छ । तर, यसरी छनौट गर्दा आयोजना हुने सम्मेलनले "सहमतीको उमेद्वार"को नाममा एकजना मात्रै उमेद्वारको अनुमोदनका लागि मतदान गरेको थियो । सामान्यतया यसरी "सहमतीका उमेद्वार"का पार्टीको केन्द्रिय नेतृत्वले छानेको उमेद्वारलाई अधिवेशन सामु अनुमोदनको लागि प्रस्तुत गरिन्छ । तर, सुरूमा विभिन्न गुट र गभर्नरको विचार बमोजिम त्यस्ता उमेद्वारको पहिचान गरिन्छ । पार्टी नेतृत्वले सन् २००० को मार्चमा स्थापना गरेको उमेद्वारको योग्यतासम्बन्धी प्रावधान यति कडा थियो कि कतिपय अवस्थामा केबल एक उमेद्वारले मात्र त्यस्तो प्रावधान पूरा गर्थे । त्यति मात्र होइन, अन्तिम छनौटको लागि उमेद्वारलाई अधिवेशन सामु पेश गर्नुअघि एउटा शीर्ष नेताको आयोगले सबै उमेद्वारको अनुमोदन गर्नुपर्दथ्यो (ल्याङ्ग्स्टन २००४) ।

सामान्यतया उमेद्वार छनौटका लागि कुन विधि प्रयोग गर्ने भन्ने सम्बन्धमा राजनीतिक दलको भिन्नाभिन्नै मत हुने गरेको छन् । तथापि, दलको नियमालीमा उमेद्वारको योग्यतासम्बन्धी न्यूनतम शर्त समावेश गरिएको हुन्छ । ती शर्तबमोजिम उमेद्वार छान्ने जिम्मेवारी पार्टीको संगठन विभाग वा प्रमाणिकरण समिति वा सूचीकरण समितिजस्ता अङ्गलाई दिइएको हुन्छ । यति हुँदा पनि कतिपय दलले लचकताको अभ्यास गर्न पाइयोस् भनेर त्यस्ता शर्त तोक्न चाहँदैनन् । त्यसैले एउटा उमेद्वार छनौटका लागि अर्को लोकप्रिय विधि भनेको आवेदन फारम प्रयोग गर्ने र सम्भावित उम्मेरवारले कानुनी योग्यता पूरा गरेको सुनिश्चित गर्ने हुनसक्छ । यसका साथै आवेदकको पृष्ठभूमिबारे जानकारी संकलन गर्ने र खुला प्रश्न सोध्ने विधि पनि उपयुक्त हुनसक्छ ।

घानाको *एनपीपी* दलको विधानले विधायिकाको लागि प्रस्तावित उमेद्वार कम्तीमा दुई वर्षदेखि प्रतिष्ठित र सक्रिय सदस्य हुनुपर्ने, आफूले उठ्न चाहेको निर्वाचन क्षेत्रमा पार्टी सदस्यको रूपमा र मतदाताको रूपमा दर्ता भएको हुनुपर्ने (तर, शाखाले कहिलेकाहीँ यस प्रावधानमा छुट प्रदान गर्न सक्दछ) र राम्रो चरित्र र छबि भएको हुनुपर्ने प्रावधान राखेको छ । उनीहरूले पार्टीले तोकेको शुल्क तिर्नुपर्ने, कानुनी योग्यता र शर्त पूरा गर्नुपर्ने र एक प्रतिबद्धता पत्रमा हस्ताक्षर पनि गर्नुपर्छ । फीन गेलको विधानले उमेद्वारको योग्यतासम्बन्धी कुनै पनि व्यवस्था गरेको छैन । (बक्स ४ ले संसारभरका विभिन्न दलले स्थापना गरेको प्रचलित प्रावधानको खाका प्रस्तुत गरेको छ र बक्स ५ ले आवेदन फारममा सोधिने प्रश्न र विषयको उदाहरण प्रस्तुत गरेको छ) ।

अफ्रिकन नेशनल कंग्रेसको राष्ट्रिय समानुपातिक सूची निर्धारण गर्ने कार्यविधिमा यसप्रकारका उमेद्वार योग्यताका शर्तहरू उल्लेख गरिएको छ : विधायिकाको प्रभावकारिता बृद्धि गर्ने विज्ञता भएको, आपराधिक अभिलेख नभएको (अप्रिल १९९४ भन्दा अघिको राजनीतिक अपराधबाहेक), अनुशासनको कारबाही नभएको, भ्रष्टाचारमा नमुछिएको, पार्टी फुटाउने उद्योगमा नलागेको र पार्टीको आचारसंहिता उल्लंघन नगरेको हुनुपर्छ । निर्वाचनमा उमेद्वारको पूर्ण सूचीको लागि तय गरिएका अन्य शर्तहरूमा भौगोलिक, लैङ्गिक र देशको सामाजिक बनौटबमोजिम सन्तुलित प्रतिनिधित्व भएको, निरन्तरता र अनुभव भएका बहालवाला विधायक, उमेर, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गर्ने र सरकारका चुनौतीको सामना गर्न प्राविधिक विज्ञता भएका व्यक्तिको सन्तुलन हुनुपर्ने आदि छन् । अन्त्यमा,

बक्स ४ : उमेद्वारका लागि आवश्यक योग्यताको नमुना

विधायिकासभाको उमेद्वारका लागि पार्टीले परिभाषित गर्ने योग्यताको नमुना यस्तो हुनसक्छ :

- उम्मेद्वारीको लागि कानुनी योग्यता पूरा गरेको हुनुपर्ने ।
- सदस्यताको न्यूनतम अवधि पूरा गरेको हुनुपर्ने ।
- आवेदकले उठ्न चाहेको निर्वाचन क्षेत्रमा न्यूनतम अवधि (यसमा पार्टीले कुनै कानुनी योग्यतामा भन्दा पनि कडाइ गर्न सक्छ) बसोबास गरेको हुनुपर्ने ।
- पार्टीबाट निलम्बन भएको इतिहास नभएको ।
- पार्टीमा तिर्नुपर्ने सबै सदस्यता शुल्क तिरेको र पार्टीलाई तिर्नुपर्ने कुनै आर्थिक दायित्व नभएको ।
- आफ्नो निर्वाचन क्षेत्रमा न्यूनतम आवश्यकभन्दा बढी सार्वजनिक र पार्टीका कार्यक्रम वा बैठक आयोजना गरेको वा सम्बोधन गरेको हुनुपर्ने ।
- न्यूनतम आवश्यकता भन्दा धेरै पार्टी सदस्यले समर्थन गरेको (जस्तो : आवश्यकभन्दा बढी संख्यामा हस्ताक्षर संकलन गरेको) हुनुपर्ने ।
- पार्टीका केन्द्रिय अङ्गले पूर्व अनुमोदन गरेको हुनुपर्ने ।
- कुनै अन्य राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने ।
- कुनै पनि फौजदारी अभियोग नलागेको र अदालतमा विचाराधीन वा अनुसन्धानरत मुद्दा नभएको हुनुपर्ने ।

बक्स ५ : उमेद्वार छनौट फारममा राख्ने विषय र प्रश्नहरूको नमुना

कुनै आवेदन फारममा प्रत्यक्ष र खुला प्रश्नहरू सोध्न सकिन्छ । यसैगरी आवेदकलाई सामान्य रूपमा विभिन्न क्षेत्रमा हासिल गरेका अनुभव र दक्षता र क्षमता प्रदर्शन गर्न आग्रह गरिएका प्रश्न पनि सोध्न सकिन्छ । कतिपय अवस्थामा, निर्णायक मण्डलले अंक प्रदान गरेर पनि आवेदकको मूल्याङ्कन गरिन्छ । उमेद्वारलाई निश्चित शर्तहरू (जस्तै : न्यूनतम सदस्यता अवधि र कानुनी शर्त)पूरा नगरेमा वा क्षमता प्रदर्शन गरेर आवश्यक अंक प्राप्त गर्न नसकेमा आवेदकहरू अयोग्य ठहरिन सक्छन् । तलका बुँदाहरू बेलायतको लेबर नेशनल पार्टीको पार्लियामेन्टरी प्यानलले बिगतमा बनाएको आवेदनसम्बन्धी प्रावधानबाट लिइएको हो । सो प्यानल पूर्व-अनुमोदित उमेद्वारको सूची तयार पार्न गठित जिम्मेवार निकाय हो । पार्टीको शाखा समितिले यही सूचीबाट आफ्नो निर्वाचन क्षेत्रको लागि उमेद्वार छनौट गर्न सक्छन् वा अन्य उमेद्वार प्रस्ताव गर्न सक्छन्, जसलाई पछि राष्ट्रिय कार्यकारी समितिले अनुमोदन गर्नुपर्छ ।

- ***पार्टीमा अनुभव :*** पार्टीमा सान्दर्भिक अनुभव र प्रतिबद्धताको अभिलेख प्रदर्शन गर्ने ।
- ***ज्ञान :*** पार्टीको नीति, सार्वजनिक नीति र प्रक्रियाबारे ज्ञान र बुझाइ प्रदर्शन गर्ने ।
- ***जीवनका अन्य अनुभव :*** पार्टी बाहिर प्राप्त गरेको अन्य अनुभवको प्रमाण देखाउने र निर्वाचनमा आफूले प्रतिस्पर्धा गर्न चाहेको पदका लागि ती सो अनुभवले कसरी सहयोग पुऱ्याउन सक्छ भन्ने विषयमा व्याख्या गर्ने । यस अन्तर्गत स्वयंसेवी, सार्वजनिक सेवा, व्यवसाय र अन्तर्राष्ट्रिय अनुभव पर्न सक्छन् ।
- ***सञ्चारसम्बन्धी दक्षता :*** मौखिक र लिखित दुवै माध्यमले प्रभावकारी तरिकाले सञ्चार गर्ने क्षमता प्रदर्शन गर्ने । उदाहरणको लागि प्रस्तुती दिन, भाषण गर्न, संवाद गर्न र प्रतिवेदन तयार लेख्न सक्ने आदि अनुभव भएको प्रमाण पेश गर्ने ।
- ***अभियान सञ्चालन र पार्टीको विकाससम्बन्धी दक्षता :*** अभियानको लागि योजना बनाउने र प्रभावकारी रूपमा सञ्चालन गर्ने क्षमता प्रदर्शन गर्ने र अभियानका विभिन्न विधिबारे ज्ञान भएको हुनुपर्छ । विभिन्न लक्षित वर्गसम्म सन्देश प्रवाह गर्ने, सदस्यता बिस्तार र सदस्यता कायम गर्ने जस्ता विषयमा सक्रियतापूर्वक विभिन्न क्रियाकलापमा संलग्न भएको र ज्ञान भएको देखिने प्रमाण पेश गर्ने ।
- ***प्रतिनिधित्व गर्ने र समस्या समाधान गर्ने दक्षता :*** जनताको प्रतिनिधित्व गर्ने क्षमता प्रदर्शन गर्ने र कुनै घटना अध्ययनको निर्माण र प्रस्तुती प्रभावकारी तरिकाले गर्न सक्ने क्षमता देखाउने । उदाहरणको लागि अर्को कुनै व्यक्तिको तर्फबाट कुनै सवाल उठाउने र समस्या समाधान गर्नका बिकल्पहरू पेश गर्ने र ती व्यक्तिलाई सूचीत गर्ने ।
- ***अन्तरव्यक्ति सम्बन्ध, समूहकार्य र समन्वयात्मक दक्षता :*** अरूको कुरा सुन्ने, उनीहरूसँग निरन्तर सञ्चार गर्ने र उनीहरूको कुरा बुझ्नुका साथै विभिन्न पृष्ठभूमि र समुदायका मानिससँग सहकार्य गरी काम गर्न सक्ने क्षमता प्रदर्शन गर्ने -- उदाहरणको लागि जनतासँग व्यवहार गर्ने क्षमताको प्रमाण, विभिन्न सार्वजनिक, निजी तथा सामुदायिक संस्थासँग काम गर्ने क्षमता र खासगरि नेतृत्व तहका सहकर्मीसँग काम गर्ने क्षमता ।
- ***अन्य दक्षता :*** अन्य कुनै आवश्यक र सान्दर्भिक दक्षता भएमा ती कुरा पनि उल्लेख गर्ने । यसअन्तर्गत आमसञ्चार, प्रतिनिधित्व तथा व्यवस्थापन, योजना तर्जुमा, समय व्यवस्थापन र भाषासम्बन्धी दक्षता पर्न सक्छन् ।
- ***व्यक्तिगत वक्तव्य :*** उमेद्वारका रूपमा छानिनुपर्ने कारणको व्याख्या गर्नुहोस् ।

उमेद्वारले पूर्णरूपमा पार्टी र विधायिकामा ध्यान दिनको लागि अन्य सबै प्रकारका रोजगारीलाई त्याग्न तयार भएको हुनुपर्ने पनि उल्लेख गरिएको छ ।

उमेद्वार छनौटमा जुनसुकै विधि अपनाए पनि पार्टीको मनोयनको लागि को योग्य छ भन्ने कुरा कसले निर्णय गर्दछ भन्ने कुरामा भरपर्छ । यसको लागि छनौट समिति वा कार्यदलको व्यवस्था भएको अवस्थामा त्यस्तो कार्यदल वा समितिका सदस्यको योग्यता के हो र तिनीहरूको नियुक्ति

कसरी हुन्छ ? भन्ने प्रश्न पनि उठ्छ । बेलायतको लिबरल डेमोक्रेटिक दलमा उमेद्वार छनौट नियमावली बनाउने र पूर्व-अनुमोदित उमेद्वारको सूची निर्धारण गर्न उमेद्वार समितिको गठन गरिएको हुन्छ । उक्त समितिको अध्यक्ष पार्टी परिषद्ले निर्वाचित गर्दछ । सो समितिका अन्य सदस्यहरूमा पार्टीका क्षेत्रीय शाखाले निर्वाचित गरेका क्षेत्रीय उमेद्वार समितिका अध्यक्ष, पार्टी परिषद्ले निर्वाचित गरेको पाँच स्वतन्त्र सदस्य, संसदीय दलका प्रमुख सचेतक, संसदबाट निजले नियुक्त गरेको एकजना प्रतिनिधि र दलको संसदीय उमेद्वार एसोसियशनको एकजना प्रतिनिधि हुने गर्दछन् ।

सदस्यता वितरण प्रक्रिया

व्यवहारिक रूपमा पार्टीको अन्तिम उमेद्वारको सूचीमा योग्य व्यक्ति छनौट गर्ने प्रक्रियाले व्यक्तिलाई अघि बढ्न प्रोत्साहित वा हतोत्साहित दुवै गर्न सक्छ । यस्तो कुरा औपचारिक वा अनौपचारिक विषयको समिश्रणका कारण निश्चित आकार दिएको हुन्छ । यो प्रक्रियासमा राजनीतिक दलले प्रमुख भूमिका खेल्ने भएता पनि खुला समाजमा स्वार्थ समूह, नागरिक समाज, आमसञ्चार र आर्थिक सहयोग गर्नेले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

उचित उमेद्वार पहिचान गर्ने प्रयासमा कतिपय राजनीतिक दलले देहायका जिम्मेवारीसहितको समिति वा कार्यदल गठन गर्ने गरेका छन् : सम्भावित उमेद्वारको सूची तयार गर्ने, चुनाव लड्नको लागि सम्भावित स्वार्थ के हुनसक्छ पत्ता लगाउने र उनीहरूको अन्तर्वार्ता लिने । बेलायतमा कन्जर्भेटिभ र अन्य दलले मुख्य पार्टी पदाधिकारी र शाखाहरूले प्रायोजन गरेका कार्यकर्ताको आवेदन हेरिरहन्छन । सम्भावित उमेद्वार प्रशिक्षण कार्यक्रममा भाग लिन्छन् जसमा तिनीहरूले आफ्नो दक्षता प्रदर्शन गर्ने मौका पनि पाउँछन् । यस चरणमा फालिएका उमेद्वारलाई पुनः आवेदन गर्न प्रोत्साहित गरिन्छ । सूचीमा परेका तर निर्वाचनमा लड्न नछानिएका उमेद्वारलाई भविष्यको लागि प्रतिक्षा सूचीमा राखिन्छ ।

उमेद्वार चयनमा ध्यान दिनुपर्ने विषय

सम्भावित उमेद्वार पहिचान गर्ने क्रममा दलहरूले औपचारिक वा अनौपचारिक रूपमा सम्बन्धित पार्टीमा व्यक्तिको संलग्नताको इतिहास, सञ्चार र प्रचार-प्रसार शैलीलाई हेर्ने गरिन्छ । यसका साथै राजनीतिक दक्षता, नैतिकतासँग सम्बन्धित विषय र सार्वजनिक लोकप्रियता पनि हेरिन्छन् । कतिपय अवस्थामा चन्दा संकलन गर्न सक्ने क्षमता पनि महत्वपूर्ण विषय हुनजान्छ । यी विषयबारे बिस्तृतमा तल चर्चा गरिएको छ ।

पार्टीमा संलग्न भएको इतिहास : पार्टीमा व्यक्तिको संलग्नताको इतिहास सम्बन्धी प्रावधानले कार्यकर्तालाई हौसला प्रदान गर्दछ । यो शर्त पार्टीको विचार र मूल्य-मान्यताप्रति सबैभन्दा प्रतिबद्ध र जानकार व्यक्तिलाई प्राथमिकता दिने गरी तय गरिएका हुन्छ । त्यसैगरी यो शर्त पार्टीलाई केबल निर्वाचित पदको सुरक्षित स्थानमा पुग्ने माध्यमको रूपमा मात्रै प्रयोग गर्न खोज्ने व्यक्तिबाट बच्न पनि काम लाग्छ । सामान्यतः यसको लागि सम्भावित उमेद्वारलाई तलका मध्ये एक वा एकभन्दा बढी प्रावधान आवश्यक पर्छ : पार्टीमा सेवा गरेको वा सदस्यता लिएको न्यूनतम भन्दा धेरै अवधि भएको हुनुपर्ने, हालसम्मको सबै सदस्यता शुल्क तिरेको र पदाधिकारी वा अन्य भूमिकाबाट पार्टीलाई योगदान गरेको हुनुपर्छ ।

धेरै दशक अगाडि बेल्जियमको बेल्जियम सोसलिस्ट पार्टीमा उमेद्वारको लागि यस्ता शर्त राखिएको थियो : सदस्यता लिएको कम्तीमा पाँचवर्ष भएको हुनुपर्ने, सोसलिस्ट कोअप भनिने समाजवादी सहकारीबाट वार्षिकरूपमा तोकिएको न्यूनतम रकमभन्दा धेरै खरिद गरेको हुनुपर्ने, दलको पत्रिकाको नियमित ग्राहक हुनुपर्ने, प्रस्तावित उमेद्वारको बालबच्चा सरकारी विद्यालयमा भर्ना भएको हुनुपर्ने र सम्भावित उमेद्वार र तिनको परिवार र बालबच्चाले पार्टीको उपयुक्त क्रियाकलापमा भाग लिएको हुनुपर्ने (राहत तथा हजान २००१) । ताइवानको डेमोक्रेटिक प्रोग्रेस पार्टी (डीपीपी)मा पनि सम्भावित उमेद्वार कम्तीमा दुईवर्षदेखि पार्टीको सदस्यता शुल्क तिरेको हुनुपर्ने व्यवस्था गरिएको छ (मनिकास तथा थर्नटन २००३) ।

यस्ता प्रावधानको सम्भावित उमेद्वारलाई केही बेफाइदा पनि हुनसक्छ । मूलतः पार्टीको जीवनभन्दा बाहिर सफलता हासिल गरेका र पार्टीलाई हित गर्ने वा मतदातालाई आकर्षित गर्न सक्ने आकर्षक उमेद्वारलाई यो प्रावधानले रोक्न सक्छ । उदाहरणको लागि धेरै महिला, युवा वा जातीय अल्पसंख्यक उमेद्वार उठाउनका लागि पार्टीले त्यस्ता सामाजिक समूहबाट उमेद्वार छनौट गर्नुपर्ने हुन्छ । तर, उनीहरूको

पार्टी संलग्नताको इतिहास इतिहास छोटो हुनसक्छ तर पनि त्यस्ता उमेद्वार छनौटका लागि यो प्रावधान उपयुक्त नहुन सक्छ । यसैगरी, कुनै प्रतिष्ठित राजनीतिक घरानाको व्यक्ति वा प्रसिद्ध सैनिक जीवन वा कलाक्षेत्रमा संलग्न व्यक्तिको मतदाता समक्ष लोकप्रियता छबि हुनसक्छ । त्यस्ता व्यक्तिले चुनावी अभियानमा पार्टीलाई राम्रो सहयोग हुनसक्छ । त्यसैले कतिपय दलले आफ्नो नेतृत्वालाई न्यूनतम् सदस्यता अवधिको प्रावधानमा छुट दिने अधिकार दिएका हुन्छन् । मेक्सिकोको पार्टी अफ द डेमोक्रेटिक रिभोलुशनमा राष्ट्रिय परिषद्ले सबै स्थानका लागि २० प्रतिशत बाहिरी उमेद्वार तोक्न सक्छन् । परिषद्को दुई तिहाइ मतले अनुमोदन गरेमा यसभन्दा बढी पनि बाहिरी उमेद्वार छान्न सक्छन् । पार्टीको नियमावलीले सम्भावित उमेद्वारको लागि दुई किसिमको प्रावधान तोकिएको छ : एक, पार्टी सदस्यको लागि र दुई, बाहिरी उमेद्वारको लागि ।

जनतामाझ लोकप्रियता : उमेद्वारबारे मतदताको धारणा भावनात्मक मात्रै होइन जटिल नीतिगत सवालमा उनीहरूले लिएको वस्तुगत अडानजस्ता कुराले निर्धारण गरेको हुन्छ । राजनीतिक दललाई पार्टीका शर्तका साथै जनताको समर्थन र सहयोग गरी दोहोरो परीक्षण पास गर्नुपर्ने चुनौती उमेद्वारलाई हुन्छ । कतिपय दलको कुनै व्यक्तिबारे आमधारणा के छ भन्ने बुझ्न उमेद्वारको पूर्व-छनौटको चरणम्र सर्वेक्षणको गर्ने गर्छन् । ताइवानको डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) र कोमिन्ताङ (केएमटी)ले सदस्यले सार्वजनिक मत सर्वेक्षणबाट प्राप्त मतका आधारमा उमेद्वारालाई प्राप्त हुनसक्ने जनसमर्थनको आधारमा उमेद्वार छनौट गर्छन । दुवै क्षेत्रबाट बराबर मात्रामा समर्थन प्राप्त गर्ने र सबैभन्दा बढी अंक प्राप्त गर्ने व्यक्ति मनोनयनमा पर्ने गर्थे (मनिकास र थर्नटन २००३) । मेक्सिकोमा इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीले सिनेटका सम्भावित उमेद्वारमध्ये मतदाताले सबैभन्दा बढी कसलाई चिनेका छन् र सम्भावित मतदाता सामु कसको सबैभन्दा राम्रो छबि बनेको छ भन्ने पहिचान गर्नका लागि राज्यतहमा मतसर्वेक्षण गर्ने र सोही आधारमा उमेद्वार छनौट गर्ने गरेका थिए । ग्रीसको प्यानहेलेनिक सोसिलिष्ट मुभमेन्ट र पीएएसओकेले पनि उमेद्वारका आकांक्षीप्रति जनसमर्थन मापन गर्न मतर्वेक्षणको प्रयोग गरेको थियो ।

राजनीतिक दक्षता : कुनै पनि उमेद्वारमा राम्रो भाषण गर्ने कला, राजनीतिक सुझबुझ, रणनीतिक योजना र संगठनात्मक दक्षता जस्ता गुण हुनुपर्छ । पार्टीको जिम्मेवार पदमा बसिसकेका व्यक्तिको हकमा भने उनीहरूले गरेको कार्यसम्पादनकै आधारमा व्यक्तिको राजनीतिक दक्षताबारे जानकारी प्राप्त हुन्छ । यस्ता सम्भावित उमेद्वारको क्षमता आवेदन फारम, घटनाक्रममा निर्वाह गरेको भूमिका र अन्य आकांक्षीसँग पनि संवाद गराएर उनीहरूको राजनीतिक दक्षता मापन गर्न सकिन्छ ।

बहालवाला नैतिकता : उच्च नैतिकता भएका उमेद्वारलाई उठाउँदा पार्टीले सार्वजनिक पदमा नैतिकताप्रति आफ्नो प्रतिबद्धता जनसमक्ष प्रस्तुत गर्न सक्छ । यसका अतिरिक्त सम्भावित उमेद्वारले निश्चित न्यूनतम मापदण्ड पूरा गरेको वा उठ्नुअघि पार्टीलाई निश्चित जानकारी दिएको हनुपर्छ । यस्तो कुरा सुनिश्चित नभए पार्टीलाई हानी पुऱ्याउन सक्ने घटनाको पूर्व-आँकलन गर्न सघाउ पुऱ्याउँछ । उदाहरणको लागि भारतमा आमजनताले मतदानको उपयुक्त बिकल्प छनौ गर्न सकून् भनेर लोकसत्ता नामको एउटा नागरिक आन्दोलनले चुनावी उमेद्वारको पृष्ठभूमि जाँच गरेको थियो । उक्त अध्ययनबाट आपराधिक इतिहास भएका ४५ जना उमेद्वारको नामावली पत्ता लाग्यो जुन प्रकाशित पनि भयो । उक्त जाँचबाट ती व्यक्तिको बिगतबारे खुलासा गऱ्यो । यसले तिनलाई उठाउने पार्टीलाई पनि लज्जित गरायो । जसले गर्दा तिनीहरूप्रति जनताको विश्वास गुम्यो । दक्षिण कोरियामा सन् २००० को अप्रिल महिनामा भएको संसदीय चुनावअघि सिटिजन्स् अलायन्स् नामक नागरिक आन्दोलनले ८६ जना उमेद्वारलाई भ्रष्ट, अयोग्य वा अन्य कारणले सार्वजनिक पदको लागि अनुपयुक्त भनी "कालोसूची"मा राख्यो । तीमध्ये ५९ जनाले हारे । यसको अर्थ "कालोसूची"मा राख्ने नागरिक आन्दोलनले उमेद्वारले पाउने मतको हिस्सा र उमेद्वारले जित्न सक्ने सम्भावना दुवैलाई धेरै असर पार्न सक्छ (होरोविज तथा किम २००२) । त्यसैगरी सन् २००४ को रोमानियाको निर्वाचन अघि द कोअलिशन फर क्लीन पार्लियामेन्ट नामक नागरिक आन्दोलनले विधायिकाको लागि अनुपयुक्त भनी कालोसूचीमा राखेर २०० भन्दा बढी उमेद्वारको नामावली प्रकाशन गऱ्यो । कालान्तरमा त्यसको एक चौथाइ व्यक्ति पार्टीको उमेद्वार सूचीबाट हटाइए ।

पार्टीले आफ्ना सम्भावित उमेद्वारलाई उमेद्वार चयनमा भाग लिनुभन्दा अगाडि नै तिनीहरूको बिगतबारे सूचना पेश गर्न र निर्वाचनमा पार्टीको प्रतिनिधित्व गर्न छानिएको खण्डमा निश्चित नैतिकताको मापदण्डप्रति प्रतिबद्धता जाहेर

बक्स ६ : उमेद्वार छनौटको लागि समयरेखा

राजनीतिक दलले उमेद्वार पहिचान गर्नको लागि पर्याप्त समय र स्रोत-साधनको लगानी गरेमा उचित उमेद्वार छानिने सम्भावना बढी हुन्छ । संगठन बिस्तारको महत्वपूर्ण कामलाई अन्तिम समयको लागि राख्ने दलले निर्वाचनको लागि समयमै टिकट वितरण गर्नुपर्ने जोखिम रहन्छ । उदाहरणको लागि सुरूमा उपयुक्त लागेको उमेद्वारमा पछि र्गर गम्भीर कमजोरी देखिन सक्छ । त्यतिबेला यसलाई सुधार्ने समय पार्टीसँग हुँदैन । योभन्दा पनि नराम्रो त सीमित बिकल्पका कारण दलले चित्तबुझ्दो नभएका उमेद्वारसमेत उठाउनुपर्ने बाध्यता हुनसक्छ । तर, धेरै छिटो उमेद्वार चयन गर्नाले निर्वाचन अभियान लामो हुन जान्छ भने निर्वाचनको खर्च पनि बढ्न सक्छ । बन्द राजनीतिक वातावरणमा लामो समय चुनावी अभियान सञ्चालन गर्दा उमेद्वार लामो समयसम्म सार्वजनिक हुन पुग्छन् र ती निरंकुश सत्ताको दुर्व्ययवहारमा पनि पर्न सक्दछन् ।

अफ्रिकन नेशनल कंग्रेस : यो पार्टीलाई राष्ट्रियसभा निर्वाचनको लागि सूची निर्धारण गर्न झण्डै आठ महिनासम्म लाग्न सक्छ । सन् २००३ को सूची निर्धारण प्रक्रियाको समयअवधि कार्यविधि तल उल्लेख गरिएको छ :

महिना	क्रियाकलाप
मे	सूची निर्धारण प्रक्रियाको कार्यविधिलाई अन्तिम रूप दिने र सूची संरचना स्थापना गर्ने
जुन	बहालवाला सम्भावित उमेद्वारको समीक्षा गर्ने
जुन -जुलाइ	उमद्वार छनौट प्रक्रियाबारे पार्टीका क्षेत्रीय संरचनालाई जानरकारी दिन
जुलाइ-सेप्टेम्बर	शाखा समितिहरूले मनोयन पेश गर्ने
सेप्टेम्बर	प्रादेशिकस्तरको सूची निर्धारण सम्मेलनको लागि तयारी गर्ने
अक्टोबर	प्रादेशिकस्तरको सूची निर्धारण सम्मेलनको आयोजना राष्ट्रियस्तरको सूची निर्धारण सम्मेलनको लागि तयारी गर्ने
नोभेम्बर- डिसेम्बर	राष्ट्रियस्तरको सूची निर्धारण सम्मेलनको आयोजना, अन्तिम पुनरावेदन गर्ने र सूचीलाई अन्तिम रूप दिने

बेलायती लेबर पार्टी : पार्टीको उमेद्वार छनौट निरन्तर प्रक्रिया हो । उदाहरणको लागि बेलायतमा सन् २००६ मा सुरू गरिएको छनौट प्रक्रियामा सर्वप्रथम लेबर पार्टीले अघिल्लो चुनाव नजितेका निर्वाचन क्षेत्रमा उमेद्वार छनौट गरेको थियो । त्यहाँ जित्ने सम्भावना बढी रहेका निर्वाचन क्षेत्रमा उमेद्वार छनौट अन्तिम चरणमा पुगेको थियो । त्यहाँ पूर्व-अनुमोदित सूचीमा समावेश गर्नको लागि आवेदन खुलेदेखिको सम्पूर्ण प्रक्रियालाई १८ महिना भन्दा धेरै समय लागेको थियो ।

महिना/वर्ष	क्रियाकलाप
जनवरी - मे २००६	नेशनल पार्लियामेन्टरी प्यानल (एनपीपी)को लागि आवेदन आह्वान गर्ने, मार्च १ सम्ममा आवेदन दिने र मे महिना भित्रमा अन्तर्वार्ता हुने, जुन २००६ भित्रमा उमेद्वारका रिक्त स्थानहरू भरिने

जनवरी - मे २००६	आवश्यकता अनुसार निर्वाचन क्षेत्रको सिमा परिवर्तनबारे थाहा भएको जानकारीको आधारमा अनुकूलन गर्ने
मार्च २००६	सकारात्मक कार्य कार्यविधि निर्धारण गर्ने
जनवरी - मे २००६	नेशनल पार्लियामेन्टरी प्यानल का नयाँ आवेदकको अन्तर्वार्ता
जनवरी - जुन २००६	नेशनल पार्लियामेन्टरी प्यानल आवेदकको लागि प्रशिक्षण सत्रहरू र अभिमुखिकरण क्रियाकलाप
जुन - डिसेम्बर २००६	लेबर पार्टीले सिट नजितेका निर्वाचन क्षेत्रहरूमा छनौट
नोभेम्बर २००६	बहालवाला संसद सदस्यलाई आगामी चुनावमा उठ्ने योजना रहे नरहेको सोधी पत्र लेख्ने, डिसेम्बर ३१ २००६ भित्रमा जवाफको लागि अनुरोध
जनवरी २००७	बहालवाला संसद सदस्य रहेका निर्वाचन क्षेत्रमा उमेद्वार छनौटको प्रक्रिया सुरू
मे २००७	अवकाश लिने संसद सदस्यहरू भएका निर्वाचन क्षेत्रमा सकारात्मक कार्य तय गर्ने
जुलाइ २००७	अवकाश लिने संसद सदस्य भएका र जित्ने सम्भावना भएका निर्वाचन क्षेत्रहरूमा छनौटको सुरूवात गर्ने
सेप्टेम्बर २००८	सबै छनौटको सुरूवात

गर्न आग्रह गर्न सक्छन् । क्यानाडाको क्यानेडियन लिबेरसनले सम्भावित उमेद्वारको व्यापक पृष्ठभूमि जाँच गर्छन् । ताइवानमा कोमिन्ताङ (केएमटी)को नियमावलीले संगठित अपराध, सम्पत्ती शुद्धिकरण, लागू औषध र हातहतियार जस्ता क्षेत्रमा राष्ट्रिय कानुनको उल्लंघन गरेका व्यक्तिलाई पहिलेका कसूरविरूद्ध पुनरावेदन गर्ने प्रक्रियामा रहेका भए पनि चुनावमा उठ्नबाट रोक लगाउँछ । उमेद्वारको लागि तोकिएका कतिपय प्रावधान राष्ट्रिय कानुन भन्दा कडा पनि हुन्छन् । आयरल्याण्डको फीन गेल पार्टीको आचारसंहिताले उमेद्वारलाई स्वतन्त्रमा सम्झौता गर्नुपर्ने गरी कुनै पनि दान, चन्दा वा योगदान लिनबाट रोक लगाउँछ । निश्चित रकमभन्दा माथिको चन्दा पार्टी संगठन वा मुख्यालयलाई दिनुपर्ने व्यवस्था गरेको छ ।

आर्थिक स्रोत जुटाउन सक्ने : निर्वाचनको समयमा प्रचार-प्रसार अभियान सञ्चालन गर्न मात्र होइन राजनीतिक दललाई निर्वाचनको समयमा पनि आर्थिक स्रोतको आवश्यकता पर्छ । आफ्नो निर्वाचन प्रचार-प्रसारको ठूलो हिस्सा व्यहोर्न पुग्ने आवश्यक स्रोत-साधन भएका उमेद्वार पार्टीको लागि आकर्षक हुन सक्दछन् । आर्थिक अवस्था कमजोरलाई भन्दा केही हिस्सा स्रोतसम्पन्न व्यक्तिलाई उमेद्वारी दिनु उचित हुन सक्छ । तर, अन्य शर्त नराख्ने हो भने उमेद्वारका आकांक्षीले कुनै एक निर्वाचन क्षेत्रको उम्मेद्वारी सोझै "खरिद" गर्न सक्छन् वा उमेद्वार सूचीमा प्राथमिकतामा पर्नको लागि आर्थिक रकम खर्च गर्न सक्छन् । यस्तो व्यवस्थाबाट उमेद्वार निर्वाचित भएको खण्डमा पार्टीभित्र मात्र नभई समग्र राजनीतिक प्रक्रियामै पारदर्शिता र जवाफदेहितालाई अवमूल्यन गर्न सक्छ ।

उमेद्वार छनौट प्रक्रिया स्थानीय परिवेशअनुसार उमेद्वारी मनोनयन प्राप्त गर्न पनि आकांक्षीले ठूलो रकम खर्चनुपर्ने हुनसक्छ । उदाहरणको लागि सन् २००६ मा बेलायतको स्वतन्त्र तर कन्जर्भेटिभ पार्टीको समर्थकमा होम नाम गरेको अनलाइन समुदायले १६ जना व्यक्तिको अनुभवको आधारमा चुनावी प्रचार-प्रसार अभियानको लागि (वास्तविक खर्च र गुमेको आम्दानीको आधारमा) बेलायती पाउण्ड २७ हार २३५ देखि ४१ हजार ५०० सम्म पर्न सक्ने अनुमान गरिएको थियो । उमेद्वारका आकांक्षीको लागि लाग्ने खर्चको बारेमा चिन्ता व्यक्त गर्दै कन्जर्भेटिभ होमले पार्लियामेन्टरी असेस्मेन्ट बोर्डमा सहभागी खर्च घटाउनको लागि र आर्थिक संकटमा रहेका उमेद्वारको लागि आपतकालीन कोष स्थापनाको लागि सुझाब दिएको थियो । यसको प्रतिक्रिया स्वरूप डेविड क्यामरूनको पार्टीले पार्लियामेन्टरी असेस्मेन्ट बोर्डमा सहभागी हुने शुल्क घटाउँदै

बक्स ७ : दक्षिण अफ्रिकाको डेमोक्रेटिक अलायन्समा आकांक्षीको मूल्याङ्कन

राजनीति स्वाभावैले कला र विज्ञान दुवै हो । प्रष्ट नियम र प्रक्रियाले पारदर्शिता निर्माण गर्दछ, सहभागितालाई प्रोत्साहन गर्दछ र विवादको सम्भावना घटाउँछ । तर, राजनीतिक दललाई राजनीतिक परिवेशको सन्दर्भमा केही लचकता अपनाउने अधिकार दिनुपर्ने विषय जायज छ । त्यति मात्र होइन, बहुदलीय राजनीतिमा अन्तर्निहीत प्रतिस्पध(र्)को स्वभावक कारण राजनीतिक दलले आफ्नो छनौट प्रक्रियाका संवेदनशील हुनुपर्छ र विभिन्न पक्षबारे प्राप्त सूचना(ह)लाई प्रतिस्पर्धीबाट टाढै राख्नुपर्ने हुन्छ । यी र यस्तै कारणले गर्दा पार्टीका नेता र सदस्यहरूले उमेद्वार मनोनयनका आकांक्षीको मूल्याङ्कन गर्दा विभिन्न पक्षलाई हेर्नुपर्छ । कसरी मूल्याङ्कन गनै भन्ने प्रश्नको उत्तर सजिलो छैन । तथापि कतिपय दलले उमेद्वार छनौट गर्ने जिम्मा पाएका व्यक्तिलाई नै छाडिदिने गरेका छन् । व्यक्तिको स्वविवेक प्रयोग गरि कुनै उमेद्वारले आवेदन दिएमा उपयुक्त भए/नभएको मूल्याङ्कन गर्ने अधिकार व्यक्तिलाई नै हुन्छ । कतिपय दलले औपचारिक अंक प्रणालीको प्रयोग गरेर पनि उमेद्वार छनौट गर्छन् । उदाहरणको लागि दक्षिण अफ्रिकाको डेमोक्रेटिक अलायन्स (डीए)को मनोनयन कार्यविधिको दफा ७.३ मा उमेद्वारका आकांक्षीको मूल्याङ्कन गर्दा "सम्भव भएसम्म, वस्तुगत प्रावधानको आधारमा गर्नुपर्ने र संघीय कार्यकारीले निर्माण गर्ने औपचारिक अंक प्रणालीलाई आधारमा गर्नुपर्ने" उल्लेख गरिएको छ । विधानले मूल्याङ्कनका विभिन्न पक्षको खाका पनि प्रस्तुत गरेको छ :

- उमेद्वारको आकांक्षीले पार्टीको दिगो विकास र बृद्धीका लागि गरेको योगदानबारे प्रादेशिक कार्यकारी पदाधिकारी र निजले तोकेको व्यक्तिले गरेको लिखित मूल्याङ्कन,
- उमेद्वार आकांक्षी व्यक्तिले निजको समुदाय र समाजमा गरेको योगदान र नेतृत्वदायी भूमिकाबारे प्रादेशिक कार्यकारी पदाधिकारी र निजले तोकेको व्यक्तिले गरेको लिखित मूल्याङ्कन,
- उमेद्वारको आकांक्षीले लिएको सान्दर्भिक प्रशिक्षणसम्बन्धी मूल्याङ्कन,
- बहालवाला वा पूर्वनिर्वाचित प्रतिनिधिको हकमा :
  - उक्त निकायको सदस्यको रूपमा निजले गरेको दिगो योगदानबारे सम्बन्धित निकायको नेतृत्वले (सामान्यतया: पार्टीको शीर्ष नेतृत्व र उक्त निकायको सचेतक)गरेको लिखित मूल्याङ्कन,
  - छनौट भन्दा ठीक अघि पदमा रहेको हरेक वर्ष, संघीय परिषद्ले विकास गरेको कुनै पनि रूपरेखा अनुसारको कार्यसम्पादन मूल्याङ्कन ।

प्रत्येक व्यक्तिले पार्टीले गरेको मूल्याङ्कनको एकप्रति पाउनेछन् र सन्तुष्ट भएमा त्यसमा हस्ताक्षर गर्नेछन् । आफ्नो मूल्याङ्कनसम्बन्धी गुनासो भएका व्यक्तिले छनौट समितिका अध्यक्षसामु आफ्नो गुनासो लेखेर व्यक्त गर्न सक्नेछन् । मूल्याङ्कन गोप्य हुनेछ र छनौट समितिका सदस्यलाई मात्र उपलब्ध गराइनेछ ।

जाने र आपतकालीन कोष स्थापना गर्ने सम्भावनाको खोजी गर्ने वाचा गरेका थिए ।

कतिपय अवस्थामा निर्वाचनका प्रतिस्पर्धीले आफ्नो निजी स्रोत र आफूले उठाएको चन्दा मिसाएर प्रचार-प्रसार अभियानमा खर्च गरून् भन्ने अपेक्षा गरिन्छ । टिकट पाउने खर्च (व्यक्तिले नै धेरै हिस्सा खर्च गर्नुपर्ने गरी प्रचार-प्रसार खर्च) धेरै छ भन्ने बुझाइ पनि छ । त्यस्ता स्थान सबै तरिकाले योग्य तर आवश्यक स्रोत नभएका व्यक्ति उमेद्वार बन्नबाट बञ्चित हुन सक्ने खतरा छ । कतिपय अवस्थामा, राजनीतिक दलबाट स्वतन्त्र संस्था र राजनीतिक दलका भातृ संगठनले परम्परागत रूपमा सिमान्तकृत समूहमा परेका उमेद्वारलाई मनोनयनको प्रक्रिया र प्रचार-प्रसारको समयमा खर्चको प्रबन्ध गर्दै आइहेको छ । उदाहरणको लागि इमिलीज् लिष्ट भनिने सूचीले संयुक्त राज्यमा डेमोक्रेटिक महिलालाई र बेलायतमा जातीय अल्पसंख्यक लिबरल डेमोक्रेटलाई सहयोग पनि हुँदै आएको छ । यसले जातीय

अल्पसंख्यक समुदायका उमेद्वारलाई आर्थिक संकलनजस्ता सवालमा पनि सहयोग गरिनुपर्छ ।

सामाजिक, आर्थिक र शैक्षिक पृष्ठभूमि : निश्चित शैक्षिक योग्यताको प्रावधान राख्नु विवादास्पद हुनसक्छ र यस्तो प्रावधानले राजनीतिक प्रक्रियामा महत्वपूर्ण योगदान गर्न सक्ने जनसंख्याको ठूलो हिस्सामाथि विभेद गर्न सक्छ । तर, अर्कोतिर पूर्णरूपमा र प्रभावकारी तरिकाले जनप्रतिनिधिको भूमिका निर्वाह गर्न केही आधारभूत शिक्षा सम्भवतः आवश्यक हुन्छ । पार्टीको औपचारिक कार्यविधिमा शैक्षिक योग्यताको उल्लेख नभए पनि सम्भावित उमेद्वारको सामाजिक, आर्थिक र शैक्षिक पृष्ठभूमि दलको लागि महत्वपूर्ण हुनसक्छ । माथि उल्लेख गरिएझैं राष्ट्रिय समानुपातिक प्रतिनिधित्व प्रणालीको लागि उमेद्वारको सूची निर्धारण गर्दा अफ्रिकन नेशनल कंग्रेसको कार्यविधिमा के भनिएको थियो भने प्रभावकारी सरकारको लागि आवश्यक पर्ने प्राविधिक विषयविज्ञता पनि एक शर्त हो । मतदाताको ठूलो हिस्सा कुनै खास आर्थिक र सामाजिक वर्गमा पर्ने निर्वाचन क्षेत्रमा राजनीतिक दलले मतदाताका कुरा बुझ्ने भएका कारण सोहीअनुरूपको उमेद्वारलाई उठाउँदा विशेष प्रतिस्पर्धा हुने र त्यस्तै उमेद्वार उपयुक्त हुने विचार राख्छन् । साना भौगोलिक क्षेत्र भएका निर्वाचन क्षेत्रमा यो अभ्यास बढी प्रभावकारी हुनसक्छ । उदाहरणको लागि किसान र मजदुरको ठूलो अनुपात भएको कुनै निर्वाचन क्षेत्रमा "सुकिला मुकिला" वा "पुस्तैनी धनी" व्यक्तिलाई उमेद्वार बनाउनु त्यति उपयुक्त हुँदैन । त्यसैगरी कृषिप्रधान वा ग्रामीण समुदायमा मतदाताले "शहरमा बस्ने"लाई शंकाको दृष्टिकोबाट हेर्न सक्छन् । कतिपय अध्ययनले राजनीतिक दलले सामान्यतः सायद अवचेतन तरिकाले साधारण जनसंख्याको भन्दा धेरै आम्दानी, शैक्षिक अवस्था र पेशागत स्थिति उच्च रहेका उमेद्वार छान्ने गरेको देखाएको छ । यसको कारण विभिन्न हुन सक्छन् । उदाहरणको लागि शैक्षिक योग्यता बढी भएका उमेद्वारमा मनोनयनमा पर्न र निर्वाचनमा विजयी हुन आवश्यक र उपयोगी सिपहरू (जस्तै भाषण कला, लेखन, अर्थतन्त्र, विदेश नीति आदीसम्बन्धी बुझाइ) धेरै आवश्यक हुनसक्छ । यसका साथै पेशागत व्यवसायमा रहेका व्यक्तिहरू मनोनयनमा पर्न र चुनाव लड्नको लागि शारीरिक मजदुरभन्दा समयको बढी लचकता र आम्दानी हुनसक्छ (राने १९८१) ।

बहालवाला जनप्रतिनिधि : बहालवाला जनप्रतिनिधिको भविष्यको बारेमा निर्णय गर्नु प्रायजसो चुनौतीपूर्ण नै हुन्छ । जनप्रतिनिधिको हैसियतमा सेवा गरिसकेका मात्र नभई आफूले निर्वाचन जित्न सक्ने प्रमाणित समेत गरिसकेका व्यक्तिलाई प्रतिस्थापन गर्न पार्टी नेतृत्व अनिच्छुक हुनसक्छ । त्यतिमात्र होइन, बहालवाला जनप्रतिनिधिको नाम चिनिएको र कर्मचारीसहितको पार्टीको शाखा वा निर्वाचन क्षेत्रमा सांसदको कार्यलय भएको र यसका अतिरिक्त स्रोतसाधन हुने भएकाले उनीहरूलाई स्वभावैले बढी लाभ हुन्छ । तर, स्वतः पुनःप्रतिस्पर्धा गर्न पाउने व्यवस्थाले आफ्नो र नजिककालाई मनोमानी नियुक्त गर्ने चलनलाई प्रोत्साहन गर्न सक्छ । यसले पार्टीमा नयाँ जोश भित्र्याउने मौकालाई सिमित गरिदिन्छ । यसले गर्दा उमेद्वारको सदस्यप्रति जवाफदेहिता घट्न जान्छ । कतिपय अवस्थामा निर्वाचित जनप्रतिनिधिले पदमा रहँदा राम्रो काम गर्न नसकेको हुनसक्छ वा पार्टीको विरूद्ध लागेको हुनसक्छ । पहिले नै थोरै उल्लेख गरिएअनुसार अफ्रिकन नेशनल कंग्रेसको राष्ट्रिय सूची बनाउनु पछाडिको एउटा उद्देश्य भनेको ठूलो संख्यामा बहालवाला जनप्रतिनिधिलाई नै पुनः ल्याएर अनुभवको निरन्तरता सुनिश्चित गर्नु हो । पार्टीले यस प्रयोजनको लागि औपचारिक रूपमा कुनै कोटा नतोकेको भए पनि यस्तो सूची निर्धारण समितिले राष्ट्रिय र प्रादेशिक विधायिकालाई "सुरक्षित" स्थानमा राखेर कम्तीमा एक तिहाइलाई पुनः ल्याउने उद्देश्य लिएको हुन्छ (इन्टर्नेशनल आइडिइए तथा इआइएसए २००६) ।

यसको एउटा बिकल्प भनेको पार्टी पदाधिकारीहरूको एक कार्यादलबाट बहालवाला जनप्रतिनिधिको औपचारिक मूल्याङ्कन गराउने हो । सन् २००० मा स्थानीय काउन्सिलरले गरेको एक मूल्याङ्कनको आधारमा दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेस दलले पार्टीको तर्फबाट जनप्रतिनिधि निर्वाचित भएका व्यक्तिको नियमित कार्यसम्पादन मूल्याङ्कन गर्ने निर्णय गऱ्यो । सो निर्णयअनसार सन् २००४ को आमनिर्वाचन राष्ट्रिय र प्रादेशिक विधायकको समीक्षा भयो । समीक्षाको नतिजा पार्टीका राष्ट्रिय पदाधिकारी र राष्ट्रिय सूची निर्धारण समितिसमक्ष पेश गरिएको थियो र यस नतिजाले आम निर्वाचनको लागि सूची निर्धारण गर्ने विषयमा भूमिका खेल्यो । सन् १९७७ देखि १९८४ सम्म त्यहाँका बहालवाला जनप्रतिनिधिको निम्ति इजरायलको इजरायेली लेबर पार्टीले दुई चरणको प्रक्रिया प्रयोग गरेको थियो । दुई वा दुईभन्दा बढी कार्यकाल निर्वाचित भइसकेका बहालवाला

विधायकले पुनः उमेद्वार बन्नको लागि पार्टीको केन्द्रिय समितिको ६० प्रतिशतभन्दा धेरै मत प्राप्त गर्नुपर्ने प्रावधान थियो । त्यसपछि मात्रै तिनीहरूले पार्टी मनोनयन समिति समक्ष आफ्नो उम्मेद्वारी पेश गर्न पाउँथे । अन्य उमेद्वारका आकांक्षी (बहालवाला नरहेका वा एक कार्यकाल मात्र सेवा गरेका)लाई यस किसिमको पूर्व छनौटको चरण पार गर्नुपर्ने आवश्यकता थिएन (बार्निया तथा राहत २००७) ।

बेलायतको लेबर पार्टीमा शीर्ष नेतृत्वले सबै बहालवाला संसद सदस्यलाई फेरि उठ्न चाहने कि नचाहने सोधी पत्र पठाउँछ र पुनःछनौट प्रक्रियाको बारेमा जानकारी गराउँछ । खासगरी पुनःछनौट प्रक्रियाको लागि संसद सदस्यले आफ्नो निर्वाचन क्षेत्रबाट पार्टीका अधिकांश एकाइको र आबद्ध संस्थाको समर्थन सुरक्षित गर्नुपर्छ । यस विषयमा कुनै संसद सदस्य असफल भएमा सो क्षेत्रको उमेद्वारी खुला भएको घोषणा गरिनेछ । यद्यपि, बहालवाला संसद सदस्यलाई अझैं पनि आउने अन्य व्यक्तिसँग प्रतिस्पर्धा गर्ने अधिकार रहनेछ । त्यस्तो प्रक्रियाले प्रतिस्पर्धालाई रोक्छ भन्ने चिन्ता भएका पार्टीले बहालवालाले पनि नयाँ प्रतिस्पर्धीले जस्तै प्रक्रिया अपनाउनुपर्ने तर उचित वा सान्दर्भिक भएमा स्वतः पूर्वअनुमोदित हुने व्यवस्था गर्न सक्छन् ।

टिकट वितरणमा सन्तुलन

उमेद्वार छनौटमा प्रक्रिया जस्तोसकै प्रक्रिया प्रयोग गरे पनि पार्टीहरूले आफ्नो उमेद्वारको सूचीमा लैङ्गिक, भौगोलिक, अपाङ्गता भएका व्यक्ति, युवा, समुदाय, जातजाति र अन्य सिमान्तकृत समूहको राम्रो प्रतिनिधित्व भएको सुनिश्चित गर्न विशेष व्यवस्था चाहिन्छ भन्ने निर्णय गर्न सक्छन् । पार्टीको इतिहासको आधारमा ध्यान दिनुपर्ने 'गुटगत' र समूहगत विषय पनि हुन सक्छन् । उदाहरणको लागि बेलायतको लेबर पार्टी र दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेसमा श्रमिक संगठनको प्रतिनिधित्व यस्तो प्रकृतिको छ । 'टिकट वितरणमा सन्तुलन' कायम गर्ने काम खासगरि सैद्धान्तिक कारणले गरिन्छ वा पार्टीको सार्वजनिक छबि विकास गर्न र यी विशेष समूहबाट मत आकर्षित गर्नको लागि मात्रै प्रयोग गरिन्छ भन्ने कुरा महत्वपूर्ण छ । यी प्रयासलाई सर्सर्ती हेर्दा करिब तीन प्रकारका प्रयासका रूपमा वर्गीकृत गर्न सकिन्छ : एक, कुनै ठोस कदम नचालिकन सन्तुलनको आवश्कता छ भनी कुरा मात्रै गर्ने र अनौपचारिक रणनीति (जस्तै भाषणमा वा पार्टी दस्तावेज आदि)मा मात्रै उल्लेख गर्ने । दुई, अनिवार्य आरक्षण कोटाको व्यवस्था गर्ने र तीन, र लक्षित समूहलाई प्रशिक्षण दिने वा आर्थिक सहयोग संकलनजस्ता विषयमा मूल्याङ्कन गरी अंक दिएर उमेद्वार छनौट गर्ने विधि अवलम्बन गर्न सकिन्छ ।

अनौपचारिक रणनीति

दलहरूले सामान्य रूपमा पार्टीको संरचना तथा पदमा विभिन्न स्वार्थको सन्तुलित प्रतिनिधित्व आवश्यक पर्ने गरी कार्यविधि तयार पार्न सक्छन् । अफ्रिकन नेशनल कंग्रेसमा प्रादेशिक समितिको सुझाब र समग्र सूचीको लागि अतिरिक्त कार्यविधिले सन्तुलित टिकट विचरण गर्न सहयोग पुऱ्याएको छ । महिलालाई दिने आरक्षणको व्यवस्था बाहेक अन्य कुनै पनि स्वार्थ समूहलाई निश्चित प्रतिशत आरक्षण कोटा सुनिश्चित गरिएको छैन । यसको बिकल्पमा पार्टीको नेतृत्वको विवेकलाई खुल्ला छोडिएको छ । तर, सन्तुलित टिकटप्रति पार्टी प्रतिबद्ध छ भनेर निश्चित स्वार्थ समूह वा समग्र जनतालाई बुझाएर मात्रै हुँदैन, यसले परिणममै परिवर्तन ल्याउने सम्भावना पनि कम हुन्छ ।

कोटा तथा अन्य प्रकारका सकारात्कम कदम

सकारात्मक विभेद पक्षधरहरूले यो प्रणालीगत विभेदको सम्बोधन गर्न आवश्यक छ भन्ने तर्क गर्छन् र यसले राजनीतिक नेतृत्वको पदको न्यायोचित हिस्सा पाउनबाट सिमान्तकृत समूहलाई रोक्ने अवरोधको उपचार खोज्छन् । यसले सिमान्तकृत समूहलाई निर्वाचित पदमा पुग्न थप समतामुलक अवसर प्रदान गर्दछ । तर, आलोचकहरू सकारात्मक विभेदले समान अवसरको सिद्धान्तलाई उल्लंघन गर्ने भएकाले यसलाई अलोकतान्त्रिक भनी विरोध गर्छन । त्यसैले कोटाले एक समूहलाई अर्को समूहभन्दा अनुचित लाभ प्रदान गर्ने बुझाइबारे भने द्वन्द्व कायमै छ । उदाहरणको लागि युवाले लैङ्गिक आरक्षणमा उमेद्वारी दिँदा न्योचित तरिकाले प्रतिस्पर्धा गर्न उनीहरूलाई झन् गाह्रो हुने तर्क पनि गर्न सक्छन् । यस सवालमा उमेद्वार छनौट प्रक्रियासम्बन्धी भएको विवादले बेलायतमा लेबर पार्टीको लैङ्गिक कोटाविरूद्ध कानुनी चुनौती निम्तिएको थियो । हुन त यो मुद्दामा माग खारेज भयो, तर पनि मुद्दा दायर हुनु मात्रैले पनि कोटा प्रणालीले ल्याउन सक्ने विवादको संकेत गर्दछ ।

बक्स ८ : सन्तुलित टिकट वितरणका केही उपाय

सबै महिला मात्रै समावेश हुने संक्षिप्त सूची र बहुल निर्वाचन क्षेत्रको व्यवस्था : एक सदस्य रहने बहुमती प्रणाली वा पहिलो हुनेले जित्ने व्यवस्थाको आधारमा संसदीय चुनाव हुने मुलुक बेलायतमा लेबर पार्टीले दुई किसिमका आरक्षण कोटा तोकेको छ । इंग्ल्याडको निश्चित निर्वाचन क्षेत्रमा सबै महिला मात्रै भएको संक्षिप्त सूचीबाट पार्टीका सदस्यले उमेद्वार छान्नुपर्ने व्यवस्था थियो । स्कटल्याण्डको नयाँ संसद, वेल्शसभा र बेलायतमा लण्डनसभाको पहि(लो निर्वाचनको लागि समान विशेषता भएका निर्वाचन क्षेत्रलाई जोडी बनाएर सदस्यलाई एक पुरुष र एक महिला उमेद्वार छान्न लगाइन्थ्यो । यसले ती निर्वाचनमा उठ्ने उमेद्वारमध्ये आधा उमेद्वार महिला हुने सुनिश्चित गऱ्यो । यस व्यवस्थाअन्तर्गत दुई निर्वाचन क्षेत्रका प्रदेश तहका पार्टी छनौटकर्ता उमेद्वार छान्न एकै ठाउँमा आउँथे । प्रत्येक सहभागीलाई एक पुरुषको लागि र एक महिलाको लागि गरी दुई मताधिकार हुन्थ्यो (नोरिस २००४) । ती क्षेत्रबाट पार्टीका बहालवाला प्रतिनिधि नभएको कारणले यो सम्भव भएको थियो । इंग्ल्याण्डमा प्रयोग गरिएको कोटा प्रणाली खाली सिटमध्ये आधामा लागू गरिएको थियो । पार्टीले महिला, अश्वेत र जातीय अल्पसंख्यकलाई उमेद्वारको संक्षिप्त सूचीमा समावेश गर्न प्रक्रियागत कोटाको पनि प्रयोग गर्दछ ।

कोटा बढाउँदै जाने व्यवस्था: जर्मनीको सोसल डेमोक्र्याटहरूले समयक्रमसँगै योग्य महिला उमेद्वारको समूह बिस्तार गर्दै जाने उद्देश्य अनुसार क्रमशः बढ्दै जाने गरी लैङ्गिक कोटाको आरम्भ गरेका थिए । पार्टीले पहिलो दुईवर्षसम्म २५ प्रतिशत त्यसपछि चार वर्षसम्म ३३.३ प्रतिशत र छैटौँ वर्षसम्ममा ४० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको थियो (डेभिडशन-स्क्मिक २००६) । यसरी उमेद्वार बढाउँदै लैजाने व्यवस्थासँगै पार्टीका पदाधिकारी र सदस्यले कोटाको अवधारणामा अभ्यस्त हुँदै जाँदा अतिरिक्त फाइदा पनि पाउँदै गएका छन् ।

समानुपातिक प्रतिनिधित्व प्रणालीमा जनवर्गीय र भौगोलिक क्षेत्र अर्को विधि भनेको पार्टी सूचीमा स्थान पाउने ग्यारेन्टी हुने गरि निश्चित भौगोलिक क्षेत्र वा सामाजिक समूहले प्रतिनिधिको चयन गर्ने हो । उदाहरणको लागि, इजरायलमा लेबर र लिकुड पार्टीहरूले कतिपय भौगोलिक क्षेत्र(जेरुसेलम, तेल अभिभ, हाइफा)को लागि आफ्नो राष्ट्रिय समानुपातिक प्रतिनिधित्व सूचीहरूमा केही स्थान छुट्याएका छन् । लक्ष्यित भौगोलिक क्षेत्रका बासिन्दा रहेका पार्टी उमेद्वार र सदस्यमात्र ती निश्चित स्थानको लागि छनौट प्रक्रियामा उठ्न र मतदान गर्न पाउँछन् । अन्य स्थान महि(ला, युवा, अरबी र सहकारी वा सामूहिक बस्तीका बासिन्दालाई छुट्याइएको छ । यसमा, सुरक्षा प्रावधान वा ग्यारेन्टीको रूपमा मात्र आरक्षित स्थान प्रयोग भएको थियो । उदाहरणको लागि, प्राइमरीमा कुनै पनि महिलाले सूचीको 'सुरक्षित' स्थानमा रहन सक्ने गरि उच्च स्थानमा विजेता नभएमा सबैभन्दा उच्च स्थानमा रहेकी महिला उमेद्वारलाई त्यस स्थानमा 'बढुवा' गरिन्छ (राहत तथा हजान २००१) ।

"जीपरिङ" वा "जिपरिङको सिद्धान्त": यसले उमेद्वार सूचीमा महिला र पुरुष उमेद्वारहरू एक पछि अर्को गर्दै राख्नुपर्ने व्यवस्था गरेको छ । उदाहरणको लागि, समानुपातिक प्रतिनिधित्व सूचीको हकमा, ३० प्रतिशत महिला प्रतिनिधिको कोटासँग 'जिपरींग'को सम्मिरश्रण गर्दा, सूचीमा प्रत्येक तेस्रो स्थानमा महिला उमेद्वार राख्नुपर्छ । यसले महिलाहरू 'सुरक्षित' स्थानमा रहेको सुनिश्चित गर्दछ । कतिपय अवस्थामा, यो व्यवस्था सबै सूची वा स्थानमा लागू हुन्छ । उदाहरणको लागि, सन् १९९५मा बेल्जियमको फ्लेमिश् ग्रीन्सले समान लैङ्गिकताका उमेद्वारलाई धेरै सूचीह(रूको नेतृत्व गर्नबाट रोक्ने गरि पार्टी नियम लागू गऱ्यो ।

सकारात्मक विभेदका विरोधीहरू यसले लक्षित समूहलाई समान हैसियतमा प्रतिस्पर्धा गर्न असक्षम बनाउने तर्क गर्दै वास्तवमा नकारात्मक सोचलाई बढाउन दिन चाहन्छन् भन्ने तर्क गर्छन् । महिलाका लागि मात्रै संक्षिप्त सूची माग गर्ने प्रस्ताव इन्कार गरिएको थियो । सन् २००१ को लिबरल डेमोक्रयाटको सम्मेलनमा एक महिला प्रतिनिधिले भन्नुभयो, "यो प्रस्तावको प्रस्तावकले मलाई यस प्रस्ताव पारित नगरिकन सांसद बन्ने मेरो सपना पूरा गर्न दिँदैन भनिरहेका छन् । उनीहरू मेरो अवमूल्यन गरिरहेका छन्" (स्क्वायर २००५) । कोटाले एक किसिमको अदृश्य पर्खाल पनि बनाइरहेको हुनसक्छ । उदाहरणको लागि महिलाको प्रतिनिधित्वको लागि न्यूनतम मापदण्ड व्यवहारमा राजनीतिक दलले निर्धारण गरेको लक्ष्य हो (त्यसैले घुमाउरो तरिकाले यो अधिकतम बन्न जान्छ) । त्यसैगरी अत्यन्त विकेन्द्रित र सहभागितामुलक छनौट प्रक्रियाले सुधारात्मक उपाय नहुने हो भने बिरलै मात्र सन्तुलित टिकट वितण हुन दिन्छन् ।

कोटा तथा अन्य प्रकारका सकारात्मक विभेद विभिन्न तह र अनुपातमा निर्धारण गर्न सकिन्छ (जस्तै ३० वा ४० प्रतिशत) र उमेद्वार छनौटको विभिन्न चरणमा लागू गर्न सकिन्छ । कुनै कुनै चाहिँ छानिएका उमेद्वारमा निश्चित संख्या हासिल गर्ने प्रयास गर्छन् भने कुनै चाहिँ केबल प्रक्रियात्मक मात्रै हुन्छन् । उदाहरणको लागि निश्चित संख्या हासिल गर्न चाहने सकारात्मक विभेदको हकमा पार्टीले उमेद्वारको निश्चित प्रतिशत महिला हुनुपर्ने व्यवस्था गर्दछ भने प्रक्रियागत कोटामा निश्चित प्रतिशतमा महिलालाई संक्षिप्त सूचीमा राख्नुपर्ने व्यवस्था गर्दछ । बेलायतको लिबरल डेमोक्र्याटले आफ्नो उमेद्वार छोटो सूचीको ३० प्रतिशतमा महिला हुनुपर्ने व्यवस्था गरेको छ ।

कुनै निर्वाचन प्रणालीमा पार्टीले कोटा प्रयोग गरेको मन पराउँछन् भने कुनैले खासै मन पराउँदैनन (लार्सेरुड तथा ट्यापहर्न २००७) । निर्वाचन क्षेत्रको आकार ठूलो भएका ठाउँमा पार्टी पदाधिकारी सदस्यलाई आफ्नो संगठनभित्रका विभिन्न समुदाय र स्वार्थ समूहलाई सम्भावित कार्यादेश वितरण गर्न बढी सहज हुन्छन् । यस्तो अवस्थामा एक विधि अन्तर्गत महिला वा कुनै निश्चित जातीय समूह र कुनै लक्षित समूहका प्रतिनिधिलाई र अन्य अवस्थामा कुनै स्थानको लागि एक अर्कासँग प्रतिस्पर्धा गराइन्छ । यस्तो स्थान सुरक्षित गर्न आवश्यक सहयोग प्राप्त नभएको अवस्थामा भने लक्षित समूहबाट सबैभन्दा धेरै समर्थन प्राप्त गर्न सफल व्यक्तिलाई "सुरक्षित" स्थानमा "बढुवा" गरिन्छ । यसले समान हैसियतमा प्रतिस्पर्धा गर्नको लागि आवश्यक दक्षता विकास गर्न लक्षित समूहलाई प्रोत्साहित गर्नुका साथै मतको आधारमा सफल हुन नसक्ने अवस्थामा पनि सुरक्षा प्रदान गर्दछ ।

तर, पहिलो हुनेले जित्ने प्रत्यक्ष निर्वाचन प्रणाली, जुन प्रणालीबाट नतिजा नै हासिल गर्नुपर्ने हुन्छ । तर कोटा प्रणालीमा शाखा समितिले सम्भवतः रुचाएको व्यक्तिलाई पनि छाडेर समग्र पार्टीको हितका लागि कुनै निश्चित सामाजिक समूहबाटै छान्नुपर्दा चित्त नबुझ्न सक्छ । तर, बक्स ८ मा उल्लेख भएजस्तै बेलायतको लेबर पार्टीले नतिजामै प्रतिनिधित्व सुनिश्चित गर्ने कोटा प्रणाली सफलतापूर्वक लागू गरेको छ ।

समानुपातिक प्रतिनिधित्व प्रणालीमा लागू भएको होस् वा बहुमतीय प्रणालीमा, कोटा र आरक्षित स्थानले नतिजाको विषयलाई सम्बोधन गरेमा त्यो सबैभन्दा बढी प्रभावकारी हुन्छ । महिला वा अन्य सिमान्तकृत समूहको प्रतिनिधित्वको लागि कागजमा लोभलाग्दो लक्ष्य निर्धारण गर्ने तर व्यवहारमा उनीहरूलाई प्रायः उमेद्वार सूचीको अन्तिममा राख्ने वा नजित्ने निर्वाचन क्षेत्रमा मात्रै उठाउने गर्दा प्रणाली नै हाँस्यास्पद बन्छ । लेबर पार्टीको प्रत्येक स्थानमा निर्वाचन जित्ने नजित्ने कुराको मूल्याङ्कनले निर्वाचन क्षेत्र लक्षित जोर बिजोर प्रणालीको पुष्टी गरेको हो । त्यसैगरी समानुपातिक निर्वाचन प्रणालीमा केही दलले कोटालाई "जीपरीङ्ग" वा सूचीमा रणनीतिक स्थान दिने तर अप सुनिश्चित कोटामा मिसाएर दिनसक्छन् (जीपरिंगबारे थप जानकारीको लागि बक्स ८ हेर्नुहोला) ।

पार्टीले जुन बिकल्प छाने पनि, उमेद्वार छनौटको लागि पार्टीको कोटा र अन्य प्रकारका सकारात्मक विभेद सिमान्तकृत समूहलाई पार्टीको आन्तरिक नेतृत्वको पदमा पुग्न सघाउ पुऱ्याउने अन्य अवसरसँग समायोजन गरियो भने सफल हुने सम्भावना बढी हुन्छ । यी अनुभवले राजनीतिक दललाई योग्य उमेद्वारको समूह बिस्तार गर्न सघाउ पुऱ्याउँछ । समयको सीमा निर्धारण गर्नु कोटामा सिमान्तकृत समूहको सहभागितालाई बढावा दिन सुधारात्मक उपाय मात्रै हो । उदाहरणको लागि डेनमार्कमा पहिले प्रयोग गरिएको लैङ्गिक कोटा अहिले प्रयोग गरिएको छैन ।

विशिष्टिकृत सहयोग प्रणाली

कतिपय सिमान्तकृत समूहलाई विशेष ध्यान दिनुपर्छ भन्ने बुझेका तर निश्चित संख्यामा उमेद्वारी छुट्याउन हिच्किचाउने पार्टीले सिमान्तकृत समूहमा विशेष ध्यान दिन कार्यदल बनाउन सक्छन् । त्यस्ता विशिष्टिकृत एकाइ पक्कै पनि अन्य प्रकारका सकारात्मक विभेदसँग मिसाएर पनि प्रयोग गर्न सकिन्छ । पार्टीको प्रतिबद्धताको स्तरअनुसार यस्ता एकाइको कार्यक्षेत्र फरक-फरक हुनसक्छ । कतिपय अवस्थामा तिनले नैतिक समर्थन प्रदान गर्ने र सञ्जाल बिस्तारका अवसर पाउन सक्छन् भने कुनै स्थानमा जनसम्पर्क कार्यक्रम सञ्चालन गर्ने र पार्टी संरचना, प्रक्रिया र नीतिमा सुधारको लागि अनुमन गर्ने वा वकालत गर्ने काम मात्रै गर्छन् । अन्य अवस्थामा तिनीहरूले विशिष्टिकृत प्रशिक्षण वा आर्थिक सहायता वा दुवै प्रदान गर्छन् ।

धेरैजसो राजनीतिक दलमा महिला र युवाजस्ता समूहलाई समेट्ने जनवर्गीय संगठन हुन्छन् । सामान्यतः यी समूहको कार्यादेश उमेद्वार छनौटको समयमा आफ्नो लक्षित समूहलाई सहयोग गर्ने काममा समावेश गर्न हो । सन् २००५ मा बेलायतको कन्जर्भेटिभ पार्टीले तोरी महिला सांसदको संख्या बढाउने उद्देश्यले तय गरिएको *विमेनटुवीन* भन्ने अभियान सञ्चालन गऱ्यो । बेलायतको लिबरल डेमोक्र्याटस् भित्रको एक विशेष एकाइ एथ्निक माइनरिटी लिबरल डेमोक्र्याट्स (इएमएलडी) भनिने जातीय अल्पसंख्यक उदार लोकतन्त्रवादीको वेबसाइट (www.ethnic-minority.libdems.org)का अनुसार एथ्निक माइनरिटी लिबरल डेमोक्र्याट्सको उद्देश्य भनेको "एथ्निक माइनरिटी लिबरल डेमाक्र्याट्स सदस्यलाई पार्टीको सबै तहको लोकतान्त्रिक प्रक्रियामा पूर्ण भूमिका खेल्न प्रोत्साहित गर्ने, मार्गदर्शन गर्ने, सहयोग गर्ने र सार्वजनिक निकाय र जननिर्वाचित पदमा जातीय अल्पसंख्यक समूहको समतापूर्ण प्रतिनिधित्वको लागि काम गर्ने" हो । एथ्निक माइनरिटी लिबरल डेमोक्र्याट्सले कुनै खास निर्वाचन क्षेत्रमा उमेद्वारी दिन चाहने जातीय अल्पसंख्यकले पार्टी सदस्यलाई मध्यकालीनदेखि दिर्घकालीनरूपमा सहयोग प्रदान गर्दछ र उमेद्वारलाई प्रशिक्षण र आर्थिक स्रोत संकलनको लागि पनि सहयोग गर्दछ । यी सबै क्रियाकलाप पार्टीको सम्बन्धित शाखा समितिले अनुमोदन गरेपछि उनीसँगको साझेदारीमा गरिन्छ ।

पार्टीको एकता जोगाउने संयन्त्र र रणनीति

उमेद्वार चयनमा राजनीतिक पार्टीभित्र प्रतिस्पर्धा र एकताको अपरिहार्य सम्झौता हुन्छ । विभिन्न पक्षलाई सन्तुलत गर्न तय गरिएको र संस्थागत सुरक्षा प्रावधान समेटेको प्रष्ट र पारदर्शी छनौट प्रक्रियाले प्रतिस्पर्धात्मक निर्वाचन प्रक्रियालाई सहयोग गर्छ। यसको नतिजालाई सबैले सम्मान गर्छन् । तर, प्रक्रिया सधैँ सहज नै हुन्छ भन्ने हुँदैन । पार्टीको आन्तरिक उमेद्वार चयन अभियानको संघर्षमा पार्टीका नियम तोडिएमा र यस्तो प्रक्रियामा चालिएका कदम र प्रक्रियाको नतिजामा असहमति भएमा सोही कारण पार्टी फुट्ने, समर्थक गुमाउने, पार्टीको सार्वजनिक छबिमा हानी पुग्ने, पार्टीको उर्जा महत्वपूर्ण कामबाट अन्यत्र मोडिने र निर्वाचनमा पार्टीले पराजय भोग्ने सम्भावना हुनसक्छ । असन्तुष्ट उमेद्वारका आकांक्षीले गुनासो गर्ने अवसर पाउनुपर्छ तर, पार्टीलाई नै खतरा पुऱ्याउने वा अवमूल्यन गर्ने किसिमका क्रियाकलाप गर्नु हुँदैन । यस्ता सदस्यलाई नेतृत्वले कारबाही गर्न पाउने बिकल्प खुला राख्नुपर्छ। त्यसैले सामान्यतया पार्टीलाई जोगाउन र व्यक्तिगत आकांक्षीको सम्भावित आवश्यकता र चासोलाई पनि सम्बोधन गर्ने उपायको मध्यमार्गी बाटो अपनाउनुपर्छ। कतिपय अवस्थामा राजनीतिक दलले मनोनयनको प्रतिस्पर्धामा रहेकालाई नै अनुशासनको कारबाही गर्नुपर्ने अवस्था आउनसक्छ । खासगरी पार्टीबाट टिकट पाउन असफल भएको कारणले स्वतन्त्ररूपमा बागी उमेद्वारी दिने वा अर्को पार्टीबाट टिकट लिने प्रयास गर्नेजस्तो गम्भीर कदम चाल्ने व्यक्तिलाई पार्टीबाट निलम्बन गर्नु सामान्य कुरा हो ।

पुरानो भनाइ छ, "उपचार गर्नुभन्दा रोकथाम गर्नु नै राम्रो" । पार्टीभित्र खुलस्त सञ्चार गर्नाले भविष्यमा आउन सक्ने विवादलाई रोकथाम गर्न सजिलो हुन्छ । कतिपय समस्या अनौपचारिक तरिकाले समाधान गर्न सकिन्छ । कतिपय अवस्थामा पार्टीभित्र आउनसक्ने विवादको अभिलेख राख्ने, फाइलिङ्ग गर्ने, सुनुवाइ गर्ने र फैसला गर्नको लिइने अनुशासनको कारबाहीको लागि औपचारिक कार्यविधिको तयार गर्ने जस्ता काम गर्नपर्ने हुन्छ ।

छनौट प्रक्रियामा विश्वास आर्जन गर्ने

संस्थागत व्यवस्थासम्बन्धी खण्डमा छलफल गरिए जस्तै

उमेद्वार छनौट प्रक्रियामा ज्यादै कडा विधि अपनाइयो भने पार्टी तरल राजनीतिक वातावरणको जानसक्छ भने पार्टीले लचकतापूर्ण निर्णय गरेर देखिएका चुनौतीलाई सहजरूपमा बिसर्जन गर्न सक्छ। यद्यपि, पार्टीले प्रष्ट नियम निर्माण गर्ने र त्यसको पालना गराउन पारदर्शिता बढाउन, सहभागिता बढाउन र सम्भावित असन्तुष्टीको पूर्वआँकलन गर्न सदक्छ। यतिमात्र होइन पार्टीले छनौट प्रक्रियामा स्वार्थ बाझिने सम्भावनालाई कम गर्ने प्रावधान पनि समेट्न सक्छ।

पार्टीले कार्यविधि बनाउने र यसको प्रभावकारी कार्यान्वयन गर्नाले पार्टीको ारदर्शिता बढाउन सक्छ, सहभागिता बढाउन सक्छन् र विवाद घटाउन सक्छन्। तर, नियम तोडमोड गर्ने प्रयासले विवादको सम्भावना बढाउँछ। यसैगरी (अदालती बिकल्प खुला भएको स्थानमा) पार्टीलाई अदालती मुद्दाको जोखिममा पनि पुऱ्याउँछ। यसका साथै आमसञ्चारमा नकारात्मक समाचार टिप्पणीको जोखिममा पनि बढ्छ। पार्टीले नै नियम तोडेको अवस्थामा उमेद्वार निर्वाचित भए पनि आवश्यक नीति नियम पालना नगर्ने सम्भावना बढी हुन्छ। यसले मतदाता र कार्यकर्तामा जायज चिन्ता थप्छ छ।

उमेद्वार चयन प्रक्रियामा मतदानको प्रयोग गर्ने पार्टीले सम्भावित उमेद्वारलाई यस प्रक्रियाको अनुगमन गर्नको लागि प्रतिनिधि नियुक्त गर्न दिने सवालमा विचार गर्नुपर्छ। पारदर्शिता बढाउनको लागि कतिपय राजनीतिक दलले पर्यवेक्षकको रूपमा वा प्रक्रिया सञ्चालनमा सहयोग पुऱ्याउनको लागि स्वतन्त्र समूहलाई आमन्त्रण गरेका छन्। उदाहरणको लागि केन्यामा प्रतिष्ठित नागरिक समूह र निर्वाचन आयोगले पर्यवेक्षकको रूपमा वा "छनौट प्रशासक"को रूपमा काम गरेर पार्टीको आन्तरिक प्रतिस्पर्धामा मतदान गराउँछ र मतगणना प्रक्रियाको विश्वसनियता कायम गर्न योगदान दिन्छ। दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेस पार्टीमा प्रादेशिक शाखा समितिले सूची निर्धारण गरेपछि हुने सम्मेलनमा मतदान र मतगणना गर्ने कामका लागि स्वतन्त्र एजेन्सीको नियुक्त गर्नुपर्ने प्रावधान छ।

उमेद्वारको प्रतिबद्धतापत्र तथा आचारसंहिता

उमेद्वारबाट के अपेक्षा गरिएको छ भन्ने कुराबारे प्रत्येक नागरिकलाई जानकारी भयो भने उमेद्वारको लागि प्रतिबद्धता र आचारसंहिताको आवश्यक नपर्न सक्छ। उमेद्वारको प्रतिज्ञा र आचारसंहिता व्यवहारिक मान्यता स्थापित गर्न सहयोगी हुने भएका कारण आवश्यक परेको हो। कतिपय अवस्थामा पार्टीले उमेद्वारलाई लिखित सम्झौता वा आचारसंहितामा हस्ताक्षर नगराउने तर ती विषयलाई पार्टीको नियमावलीमा समावेश गरी उमेद्वारलाई सो नियमावलीप्रतिको प्रतिबद्धता गराउने व्यवस्था हुनसक्छ। यी प्रतिज्ञा तथा आचारसंहितामा उल्लेख गरिएका विषय र भाषा पार्टीअनुसार फरक हन सक्छ। तथापि सम्भावित उमेद्वारबाट प्रायजसो अपेक्षा गरिने प्रतिबद्धता बक्स ९ मा व्याख्या गरिएको छ। क्यानाडाको कन्जर्भेटिभ पार्टीले उमेद्वारलाई सदाचार धरौटीको रूपमा एकहजार क्यानेडियन डलर लिने र पार्टीले तोकेका नियम पालना गर्नमा प्रतिबद्ध उमद्वारलाई सो रकम फिर्ता चलन छ।

विवाद समाधान

पार्टीले कुनै पनि गुनासोको सुनुवाइ गरी फैसला गर्नको लागि पार्टीको अनुशासन समितिजस्ता पार्टी संरचना गठन गर्न सक्दछन्। निर्वाचनका लागि उमेद्वार छनौट प्रक्रियामा आउने विवाद समाधानका लागि छुट्टै निकाय पनि स्थापना गर्न सक्दछन्। त्यस्तो निकाय गठन गर्दा यसका सदस्यको चरित्र र सदस्य चयन गर्ने प्रक्रियाको उचित सम्बोधन गर्नुपर्ने हुन्छ। यस्ता संरचना जस्तै : विवाद समाधान समिति विश्वसनीय रहेको र यथार्थ निर्णय गर्ने अधिकार रहेको सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ।

अत्यन्त हल्का तरिकाले परिभाषित गरिएका विवाद समाधान प्रक्रियाले विवादको छिनोफाने गर्ने जिम्मा पाएका व्यक्तिलाई आफ्नो तजबिजी अधिकार प्रयोग गर्ने धेरै ठाउँ छोडिदिन सक्छ। अर्कोतिर, गुनासो राख्ने अत्यन्त जटिल प्रक्रियाले सदस्यलाई गुनासो राख्न अप्ठ्यारो बनाइदिन्छ। विवाद समाधान समितिले गरेको निर्णयविरूद्ध पुनरावेदन गर्ने सम्भावनाले प्रक्रिया लम्बिन पनि सक्छ। यद्यपि, यसले पार्टी भित्रैबाट सम्पूर्ण विवाद समाधान गर्न अधिकतम् प्रयास भएको सुनिश्चित गर्दछ। यतिमात्र होइन, धेरैजसो देशमा यस्ता विवाद अदालत पनि पुग्न सक्छन्, पार्टीको नियमावलीले न्यायोचित र उचित तरिकाले समाधान गर्न खोजेको खण्डमा यस्ता मुद्दा अदालत पुग्दैन। यदि, त्यस्ता मुद्दा समाधान नभएको अवस्थामा मात्रै पार्टीको आन्तरिक मामिला पुनरावलोनकका लागि अदालत पुग्ने गर्छन्।

बक्स ९ : आचारसंहिताका साझा प्रावधान

पार्टीको अनुशासन र एकतासँग सम्बन्धित प्रावधानमा सामान्यतया सम्भावित उमेद्वारले आन्तरिक प्रतिस्पर्धामा पराजित भएमा पार्टीको अन्तिम निर्णय मान्नुपर्ने र जित्ने उमेद्वारलाई सहयोग गर्नुपर्ने प्रावधान हुन्छ। यस्तो प्रावधानको स्पष्ट प्रयोजन भनेको पार्टी फुटाउन सक्ने वा यसको मत काट्न सक्ने वा पार्टीको सार्वजनिक छबिमा हानी पुऱ्याउन सक्ने कुरालाई कम गर्नु हो।

प्रतिबद्धता र आचारसंहिताले सम्भावित उमेद्वारलाई सार्वजनिक पदको लागि प्रतिस्पर्धा गर्न आवश्यक सबै कानुनी योग्यता पूरा गरेको स्वघोषणा गर्न लगाउँछन्। पार्टी प्रतिस्पर्धाका लागि सक्षम भएको अवस्थामा पनि सम्भावित उमेद्वार वास्तवमै कानुनीरूपमा योग्य छन् भनेर प्रमाणिकरण गर्न यस्तो स्वघोषणाको प्रावधान महत्वपूर्ण हुन्छ। यसले राजनीतिक दललाई न्यूनतम आवश्यक जाँच गर्न सघाउ पुऱ्याउँछ। साथै अयोग्य आकांक्षी उमेद्वारका लागि समय र पैसा खेर जानबाट जोगाउन पनि यस्तो न्यूनतम सुरक्षा प्रावधान प्रभावकारी हुन्छ। यति मात्रै होइन, पार्टीको सार्वजनिक छबिमा हुनसक्ने ह्रासलाई घटाउन पनि यो आवश्यक हुन्छ।

उमेद्वारका आकांक्षीले कानुनी शर्त पूरा गरेको सुनिश्चित गर्नु कतिपय दलले आफ्ना उमेद्वारको लागि अतिरिक्त नैतिक वा सदाचार मापदण्ड पनि निर्माण गरी लागू गरेका हुन्छन्। यसमा (उपलब्ध भएको अवस्थामा) अन्तरपार्टी आचारसंहिताको सम्मान गर्नेदेखि आफ्ना व्यवसायिक स्वार्थ र वित्तीय अवस्थाबारे स्वघोषणा गर्नुपर्ने व्यवस्था हुन सक्छ।

आचारसंहिताले देहायका विषयवस्तुको सम्बोधन गर्दै उमेद्वारको मनोनयन अभियानका लागि न्यूनतम नियम निर्माण गर्छन्। यसमा पार्टीले प्रदान गरेको सदस्यता सूची वा छनौट प्रक्रियाका अन्य पक्षबारे गोपनीयता कायम गर्दै जानकारी दिइन्छ र अन्य प्रतिस्पर्धीप्रति गरिने व्यवहार र आकांक्षीबीच संवादमा सहभागिता गराइन्छ।

यो अभियानको आर्थिक पक्षसँग सम्बन्धित प्रावधानले उमेद्वारले पाएको चन्दाको उचित अभिलेख राख्न र पार्टीका पदाधिकारीलाई यसको सूचना दिन बाध्य गराउँछ। कतिपय अवस्थामा उमेद्वारले पाएको चन्दाको निश्चित प्रतिशत वा निश्चित रकमभन्दा माथिको चन्दा पार्टीलाई बुझाउनु पर्ने व्यवस्था पनि गरेका हुन्छन्। यो अभियानको आर्थिक पक्षसम्बन्धी प्रावधानले उमेद्वारबाट हुनसक्ने गलत प्रयास रोक्ने उपाय प्रदान गर्छ र पार्टीलाई उचित अभिलेख राख्न पनि सघाउँछ। यसैगरी उमेद्वारले उठाएको पैसाको घोषणा गर्नुपर्ने वा आवश्यकताअनुसार बाँड्नुपर्ने प्रावधान भएमा पार्टीको केन्द्रिय निकायले पनि धेरै चन्दा उठाउन सफल उमेद्वारबाट फाइदा लिनसक्छ। उमेद्वारी मनोनयन अभियानको आर्थिक पक्षलाई मुलुकको कानुनले नियमन गरेको अवस्थामा देशकै आर्थिक प्रावधानलाई बनाउन सहयोग पुऱ्याउँछ।

त्यसैले पार्टीको आन्तरिक विवादबारे आम सञ्चारमाध्यममा लगातार समाचार बन्नबाट रोक्न र यी मुद्दामा प्रचार-प्रसार वा आन्तरिक विवादमा मूल्यवान् समय खर्च हुनसक्छ। यस्ता समस्या कम गराउन पनि विवाद समाधान प्रक्रिया छिटो हुनुपर्छ।

इंग्ल्याण्डको लिबरल डेमोक्र्याट्स पार्टीमा दिएको आवेदन सफल नभएका सम्भावित उमेद्वारले समितिमा पुनरावलोकनको लागि अनुरोध गर्न सक्दछन्। फेरि पनि आवेदन असफल भएमा उमेद्वारका आकांक्षीले उचित प्रक्रिया पालना नगरिएको भनी अपील्स प्यानल भनिने पुनरावेदन कार्यदलमा गुनासो पेश गर्न सक्छन्। यस प्यानल वा कार्यदलमा पार्टीको इंग्लीश परिषद्ले चुनेका सदस्य र इंग्ल्याण्डका क्षेत्रीय संरचनाले नियुक्त गरेका व्यक्ति रहन्छन्। औपचारिक विवाद समाधान प्रक्रिया भएको अवस्थामा पनि

विवादको प्रकृति र आकारको आधारमा विशेष व्यवस्था गर्नुपर्ने हुनसक्छ। घानाको न्यू पेट्रियोटिक पार्टी (एनपीपी)ले केही निश्चित निर्वाचन क्षेत्रमा भएको खास विवादास्पद मनोयन प्रक्रियामा समस्या भएपछि ती क्षेत्रमा बिग्रिएका सम्बन्ध सुधार गर्ने जिम्मासहित एउटा विशेष कार्यदल गठन गरेका थियो ।

केही व्यवस्थापकीय पक्ष

उमेद्वार छनौट गर्ने समिति कति ठूलो बनाउने, पार्टीका शाखा समितिको भूमिका र टिकट वितरण कसरी सन्तुलित बनाउने भन्ने जस्ता सवालमाथि छलफल गर्न अथव उठेका केही विषय सम्बोधन गर्नका दलले अतिरिक्त निर्णय लिन सक्छ। सोही समितिले निर्णयको कार्यन्वयन गर्ने व्यवहारिक तरिकाको पहिचान पनि गर्नुपर्छ।

बैठकका ढाँचा

संवाद र सामाजिक कार्यक्रमजस्ता विभिन्न क्रियाकलापले पार्टी सदस्यको उमेद्वार मनोयनका प्रतिस्पर्धीसँग भेट्ने र उनीहरूको कुरा सुन्ने गरिन्छ। यसैगरी उनीहरूको अनुभव र नीतिगत अवस्थाबारे प्रश्न पनि सोध्ने अवसर पनि प्रदान गरिन्छ। भौगोलिकरूपमा ठूला निर्वाचन क्षेत्र भएको ठाउँमा यात्रा तय गर्नुभन्दा अघि सो ठाउँसम्मको दूरी र सदस्यको व्यक्तिगत कामको तालिकाका साथै त्यस्तो कार्यक्रमको मिति र संख्याबारे पनि निर्णय गर्नुपर्छ। समय मिल्यो भने पार्टीले विभिन्न मितिमा फरक-फरक कार्यक्रम गर्नु राम्रो हुन्छ। यस्ता कार्यक्रमले पार्टीको मनोभावना सबल बनाउन उमेद्वार छनौट गर्ने व्यक्तिले सूचीत मत प्रदान गर्न सक्छन् भने जनसम्पर्क पनि बिस्तार हुनसक्छ । प्रतिस्पर्धीबीचको संवाद र अन्य जानकारीमुलक सामग्री वा प्रतिवेदन तथा श्रव्यदृश्य सामग्री पार्टीको वेबसाइटमा र अन्य सञ्जालमा पनि राख्न सकिन्छ।

प्रायः उमेद्वार छनौट बैठकको आधारभूत ढाँचा एउटै हुन्छ। तटस्थ पार्टी पदाधिकारीको स्वागत मन्तव्य दिएपछि उमेद्वारले सभालाई सम्बोधन गर्ने र प्रश्न लिने अवसर प्रदान गर्न सकिन्छ । मतदान अघि यसको नतिजालाई सम्मान गर्ने प्रतिबद्धतामा सार्वजनिकरूपमा हस्ताक्षर गर्नुपर्ने पनि हुनसक्छ। धेरैजसो अवस्थामा नतिजाको घोषणा गरिसकेपछि छनौट गरिएका उमेद्वारप्रति समर्थन रहेको दोहोऱ्याउन र सान्त्वना मन्तव्यको पनि प्रयोग गर्न सकिन्छ।

मतदान तथा अनुमोदन प्रणाली

हुलाक, विद्युतीय, भौतिक वा स्वयं उपस्थित भएर गर्ने मतदान : हुलाक सेवा भरपर्दो भएको, मतदान प्रविधि प्रयोगमैत्री भएको र अधिकांश सदस्यका लागि सजिलै उपलब्ध भएको अवस्थामा विभिन्न बिकल्पको प्रयोग गरी सदस्यहरू पार्टीको निर्णय प्रक्रियामा सहभागी हुन सक्छन्। यसले पार्टी सदस्यको क्षमतालाई पनि बढाउन सक्छ। उदाहरणको लागि टाढाको केन्द्रमा आयोजना गरिएको बैठकमा भाग लिनुभन्दा नजिकैको कम्प्युटरमा गएर पार्टीको वेबसाइटमा आफ्नो मत दिनु वा नजिकैको हुलाक कार्यालयमा गएर हुलाकमार्फत आफ्नो मतपत्र खसाल्नु धेरै सजिलो हुन्छ । बैठकका लागि यी दुवै बिकल्प प्रयोग गर्दा खर्च पनि कम लाग्छ। तर, दुवै बिकल्पमा मतको शुद्धता वा सुरक्षा र मतगणनामा तलमाथि हुनसक्ने जोखिम भने रहन्छ।

बहुचरण वा एक्जस्टिभ ब्यालटको मतदान : पार्टी एकतामा धेरै ध्यान दिनुपर्ने अवस्थामा पार्टीले आफ्नो उमेद्वार छनौट विधिमा "एक्जस्टिभ मेथड" भनिने बहुचरणको मतदान प्रक्रिया प्रयोग गर्न सक्छन् । यस्तो व्यवस्थामा प्रत्येक छनौटकर्ताले आफ्नो रुचीको उमेद्वारलाई एक मत प्रदान गर्छन् । कुनै पनि उमेद्वारले स्पष्ट बहुमत प्राप्त नगरेमा सबैभन्दा कम मत प्राप्त गर्ने उमेद्वारलाई हटाइन्छ र फेरि एक चरण मतदान हुन्छ । कुनै एक उमेद्वारले स्पष्ट बहुमत प्राप्त नगरेसम्म यस प्रक्रियालाई निरन्तरता दिइन्छ । यो प्रक्रियाको प्रयोग गर्दा धेरैजनाबाट उमेद्वार घट्दै थोरै संख्यामा आइपुग्छ। मतदाताले धेरैचोटी मतदान गर्नुपर्ने अवस्था आउन सक्ने भएकाले छनौटकर्ता धेरै भएको अवस्थामा यो विधि उपयुक्त हुँदैन । तर, बहु-चरणको व्यवस्थामा यसलाई प्रयोग गर्न सकिन्छ । पटक-पटक मतदान गर्नुपर्दा प्रक्रिया लामो हुने जोखिम रहेता पनि यो व्यवस्थाको एउटा फाइदा भनेको स्पष्ट बहुमतले नै निर्णय गर्नुपर्ने बाध्यता रहन्छ। बैकल्पिक मतदान प्रणाली भनिने यो प्रणालीले छनौटकर्तालाई धेरै चोटी मतदान गर्न नलगाईकन पनि धेरै चोटी मतगणना गरेर सोही नतिजा ल्याउन सक्छ।

बहुसंख्या र रोजाइसहित मतदान गर्ने प्रणाली : एकै

निर्वाचन क्षेत्रबाट धेरै जना प्रतिनिधि चुनिने निर्वाचन क्षेत्रमा र समानुपातिक प्रतिनिधित्व प्रणालीको लागि उमेद्वार चयन गर्नुपर्ने जिम्मेवारी पाएको अवस्थामा राजनीतिक दलले बहुसंख्या (मल्टिपल) र प्राथमिकता वा रोजाई मतदान (प्रिफरेन्शियल) प्रणाली प्रयोग गर्न सकिन्छ । यो प्रणालीको अभ्यास गर्दा विभिन्न उमेद्वारको प्राथमिकता निर्धारणमा व्यापक सहभागितासहितको मतदान विधि प्रयोग गर्न सकिन्छ । राष्ट्रिय निर्वाचन प्रणालीको प्रतिबिम्बन हुने गरी सञ्चालन गरिएको अवस्थामा यी प्रणालीले निर्वाचन नतिजाको संकेत पनि प्रदान गर्न सक्दछन् र सदस्यको लागि नागरिक शिक्षाको साधन पनि बन्न सक्दछन् ।

माथि चर्चा गरिएजस्तै सन् १९८० को दशकमा आयरल्याण्डका तीनओटा पार्टीले आम निर्वाचनमा एकल संक्रमणीय निर्वाचन प्रणालीको प्रयोग गरे । त्यसैगरी इजरायलका राजनीतिक दलले राष्ट्रिय समानुपातिक प्रतिनिधित्वको लागि सूची निर्धारणमा उमेद्वारको क्रम निर्धारण गर्न बहुसंख्यमा मतदान हाल्ने प्रणाली प्रयोग गरेका छन् । इजरायलको मेरेज गठबन्धको तीन घटकका केन्द्रिय समितिले सन् १९९६ को निर्वाचन अघि अनुमोदित उमेद्वारको संक्षिप्त सूची बनाएका थिए । दोस्रो चरणमा मेरेजका सबै सदस्यलाई "सुरक्षित" मत संख्या भन्दा धेरै मताधिकार प्रदान गरी विभिन्न उमेद्वारलाई मतदान गर्न लगाइएको थियो । इजरायली पार्टीले भने यसभन्दा थोरै फरक व्यवस्था गरेको थियो । यसले प्रत्येक सदस्यलाई ११ देखि १५ मताधिकार प्रदान गरेको थियो । पार्टीले २० ओटा "सुरक्षित" सिटको अनुमान गरेको थियो । दुवै उदाहरणमा दलले उमेद्वारले प्राप्त गरेको मतको आधारमा क्रम निर्धारण गरेका थिए (राहत एण्ड हजान २००१) । कतिपय अवस्थामा, दलले मतदानको लागि खुला नगरी केही निश्चित संख्याका कोटा छुट्याएका हुन्छन् । यी सुरक्षित स्थान सामान्यतया उच्च नेतृत्वका व्यक्तिलाई नै छुट्याइन्छ ।

सूची अनुमोदन प्रणाली : "सूची अनुमोदन"प्रक्रियाले पूरै प्रक्रियालाई छलफलको लागि खुला नगरिकन बहु-उमेद्वारको लागि मतदाता समक्ष स्वामित्व सिर्जना गर्ने पार्टी नेतृत्वलाई दिइन्छ । समयको अभावजस्ता व्यवहारिक कारण र लामो सूची बनाउनको लागि चाहिने समन्वयको कारणले पनि त्यसो गर्नुपर्ने आवश्यक हुनसक्छ । बेल्जियमका धेरै निर्वाचन क्षेत्रमा पार्टीका सदस्यलाई एउटा "नमुना सूची"मा मतदान गर्न र उमेद्वारबो आफ्नो विचार अभिव्यक्त गर्न आग्रह गरिएको थियो । ५० प्रतिशतभन्दा धेरै पार्टी सदस्यले "नमुना सूची" अनुमोदन नगरेको खण्डमा मात्रै प्रिफरेन्शियल भनिने रोजाइका मतको गणना गरिन्थ्यो (राहत तथा हजान २००१) । अर्को विधि चाहिँ अलि बढी सहभागितामुलन थियो । कुनै समितिले तयार गरेको सूचीलाई "अनुमोदन"को लागि अधिवेशनमा जस्तै अलिक व्यापक समूहमा प्रस्तुत गर्ने हो ।

उमेद्वार छनौट प्रक्रियाको आर्थिक पक्ष

उमेद्वार छनौट प्रक्रियामा लाग्ने खर्चबारे सजिलै उपलब्ध सूचना थोरै भए तापनि, स्थानीय परिवेश र प्रक्रिया आँफैको प्रकृतिजस्ता विषयअनुसार आवश्यक रकम उल्लेख्य रूपमा फरक पर्न जान्छ भन्ने अनुमान सही नै हुन्छ । विभिन्न विधिले खर्चमा पार्ने असरले छनौट प्रक्रिया सम्बन्धी निर्णयमा भूमिका खेल्नुपर्ने भए तापनि विचार गर्नुपर्ने थुप्रै विषयमध्ये यो एक पक्ष मात्रै हो । कतिपय अवस्थामा, कुनै बिकल्पको लागि लाग्ने खर्च यसले दिने फाइदा भन्दा धेरै हुनसक्छ,कतिपयमा यसको उल्टो हुनसक्छ ।

तर, उमेद्वार छनौट प्रक्रिया सञ्चालन गर्न लाग्ने खर्चमा व्यापक वृद्धी गराउने सुधारले पार्टी जीवनका अन्य पक्षमा पनि नाटकीय तरंग ल्याउने सम्भावना रहन्छ। त्यसैले आफ्नो छनौट प्रक्रियामा आमूल परिवर्तन गर्न चाहने दलले पार्टी संरचनालाई आर्थिक संकलन लगायतका क्षेत्रमा आवश्यक गृहकार्य गर्नको लागि पर्याप्त समय दिन सुधारलाई चरणवद्ध तरिकाले लागू गर्ने प्रयास गर्नुपर्छ ।

यस प्रक्रियाका विभिन्न सरोकारवालाबीच केही लागत वितरण सम्भव हुनसक्छ । उमेद्वार चयन लगायत पार्टी जीवनको मुख्य क्षेत्रमा सहभागी हुने उचित र अर्थपूर्ण अवसर प्रदान गरिएका शाखा समिति र सदस्य पार्टी सञ्चालनको लागि आर्थिक सहायता गर्न बढी इच्छुक हुनसक्छन् । उदाहरणको लागि, उमेद्वार छनौटमा सदस्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहभागी गराइएको अवस्थामा, सहभागिताको लागि सशुल्क सदस्यता उचित र स्वीकार्य पूर्वशर्त हो । उदाहरणको लागि, क्यानाडामा सदस्यता वितरण अभियान मनोनयन अभियानको अभिन्न अङ्ग हो ।

कतिपय दलले मनोनयन शुल्क लागू गर्छन् । यसलाई मनोनयनका आकांक्षीले पार्टीको लागि आर्थिक संकलन गर्न सक्ने क्षमता वा निजमाथि भएको समर्थनको स्तर मापन वा परीक्षण गर्ने जायज माध्यमको रूपमा पनि लिन सकिन्छ ।

यसले मनोनयनका लागि गम्भीर नभएका प्रयासलाई रोक्न पनि मद्दत गर्न सक्छ र आवेदनको प्रशोधन गर्ने क्रममा व्यापक पृष्ठभूमि जाँच लगायतमा लाग्ने खर्च उठाउन पनि मद्दत गर्न सक्छ । शुल्कसम्बन्धी पर्याप्त सूचना प्रवाह गर्नाले पारदर्शिता बढाउन सक्छ, र आकांक्षीलाई आवश्यक व्यवस्था थरि स्वच्छ वातावरणमा प्रतिस्पर्धा गर्ने वातावरण प्रदान गर्दछ । त्यस्तो शुल्क कतिपय अवस्थामा आवश्यक हुने भए तापिन शुल्क धेरै भएमा सहभागिता प्रक्रियालाई बाधा पुग्न सक्छ ।

क्यानाडाको क्युबेकको लिबरल पार्टीमा आकांक्षीले आवेदन कागजपत्र पाउनको लागि एकहजार क्यानेडियन डलरको धरौटी राख्नुपर्छ । यो धरौटी प्रतिस्पर्धाको ३० दिनपछि जम्मा गर्नुपर्छ भने मनोनयन फिर्ता लिने निर्णय गरे सूचना दिएको ३० दिनपछि फिर्ता हुन्छ । मनोनयन दर्ता गर्दा फारम भरेर एकहजार क्यानेडियन डलरको चेकसहित पेश गर्नुपर्छ । क्यानाडाको कन्जर्भेटिभ पार्टीमा मनोनयनका आकांक्षीले एकहजार क्यानेडियन डलरको धरौटी पेश गर्नुपर्छ र यो धरौटी अनुमोदन नभएका व्यक्तिले वा छनौट मतमा पहिलो चरणको मतदानको कम्तीमा १० प्रतिशत पाउनेले फिर्ता पाउँछन् ।

बेलायतको कन्जर्भेटिभ पार्टीमा आकांक्षीलाई एक दिने संसदीय सहायक बोर्डमा सहभागिता जनाउनको लागि (सन् २००० मा यो शुल्क २५० पाउण्ड थियो) शुल्क लिने गरिन्छ । साथै अनुमोदित सूचीमा राखिएका सबै व्यक्तिलाई अप्रुम्ड एशोसियसन अफ कन्जर्भेटिभ क्यान्डिडेट्स् भनिने उमेद्वारको अनुमोदित सूचीको लागि वार्षिक सदस्यता शुल्क (सन् २००६/२००७ मा ८० पाउण्ड थियो) तिर्न लगाइन्छ । यो रकम भेटघाट कार्यक्रम गर्न, प्रशिक्षण सञ्चालन गर्न र प्रशासनिक खर्च गर्न प्रयोग गरिन्छ । माथि उल्लेख गरिएझैं मनोनयनको लागि आवश्यक रकमबारे व्यापक छलफल गरिन्छ। कतिपय समूहले भने पार्लियामेन्टरी एसेसमेन्ट बोर्डलाई उमेद्वारले तिनुपर्ने शुल्क घटाउन सुझाब दिएका छन् ।

गठबन्धनका लागि उमेद्वार छनौट

कतिपय अवस्थामा राजनीतिक दलले गठबन्धन गरेर निर्वाचनमा भाग लिने निर्णय गर्न सक्छन् । यस अध्ययनको प्रयोजनको लागि गठबन्धन भन्नाले दुई वा दुई भन्दा बढी राजनीतिक दल वा समूहले निर्वाचनमा छुट्टाछुट्टै प्रतिस्पर्धा गर्दा हासिल गर्ने उपलब्धी भन्दा धेरै उपलब्धी हासिल गर्ने प्रयोजनको लागि मिलेर निर्वाचनमा जाने सम्झौता भन्ने बुझिन्छ । गठबन्धन गर्दा दलमा थप विविधता हुनसक्छ र यसले जनताको आकर्षण बढ्न सक्छ । जनताको संयुक्त समर्थनका कारण गठबन्धनको त बढ्न सक्छ । यसैगरी संयुक्त प्रयत्नका कारण निर्वाचनका लागि आवश्यक ज्ञान र क्षमतामा पनि बृद्धि हुनसक्छ । तर, त्यसको लागि दलबीच सम्झौता गर्नुपर्छ र प्रत्येक घटकले बृहत् समूहमा केही नियन्त्रण पनि गर्नुपर्छ ।

पार्टीलाई एक्लै निर्वाचन लड्दा पनि उमेद्वार छनौट प्रक्रियामा सही सन्तुलन कायम गर्न अप्ठ्यारो पर्ने गर्दछ भने गठबन्धनको सदस्यको रूपमा चुनाव लड्दा त यो चुनौती झन् जटिल बन्न जान्छ । यस्तो अवस्थामा पार्टीले आफ्नो आन्तरिक र पार्टीको हितलाई सघाउ पुऱ्याउने मात्र नभई समग्रमा गठबन्धनका सदस्यको लक्ष्य र हितलाई सघाउ पुग्ने गरी मध्यमार्गको खोजी गर्नुपर्छ । गठबन्धनको उद्देश्यको आधारमा तिनका सदस्य र घटकमाझ सहकार्य र साझेदारीको विभिन्न तह निर्धारण गर्न सकिन्छ। उदाहरणको लागि उमेद्वार छनौटको हकमा, गठबन्धन सदस्यले देहाय बमोजिम गर्ने निर्णय गर्न सक्छन् : संयुक्त उमेद्वार नउठाए पनि नीतिगत लक्ष्य सार्वजनिकरूपमा जारी गरी आपसी समर्थनको घोषणा गर्ने, एउटै निर्वाचन क्षेत्रमा एउटै सिटको लागि प्रतिस्पर्धा नगर्ने वा अर्को पार्टी वा गठबन्धनलाई पराजित गर्न आफ्नो स्रोतसाधन समेत बाँडेर संयुक्त रूपमा निर्वाचनमा सहभागी हुने ।

प्रतिस्पर्धा नगर्ने सहमती

धेरैओटा निर्वाचन क्षेत्र भएका देशमा विधायिका चुनावमा प्रतिस्पर्धा गर्ने गठबन्धनको लागि एउटा उपाय भनेको गठबन्धन सदस्यबीच उनीहरूको पकड क्षेत्रबारेमा उपयुक्त तरिकाले प्रतिस्पर्धा गर्ने हो । त्यो निर्वाचन क्षेत्रको अवस्था हेरेर मत बाडिँन नदिन र खर्च न्यूनीकरण गर्नको लागि गठबन्धन सदस्यले उमेद्वारले जित्ने सबैभन्दा बढी सम्भावना भएको निश्चित निर्वाचन क्षेत्रमा अन्य दल वा गठबन्धनका उमेद्वारले उमेद्वारी फिर्ता लिन सक्छन् । कुन निर्वाचन क्षेत्रमा कुन पार्टीलाई उठाउँदा राम्रो हुन्छ भन्ने निर्णय गर्न सजिलो बनाउनको लागि मतसर्वेक्षणको तथ्याङ्क वा पहिलेका मतदान प्रवृत्तिको सूचना उपलब्ध भएको खण्डमा उपयोगी हुन सक्छन् । अर्को पार्टीको

उमेद्वारलाई सघाउने निर्णय गर्नुअघि नै आफ्नो पार्टीको उमेद्वार छानिसकेको अवस्थामा छानिएको उमेद्वारलाई मनोनयन उमेद्वारी फिर्ता लिन आग्रह गर्न र आफ्ना मतदातालाई अर्को उमेद्वारलाई मत दिनु भनी मनाउन केही अप्ठ्यारो हुनसक्छ । कहिलेकाहीँ उमेद्वारी फिर्ता लिन लगाइएका असन्तुष्ट व्यक्तिले स्वतन्त्र उमेद्वारको रूपमा उठी मत काट्न पनि सक्छन् ।

"ब्याक डोर प्राइमरी"को बिकल्प

दुई चरणको मतदान गर्ने विशेषता भएका निर्वाचनमा गठबन्धनमा रहेका राजनीतिक दलले यसै व्यवस्थाको प्रयोग गरी आफ्नो उमेद्वारको शक्ति सजिलै मापन गर्न सक्छन् । उदाहरणको लागि फ्रान्समा पहिलो चरणमा दर्ता भएका मतदाताको १२.५ प्रतिशतभन्दा धेरै मत प्राप्त गर्ने विधायिकाको उमेद्वारले दोस्रो चरणको मतदानमा भाग लिन पाउँछन् । दोस्रो चरणमा सबैभन्दा धेरै मत पाउने उमेद्वार निर्वाचनमा विजयी हुन्छन् । प्रायः दुई चरणका मतदानमा दोस्रो चरणमा स्पष्ट बहुमत सुनिश्चित गर्ने उद्देश्यले तय गरिएका हुन्छन् । तर यसमा स्पष्ट बहुमत आवश्यक पर्दैन । कतिपय अवस्थामा, कुनै गठबन्धनको लागि राजनीतिक दलले सहमती जनाइसकेका अवस्थामा पहिलो चरणको मतदानलाई "डी फ्याक्टो" वा "ब्याक डोर" प्राइमरी वा घुमाउरो तरिकाको प्राइमरीको रूपमा लिन्छन् । निर्वाचनको पहिलो चरणमा गठबन्धनका सबै सदस्यले आ-आफ्ना उमेद्वार उठाउँछन् तर दोस्रो चरणको मतदानमा मत नबाँडियोस् भनेर जुन उमेद्वारले पहिलो चरणमा सबैभन्दा धेरै मत प्राप्त गरेको हुन्छ उसैको समर्थनमा अन्य उमेद्वारले आफ्नो उमेद्वारी फिर्ता लिएर उसैलाई समर्थन गर्छन् । फेरि पनि गठबन्धन सदस्यले घटक दलका विभिन्न उमेद्वारबारे निर्णय लिने अधिकार छनौट समितिलाई दिन सक्छ । धेरैजसो अवस्थामा सबैभन्दा धेरै मत प्राप्त गर्ने दुई उमेद्वार नै दोस्रो चरणको मतदानमा प्रतिस्पर्धा गर्ने भएकाले गठबन्धन सदस्यले पहिलो चरणको निर्वाचन पार गर्ने उमेद्वारलाई नै समर्थन गर्ने सहमती गर्न सक्छन् ।

"ब्याक डोर"को बिकल्प सरल भएको हुनाले यो तुलनात्मकरूपमा आकर्षक बिकल्प भएको हो । पहिलो त यसले प्रत्येक दललाई आफ्नै प्रक्रियाबमोजिम उमेद्वार छान्ने मौका दिन्छ । पहिलो चरणको मतदानको नतिजाले प्रत्येक पार्टीसँग रहेको समर्थनको स्तरलाई स्वतन्त्र रूपले पुष्टी गरिदिने भएका कारण यस व्यवस्थाले गठबन्धनका साझेदारलाई निर्वाचनमा जित्ने सबैभन्दा बढी सम्भावना देखिएको उमेद्वारलाई समर्थन गर्न सहज बनाइदिन्छ । यस्तो अवस्थामा पहिलो चरणको मतदानमा आफ्नो दलले पाएको समर्थनको आधारमा गठबन्धन सदस्यले सम्झौताको अन्य सवाल (जस्तैः सरकारमा कति सिट लिने भन्नेबारे)बारे छलफल गर्न सक्छन् । उदाहरणको लागि पहिलो चरणको मतदानमा ३० प्रतिशत मत पाएको पार्टीले मतको थोरै अनुपात पाएका अन्य साझेदारसँग कुरा गर्दा आफूसँग भएको समर्थनको आधारमा शक्ति बाँडफाँडमा सहमती गर्न सक्छ । यस बिकल्पको सबैभन्दा मुख्य फाइदा भनेको खर्चको न्यूनीकरण हो । यद्यपि, संयुक्त उमेद्वारले दोस्रो चरणको मतदानको लागि अभियानका लागि स्रोत साधन जुटाउनु भन्दा पनि पार्टीले दोस्रो चरणमै पुग्न नसक्ने उमेद्वारको लागि पहिलो चरणमै पर्याप्त मात्रामा खर्च गर्न बाध्य भइसकेका हुनसक्छन् ।

संयुक्त उमेद्वार छनौट

गठबन्धनका साझेदारमा उमेद्वार छनौट हुनुभन्दा पहिले नै गठबन्धनको तय भइसकेको अवस्थामा धेरै कारणले संयुक्त उमेद्वार चयन आकर्षक हुनसक्छ । एकीकृत छनौट प्रक्रियामा सहमती हुन सक्यो भने गठबन्धनले विश्वास आर्जन गर्न सक्छ र यसरी गरिएको सम्झौताका आधारमा सदस्यमाझ सम्बन्ध सुदृढ हुनसक्छ । यसैगरी गठबन्धनको लागि घटक दलका कार्यकर्तामा समर्थन बिस्तार हुन्छ । यसले गठबन्धन दलका सदस्यलाई साझा उमेद्वारका लागि अन्य उमेद्वारसँग प्रतिस्पर्धा गर्ने स्वच्छ मौका प्रदान गर्न सक्छ । यस्तो अवस्थामा सदस्य वा प्रतिनिधिलाई अन्तिम छनौटमा आफ्नो भनाइ राख्ने मौका उपलब्ध हुन्छ र तिनीहरूलाई छनौट प्रक्रियाको लागि मात्र नभई निर्वाचन अभियानको लागि पनि स्रोतसाधन एकीकृत गर्ने मौका दिन्छ । अर्कोतिर उमेद्वार छनौटका विधि फरक पर्न गएमा दललाई एकीकृत प्रणालीको लागि सहमतीमा आउन भने गाह्रो पर्नसक्छ ।

एकीकृत प्रक्रिया निर्माणका लागि निकै छलफल र बहसको आवश्यकता हुन्छ । त्यसैले छलफल गठबन्धनका सदस्य दलले आफ्नो पार्टीमा मात्रै सीमित नहुने भएका कारण गठबन्धनले प्रयोग गर्ने सम्झौताको लिखितरूपमै

प्रक्रियाको बिस्तृत व्याख्या गर्दा सोचविचार गर्नुपर्छ । यसले गठबन्धन सदस्यमाझ आउन सक्ने विवादको पूर्व आँकलन गर्ने मात्र नभई प्रत्येक दलले आफ्ना सदस्य र प्रतिनिधिलाई राम्ररी व्याख्या गर्न सघाउ पुग्छ । पार्टीले उमेद्वार छनौटका लागि छुट्टाछुट्टै प्रक्रिया निर्धारण गठबन्धन निर्माणमा थुप्रै प्रश्न उठ्न सक्छ । जस्तैः मुलुकको निर्वाचन प्रणाली अनुसार कुन छनौट विधि सबैभन्दा उपयुक्त हुन्छ ? सम्भावित उमेद्वारको रूपमा लड्न को योग्य छ ? उमेद्वार छनौट गर्ने समूह कति ठूलो बनाउने ? गठबन्धनका घटक दलका शाखा समितिको भूमिका कस्तो हुने ? जस्ता प्रश्नको उत्तर खोजिनुपर्छ ।

यस बाहेक उमेद्वार छनौटका क्रममा गठबन्धनका प्रत्येक घटकलाई समान अवसर दिने समतावादी विधि प्रयोग गर्ने कि अंक दिने प्रणाली प्रयोग गर्ने भन्ने निर्णय लिन सक्छन् । पहिलो व्यवस्था गर्ने हो भने गठबन्धनका सबै घटकलाई बराबर संख्याको मताधिकार हुन्छ र त्यसैले अन्तिम छनौटलाई प्रभावित पार्न सक्छ । यस्तो समतावादी विधि सुन्दा आकर्षक लागे पनि गठबन्धनका ठूला घटकले सबै साझेदार समान होइनन् र त्यसैले यस प्रक्रियालाई सबैले समानरूपमा प्रभावित गर्नु हुँदैन भन्ने तर्क गर्न सक्छन् । अर्कोतिर गठबन्धनका साना घटकले यस्तो व्यवस्थाले प्रक्रियालाई प्रभावित पार्न सक्ने आफ्नो क्षमता सुरक्षित गर्ने महसुश गर्न सक्छन् । उमेद्वारलाई अंक दिने प्रणाली अन्तर्गत गठबन्धनका प्रत्येक साझेदारको शक्तिको प्रतिनिधित्व गर्ने गरी पहिले नै सहमती गरिएको एउटा सूत्रको आधारमा मत विभाजन गरिन्छ । यसरी गठबन्धनको अगुवा साझेदारको रूपमा रहने हुनाले दलले सबैभन्दा बढी मतभार पाउँछ भने सबैभन्दा सानो मानिएको साझेदारले कम मतभार पाउँछ ।

दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेस पार्टीले सन् १९९५ को निर्वाचन अन्य तीन पार्टीसँगको गठबन्धनमा चुनाव लडेको थियो । गठबन्धनको उमेद्वारको स्थानीय, जिल्ला/क्षेत्रीय र राष्ट्रिय गरी तीन तहका सूची निर्धारण समितिमार्फत् एकीकृत गरिएको थियो । गठबन्धनको सबैभन्दा ठूलो दलको हैसियतले प्रत्येक समितिमा अफ्रिकन नेशनल कंग्रेसका पाँच सदस्य र अन्य गठबन्धन साझेदारका दुई र एक सदस्य मात्रै थिए । गठबन्धनका प्रत्येक साझेदारको प्रभाव उसको सदस्य संख्या, क्रियाशील, पार्टीको शाखा समितिको संख्या र विगतका निर्वाचनमा पार्टीले पाएको मतपरिणामको आधारमा तय गरिएको थियो (रोज एण्ड ओ कोनेल) । यो विधि अपनाउनु पछाडिको एउटा कारण भनेको गठबन्धनका प्रत्येक साझेदारलाई सम्भावित मत, आर्थिक

बक्स १० : गठबन्धनले संयुक्तरूपमा उमेद्वार छनौट गर्ने केही बिकल्प

संयुक्तरूपमा उमेद्वारको पूर्व छनौट प्रक्रियामा गठबन्धनका सदस्य घटकले उमेद्वारका आकांक्षीलाई अन्तिम छनौटको लागि प्रस्तुत गर्नुभन्दा पहिले संयुक्त रूपमा प्रमाणिकरण गर्छन् । उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व प्रणालीमा संयुक्त सूची निर्धारण समिति बनाएर काम गर्न सकिन्छ । अफ्रिकी नेशनल कंग्रेस र यसका साझेदार गठबन्धनले प्रयोग गरेको तरिका यही हो । बहुमतीय व्यवस्थाका लागि भने यो प्रक्रिया बेलारुसको युनाइटेड डेमोक्रेटिक फोर्सेस (युडीएफ)ले प्रयोग गरेको विधिसँग मिल्दोजुल्दो हुन्छ ।

अर्को बिकल्प भनेको उमेद्वार छुट्टै पूर्व छनौट प्रक्रिया हो । यसमा गठबन्धनका सदस्य घटक आफ्नै कार्यविधि प्रयोग गरी सम्भावित उमेद्वार चयन गर्न स्वतन्त्र हुन्छन् । दोस्रो चरणमा भने गठबन्धन सदस्यले सल्लाह गरेर विभिन्न प्रस्तावित उमेद्वारमध्येबाट संयुक्त रूपमा अन्तिम उमेद्वार चयन गर्छन् । समानुपातिक प्रतिनिधित्व प्रणालीको हकमा गठबन्धनका साझेदार घटकले छुट्टाछुट्टै तयार गरेको सूचीलाई एकीकृत गरी क्रम निर्धारण गर्ने उपाय खोजिन्छ । इजरायलमा मेरेज अलायन्सले सन् १९९६ मा प्रयोग गरेको विधि यही थियो । बहुमतीय प्रणालीमा चाहिँ उमेद्वारको अन्तिम सूची तयार गर्नको लागि गठबन्धनका विभिन्न सदस्य घटकका उमेद्वारले एक अर्कासँग प्रतिस्पर्धा गरी एक किसिमको दुई चरणको मतदानमा संलग्न गराई *रनअफ* प्रणालीको अभ्यास गर्न सकिन्छ ।

सहयोग र अन्य स्रोतसाधनको परिचालनका जस्ता कुराको निर्धारण गर्नु हो र सोही क्षमताको आधारमा समानुपातिक लाभ लिन हो । यस्तो व्यवस्था गठबन्धनका ठूला घटकलाई आकर्षक लागे पनि साना दललाई प्रभाव पार्न सक्ने र उनीको क्षमताको न्यूनिकरण गरिएको महशुस हुनसक्छ ।

तेस्रो विधिलेले प्रक्रियामा सोझै सहभागी हुन मिल्ने व्यवस्था गर्न सक्छ । यसले उम्द्वार छनौटको सामान्य प्रावधान निर्माण गरेर प्रत्येक साझेदारको मतको समानुपातिक भार निर्धारण गर्ने जटिलताबाट उम्किने उपाय प्रदान गर्दछ । व्यवहारमा सोझै सहभागी हुनका लागि स्थापित शर्त पूरा गर्न र सबैभन्दा धेरै व्यक्ति परिचालन गर्न सक्षम वा सबैभन्दा बढी जनताको समर्थन भएको दल र व्यक्तिलाई अगाडि सारिन्छ । यसो गर्दा सबैभन्दा ठूलो दलले उमेद्वार छनौटमा बढी प्रभाव पार्न सक्छ । बेलारुसमा युनाइटेड डेमोक्रेटिक फोर्सेस (युडीएफ)ले उमेद्वारको मनोनयन गर्न स्थानीय र क्षेत्रीय तहमा विभिन्न अधिवेशनको शृंखला आयोजना गऱ्यो । स्थानीय र क्षेत्रीय बैठक गठबन्धन साझेदारका सदस्यका साथै गैरसरकारी संस्था र युनाइटेड डेमोक्रेटिक फोर्सेसको कार्यक्रमलाई समर्थन गर्ने अन्यको लागि पनि खुला गरिएको थियो । इजरायलको सन् १९९६ को निर्वाचनको लागि, राष्ट्रिय समानुपातिक प्रतिनिधित्व प्रणालीको लागि उमेद्वार छनौट गरी सूची बनाउन मेरेज गठबन्धनले दुई चरणको प्रक्रियाको प्रयोग गऱ्यो । सुरूमा प्रत्येक तीनओटा केन्द्रिय समितिले अनुमोदित उमेद्वारको संक्षिप्त सूची तयार गऱ्यो । दोस्रो चरणमा सबै मेरेज सदस्यले बहुमतदान गरी विभिन्न उमेद्वारको क्रम निर्धारण गरेको थियो (राहत तथा हजान २००१) ।

निश्कर्ष

विधायिका उमेद्वारको छनौटको लागि नियम प्रष्ट भयो भने राजनीतिक दललाई सहज हुन्छ । उमेद्वार छनौटका लागि हुने प्रतिस्पर्धा सुरू हुनुभन्दा पहिले नै पारदर्शी तबरले नियम बनाएमा त्यसले प्रतिस्पर्धालाई स्वस्थ बनाउन र विवादको सम्भावनालाई घटाउन मद्दत गर्छन् । उमेद्वार छनौटसम्बन्धी नियमले छनौट प्रक्रियामा भाग लिन को को योग्य छन्, मनोनयनको प्रक्रियामा प्रतिस्पर्धा गर्नको लागि योग्यता के छ र उमेद्वार छान्ने संयन्त्र के हो भन्ने तोक्न सक्छन् ।

उमेद्वार छनौटसम्बन्धी नियम बनाउँदा पार्टीले प्रायजसो थुप्रै परस्परविरोधी विचारको दबाब झेल्नुपर्छ । दलका समर्थकको ठूलो हिस्साको अनुमोदन दाबी गर्न सक्ने उमेद्वारको पहिचान गर्न सक्ने प्रयास गर्छन् । यसका साथै पछिल्लो दशकमा विकासित लोकतान्त्रिक व्यवस्थाले उमेद्वार छनौट प्रक्रियामा अर्थपूर्ण भूमिका खेलेको छ । यस्तै विकासक्रम नयाँ लोकतान्त्रिक मुलुकमा पनि देखिएका छन् । सबै उमेद्वारले पार्टीको बहुमत प्राप्त गर्ने लक्ष्यसँग सहमत छन् । यसैगरी पार्टी एकता र अनुशासनको सुरक्षा गर्ने कुरामा पनि उनीहरू चिन्तित छन् । यसका अतिरिक्त आफ्ना उमेद्वारले पार्टीभित्र र समग्रमा देशैभित्रको भौगोलिक, जातीय, लैङ्गिकजस्ता विभिन्न वर्गको प्रतिनिधित्व गरेको सुनिश्चित गर्न चाहन सक्छन् । छोटकरीमा बक्स ११ मा उल्लेख गरिए झैं पार्टीका विभिन्न स्वार्थलाई सन्तुलित गर्दै निर्वाचनमा सफल हुने सम्भावना बढाउन आवश्यक पर्ने विभिन्न सवाल महत्वपूर्ण हुन्छन् ।

बक्स ११ : उमेद्वार छनौटको लागि व्यवहारिक सवाल

- निर्वाचन प्रणाली र निर्वाचन सुहाउँदो प्रक्रिया कुन हुन्छ ?
- कुन व्यवस्था सांस्कृतिक मान्यता सुहाउँदो हुन्छ ?
- कुन व्यवस्थाले दलमार्फत तोकिएको मूल्यको प्रतिनिधित्व गर्दछ ?
- कुन प्रक्रियाले विभिन्न आन्तरिक स्वार्थको सन्तुलन कायम गर्दछ र प्रतिस्पर्धालाई निष्पक्ष बनाउँछ ?
- कुनै खास नीति र दर्शनको लागि वकालत गर्ने उमेद्वारलाई उठाउने वा मतदाताको बृहत् हिस्सालाई प्रभावित पार्ने उमेद्वारलाई उठाउने भन्ने कुरामा कुन बढी महत्वपूर्ण छ ?
- गठबन्धनमा काम गरिरहेको अवस्थामा कुन व्यवस्थाले प्रत्येक साझेदार समूहको उमेद्वार जित्ने सम्भावना बढी हुन्छ वा कुन "सुरक्षित" स्थानमा उठ्ने मौका पाए जित्ने सुनिश्चित हुन्छ ?
- टिकट वितरणमा सन्तुलन कायम गर्ने विषयमा

कुनै दल प्रतिबद्ध छ भने कुन प्रणालीले यो लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउँछ ?

- कुन प्रणालीले पार्टीका सदस्यलाई उर्जाशिल बनाउँछ ?
- कुन प्रणालीले जनचेतना बढाउन सहयोग गर्छ र दलको क्रियाकलापमा सहभागिता बढाउन सहयोग गर्दछ ?
- के कुरा तार्किक रूपले यथार्थपरक छ ?
- पार्टीले के गर्न सक्छ ?

यी विभिन्न पक्षको सन्तुलन कायम गर्न दलसँग विभिन्न लोकतान्त्रिक साधन हुन्छन् । उदाहरणको लागि उमेद्वार छनौट प्रक्रियालाई प्रभावित पार्ने एकल उद्देश्यले पार्टीको सदस्यता लिने "तयारी" सदस्यबारे चिन्तित पार्टीले नयाँ सदस्यको लागि न्यूनतम प्रतिक्षा समय लागू गर्न सक्छ। यसैगरी उमेद्वार सूचीलाई नेतृत्वले पूर्वअनुमोदन गर्नुपर्ने प्रावधानले पार्टीको पहिचान जोगाउने र पार्टीको शाखा समितिको सहभागिता पनि सुनिश्चित गर्ने काम गर्दछ। आरक्षण कोटा र अन्य सकारात्मक विभेदको प्रावधानले पार्टीको नेतृत्वलाई सन्तुलित टिकट वितरण गर्ने अवसर प्रदान गर्छ । धेरैजसो राजनीतिक दलमा उमेद्वार छनौटको लागि प्रत्येक चरणमा अलग-अलग सुरक्षा प्रावधानसहित धेरै चरण हुन्छन् । ज्यादै जटिल छनौट प्रक्रियाले सहभागितालाई हतोत्साहित गर्न सक्छ भने होशियारीपूर्वक प्रक्रिया सञ्चालन गर्नाले विभिन्न स्वार्थबीच सन्तुलन कायम गर्न अतिरिक्त अवसर गर्न सघाउँछ । विवाद समाधानको लागि आन्तरिक नियमको व्यवस्था गर्नाले असन्तुष्ट सदस्यको चासोको सम्बोधन गर्ने अवसर सिर्जना गर्दछ र तिनीहरूलाई विवादको मुद्दा लिएर अदालत जान वा पार्टी नै परित्याग गर्न हतोत्साहित गर्दछ ।

उमेद्वार छनौटसम्बन्धी नियमलाई पार्टीका पदाधिकारीले सम्मान गरेमा मात्र विवाद घटाउन सकिन्छ । उमेद्वार छनौट प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र सहभागिताका संयन्त्र सिर्जना गर्नु महत्वपूर्ण भए पनि सम्बन्धित पार्टीको हकमा व्यवहारिक हुने हदसम्म मात्र यस्तो व्यवस्था गर्नुपर्छ। उदाहरणको लागि पार्टी नियमअनुसार शाखा समितिले उमेद्वार छनौट प्रक्रियामा निर्णायक भूमिका निर्वाह गर्नुपर्ने व्यवस्था छ भने के उचित तरिकाले यी क्रियाकलाप गर्न पर्याप्त क्षमता र स्रोत साधन छ ? प्रक्रियामा सबै सदस्यले प्रत्यक्षरूपमा भाग लिन पाउने व्यवस्था छ र सूचीकृत सदस्यले उमेद्वारको मनोनयन गर्नुपर्ने व्यवस्था छ भने प्रक्रियाको विश्वसनीयता कायम गर्न के पार्टीको सदस्यतासम्बन्धी अभिलेख राम्ररी कायम गरिएको छ ? पार्टीले यथार्थमा गर्न सक्ने के हो ? पार्टीको नियमावली र अभ्यासमा धेरै भिन्नता आयो भने सामान्यतया पार्टी नियमावलीको उपहास हुनजान्छ र पार्टीको वैधानिकतालाई नै अवमूल्यन गर्न सक्छ ।

उमेद्वार छनौट प्रक्रियाको विकास गर्न वा सुधार गर्नको लागि सदस्यताको अभिलेख सुधार गर्ने, पार्टीको शाखा समितिको क्षमता अभिवृद्धि गर्ने र आवश्यक आर्थिक संकलनका लागि अतिरिक्त प्रतिबद्धताको आवश्यकता पर्नसक्छ । यस्तो अवस्थामा संगठनलाई नयाँ कार्यविधि व्यवहारिक रूपले कार्यन्वयन गर्न सक्ने स्थितिमा पुऱ्याउन उल्लेख्य लगानी आवश्यक पर्ने अवस्थामा विभिन्न चरणमा यस्तो अभ्यास गर्नसक्छ । यसैगरी आवश्यकता परेमा दलले कार्यविधिको संशोधनलाई अनुमोदन गर्नसक्छ । भविष्यको एउटा निश्चित समयबाट कार्यान्वयनका लागि "कार्यन्वयन गर्ने मिति" तोक्न सक्छन् । मिति तोक्नाले थप ढिलाइ हुनबाट रोक्न सकिन्छ । तर पार्टी संरचना परिवर्तन कार्यान्वयनको तयारी गर्न केही समय उपलब्ध हुन्छ ।

यहाँ ध्यान दिनुपर्ने विभिन्न पक्ष छन्, पार्टीले प्रतिस्पर्धा गर्ने निर्वाचन प्रणालीको विविधताको कारण पार्टीले उमेद्वार छान्ने एउटा मात्र उत्कृष्ट विधि छैन । त्यसैले पनि धेरै दलले माथि उल्लेख गरिएका दबाबको प्रतिक्रिया स्वरूप छिटो-छिटो उमेद्वार छनौट प्रक्रिया परिवर्तन गरिरहन्छन् ।

घटना अध्ययन

द अफ्रिकन नेशनल कंग्रेस–दक्षिण अफ्रिका

पृष्ठभूमि

दलको संक्षिप्त इतिहास : अफ्रिकन नेशनल कंग्रेस (एएनसी) सन् १९१२ मा स्थापना भएको थियो । अफ्रिकीलाई जमिन र मुक्ति संघर्षमा एकताबद्ध गराउने यो पार्टीको सुरूवाती उद्देश्य थियो । बेलायतले दक्षिण अफ्रिकामाथि आफ्नो नियन्त्रण परित्याग गरेपछि गोरा जातिले नेतृत्व गरेको दक्षिण अफ्रिकी सरकार र दमनकारी अपार्थाइड भनिने रङ्गभेदी व्यवस्थाविरूद्ध अफ्रिकन नेशनल कंग्रेसले संघर्ष जारी राख्यो । दशवर्षसम्म विद्रोहले गति लिँदै गयो । सन् १९६१ मा अफ्रिकन नेशनल कंग्रेसमाथि प्रतिबन्ध लाग्यो । शान्तिपूर्ण प्रतिरोधले मात्रै परिवर्तन ल्याउँदैन भन्ने निश्कर्षमा पुगेपछि अफ्रिकन नेशनल कंग्रेसले हतियार उठायो र भूमिगत भयो । त्यहाँ संकटकालको घोषणा र आन्दोलनका नेताविरूद्ध दमन, गिरफ्तारी र देश निकालाबीच सुरू भयो । सन् १९९० मा सरकारले उक्त पार्टीको क्रियाकलापमाथिको प्रतिबन्ध हटाएपछि अफ्रिकन नेशनल कंग्रेस बिस्तारै राजनीतिक दलको रूपमा रूपान्तरण हुँदै गयो । वार्ताको माध्यमले अफ्रिकन नेशनल कंग्रेस नेता नेल्सन मण्डेलाको नेतृत्वमा राष्ट्रिय सहमतीको संक्रमणकालीन सरकार गठन भयो । सन् १९९४ मा भएको पहिलो पूर्ण सहभागितामलक निर्वाचनमा उक्त दल ६० प्रतिशतभन्दा धेरै मत सुरक्षित गर्दै ठूलो बहुमतले विजयी भयो । त्यसपछिका निर्वाचनमा यो पार्टीले दक्षिण अफ्रिकी राजनीतिमा प्रभाव जमाउँदै आएको छ । ऐतिहासिक रूपमै अफ्रिकन नेशनल कंग्रेस वामपन्थी पार्टी हो ।

पार्टीको आधारभूत संगठनात्मक एकाइ शाखा समिति हुन् र यसमाथि क्षेत्रीय र प्रादेशिक तह हुँदै केन्द्रिय तह गठन हुन्छन् । स्वतन्त्रता आन्दोलनमा ती समितिले खेलेको महत्वपूर्ण भूमिका हेर्ने हो भने उक्त दलमा महिला र युवा संगठनको प्रभाव पहिलेदेखि नै रहँदै आएको थियो वा कुनै नयाँ विषय होइन (नेल्सन मण्डेला र वाल्टर सिसुलु युवा लिगका सुरूका नेता मध्येका थिए) । अहिले अफ्रिकन नेशनल कंग्रेसले दक्षिण अफ्रिकी ट्रेड युनियन कंग्रेस (सीओएसएटीयु), द साउथ अफ्रिकन कम्युनिष्ट पार्टी (एसएसीपी) र द साउथ अफ्रिकन नेशनल सिभिक अर्गनाइजेशन (एसएएनसीओ) समावेश भएको गठबन्धनमा समावेश भएर निर्वाचनमा भाग लिन्छ ।

दक्षिण अफ्रिकाको निर्वाचन प्रणाली : दक्षिण अफ्रिकामा प्रेमियर भनिने प्रवधानले नेतृत्व गर्ने नौ प्रदेशसहित राष्ट्रपतिले नेतृत्व गर्ने गणतान्त्रिक व्यवस्था छ । राष्ट्रियसभाले आफ्ना सदस्यमाझबाट निर्वाचित गर्ने राष्ट्रपति सामान्यतया: सबैभन्दा ठूलो दलको नेता हुने गर्छन् र पार्टीको वरियता सूचीको शीर्ष स्थानमा रहन्छन् । राष्ट्रपतिको रूपमा निर्वाचित भइसकेको व्यक्तिको राष्ट्रिय सभा सदस्यता स्वत: खारेज हुन्छ । संविधानले राष्ट्रपतिको लागि दुई कार्यकालको सिमा तोकेको छ ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- समानुपातिक प्रतिनिधित्व (बन्द सूची)
- सूची निर्धारण प्रक्रियाको मुख्य विशेषता
- शाखा समितिले उमेद्वारको मनोनयन गर्ने
- मनोनित व्यक्तिको लोकप्रियताअनुसार क्रम निर्धारण गरिएको सूचीमा प्रादेशिक र केन्द्रिय प्रतिनिधिको अधिवेशनले मतदान गर्ने
- महिलाको लागि ५० प्रतिशत आरक्षण (सूचीमा एउटा नाम बिराएर राख्ने)
- बहालवाला जनप्रतिनिधिको कार्यसम्पादन मूल्याङ्कन गर्ने औपचारिक प्रक्रिया
- प्रत्येक चरणमा पुनरावेदनको विस्तृत प्रक्रिया

केन्द्रिय, प्रादेशिक र स्थानीय गरी तीन तहका निर्वाचित गरकार हुन्छन् । दुई सदनात्मक राष्ट्रिय विधायिकामा हाल ४०० सदस्यको राष्ट्रियसभा र ९० सदस्यको प्रदेशको राष्ट्रिय परिषद् (एनसीओपी) रहेको छ । राष्ट्रियसभा सदस्य बालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित हुन्छन् भने प्रदेशको राष्ट्रिय परिषद्का सदस्य प्रादेशिक विधायिकाले निर्वाचित गर्दछ । यस घटना अध्ययनमा राष्ट्रियसभाको लागि सूची निर्धारणको प्रक्रियामा ध्यान दिइनेछ ।

राष्ट्रियसभाको बनौट निर्धारण गर्न बन्द सूचीसहितको समानुपातिक प्रतिनिधित्व प्रणालीको प्रयोग गरिन्छ । पार्टीको राष्ट्रिय सूचीको आधारमा आधा सिट संख्या पूर्ति गर्छ । बाँकी २०० सिट प्रदेशको आधारमा देशभर बाँडिन्छ । निर्वाचन आयोगले प्रादेशिक विनियोजनको निर्णय गर्छ र दर्ता भएका मतदाताको संख्याको आधारमा प्रत्येक चुनाव अगाडि पुनरावलोकन गर्छ । निर्वाचनमा भाग लिने दलले प्रादेशिक सूची अनिवार्य पेश गर्नुपर्छ भने राष्ट्रिय सूची पठाउनै पर्छ भन्ने छैन । राष्ट्रिय सूची पेश नगरिएको अवस्थामा सबै ४०० सिट नै प्रादेशिक सूचीबाट पूर्ति हुन्छ । अफ्रिकन नेशनल कंग्रेसले सामान्यतया राष्ट्रिय सूचीका साथै आवश्यक नौओटै प्रादेशिक सूची पनि पेश गर्ने गर्दछ । राष्ट्रिय निर्वाचनमा मतदाताले आफूले रोजेको पार्टीलाई एक मत प्रदान गर्छन् ।

राष्ट्रियसभाको लागि सूची निर्धारण प्रक्रिया

उमेद्वारको योग्यता : अफ्रिकन नेशनल कंग्रेसले उमेद्वारको लागि देहाय बमोजिमका छनौट नियमको तर्जुमा गरेको छ :

- असल चालचलन भएको अफ्रिकन नेशनल कंग्रेस सदस्य हुनुपर्छ र लोकतान्त्रिक आन्दोलनप्रति प्रतिबद्ध र संलग्न रहेको प्रमाणित इतिहास हुनुपर्छ ।
- रचनात्मक योगदान गर्नको लागि आवश्यक अनुभव वा विज्ञता भएको हुनुपर्छ ।
- सन् १९९४ अघिको राजनीतिक मुद्दाबाहेक फौजदारी अभियोग हुनुहुँदैन ।
- र, अनुशासन उल्लंघन गरेको र भ्रष्टाचारमा संलग्न भएको इतिहास नभएको र पार्टी विभाजन गर्ने वा पार्टीको आचारसंहिता उल्लंघन गर्ने कार्यमा संलग्न भएको इतिहास नभएको हुनुपर्छ ।

समग्रमा भूगोल, लिङ्ग, जाती र गठबन्धनका विभिन्न साझेदारको तर्फबाट सन्तुलित हुनुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ । यसका साथै विभिन्न उमेर समूह र विभिन्न दक्षता भएका व्यक्तिको सम्मिश्रण र अपाङ्गता भएका व्यक्ति वा "फरक क्षमता भएका" व्यक्तिको समावेश गर्नुपर्ने भन्ने छ । अन्त्यमा, उमेद्वारले संसद, पार्टी र मतदाताको काममा आफूलाई पूर्णरूपमा समर्पणका लागि सबै रोजगारी त्याग्न तयार हुनुपर्छ । विगतमा अफ्रिकन नेशनल कंग्रेसले आरक्षण प्रणालीको व्यवस्था गरेको थियो । सुरूमा प्रत्येक सूचीमा दुई नामपछि महिलाको नाम हुनुपर्थ्यो वा तीनमा एउटा नाम महिलाको हुनुपर्थ्यो । आरक्षणलाई ५० प्रतिशतमा बृद्धि गर्ने विषयमा छलफल भएसँगै सन् २००५/२००६ को स्थानीय निर्वाचनमा सूची निर्धारण गर्दा यो माथिल्लो लक्ष्य प्रयोग गरिएको थियो । सन् २००७ को डिसेम्बरमा सबै उमेद्वार सूचीमा ५० प्रतिशतको आरक्षण र जीपरीङ्ग प्रणालीलाई औपचारिक र अनिवार्य प्रावधान बनाउँदै पार्टीको नियमावली संशोधन गरियो ।

बहालवाला जनप्रतिनिधिको लागि कार्यविधि : सन् २००० को निर्वाचनभन्दा अघि कुन निर्वाचित जनप्रतिनिधिले प्रभावकारी काम गरिरहेका छन् भनेर निर्धारण गर्न पार्टीलाई सघाउ पुऱ्याउन सबै बहालवाला काउन्सीलरको समीक्षा गरिएको थियो । सो अनुभवको आधारमा सन् २००४ को निर्वाचन अघि बहालवाला राष्ट्रियसभा सदस्य र प्रादेशिक विधायकको कार्यसम्पादन मूल्याङ्कन गर्न यस्तै प्रक्रिया अवलम्बन गरिएको थियो । यो प्रक्रियामा प्रत्येक विधायकले गर्ने स्वमूल्याङ्कन साथै पार्टीको संसदीय दलको नेता र प्रादेशिक वा क्षेत्रीय पार्टी सचिवले गर्ने विधायकको कार्यसम्पादन मूल्याङ्कन समावेश थियो । प्रत्येक विधायकबारे तयार पारिएको प्रतिवेदन एउटा डाटाबेसमा एकीकृत गरिएको थियो । यसमा भएको सूचना पार्टीका पदाधिकारी र राष्ट्रिय सूची निर्धारण समितिसँग साझेदारी गरिएको थियो ।

राष्ट्रियसभा चुनावको लागि सूची निर्धारण गर्ने प्रमुख चरण

राष्ट्रिय सभा निर्वाचनको लागि सूची निर्धारण गर्न अफ्रिकन नेशनल कंग्रेसले प्रयोग गर्ने प्रमुख चरण यस प्रकार छन् :

१. केन्द्रिय कार्यकारी समिति (एनइसी)ले सूची निर्धारण कार्यविधि अनुमोदन गर्दछ । यो समिति सञ्चालनको लागि पाँचदेखि नौ जनासम्म सदस्य भएको राष्ट्रिय सूची

निर्धारण समिति नियुक्त गर्दछ। यो कार्यविधि प्रयोग गरेर शाखा समितिलाई राष्ट्रियसभा सिटको लागि दुईओटा एक, पार्टीको राष्ट्रिय सूचीको लागि र दुई, क्षेत्रीय सिटको लागि आफ्नो क्षेत्र समेट्ने सूची निर्माण गर्न लगाइन्छ।

२. मनोनयन गर्न र प्रादेशिक सूची निर्धारण अधिवेशनको लागि प्रतिनिधि चयन गर्न पार्टीको शाखा समितिले साधारण बैठक बस्छ। यो मनोनयन प्रादेशिक तहलाई पेश गरिन्छ । गठबन्धनका सदस्य पनि अफ्रिकन नेशनल कंग्रेसका सदस्य सरह आ-आफ्नो शाखा समितिका बैठकमा भाग लिन्छन्। मनोनयन प्राप्त गर्ने व्यक्तिले छोटकरीमा आफ्नो शैक्षिक तथा पेशागत वा दक्षतासम्बन्धी विवरण पेश गर्नुपर्छ र अफ्रिकन नेशनल कंग्रेसको र संसदको आचारसंहिता पालना गर्नुपर्छ । यसैगरी केन्द्रिय कार्यकारी समितिले अनुमोदन गर्ने अन्तिम सूची र निर्वाचन र प्रतिस्थापनपछि सांसदलाई फिर्ता बोलाउने प्रक्रियालाई स्वीकार गर्नेछु भनी लिखित प्रतिबद्धता जनाउने हस्ताक्षर गर्नुपर्छ।

३. प्रादेशिक कार्यकारी समितिले तयार पारेको प्रादेशिक सूचीलाई सूची निर्धारण समितिले समीक्षा गर्छ र पार्टी संरचनामा पुनरावेदन गर्न पाउने वा इन्कार गर्न पाउने संयुक्त सूची बनाउँछन्। पाँच वा पाँचभन्दा बढी पार्टीको शाखा समितिले मनोनयन गरेका व्यक्तिलाई मात्रै संयुक्त सूचीमा समावेश गरिन्छ।

४. प्रादेशिक सूची निर्धारण समितिले निश्चित क्षेत्रको लागि संयुक्त सूचीमा मतदान गर्छन् र केन्द्रिय सूची अधिवेशनमा भाग लिने प्रतिनिधिले चयन गर्छन्। यस्ता प्रतिनिधिमध्ये ८० प्रतिशत शाखा समितिका हुन्छन् र बाँकी २० प्रतिशत गठबन्धनका पदाधिकारी, र प्रादेशिक, क्षेत्रीय र लिग कार्यकारी समितिलाई दिइएको हुन्छ । यसरी प्राप्त नतिजाको आधारमा, प्रादेशिक सूची निर्धारण समितिले सूचीमा क्रम निर्धारण गर्छन् र उमेद्वारको पेशागत तथा शैक्षिक विवरणसहित राष्ट्रिय सूची निर्धारण समितिमा पेश गर्छन्।

५. राष्ट्रिय सूची निर्धारण समितिले उमेद्वारका मनोनित योग्य छन् र सूचीले पार्टीको प्रावधान पूरा गर्छ भन्ने सुनिश्चित गर्नको निम्ति सबै प्रदेशबाट आएका सूचीलाई जाँच गरी राष्ट्रिय सूचीको मस्यौदा तयार गर्दछ । उमेद्वार लोकप्रियताको आधारमा क्रमैसँग सूचीकृत हुन्छन्। बहालवाला मन्त्री धेरैजसो सूचीको शीर्षस्थानमा हुन्छन् । यसका अलावा प्रत्येक प्रादेशिक सूचीको शीर्ष २५ प्रतिशत स्वतः उमेद्वारीका लागि सुरक्षित हुन्छन्। बाँकी स्थानमा प्रत्येक प्रादेशिक सूचीमा १५० प्रतिशतमा समर्थन पाउने व्यक्तिलाई सबैभन्दा शीर्ष स्थानमा राखिन्छ (उदाहरणको लागि कुनै प्रदेशको सूचीको लागि १०० जना आवश्यक पर्छ भने सबैभन्दा बढी समर्थन प्राप्त गर्ने १५० व्यक्ति शीर्ष १५० प्रतिशतमा पर्छन्)। लैङ्गिक समानता र अन्य प्रकारको प्रतिनिधित्व चाहिँ अनुभव भएको सुनिश्चत गर्नुपर्ने अवस्थामा मात्रै परिवर्तन गरिन्छ।

६. राष्ट्रिय सूची र क्षेत्री सूचीको मस्यौदामा मतदान गर्नको लागि राष्ट्रिय सूची निर्धारण अधिवेशन आयोजना गरिन्छ। केन्द्रिय कार्यकारी समिति सदस्य, सूची निर्धारण समितिका सदस्य र प्रदेश, महिला, युवा संगठन र साझेदार गठबन्धनका प्रतिनिधि यसमा सहभागी हुन्छन्। सहभागीले बैकल्पिक मनोनयन प्रस्ताव गर्न पाउने भए पनि प्रतिस्थापन गर्नको लागि प्रस्तावका साथमा ६० प्रतिशत मत चाहिन्छ । राष्ट्रियसभा र प्रादेशिक विधायिकाको लागि प्रादेशिक सूची पनि अनुमोदनको लागि अधिवेशनमा प्रस्तुत गरिन्छ । प्रदेशले पार्टीको नियमावलीमा उल्लेख गरिएका प्रावधान पूरा नगरेमा मात्र यसलाई परिवर्तन गरिन्छ।

७. यो अस्थायी सूचीलाई निश्चित अवधिसम्मको लागि अफ्रिकन नेशनल कंग्रेसको संरचनाबाट पुनरावेदन वा दाबी विरोधको लागि खुला राखिन्छ । कुनै पुनरावेदन वा दाबी विरोध आएमा पुनरावेदन समितिले यसको सम्बोधन गर्दछ।

८. राष्ट्रिय सूची निर्धारण समितिले सूचीलाई अन्तिम रूप दिन्छन् । माथि उल्लेख गरिए जस्तै दक्षिण अफ्रिकी ट्रेड युनियन कंग्रेस (सीओएसएटीयू), द साउथ अफ्रिकन कम्युनिष्ट पार्टी (एसएसीपी) र द साउथ अफ्रिकन नेशनल सिभिक अर्गनाइजेशन (एसएएनसीओ)सँगको गठबन्धनमा अफ्रिकन नेशनल कंग्रेसले चुनावमा प्रतिस्पर्धा गर्ने गरेको छ । सामान्यतया, गठबन्धनका साझेदार अफ्रिकन नेशनल कंग्रेस पार्टीका शाखा समिति (मनोनयनको चरणमा)मार्फत र सूची निर्धारण समितिका साथै प्रादेशिक र राष्ट्रिय तहका सूची निर्धारण अधिवेशनमा प्रतिनिधि पठाएर यो प्रक्रियामा सहभागी हुन्छन् । उदाहरणको लागि सन् १९९६ को स्थानीय

निर्वाचन अधिको सूची निर्धारण समितिमा अफ्रिकन नेशनल कंग्रेसका तीनजना प्रतिनिधि, दक्षिण अफ्रिकी ट्रेड युनियन कंग्रेस र द साउथ अफ्रिकन कम्युनिष्ट पार्टीका एक/एकजना, अफ्रिकन नेशनल कंग्रेस युवा तथा महिला संगठनबाट एक/एकजना प्रतिनिधि र द साउथ अफ्रिकन नेशनल सिभिक अर्गनाइजेशनबाट दुईजना प्रतिनिधि रहेका थिए ।

वर्तमान प्रणालीको सबल र कमजोर पक्ष : पार्टीको सूची निर्धारण प्रक्रिया पार्टीको केन्द्रिय निकायले व्यवस्थापन गर्ने भएपनि प्रक्रियाको प्रत्येक चरणमा पुनरावेदन र दाबी विरोधका लागि निश्चित समय छुट्याइन्छ । उमेद्वार छनौट प्रक्रियामा कार्यविधिमा शाखा समितिको उल्लेख्य र पारदर्शी सहभागिताको व्यवस्था पनि गरिएको छ । पार्टीको केन्द्रिय नेतृत्वले अन्तिम सूचीमा अत्याधिक प्रभाव पार्न सक्ने जोखिम घटाउन पद-पदको लागि छुट्टाछुट्टै मत दिने गरी अन्तिम सूचीको अनुमोदनका लागि प्रादेशिक र गठबन्धनका प्रतिनिधिको सहभागिताको व्यवस्था गरिएको छ । यसैगरी राष्ट्रिय सूची निर्धारण सम्मेलनमा प्रतिनिधिले मनोनित व्यक्तिलाई प्रतिस्थापन गर्न पाउने व्यवस्था छ । यस्तो अभ्यासको तुलनात्मक अध्ययनका लागि बक्स १२ मा दक्षिण अफ्रिकाको अर्को पार्टीले प्रयोग गर्ने उमेद्वार छनौट प्रक्रियाबारे व्याख्या गरिएको छ ।

पार्टीका संरचना र सदस्यले तयार गरेका विभिन्न दस्तावेज वा वक्तव्यले नेतृत्व र उमेद्वार चयन प्रक्रियाका विषयमा अफ्रिकन नेशनल कंग्रेसभित्र व्यापक छलफलबारे गरिन्छ र यसबारे प्रकाश पारिन्छ । सन् २००२ को राष्ट्रिय सम्मेलन अगाडि पार्टीको केन्द्रिय कार्यसमितिले *"थ्रू द आइ अफ द निडल"* नामको एउटा छलफलपत्र जारी गऱ्यो । सो पत्रमा आन्तरिक रूपमा र सरकारमा पार्टीका चुनौतीको खाका प्रस्तुत गरिएको थियो र त्यसको सामना गर्न नेतृत्वमा आवश्यक केही गुणको पनि व्याख्या गरिएको थियो (केन्द्रिय कार्यसमितिमा सभापति, उप-सभापति, राष्ट्रिय अध्यक्ष, महासचिव, उप-महासचिव र कोषाध्यक्ष रहन्छन्) ।

उमेद्वार र नेतृत्व चयनको सन्दर्भमा पहिचान गरिएको एउटा चुनौती के थियो भने प्रतिनिधि चुन्ने र मनोनयन गर्ने काममा वास्तविक पार्टी सदस्य मात्र सहभागी भएको सुनिश्चित गर्नु पर्ने हुन्छ । अर्को चुनौती भनेको "अपलाई प्रभावित पार्न सक्ने, र साथसाथै विभिन्न तर्कको लेखाजोखा गर्न सक्ने र आन्दोलनको हितमा काम गर्ने" प्रतिनिधिको छनौट गर्नुपर्ने हुन्छ । यतिमात्र होइन, यस दस्तावेजमा भनिए झैं "प्रतिनिधि भनेका सूचीमा बाँधिएका र सचेतकको ह्वीपमा प्रतिबद्ध यान्त्रिक र विचारशून्य हुँदैनन् ... प्रतिनिधि पार्टीको शाखा समिति, क्षेत्र वा प्रदेशको समग्र कार्यादेशबाट निर्देशित हुनुपर्ने हुन्छ । तथापि, प्रत्येक प्रतिनिधिले आन्दोलनको हितको पक्षमा उमेद्वार मनोनयन गर्ने व्यक्तिको मूल्याङ्कन गरिनुपर्छ । यसैको आधारमा निजले व्यक्तिगत विवेकको पनि प्रयोग गर्नुपर्छ भन्ने अपेक्षा गरिन्छ" भन्ने सवाल समावेश गएिको छ । यही दस्तावेजमा "जालझेल गरेर ठेक्का पाउनको लागि अफ्रिकन नेशनल कंग्रेसको संरचना र सरकारमा बढुवा गराइदिन सक्ने भन्ने कुराको पहिचान गर्ने" कम्पनीबारे पनि चिन्ता व्यक्त गरिएको छ । "आमसञ्चार सञ्जाल प्रयोग गरेर अन्य नेताको बदनाम गरेर, वा नाम मात्रको अफ्रिकन नेशनल कंग्रेसको पार्टी शाखा समिति स्थापना गर्नको लागि सदस्यता खरिद गरेको समेत देखिन्छ" । यो दस्तावेजले सबै सदस्यलाई सम्भावित मनोनयन खुला गर्न र औपचारिक संयन्त्र प्रयोग गरी छलफल गर्न आह्वान गरेको छ ।

द कन्जर्भेटिभ पार्टी (बेलायत)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : कन्जर्भेटिभ पार्टीको सुरूवात सत्रौं शताब्दीको उत्तरार्धदेखि उन्नाइसौं शताब्दीको मध्यसम्म बेलायती राजनीतिमा सक्रिय रहेको तोरी पार्टीसँग जोडिएको छ । तर, "कन्जर्भेटिभ" भन्ने शब्दावली सुरूमा सन् १८३० तिर व्यापक रूपमा प्रयोग भएको थियो, र कन्जर्भेटिभ पार्टीको पहिलो मुख्यालय सन् १८३२ मा स्थापना भएको थियो । यसको सैद्धान्तिक अडान मध्यमबाट दक्षिणपन्थी हो ।

सन् १८८५ देखि यता, कन्जर्भेटिभ पार्टीले बेलायतका अधिकांश आम निर्वाचन जितेको छ । यसका प्रतिद्वन्दीहरूले सन् १९०० पछि जम्मा छ चोटि मात्रै सहज बहुमत पाएको छ । लिबरलले सन् १९०६ देखि १९१० सम्म र लेबर पार्टीले सन् १९४५ देखि सन् १९५०, १९६६ देखि सन् १९७०, १९९७ देखि २००१, २००१ देखि सन् २००५ सम्म धेरै मत पाएको थियो भने कन्जर्भेटिभ पार्टीले सन् १९७९

बक्स १२ : डेमोक्रेटिक अलायन्सको सूची निर्धारण प्रक्रिया

डेमोक्रेटिक अलायन्स (डीए) दक्षिण अफ्रिकाको सबैभन्दा ठूलो प्रतिपक्षी दल हो । यससँग हाल राष्ट्रियसभाका ५० सिट छन् । दलको संघीय नियमअनुसार राष्ट्रियसभाको लागि दलले राष्ट्रिय सूची नभई क्षत्रीय सूचीमात्र पेश गर्नुपर्छ । यसको सूची निर्धारण प्रक्रिया अफ्रिकन नेशनल कंग्रेसको भन्दा उल्लेख्य रूपमा फरक छ ।

२००२ को विधान अनुसार

दलको २००२ को विधानअनुसार प्रादेशिक अधिवेशनले केन्द्रिय, प्रादेशिक र स्थानीय चुनावको लागि उमेद्वार छनौट गर्ने आफ्नै नियम बनाउन पाउने व्यवस्था गरिएको थियो । प्रादेशिक अधिवेशने तय गरेको नियमावली संघीय परिषद्ले अनुमोदन गर्नपर्थ्यो र देहायका सवालमा उल्लेख भएका केही शर्त पूरा गर्नु पर्थ्यो :

- प्रत्येक प्रादेशिक छनौट समूहमा पार्टीको राष्ट्रिय नेतृत्वलाई पनि सदस्यको रूपमा राख्नुपर्थ्यो ।
- राष्ट्रियसभा सदस्यको लागि मनोनयन आकांक्षीको पूर्ण सूचीको क्रम निर्धारण गर्नु अगाडि नै केन्द्रिय नेतृत्वलाई पठाउनु पर्थ्यो । शीर्ष नेतृत्वले छनौट समूहलाई सम्बोधन गर्न पाउने र कुनै पनि मनोनयनमा पर्ने सम्भावित सदस्यको बारेमा आफ्नो धारणा व्यक्त गर्न पाउने व्यवस्था थियो ।
- प्रादेशिक छनौट समूहले सूचीमा क्रम निर्धारण गर्थ्यो । तर, स्थान ३, ७, १४, २१ र त्यसपछिका प्रत्येक ७ औँ स्थान भने खाली राख्नुपर्थ्यो ।
- रिक्त स्थानसहितको मस्यौदा सूची शीर्ष नेतृत्वसमक्ष पेश गरिन्थ्यो । त्यसपछि उनीहरूले सम्भावित उमेद्वारलाई रिक्त स्थानमा बढुवा गर्न सक्थे । तर, कसैलाई पनि क्रम घटुवा गर्न वा सूचीबाट हटाउन भने पाउँदैनथे ।
- नेतृत्वले गरेको निर्णयलाई छनौट समूहको दुई तिहाइ मतले उल्ट्याउन पनि सक्थ्यो ।

सन् २००४ को विधान र सन् २००७ को मनोनयनसम्बन्धी नियमावलीमा भएको व्यवस्था

पार्टीका पछिल्लो नियमअनुसार संघीय परिषद्ले उमेद्वार छनौटको लागि कार्यविधिको तय पार्दछ । संघीय परिषद्का अध्यक्ष, संघीय कानुनी आयोगका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, दक्षिण अफ्रिकाको स्वतन्त्र निर्वाचन आयोगमा दलको प्रतिनिधि र एसोसियसन अफ डेमोक्रेटिक अलायन्स (डीए)का काउन्सीलरको एकजना प्रतिनिधिसहितको एउटा संघीय उमेद्वार निर्वाचन समिति (एफसीईसी)ले छनौट प्रक्रियाको सञ्चालन गर्छ ।

- प्रादेशिक तहमा इलेक्टोरल कलेजको निर्वाचन गरिन्छ र सबै आकांक्षीको अन्तर्वार्ता लिइन्छ (व्यक्तिगत सदस्यको आवश्यक न्यूनतम संख्याले मनोनयन गरेमा) ।
- यस इलेक्टोरल कलेजको निर्वाचनपछि लक्षित सिट संख्याको दुईगुणा ठूलो हुने गरी अनुमोदित आकांक्षीको समूह निर्वाचित गर्न मतदान गर्दछ । इलेक्टोरल कलेजका सदस्यले संघीय उमेद्वार निर्वाचन समितिले छुट दिएको अवस्थामा बाहेक आवेदकको सबै अन्तर्वार्तामा भाग नलिई आकांक्षी समूहमा मतदान गर्न पाउँदैनन् ।
- प्रादेशिक तहका नेताले मनोनयन गरी छनौट समितिले अनुमोदन गरेर आकांक्षीको अन्तर्वार्ता र मूल्याङ्कन गर्छन् र त्यसपछि तिनीहरूको क्रम निर्धारण हुन्छ । त्यसपछि मात्रै संघीय र प्रादेशिक तहका नेताले छनौट समितिमा पठाउँछन् र त्यहाँ मनोनयनबारे सम्बोधन गरिन्छ ।
- प्रादेशिक कार्यकारीले छनौट समितिले तयार गरेको सूचीको समीक्षा गर्दछ र आफ्नो दुईतिहाइ बहुमतको प्रयोग गरी सूचीमा भएका व्यक्तिलाई तल वा माथि सार्न सक्दछ अथवा सूचीलाई दक्षता, लिङ्ग, र जातीको आधारमा सन्तुलित बनाउन र "जाति र गुटगत स्वार्थले अन्यायमा परेका" उमेद्वारका आकांक्षीको गुनासो सम्बोधन गर्न अनुमोदित सूचीमा नरहेका व्यक्ति पनि थप्न गर्न सक्दछ । तर, बढुवा भएका वा बाहिरबाट ल्याइएका व्यक्तिको संख्या १० प्रतिशत वा एउटा उमेद्वार (जुन बढी छ) भन्दा धेरै छनौट हुन पाउँदैन ।
- यसरी क्रम निर्धारण गरिएको सूचीको थप समीक्षा र टिप्पणीको लागि इलेक्टोरल कलेजमा फिर्ता पठाइन्छ । कार्यकारीले इलेक्टोरल कलेजले व्यक्त गरेका कुनै चासो र टिप्पणीमाथि विचार गर्नुपर्छ र सूचीलाई अन्तिम रूप दिनुभन्दा पहिले यहाँ उल्लेख गरिएका शर्त र बन्देजभित्र रही थप परिवर्तन गर्न सक्छ ।

देखि लगातार चारओटा आमनिर्वाचनमा (सन् १९७९, सन् १९८३, सन् १९८७ र सन् १९९२) विजय हासिल गरको थियो । तर, कालान्तरमा सन् १९९७ मा यो पार्टी नराम्ररी पराजित भयो । बिगत १० वर्षमा कन्जर्भेटिभहरू पार्टी स्व-मूल्याङ्कन र परिवर्तनको प्रक्रियाबाट गुज्रिरहेका छन् । यी पार्टीले आन्तरिक विभाजन मिलाउने, संरचनामा सुधार गर्ने, पुनःर्ताजगी गर्ने र लोकप्रियता बढाउने प्रयास गरिरहेका छन् । सन् २००५ को डिसेम्बरमा यो पार्टीले ह्वीट्नी अक्सफर्डशरको तर्फबाट सांसद भएका डेविड क्यामरूनलाई नेता चयन गऱ्यो । उनले पार्टीलाई निरन्तर र मुलभूतरूपमा सुधार गर्ने विषयमा अभियान चलाए ।

यो पार्टीका तीनओटा प्रमुख अङ्ग छन् : कन्जर्भेटिभ दलबाट संसदमा सदस्य हुनेको संसदीय दल, पार्टीभित्रका संगठनको छाता संगठन राष्ट्रिय अधिवेशन (मूलतः निर्वाचन क्षेत्रअनुसार संगठित) र पार्टीको व्यवसायिक अङ्ग अर्थात कन्जर्भेटिभ केन्द्रिय कार्यालय । यी अङ्गमध्ये केन्द्रिय कार्यालयले पार्टी मुख्यालयको सञ्चालन गर्छ र अनुमोदित उमेद्वारको सूची तयार गर्ने र पार्टीका समग्र कामहरू सञ्चालन गर्छ । यो पार्टीको वेबसाइटअनुसार, "कन्जर्भेटिभ पार्टीको मुख्य निर्णायक निकाय (पार्टी) बोर्ड हो । यो आर्थिक संकलन, सदस्यता वितरण र उमेद्वारी छनौटलगायत सबै कामका लागि यो बोर्ड जिम्मेवार हुन्छ । यसले महिनाको एकचोटी बैठक आयोजना गर्छ । यो बोर्डले कन्जर्भेटिभ पार्टीको केन्द्रिय कार्यालय, निर्वाचित जनप्रतिनिधि र ऐच्छिक सदस्य आदिसँग नजिक रहेर काम गर्दछ" । यो बोर्डमा पार्टीका तीन मुख्य अङ्गका प्रतिनिधि समावेश हुन्छन् ।

वेस्टमिन्स्टरको निम्ति निर्वाचन : वेस्टमिन्स्टर भनिने बेलायतको संसद हाउस अफ लर्डस् र हाउस अफ कमन्स्सहितको दुई सदनात्मक संसद छ । यसका ६४६ सदस्य पहिलो हुनेले जित्ने (एफटीटीपी) प्रणालीबाट प्रत्यक्ष निर्वाचित हुन्छन् । हाउस अफ कमन्स्का सदस्यको पाँच-वर्षे कार्यकाल हुन्छ । तर, यहाँ संसद विघटन भएपछि मात्रै निर्वाचनको आयोजना गरिन्छ र त्यस्तो बेला बहालवाला प्रधानमन्त्रीको तजबिजीमा सरकार चल्छ । त्यसैले यस्तो सुविधालाई राजनीतिक लाभको रूपमा पनि प्रयोग गर्ने गरिन्छ -बेलायतमा प्रधानमन्त्रीको सिफारिसमा रानी वा राजाले संसद विघटन गर्दछन्) ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- पहिलो हुने निर्वाचित हुने प्रणाली

सूची निर्धारण प्रक्रियाको मुख्य विशेषता

- नियमितरूपमा सूचि अद्यावधिक (पूर्व-मूल्याङ्कन प्रक्रियालाई प्रशिक्षणसँग जोडिने) हुने पूर्व-अनुमोदित केन्द्रिय सूचीबाट शाखा समितिले छनौट गर्ने
- पार्टीको शाखा तहमा हुने छनौट बैठकमा एक व्यक्ति एक मतको व्यवस्था
- "सुरक्षित" र "लक्षित" निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गर्न छानिएका महिला र जातीय अल्पसंख्यक उमेद्वारको संख्या बढाउने निर्णय हालसालै प्रयोग गरिएको अवस्था

पछिल्ला वर्षमा कन्जर्भेटिभ र लेबर पार्टीले पालैपालो सरकार बनाएका छन् । हाउस अफ कमन्स्मा ज्यादै थोरै अनुपातको सिटबाहेक सबैजसो सीट यी दुई दलसँग रहने गरेको छ । तर, सन् १९७० देखि अन्य दलले वेस्टमिन्स्टरमा आफ्नो सिटको अनुपात बढाएका छन् । सन् २००५ को निर्वाचनमा ६२ सिट जितेको लिबरल डेमोक्र्याट र डेमोक्रेटिक युनिअनिष्ट, प्लेड सिम्रु, द स्कटिश नेशनल पार्टी र सीन फेइनजस्ता क्षेत्रीय पार्टीले केही सिटमा जितेका छन् ।

वेस्टमिन्स्टर प्रणालीबाट निर्वाचन गर्दा सुरक्षित र लक्षित सिटको अवधारणा मुख्य हुने गर्दछ । धेरैजसो निर्वाचन क्षेत्र एउटा पार्टीको लागि सुरक्षित सिट हो भने अर्को पार्टीको लागि असम्भव सिट हो । तर, सिमान्तीकृत र लक्षित सिट भने एउटा पार्टीबाट अर्को पार्टीले खोस्नका लागि ठूलो भिडन्त हुने चुनावी युद्धक्षेत्र हुन् । कुनै निर्वाचन क्षेत्रको सिट जति सुरक्षित मानिन्छ त्यहाँबाट मनोनयन पाउँन त्यत्तिकै गाह्रो हुन्छ किनभने त्यहाँबाट मनोनय पाउने उमेद्वारले वेस्टमिन्स्टरमा निर्वाचित हुने सम्भावना लगभग निश्चित हुन्छ । एक अध्ययनअनुसार कन्जर्भेटिभका "सुरक्षित" सिटमा २०० देखि ३०० सम्मले उमेद्वारीका लागि आवेदन दिन्छन् भने सिमान्तीकृत सिटमा ५० देखि १०० सम्मले आवेदन दिन्छन् । यसैगरी "असम्भव" सिटमा १५ देखि ३० जनाले

मात्रै उमेद्वारीका लागि आवेदन दिन्छन् (डेन्भर १९८८)।

ऐतिहासिक दृष्टिकोणबाट उमेद्वार छनौट : ऐतिहासिकरूपमा उमेद्वार छनौटको नियम र कार्यविधि पार्टीको मुख्यालयले निर्माण गर्छ। तथापि निर्वाचन क्षेत्रस्तरका पार्टी पदाधिकारी र सदस्यलाई आफ्नो निर्वाचन क्षेत्रको उमेद्वार चयनको अन्तिम निर्णयमा सहभागी गराइन्छ। दशकौंदेखि बेलायतका मुख्य दललेजस्तै कन्जर्भेटिभ पार्टीले पनि उमेद्वार छनौटका लागि मूल रूपमा एउटै विधि अपनाउँदै आइरहेका छन्। सबैजसो दलमा पार्टीको केन्द्रिय निकायले पूर्व परीक्षण गरिएका उमेद्वारको "अनुमोदित सूची" तयार गर्दछ र त्यसैबाट निर्वाचन क्षेत्रका निकायले उमेद्वार छनौट गर्नु पर्ने वा गर्नको लागि प्रोत्साहित गर्ने व्यवस्था छ।

स्क्रिनिङ भनिने पूर्व परीक्षण प्रक्रियालाई राष्ट्रिय तहमा व्यवस्थापन गर्न पार्टीको बोर्डले एउटा उमेद्वार समिति गठन गर्दछ। उमेद्वार समितिको जिम्मेवारीमा अनुमोदित सूचीको निर्माण हुन्छ। यसका अतिरिक्त, प्रत्येक निर्वाचन क्षेत्र समितिले आफ्नो निर्वाचन क्षेत्रको लागि प्रारम्भिक संक्षिप्त सूची निर्माण गर्नको लागि एउटा छनौट समिति गठन हुन्छ। सामान्यतया यस्तो छनौट समितिमा एसोशियनका पदाधिकारी, महिला, युवा र अन्य पार्टीमा आवद्ध समूहका प्रतिनिधि रहने गर्छन्। छनौट समितिको सुझावको आधारमा निर्वाचन क्षेत्र समितिले मतदान गरेर आफ्नो उमेद्वार चयन गर्दछ।

समयसँगै बहालवाला जनप्रतिनिधिको पुनः छनौटको प्रक्रिया, अनुमोदित सूचीमा स्थान सुरक्षित गर्नको लागि आवश्यक शर्त, निर्वाचन क्षेत्रको छनोटलाई उल्ट्याउने र प्रभावित पार्ने केन्द्रिय पार्टीको अधिकार आदिमा बिस्तारै परिवर्तन आउँदैछ। यसका साथै निर्वाचन क्षेत्रको नौटकर्ता चयनमा पनि केही परिवर्तन हुँदैछ। उदाहरणको लागि सन् २००५ मा पार्टीका अध्यक्षले उमेद्वार छनौटसम्बन्धी विधानका प्रावधानलाई कार्यविधिलाई अनुकूलन बनाउनका लागि थप लचकता अपनाउँदै सरलीकृत गरियोस् भन्ने प्रस्ताव राखेका थिए। सोहीबमोजिम बनेको नयाँ नियममा निर्वाचन क्षेत्र समितिले आफ्नो उमेद्वार आफैँ छान्न पाउने व्यवस्था यथावत राखियो, तर त्यसो गर्दा पार्टीको बोर्डले प्रकाशन गरेको कार्यविधिअनुसार गर्नुपर्ने कुरा नि समावेश गऱ्यो। यसका अतिरिक्त "कुनै उमेद्वारको उमेद्वारी पार्टीको सर्वोच्च हित विपरित हुने भएमा" पार्टीको बोर्डलाई सो उमेद्वारको मनोनयन रोक्न सक्ने अधिकार दिनुपर्ने र उमेद्वारलाई अनुमोदित सूचीबाट निलम्बन गर्ने वा हटाउने अधिकार दिनुपर्ने प्रस्ताव गरिएको थियो।

त्यसैगरी, साधारण सदस्यलाई समेत समेट्ने गरी छनौट कार्यदलको बिस्तार हुनुपर्ने, निर्वाचन क्षेत्र समितिको कार्यकारी परिषद्ले उमेद्वार चयनको लागि एक्जस्टिभ ब्यालट भनिने मतदान विधि प्रयोग गरी मतदान गर्ने सवाल पनि प्रस्तावमा थियो। यसैगरी उमेद्वारी औपचारिक अनुमोदनको लागि समिति सदस्यको साधारण बैठक सामु पेश गर्नुपर्ने कुरा पनि उल्लेख थियो (कार्यकारी परिषद् भनेको निर्वाचन क्षेत्र समितिको सञ्चालक समिति हो)। कार्यकारी परिषद्सँग अन्तिम मतको लागि साधारण बैठकमा दुईजना सम्भावित उमेद्वारको नाम पेश गर्ने र सिद्धान्ततः साधारण बैठकले कार्याकारी परिषद्ले सिफारिस गरेको व्यक्तिलाई अनुमोदन गर्न अस्वीकार गर्न सक्थ्यो। तर, व्यवहारिकरूपमा यस्तो अभ्यास भने बिरलै मात्र हुने गरेको थियो (डेन्भर १९८८)। तर, पार्टीको केन्द्रिय अङ्गले बनाएको अनुमोदित सूचीको आधारभूत प्रणाली यस प्रक्रियाको मूल तत्व रहिआएको छ। यस विधिले सदस्यको सम्मान कमाएका पार्टीका वरिष्ठ पदाधिकारीलाई अनुपयुक्त उमेद्वारलाई हटाउने र आशालाग्दा उमेद्वारलाई पुनःआवेदन गर्न प्रोत्साहित गर्ने अवसर दिन्छ। कतिपय आवेदकले दोस्रो वा तेस्रो प्रयासमा मात्र अनुमोदित सूचीमा स्थान सुरक्षित गर्न सफल हुन्छन्। जुनसुकै समयमा निर्वाचनको घोषणा हुन सक्ने भएकाले अनुमोदित सूचीको पूर्व परीक्षण र उमेद्वार छनौटको प्रक्रिया निरन्तर सञ्चालन हुन्छ। कतिपय अवस्थामा उमेद्वार अर्को चुनावभन्दा वर्षौं पहिले छानिएका हुन्छन्। यसो गर्दा निर्वाचन क्षेत्र समितिले उमेद्वार रोज्न पाउँछ।

हालैका सुधार : पार्टीको नेता चयन भएको केही दिनमै डेविड क्यामरूनले महिला, अश्वेत र अन्य अल्पसंख्यक समुदायबाट कन्जर्भेटिभ सांसदको संख्या बढाउने गरी नाटकीय परिवर्तनको घोषणा गरे। उनले कम्तीमा आधा संख्या महिला रहने र १० प्रतिशत जातीय अल्पसंख्यकबाट रहने गरी "उज्जवल र उत्कृष्ट" उमेद्वारलाई प्राथमिकताका साथ समावेश गर्ने गरी परिवर्तनको थालनी गरे। कन्जर्भेटिभ पार्टीले जितेका र लक्षित निर्वाचन क्षेत्रका समितिले यसै सूचीबाट उमेद्वार चयन गरून् भन्ने अपेक्षा थियो। उनले गरेको दोस्रो परिवर्तन भनेको पार्टी बाहिरका व्यक्तिलाई समेत समेट्ने गरी छनौट प्रक्रियामा सहभागिता बिस्तार गरे। निर्वाचन क्षेत्र समितिले प्रत्येक उमेद्वारको तुलनात्मक

सबल पक्षबारे टिप्पणी गर्न सामुदायिक प्यानलको छनौट गर्न सक्थे वा अन्तिम छनौट गर्नको लागि (खुला वा बन्द) प्राइमरीको प्रयोग गर्न सक्थे । उमेद्वार छनौट प्रक्रियामा गरिएका यो परिवर्तनले समग्र पार्टीलाई नै नवीनकरण गर्ने बृहत् प्रयासको एउटा अंश थियो । यसका अतिरिक्त पार्टीले उत्तरी आयरल्याण्डसम्म पार्टीको समर्थन बिस्तार गर्न प्रयास गऱ्यो र आफ्नो नीति निर्माण प्रक्रियामा जनसहभागिता बढाउने कोशिश गऱ्यो ।

वेस्टमिन्स्टर प्रणालीमा उमेद्वार छनौट प्रक्रिया

उमेद्वारको योग्यता : उमेद्वारको लागि योग्यताका शर्त पार्टी नियमावलीमा औपचारिकरूपमा परिभाषित गरिएको छैन । तर, हालैका पार्टी दस्तावेजले "कन्जर्भेटिभ दलको सांसद कसरी बन्ने" सबैभन्दा प्रभावकारी उमेद्वार र सांसद बन्ने सातओटा मूल क्षमताको पहिचान गरेको छ । ती आधारहरू निम्नानुसार रहेका छन् :

- सञ्चार सीप,
- बौद्धिक (प्राज्ञिक नै हुनुपर्छ भन्ने होइन)
- मानिसको कुरा बुझ्न सक्ने र मानिससँग सम्बन्ध गाँस्न सक्ने
- अभियान सञ्चालन गर्ने दक्षता,
- नेतृत्वदायी तथा प्रेरणामुलक सीप,
- उत्थानशील र उत्प्रेरक,
- र, निष्ठा (मूल विश्वास र मूल्य) ।

बहालवाला जनप्रतिनिधिको लागि कार्यविधि: एक अध्ययनअनुसार सन् १९७० को दशकको उत्तरार्धसम्म बेलायतको सबै पार्टीका छनौट प्रक्रियाले बहालवाला सांसदलाई नै पुनःउठाउने कुराले प्राथमिकता पाउँथ्यो । त्यसका लागि बहालवाला सांसदले पदमा रहने इच्छा मात्र व्यक्त गर्नुपर्थ्यो (डेन्भर १९८८) । बहालवाला सांसदले निरन्तरता दिने इच्छा व्यक्त गरेको खण्डमा निर्वाचन क्षेत्र समितिको साधारण बैठकमा प्रस्ताव राखिन्थ्यो र लगभग सधैँ पारित हुन्थ्यो । तर, सन् २००२ को पार्टी नियमावलीअनुसार बहालवाला सांसदले आफ्नो निर्वाचन क्षेत्रको कार्यकारी परिषद् समक्ष लिखित आवेदन दिनुपर्छ । कार्यकारी परिषद्ले इन्कार गरेमा हुलाकमार्फत सबै सदस्यको मतको अनुरोध गर्ने अधिकार दिइएको छ वा कार्यकारी परिषद्ले बनाउने व्यक्तिको संक्षिप्त सूचीमा समावेश हुन पाउने अधिकार हुन्छ ।

सन् २००५ मा पार्टीका अध्यक्षले कन्जर्भेटिभ पार्टीको ह्वीप पालना गर्ने कुनै पनि सांसदलाई स्वतः अनुमोदित सूचीमा समावेश गर्नुपर्ने भनी नियम लागू गर्ने प्रस्ताव गरे । संसदीय दलमा अनशासन लागू गर्न पार्टीका सचेतक जिम्मेवार हुन्छन् । संसदीय दलको अनुशासनका शर्त पूरा गर्ने सांसदलाई "इन रिसिट अफ ह्वीप" अर्थात् ह्वीप पालना गरेको भनिन्छ । बहालवाला सांसदबाट ह्वीप हटाइएको अवस्थामा उनीहरूलाई अनुमोदित सूचीमा राख्ने कि नराख्ने भन्ने विषयमा उमेद्वार समितिले सोच्न सक्छ ।

प्रमुख चरण

१. पार्टीको बोर्डले कार्यविधि निर्माण गर्न जिम्मेवार र भविष्यमा अनुमोदित सूची विकास गर्न जिम्मेवार उमेद्वारसम्बन्धी समिति गठन गर्दछ ।
२. इच्छुक व्यक्तिले बिस्तृत आवेदन फारम भरी कन्जर्भेटिभ पार्टीको केन्द्रिय कार्यालयमा पेश गर्छन् । फारममा आवेदकले अनुभवका सबै सूचना समावेश गर्छन र सिफारिस गर्न सक्ने व्यक्तिको सूची प्रदान गर्छन् । आवेदन फारम भर्नुभन्दा पहिले इच्छुक व्यक्तिले पार्टीका पदाधिकारीलाई भेटेर बिकल्पबारे छलफल गर्न सक्छन् ।
३. उमेद्वार सम्बन्धी समितिले आवेदनको समीक्षा गर्छ र थप पृष्ठभूमि जाँच गर्दछ । संक्षिप्त सूचीमा परेका उमेद्वारलाई संसदीय मूल्याङ्कन बोर्डले मूल्याङ्कनको लागि बोलाउँछ ।
४. संक्षिप्त सूचीमा परेका आवेदकलाई एक दिने वा पीएबी कार्यक्रममा मूल्याङ्कन गरिन्छ । उक्त कार्यक्रममा आमन्त्रण गरिएका प्रत्येक आवेदकले २५० पाउण्ड शुल्क तिर्नुपर्छ ।
५. पीएबी मूल्याङ्कनमा सफल आवेदकलाई संसदीय उमेद्वारको अनुमोदित सूचीमा राखिन्छ । पार्टीले भनेको छ "सबै जना पहिलो पटकमै सफल हुँदैनन्, कतिपयलाई पुनः प्रयास गर्नुभन्दा पहिले केही प्रशिक्षण वा केही अनुभव आवश्यक पर्न सक्छ । त्यसैगरी, कहिलेकाहीँ हामीले कुनै व्यक्ति उमेद्वार हुनको लागि उपयुक्त छैन भन्ने निर्णय पनि गर्न सक्छौँ" ।
६. अनुमोदित सूचीका सदस्यले प्राथमिकता प्रमाणिकरणको लागि आवेदन दिन सक्छन् । यसले उनीहरूलाई

कन्जर्भेटिभ पार्टीले जितेको र लक्षित सिटमा आवेदन दिन योग्य बनाउँछ । प्राथमिकतामा परेका आवेदकलाई पार्टीका वरिष्ठ सदस्यले र सांसदले अन्तर्वार्ता लिएर निश्चित दक्षता र शर्तमा मूल्याङ्कन गर्छन् । प्राथमिकता सूचीको कम्तीमा ५० प्रतिशत महिला हुनुपर्ने र १० प्रतिशत जातीय अल्पसंख्यक हुनुपर्ने व्यवस्था पार्टीमा छ ।

७. निर्वाचन क्षेत्रको कार्यकारी परिषद्ले स्थापना गरेको उमेद्वार छनौट समितिले उमेद्वार छनौटको लागि आवेदन प्रक्रिया खुलाउँछन् । अनुमोदित सूचीका सदस्यलाई कन्जर्भेटिभ पार्टीको केन्द्रिय कार्यलयले रिक्त स्थानबारे जानकारी गराउँछन् र उनीहरूलाई निर्वाचन क्षेत्रको उमेद्वार छनौट समितिमार्फत निर्वाचन क्षेत्र समितिमा आवेदन दिन लगाइन्छ । कतिपय सम्भावित उमेद्वारले एकभन्दा बढी निर्वाचन क्षेत्र समितिमा आवेदन दिन्छन् ।

८. निर्वाचन क्षेत्रको उमेद्वार छनौट समितिले आवेदनको समीक्षा गर्दछ । सबैभन्दा आकर्षक आकांक्षीलाई अन्तर्वार्ताको लागि बोलाउँछन् र निर्वाचन क्षेत्रको कार्यकारी परिषद्मा पठाउनको लागि कम्तीमा तीन उमेद्वार सहितको प्रारम्भिक संक्षिप्त सूची तयार गर्छन् ।

९. निर्वाचन क्षेत्रको कार्यकारी परिषद्ले प्रारम्भिक संक्षिप्त सूचीमा रहेका व्यक्तिको अन्तर्वार्ता लिएर मतदानको लागि अन्तिम संक्षिप्त सूची तयार गर्दछ । डेविड क्यामरूनले जारी गरेको नयाँ नियमअनुसार कन्जर्भेटिभले जितेका वा लक्ष्यित निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र समितिले स्थानीय सरोकारवालाको प्यानल बनाएर सो प्यानललाई प्रत्येक उमेद्वारको अन्तर्वार्ता लिन लगाउँछ र त्यसपछि अन्तिम सूची बन्नुभन्दा पहिले आकांक्षीको तुलनात्मकरूपमा सबल पक्षबारे भन्न लगाइन्छ । यसरी विचार राखेपछि आफ्नो क्षेत्रमा दर्ता भएका सबै मतदातामाझ अन्तिम संक्षिप्त सूचीमा पर्नका लागि मतदानमा सहभागी हुन खुला गरिएकामध्ये एउटा बिकल्प रोज्न सक्छन् ।

१०. उमेद्वारको अन्तिम संक्षिप्त सूची निर्वाचन क्षेत्रको विशेष बैठकमा पेश गरिन्छ । अन्तिम चरणको छनौट टोली निर्वाचन क्षेत्र पिच्छे फरक हुन सक्छ । अन्तिम सूची निर्धारणको लागि सामुदायिक प्यानलको परामर्श लिइसकेको छ भने निर्वाचन क्षेत्रको कार्यकारीले एउटा विशेष बैठकमा सामान्य सदस्यता मतको लागि अन्तिम सूची प्रस्तुत गर्न सक्छन् । अन्यथा, उनीहरूले कन्जर्भेटिभ समर्थकको रूपमा दर्ता भएका (पार्टीका सदस्य नभए पनि) व्यक्ति वा निर्वाचन क्षेत्रभित्रका दर्ता भएका मतदाता सामु मतपेटिका खुला गर्नुपर्छ । भर्खरै यो प्रक्रियामा परिवर्तन हुनुभन्दा पहिले चाहिँ प्रत्येक उमेद्वारले संक्षिप्त प्रस्तुती गरेर दर्शक स्रोताको प्रश्नको उत्तर दिन्थे । अहिले एकजना सहजकर्ताले उमेद्वारलाई प्रश्न गर्छन् । यो बाहेक, सहजकर्ताले दर्शक स्रोताबाट पनि प्रश्न लिन सक्छन् । बैठकभन्दा पहिले प्रत्येक उमेद्वारलाई निश्चित समय सडकमै गएर त्यहाँका बासिन्दालाई भेट्न पठाइन्छ । अन्तर्वार्तामा उमेद्वारलाई निर्वाचन प्रचार प्रसारबारे अनुभवका लागि यसरी पठाइयो भने आकांक्षीको अनुभावबारे पनि प्रश्न सोधिन्छ ।गर्दा उमेद्वारको अनुभवबारे प्रश्न सोधिन्छ ।

हालैका सुधारका प्रभाव : उमेद्वार छनौटसम्बन्धी हालैका परिवर्तनलाई विवादास्पद रूपमा लिइएको छ । विपक्षीले सूची प्रणालीको प्रयोग गर्दा पार्टीको मुख्यालयबाट अनावश्यक हस्तक्षेप हुने र गुणभन्दा पनि लैङ्गिकता र जातीको आधारमा उमेद्वार छनौटलाई बढावा दिने चिन्ता व्यक्त गरेका छन् ।

सन् २००७ को जनवरीमा प्राथमिकता सूचीमा "लण्डनका धेरैजसो झोले र वकिल" परेको भन्ने विषयमा धेरै चिन्ता व्यक्त गरिएको थियो । त्यसपछि अनुमोदित सूचीमा कुनै पनि सिटको लागि आवेदन दिन सक्ने भनेर पार्टीका नेताले परिवर्तनको घोषणा गरेका थिए । यो परिवर्तनको उद्देश्य एसोशियसनलाई आफ्नो क्षेत्रमा भिजेको मान्छे छान्न सजिलो बनाउने र प्राथमिकता नपाएका अनुमोदित सूचीका व्यक्तिलाई थमथमाउनु थियो । त्यसपछिको परिवर्तनले निर्वाचन क्षेत्रलाई मुख्य दुई बिकल्प प्रदान गऱ्यो । पहिलो, चारजनाको छोटोसूची तयार गर्नको "ठूलो कार्यक्रम" आयोजना गरी प्रत्येक सदस्यलाई महिलाको लागि दुई र पुरुषको लागि दुई गरी जम्मा चार मताधिकार प्रदान गरियो । संक्षिप्त सूचीमा महिला हुन्थे । त्यसपछि निर्वाचन क्षेत्रका पदाधिकारीले विस्तृत अन्तर्वार्ता लिएर अन्तिम उमेद्वार चयन गर्थे । दोस्रो बिकल्पमा, निर्वाचन क्षेत्रभित्रको मतदाता सूचीमा रहेका जोकोहीले पनि संक्षिप्त सूचीमा मतदान गर्न पाउँथे र लैङ्गिकताको कुनै शर्त पूरा गर्नु पर्ने थिएन । त्यसपछिका सुधारमा निर्वाचन क्षेत्रले जुनसुकै

बक्स १३ : कन्जर्भेटिभ पार्टीको विमेनटुवीन

बेलायतमा महिला प्रधानमन्त्री (मार्गारेट थ्याचर) बनाउने एक मात्र पार्टी कन्जर्भेटिभ पार्टी हो । तर, पार्टीको सबै तहमा महिलाको भूमिका सक्रिय भए पनि कन्जर्भेटिभ पार्टीको संसदीय दलमा भने उनीहरूको प्रतिनिधित्व कम रहँदै आएको छ ।

उमेद्वार छनौट गर्दा गुणको आधारमा छान्नुपर्छ भन्दै इतिहासदेखि नै पार्टीले सकारात्मक विभेदलाई इन्कार गर्दै आएको थियो । तैपनि, पार्टीले लैङ्गिक विभेद (निर्वाचनमा उमेद्वार) सम्बन्धी ऐन ल्यायो । चुनावमा उमेद्वारबीच लिङ्गको आधारमा भेदभाव गर्न नपाइने व्यवस्था उक्त ऐनमा थियो । लेबर पार्टीले प्रस्तुत गरेको यो ऐनअनुसार पार्टीले उमेद्वार छनौटमा सकारात्मक विभेद प्रयोग गर्न पाउँछन्, तर अनिवार्य छैन ।

सन् २००५ मा कन्जर्भेटिभ पार्टीका पुरुष र महिलाको एक समूहले *विमेनटुवीन* भन्ने अभियानको सुरूवात गऱ्यो । "जित्ने सम्भावना बढी भएका र अघिल्लो चुनावमा कन्जर्भेटिभ पार्टीले जितेका सिटमा महिला मनोनयन बढाउनको लागि अभियान सञ्चालन गरिएको थियो । कन्जर्भेटिभ पार्टीको तर्फबाट संसदीय उमेद्वारको छनौट प्रक्रियाका लागि यो सकारात्मक र आमूल सुधारको लागि गरिएको दबाब थियो (यसमा महिला मात्रैको संक्षिप्त सूचीभन्दा केही कम मात्रमा उमेद्वार थिए) । संसदमा जान चाहने कन्जर्भेटिभ महिलालाई सहयोग र सल्लाह प्रदान गरेर पार्टीको तप(र्फबाट महिला सांसदको संख्या बढाउनका लागि" तय गरिएको यो सकारात्मक पहल हो । *विमेनटुवीन* भन्ने अभियान सञ्चालन भएको केही हप्तापछि संसदीय दलको नेताको रूपमा डेविड क्यामरून निर्वाचित भएका थिए र उमेद्वार छनौटको लागि नयाँ कार्यविधि घोषणा गरिरेका थिए ।

विमेनटुवीन अभियानले महिलालाई पार्टीको सदस्यता वितरण गर्ने, उनीहरूलाई प्रशिक्षण दिने, अनुशिक्षण प्रदान गर्ने र पार्टीमा सफल हुनको लागि आवश्यक सहयोग प्रदान गर्ने काममा सक्रियतापूर्वक भूमिका खेलिरहेको छ । उदाहरणको लागि सन् २००६ को जनवरीदेखि मे महिना सम्ममा, लण्डन, बर्मिङ्घम र म्यान्चेस्टरमा *विमेनटुवीन* रोड शो सेमिनारको आयोजना गरी पहिले कुनै राजनीतिक अनुभव नभएका १०० जना महिलालाई सदस्यता वितरण गऱ्यो र उमेद्वार बन्न वा पार्टीमा अन्य कुनै महत्वपूर्ण भूमिकामा काम गर्न प्रोत्साहित गऱ्यो (उदाहरणको लागि राजनीतिक सल्लाहकारको रूपमा भूमिका दिइयो) । त्यसपछि छनौट भएका थुप्रै महिलाले *विमेनटुवीन*बाट सहयोग प्राप्त गरेका छन् ।

विमेनटुवीन अभियानको लागि महिलासँग जनसम्पर्क गर्नु निर्वाचनमा सफलता पाउनको लागि अपनाइने रणनीतिको एक हिस्सा हो । यस संस्थाको वेबसाइटमा देहाय बमोजिमका कुरा लेखिएका छन् ।

"कन्जर्भेटिभ पार्टी महिला मतदाताको पार्टी हुने गर्थ्यो र युद्धपछि हामीले जितेका प्रत्येक निर्वाचन महिला मतदाताको अगुवाइको आधारम हुने गर्थ्यो... अब हामीले महिलाको मत पुनः जित्न अझैं बाँकी छ र यसको निरन्तरता भयो भने हामीले निर्वाचनमा हारलाई निरन्तरता दिने छौँ... हामीले देहाय बमोजिमको काम गऱ्यौं भने निर्वाचनमा हामीले आफूलाई प्राप्त हुने सहयोगलाई उल्लेख्यरूपले बढाउन सक्छौँ ।

- जित्ने सम्भावना बढी भएका सिटमा हाम्रा उमेद्वारको लैङ्गिक तथा जातीय विविधताले आधुनिक बेलायतको प्रतिनिधित्व गर्दछ भनी दृढ निश्चय गर्ने ।
- हाम्रो नीतिगत प्राथमिकता मानिसलाई आजको दिनमा साँच्चै असर गर्ने विषय अर्थात् स्वास्थ्य, शिक्षा, बालबच्चा र वृद्धवृद्धाको हेरचाह र अपराध (नियन्त्रण)तर्फ पुनःध्यान दिने ।
- प्रतिपक्षमा रहँदा थप रचनात्मक र सकारात्मक शैली अपनाउने र दुश्मनी र असयोगी व्यवहार कम देखाउने ।" (www.women2win.com)

विधि अपनाएको भए पनि प्रक्रियाको प्रत्येक चरणमा ५० प्रतिशतको लैङ्गिक सन्तुलन कायम गर्नैपर्ने व्यवस्था गरियो (निर्वाचन क्षेत्रले अझैं पनि प्राथमिकताका उमेद्वारलाई मात्रै अन्तर्वार्ता लिने वा अनुमोदित सूचीमा भएका सबैको लागि छनौट प्रक्रिया खुला गर्ने भन्नमध्ये कुनै एक बिकल्प रोज्न सक्थे । उनीहरूले "ठूलो कार्यक्रम" गर्ने वा खुला प्राथमिक विधिबाट छान्न सक्थे) ।

यस नीतिका समर्थकले केही समस्या आए पनि यसले संक्षिप्त सूचीमा पर्ने र छानिने महिलाको संख्या बढाएको मात्र छैन पार्टीको लोकप्रियता बढाउन पनि प्रभावकारी भूमिका खेलेको छ भन्ने तर्क बलियो छ । पार्टीको *विमेनटुवीन*की कोषाध्यक्ष एन जेन्कीनले एक पत्रिकाको आलेखमा लेखेकी छन्, "यो समग्र प्रक्रियाले डेविड क्यामरून र कन्जर्भेटिभ पार्टीबारे बुझाइ नै परिवर्तन गर्दैछ । यसै हप्ता गरिएको एक मतसर्वेक्षणमा महिला मतदाता माझ कन्जर्भेटिभ पार्टी (लेबर पार्टीभन्दा) १२ अंकले अगाडि रहेको देखियो"(एक्स्प्रेस अन सन्डे, नोभेम्बर १२, २००६) ।

सन् २००७ को जनवरी सम्ममा जित्ने सम्भावना भएका सबैभन्दा १०७ सिटमध्ये ४३ सिटमा महिला उमेद्वार मनोनयन भएका थिए । तर, उमेद्वार छान्ने ९६ मध्ये तीन एसोशियसनले मात्र जातीय अल्पसंख्यकका व्यक्तिलाई उमेद्वारको रूपमा छानेका थिए । त्यति बेलाको उमेद्वार छनौट समितिका उपाध्यक्षले भने, "प्राथमिकताका उमेद्वारको मनोनयन र निर्वाचन क्षेत्रसँग सम्बन्धित कार्यविधिको परिमार्जनले लक्षित समुदाय र कन्जर्भेटिभले जितेका सिटमा महिला र अश्वेत समुदायका साथै अल्पसंख्यक जनजातिको छनौटमा नाटकीय बृद्धि भएको छ । यसले उमेद्वार सूचीमा परेका तर प्राथमिकतामा नपरेका कतिपय मेहनती पुरुषलाई पर्न गएको अन्यायप्रति म दुःखी छु । तर हामीले विधान परिवर्तन नगरिकन र आफ्नो उमेद्वार को हुने भन्नेबारे अन्तिम निर्णय गर्ने निर्वाचन क्षेत्र समितिको अधिकारमा कटौती नगरिकन पनि प्रगति गरेका छौं । प्रत्येक महिला उमेद्वारले हामीसँग भएको सर्वोत्कृष्ट पुरुषसँगको प्रतिस्पर्धाबाट निर्वाचित भएकोमा हामी गर्व गर्न सक्छौं । यसले पार्टीभित्रको सोंच साँच्चिकै परिवर्तन हुँदै गइरहेको देखाउँछ । यसले पार्टीमा महिलाको स्थानलाई रूपान्तरण गर्नमा पनि योगदान गरेको छ । तर, लेबर पार्टीमा भने पूर्ण महिला संक्षिप्त सूचीले त्यस्तो रूपान्तरण गर्न सकेका छैनन्" (जेन्कीन २००६) ।

फीन गेल (आयरल्याण्ड)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : फीन गेल सन् १९३३ मा स्थापना भएको हो । तीनओटा समूह मिलेर यसको स्थापना भएको थियो । तीनमध्ये सबैभन्दा ठूलो सन् १९२३ देखि १९३२ सम्म आयरल्याण्डको शासन गरेको कुमान ना गेदेल थियो । यस पार्टीको उद्गम आयरल्याण्डको स्वतन्त्रता आन्दोलनको सन् १९२१को एङ्ग्लो-आइरिस सन्धीलाई समर्थन गर्ने समूहसँग जोडिएको छ । एङ्ग्लो-आइरिस सन्धी भनेको आयरल्याण्ड स्वतन्त्रता युद्ध अन्त्य गर्न ग्रेट ब्रिटेन र आइरिस समूहबीच हस्ताक्षर गरिएको सन्धी हो । यसले बेलायती साम्राज्यभित्र आइरिस स्वतन्त्र राज्यको स्थापना गऱ्यो र उत्तरी आयरल्याण्डलाई स्वतन्त्र राज्यबाट बाहिरिने बिकल्प प्रदान गऱ्यो । सन्धीको प्रावधानलाई लिएर आइरिसबीच भएको मतभिन्नताले आयरल्याण्डमा गृहयुद्ध निम्त्यायो । कालान्तरमा सन्धीको पक्षमा रहेको समूहले गृहयुद्ध जित्यो ।

फीन गेलले छोटो समयको लागि मात्र सत्ता सञ्चालन गरेको छ । सत्ता सञ्चालन गरेको अवस्थामा जहिले पनि गठबन्धनको मुख्य दलको हैसियतमा गरेको छ । हाल लोकप्रिय मतको आधारमा राष्ट्रिय विधायिकामा र स्थानीय परिषद्मा प्रतिनिधित्वको आधारमा यो आयरल्याण्डको दोस्रो ठूलो दल बनेको छ । तर, सन् २००४ मा पार्टीले युरोपेली संसदमा आयरल्याण्डले पाउने १३ सिटमध्ये पाँचओटा सिट जित्यो । सत्ताधारी पार्टी फायना फेलले चार सिट मात्रै जित्यो । सैद्धान्तिकरूपमा फीन गेल मध्यमार्गी पार्टी हो ।

सुरूमा संसदीय कुलीन वर्गले स्थापना गरेको यस पार्टीले समयक्रमसँगै भुइँतहमा संगठन र अनौपचारिक संरचना निर्माण गर्दै गयो । सन् १९७७ को निर्वाचनमा नराम्ररी पराजित भएपछि फीन गेलले विभिन्न सुधारको शृंखला सञ्चालन गर्न थाल्यो । केन्द्रिय र स्थानीय पार्टी संरचनाबीच सञ्चार सम्पर्क सुधार गर्न र आयरल्याण्डका अन्य पार्टीमा जस्तै फीन गेलमा पनि समस्याको रूपमा रहेको कागजी पार्टी शाखाको अन्त्य गर्नको लागि नयाँ व्यवस्थाको सुरूवात भयो । त्यसपछि सन् १९९० को दशकमा पार्टी नवीकरण गर्दै पार्टीको एकतामा सुधार गर्न र सदस्य सहभागिता बृद्धि गर्न सुधारात्मक कामलाई अगाडि बढायो ।

पार्टीको आधारभूत संगठनात्मक एकाइको रूपमा रहेका शाखा समितिले जिल्ला, निर्वाचन क्षेत्र र क्षेत्रीय तह हुँदै राष्ट्रिय तहसम्म संगठन बिस्तारमा सहयोग पुऱ्याउँछन् । कार्यकारी परिषद्ले पार्टीको राष्ट्रिय कार्य सञ्चालनको सुपरीवेक्षण गर्छ। यसमा पार्टीको नेता साथै विभिन्न अङ्गका प्रतिनिधि र पार्टीको वार्षिक अधिवेशनबाट चुनिएका अन्य सदस्य पदेन सदस्यका रूपमा समावेश हुन्छन् ।

आयरल्याण्डको निर्वाचन प्रणाली : आयरल्याण्डको संसदमा सेनाद भन्ने माथिल्लो सदन र दायल भन्ने तल्लो सदन न्छ । आयरल्याण्डका मतदाताले वालिग मताधिकारको आधारमा मूलतः आलङ्कारिक भूमिकामा रहने राष्ट्रपतिको निर्वाचन गर्छन् । सेनादमा ६० सदस्य हुन्छन् जसमध्ये ११ जना प्रधानमन्त्रीले नियुक्त गर्छन् । छजना डब्लीनको ट्रिनिटी कलेज र नेशनल युनिभर्सिटी अफ आयरल्याण्डले निर्वाचित गर्छ र बाँकी ४३ जना स्थानीय सरकार, तल्लो सदनमा आउने र माथिल्लो सदनबाट बाहिरिने सदस्यले निर्वाचित गर्छन् ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- एकल संक्रमणीय मतदान

छनौट प्रक्रियाका मुख्य विशेषता

- आकांक्षीको न्यूनतम पूर्वजाँच पास गरी सामान्य मनोनयन प्रक्रिया अपनाउँछन्
- राष्ट्रिय कार्यकारीले उमेद्वारको न्यूनतम र अधिकतम संख्या तोक्छन् र अन्य शर्त पनि लागू गर्छन्
- पार्टीको "कागजी" शाखा र "अवसरवादी" सदस्य (अनुचित लाभको लागि रातारात कुनै दलमा लाग्ने प्रवृत्ति) विरूद्ध बलियो सुरक्षा प्रावधान

संसदमा सेनाद १६६ सदस्यीय दायलको लागि एकल संक्रमणीय मत प्रणाली प्रयोग गरी बहु सदस्यीय निर्वाचन क्षेत्रमा निर्वाचन हुने गर्दछ। मतपत्रमा उमेद्वारको नामावली वर्णानुक्रम अनुसार राखिएको हुन्छ । मतदातालाई निजको पहिलो छनौटको छेउमा एक (१) अंक लेखेर आफ्नो रोजाइ व्यक्त गर्न आग्रह गरिन्छ । यसका अतिरिक्त मतदाताले त्यसपछिको रोजाइलाई क्रमशः नम्बर दिँदै जान सक्छन् । प्रत्येक निर्वाचन क्षेत्रमा प्रमाणित मतपत्रको संख्याको आधारमा एक सिट (कोटा) जित्नको लागि आवश्यक न्यूनतम मत संख्या निर्धारण गरिन्छ । मतगणनाको पहिलो चक्र समाप्त भएपछि तोकिएको न्यूनतम मत प्राप्त गर्ने कुनै पनि उमेद्वार निर्वाचित हुन्छ। "अतिरिक्त" मत मतदाताको छनौटअनुसार बाँकी उमेद्वारमा सर्छ। सामान्यतया दायलमा सबैभन्दा धेरै सिट ल्याउने पार्टीले सरकार गठन गर्दछ र सोही दलको नेता प्रधानमन्त्री बन्छ । दायलका सदस्यको कार्यकाल पाँच वर्षको हुन्छ । तर, प्रधानमन्त्रीको तजबिजी अथवा सरकारले विश्वासको मत गुमाएपछि निर्वाचनको घोषणा हुनसक्छ । यो घटना अध्ययन दायलको निम्ति निर्वाचनको लागि उमेद्वार छनौटमा केन्द्रित हुन्छ ।

ऐतिहासिक दृष्टिकोणबाट उमेद्वार छनौट : ऐतिहासिकरूपमा निर्वाचन क्षेत्रमै अधिवेशन गरी उमेद्वार छनौट गरिन्थ्यो। अधिवेशन प्रतिनिधिको संख्या प्रत्येक क्षेत्रको विशेषताअनुसार फरक हुने भएपनि औसतमा ३२० जति हुने गर्थ्यो । पार्टीको शाखा समितिले आफ्ना प्रतिनिधिको लागि निर्देशन जारी गर्न सक्ने भए पनि गोप्य मतदान हुने भएकाले निर्देशनलाई कार्यान्वयन गर्न सकिँदैन थियो । यसका साथै कहिलेकाहीँ सबै प्रतिनिधिबारे थाहा पाउनुभन्दा पहिले नै छनौट भइसकेका हुन्थे । अधिवेशनमा प्रतिनिधिले निर्वाचनमै प्रयोग गरिने प्रणाली एकल संक्रमणीय मत प्रयोग गरी मतदान गर्थे ।

सन् १९७० मा कार्यकारी परिषद्ले अधिवेशनको अध्यक्ष नियुक्त गर्न पाउने, उमेद्वारको अनुमोदन गर्न पाउने र निर्वाचन क्षेत्रको संरचनाले निर्धारण गरेको सूचीमा उमेद्वार थप्ने अधिकार पायो । सन् १९७० दशकको उत्तरार्धतिरको पार्टी सुधारको समयमा केन्द्रिय कार्यालयले स्थानीय तहका मामला खासगरी सिमान्तीकृत समुदायको सिटमा थप सक्रियपूर्वक भूमिका खेल्न थाल्यो । उदाहरणको लागि केन्द्रिय एकाइले बलिया सम्भावित उमेद्वार पहिचान गर्ने कोशिस गऱ्यो भने अनौपचारिक माध्यमबाट तिनीहरूको "छनौटको लागि सहज उपाय" अपनाउने प्रयास गऱ्यो । सन् १९८२ मा कार्यकारी परिषद्लाई मनोनयन अधिवेशनले आफूले गर्ने छनौटमा भौगोलिक पक्षलाई पनि ध्यान दिन अनुरोध गऱ्यो र त्यस्तो अधिकार पनि प्राप्त भयो । सन् १९९४ मा सुधारको लहरकै क्रममा फीन गेलले उमेद्वार

छनौटको लागि एक सदस्य एक मत (ओएमओभी) प्रणालीको व्यवस्था लागू गर्न थाल्यो। यसको विपरित फायना फेयलले प्रतिनिधि अधिवेशनलाई निरन्तरता दिएको थियो (तालिका १ मा फीन गेलको उमेद्वार चयन प्रक्रियालाई फायना फायल र आइरिस लेबर पार्टीसँग तुलना गरिएको छ)।

आयरल्याण्डको निर्वाचन प्रणालीमा प्रत्येक निर्वाचन क्षेत्रमा कति जना उमेद्वार उठाउने भन्ने विषय छनौट प्रक्रियाको महत्वपूर्ण पक्ष हो । फीन गेलमा परम्परागत रूपमै कार्यकारीले उमेद्वारको न्यूनतम र अधिकता संख्या तोक्ने गर्छ । व्यवहारमा यी दुई संख्या एकै हुन्, जसले गर्दा पार्टीका संरचनाले निश्चित संख्याका उमेद्वार छनौट गर्नुपर्छ ।

वर्तमान छनौट प्रक्रिया

उमेद्वारको योग्यता : पार्टीको नियमावलीले उमेद्वारको योग्यता तोकेका छैनन् ।

बहालवालाको लागि कार्यविधि : बहालवाला जनप्रतिनिधिको पुनःछनौटका लागि नियमन गर्ने कुनै विशेष प्रावधान छैनन् । उनीहरूको लागि पनि अन्य आकांक्षीकै जस्तै प्रक्रिया लागू हुन्छ। तर, ऐतिहासिक रूपमा हेर्दा बहालवालाको पुनःछनौट दर उच्च रहने गरेको छ। आयरल्याण्डको मतदान प्रणाली र राजनीतिक संस्कारले निर्वाचन क्षेत्रको सेवालाई महत्व दिन्छ । जस्तै : आफ्नो टोलछिमेकमा मतदातासँग बलियो सम्बन्ध स्थापित गर्ने उमेद्वारले राम्रो गर्न सक्ने सम्भावना बढी हुन्छ। यसैगरी प्रायजसो बहालवाला सांसद र निर्वाचन क्षेत्रको स्थानीय कार्यलयबीच राम्रो सम्बन्ध रहिआएको हुन्छ र सांसद समुदायसँगको सम्पर्क कायम राख्न निर्वाचन क्षेत्रका कार्यलयमा भर पर्छन् । बहालवाला सांसदको पुनःमनोनयनको दर उच्च हुनुको एउटा कारण यो पनि हो ।

प्रमुख चरण :

१. कार्यकारी परिषद्ले पार्टी नेताको प्रस्तावमा निर्वाचन क्षेत्रस्तरीय उमेद्वार छनौटको लागि शर्त निर्धारण गर्दछ । यसमा प्रत्येक निर्वाचन क्षेत्रबाट निर्वाचित हुने उमेद्वारको अधिकतम् र न्यूनतम् संख्या पनि पर्छ । वास्तवमा निर्देशिकाले छनौट हुने उमेद्वारको वास्तविक संख्या तोकेको हुन्छ ।
२. कुनै पनि दुईजना आबद्ध सदस्यले निर्वाचन क्षेत्र सचिवलाई लिखित मनोनय पेश गर्छन् ।
३. निर्वाचन क्षेत्र सचिवले उमेद्वार छनौट अधिवेशन आह्वान गर्छन् र अधिवेशनमा उमेद्वार छनौटको लागि मतदान हुन्छ । मनोनयनको सूची वाचन गरेपछि सम्बन्धित उमेद्वारको मनोनयन गर्ने दुईजना आकांक्षीले बैठकलाई सम्बोधन गर्छन्। बैठकमा अन्य उमेद्वारले पनि सम्बोधन गर्छन् र पार्टीले बनाएको उमेद्वार प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्छन्। मतदान प्रत्यक्ष उपस्थितिको आधारमा हुन्छ र एकल संक्रमणीय मतदानको आधारमा गरिन्छ। सम्बन्धित निर्वाचन क्षेत्रभित्र पछिल्लो प्रकाशित सूचीमा नाम भएका कुनै पनि सदस्यले छनौट प्रक्रियामा मतदान गर्न पाउँछन् । पार्टीको नियमावलीले शाखा र सदस्यता दर्ता सम्बन्धी बिस्तृत प्रावधान उल्लेख गरेको छ । यसमा सूची प्रकाशन र प्रमाणिकरण पनि पर्छ। पार्टीको सदस्यता सूची वर्षको एकचोटी प्रकाशन गरिन्छ । त्यसैले उमेद्वार छनौटमा सदस्यले स्वयं उपस्थित भएर मतदान गर्नुपर्छ। यहाँ हुलाकबाट मतदान गर्ने प्रावधान छैन र मतपत्र प्राप्त गर्न परिचयपत्र देखाउनु पर्छ।
४. कार्यकारी परिषद्ले उमेद्वारको अनुमोदन गर्दछ। पार्टी नेताले अधिवेशनले छानेको सूचीलाई मात्रै अनुमोदन गर्न वा थपघट वा प्रतिस्थापन गर्ने प्रस्ताव राख्न पाउँछन् ।

वर्तमान प्रणालीको सबल पक्ष र कमजोर पक्ष : आयरल्याण्डमा कागजी शाखाको बिगबिगी भएका कारण इतिहासमा फीन गेलमा शाखा समिति वा व्यक्तिगत सदस्यको रूपमा दर्ता भएका र सूचीकरणको लागि पुनरावेदन प्रक्रियामा रहेको व्यक्तिलाई व्यवस्थित गर्न बिस्तृत नियम र नियमावली बनाइएका छन् । यस्तो अवस्थामा उमेद्वार मनोनयन सुरक्षित गर्ने उद्देश्यले आकांक्षीले रातारात शाखा स्थापना गर्ने वा सदस्यता बिस्तार गर्ने जोखिमलाई सीमित गरिदिएको छ ।

उमेद्वार छनौटमा भौगोलिक पक्ष : (निर्वाचन क्षेत्रस्तरीय अधिवेशनमा सहभागी यसै पनि उमेद्वारीका लागि इच्छुक हुन्छन्) भौगोलिक क्षेत्रबाट उमेद्वार छान्नका लागि विशिष्ट व्यक्ति छनौट गर्न वा उमेद्वार थप गर्न कार्यकारी परिषद्को विशेषाधिकार काम गर्छ । यो परिषद्ले पार्टीको केन्द्रिय एकाइलाई टिकट वितरणमा सन्तुलन कायम गर्न सघाउ पुऱ्याउँछ । कतिपय अवस्थामा कार्यकारी परिषद्ले लैङ्गिकता सम्बन्धी प्रावधान पनि थपेको छ। पार्टी नेताको

तालिका १ आयरल्याण्डका सबैभन्दा ठूला तीन दलमा उमेद्वार छनौट

	फीन गेल	फीन्ना फेल	लेबर
नेतृत्वको संलग्नता	● संसदीय दलको नेताको प्रस्त(ावमा प्रत्येक निर्वाचन क्षेत्रबाट छनौट गरिने उमेद्वारको अधिकतम् र न्यूनतम् संख्या व्यवहारत प्रायजसो एउटै हुने गर्दछ । ● भौगोलिक वा अन्य शर्तहरू लगाउने बिकल्प छ । ● संसदीय दलको नेताको प्रस्त(ावमा उमेद्वार थपघट वा प्रतिस्थापन हुनसक्छ । ● उमेद्वारको अनुमोदन गरिनुपर्छ	● प्रत्येक निर्वाचन क्षेत्रबाट चयन गरिने उमेद्वारको संख्याको लागि सिफारिस गर्ने । ● छनौट सञ्चालन गर्ने बिकल्प उपलब्ध ● निर्वाचन क्षेत्रस्तरीय छनौट बैठकको लागि अध्यक्षको नियुक्ती । ● उमेद्वार थप हुन सक्ने । ● उमेद्वारको अनुमोदन हुनुपर्ने ।	● छनौट प्रक्रिया निर्माण । ● प्रत्येक निर्वाचन क्षेत्रबाट छानिने उमेद्वार संख्याको लागि सिफारिस हुने । ● लैङ्गिकतासम्बन्धी शर्तहरू लागू गर्ने बिकल्प भएको । ● छनौट अधिवेशनको समआव्सन र आयोजना गरिने । ● पार्टीको नेता तथा पार्टीको अध्यक्षद्वारा उमेद्वार थप हुने । ● उमेद्वारको अनुमोदन हुने ।
प्रदेशिक संलग्नता	● निर्वाचन क्षेत्रस्तरीय छनौट बैठकको आयोजना । ● एक सदस्य एक मत (ओएमओभी)को प्रयोग गरिए पनि प्रत्यक्ष निर्वाचनमा मात्रै ● हुलाकबाट मत दिने व्यवस्था नभएको ।	● निर्वाचन क्षेत्रस्तरीय छनौट बैठकमा सहभागी हुनुपर्ने । ● प्रतिनिधिको अधिवेशन हुने ।	● निर्वाचन क्षेत्रस्तरीय छनौट बैठकमा सहभागिता हुने । ● छनौट गरिने उमेद्वारको संख्या र शर्तबारे केन्द्रिय नेतृत्व समक्ष असहमतीको प्रस्ताव राख्न पाउने तर उमेद्वार चयनमा राखिने निश्चित व्यक्तिको विरूद्धमा असहमती जना(उन नपाउने व्यवस्था । ● "एक सदस्य एक मत" विधिको प्रयोग गरी मतदान गरिने ।

सिफारिसमा निश्चित उमेद्वारलाई इन्कार गर्ने अधिकार नियममा उल्लेख्य भए पनि यसको प्रयोग बिरलै मात्रामा हुन्छ। फलस्वरूप : राष्ट्रिय प्रभावको लागि विभिन्न प्रावधान राखिएको भए पनि उमेद्वार छनौटमा स्थानीय पार्टी शाखाको संलग्नता बलियो छ ।

व्यवहारमा कार्यकारी परिषद्ले आफ्नो कार्यविधि जारी गर्नु पहिले प्रत्येक निर्वाचन क्षेत्रमा रणनीति समितिको पूर्व अधिवेशन बोलाइन्छ । यी समितिले स्थानीय राजनीतिक वस्तुस्थितिको मूल्याङ्कन गर्छन् । फीन गेलको सम्भावित उमेद्वारका साथै विपक्षीको उमेद्वारको सबल पक्ष र कमजोरीबारे मूल्याङ्कन गर्छ । आवश्यक रहेको स्थानमा सम्भावित उमेद्वारको पहिचान हुने गरी कार्यकारी परिषद्लाई अधिवेशन गर्न सिफारिस गर्छ र समय, निर्वाचन रणनीति र उमेद्वारको संख्या पनि निर्धारण गर्न गर्छ । यो परामर्शात्मक प्रक्रियाले केन्द्रिय नेतृत्व र पार्टीको शाखा समितिबीच हुनसक्ने विवादको पूर्वआँकलन गर्न सहज हुन्छ ।

पार्टीको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्ने कुरा सधैँ हुने अभ्यास होइन । तर, फीन गेलमा आकांक्षी उमेद्वारलाई सार्वजनिक रूपमा प्रतिबद्धतामा हस्ताक्षर गर्न लगाइन्छ यसले हस्ताक्षरकर्तालाई पार्टीसँग गरेको प्रतिबद्धताप्रति बफादार रहन मद्दत गर्छ ।

द इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (मेक्सिको)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पार्टीदो रिभोलुशनारिओ इन्सटिट्युसिओनाल वा पीआरआई) को स्थापना सन् १९२९ मा भएको हो । सुरूमा नेशनल रिभोलुशनरी पार्टी (पार्टीदो नेसिओनाल रिभोलुशनारिओ) र त्यसपछि पार्टी अफ द मेक्सिकन रिभोलुशन (पार्टीदो दे ला रिभोलुशनारिओ मेक्सिकाना) नाम दिइएको यो पार्टीले सन् १९४६ मा इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी नाम अपनाएको हो । यो पार्टी स्थापनापछि लगातार ७० वर्षसम्म खासै कुनै पार्टीसँग प्रतिस्पर्धा नगरी प्रादेशिक र संघीय तहका सरकार सञ्चालन गर्दै आयो । सबै निर्वाचनमा जित्दै इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीले मेक्सिकोको राजनीतिमा एकछत्र प्रभाव जमाएको थियो । तर १९८८ मा यो पार्टीले मेक्सिकोको संसदको तल्लो सदनमा दुई तिहाइ बहुमत गुमायो । यसको एक वर्षपछि पहिलो पटक गभर्नरको चुनावमा हार व्यहोऱ्यो । सन् १९९० को दशकभरि इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीले सत्तामाथिको आफ्नो पकड गुमाउँदै गयो । दशकको मध्यसम्ममा आइपुग्दा मेक्सिको आर्थिक संकटमा फस्दै गयो र पूर्वराष्ट्रपति सलिनास र उनका दाजुभाई भ्रष्टाचार काण्डमा मुछिए । सन् १९९० दशकको मध्यदेखि अन्त्यसम्ममा राजनीतिक स्थान बिस्तार गर्ने प्रयास भयो । यससँगै निर्वाचनको स्वतन्त्र प्रशासनमा सुधार र राजनीतिक दलको लागि सरकारबाट अनुदान दिने व्यवस्थाको सुरूवात भयो । यो व्यवस्थाले सन् २००० को राष्ट्रपति चुनावमा इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)ले पराजय भोगेसँगै थप प्रतिस्पर्धीको सामना गर्नुपऱ्यो । त्यतिपछि मेक्सिकोमा तीब्र राजनीतिक प्रतिस्पर्धाको युग सुरू भएको संकेत देखियो ।

पीआरआईको प्रत्यायशित हारपछि पार्टीलाई पुनःसंरचना गर्न र यसको सार्वजनिक छबिलाई नयाँ आकार दिन इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)ले विभिन्न सुधारका कार्यक्रमको शृंखला सुरू गऱ्यो । यसैको परिणाम सन् २००३ मा पार्टीले संसदमा सबैभन्दा बढी सिट जित्यो । तर, सन् २००६ मा भएको राष्ट्रपति र संसदीय चुनावमा पार्टी तेस्रो स्थामा पुग्यो । सन् २००८ मा १२८ सदस्यीय सिनेटमा पार्टीसँग ३५ सिट मात्रै थियो भने च्याम्बर अफ डेपुटिज् को ५०० सिटमध्ये १०६ सिट मात्रै थियो । त्यसैले निर्वाचनको नतिजासँगै पार्टीमा सुधारको नयाँ लहर ल्याउन पर्ने विषयमा चर्चा भएको थियो ।

भौगोलिक रूपमा उमेद्वार छनौट समिति आधारभूत पार्टीको एकाइ हो । यसले संसदीय निर्वाचन क्षेत्रमा काम गर्दछ । यसैबाट स्थानीयस्तरीय हुँदै प्रदेशस्तर र पछि केन्द्रियस्तरका संरचनामा पार्टी सदस्य चुनिँदै जान्छन् ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- मिश्रित सदस्य समानुपातिक : प्रत्यक्षमा ३०० जना क्षेत्रीय समानुपातिक प्रतिनिधित्व सूचीबाट २०० जना निर्वाचित हुन्छन् ।
- लिङ्ग नतोकिकन उल्लेख गरिएको आरक्षण कोटालाई भर्खरै मात्र प्रत्येक लिङ्गको लागि न्यूनतम ३० देखि ४० प्रतिशत पुऱ्याइएको छ । समानुपातिक प्रतिनिधित्व सूचीको क्रम निर्धारण गर्ने प्रावधान समावेश भएको छ । तर "प्रत्यक्ष मतदान" प्रयोग गरी पार्टीले उमेद्वार चयन गर्ने एक सदस्यीय निर्वाचन क्षेत्रमा कोटा प्रणालीमा छुट दिइएको छ ।

छनौट प्रक्रियाका मुख्य विशेषता

- केन्द्रियस्तरका नेताले समानुपातिक प्रतिनिधित्व सूची निर्धारण गर्ने ।
- बढीमतीय प्रणालीमा हुने सिटको लागि उमेद्वार छनौट गर्ने बिकल्पमा बन्द वा खुला वा प्राइमरी तथा प्रतिनिधि अधिवेशनको बिकल्प रहेको छ, यसको छनौट केन्द्रिय राजनीतिक परिषद्ले गर्छ ।
- महिलाको लागि कोटा (अनिवार्य शर्तभन्दा बढी रहेको) र युवाको लागि कोटा तोकिएको छ ।
- प्रतिस्पर्धी राजनीतिको युगमा प्रक्रियालाई संस्थागत गर्ने र सहभागिता बिस्तार गर्ने कदम चालिएको छ । तर, उमेद्वार छनौट प्रक्रियामा अझैं पनि स्थानीय छनौटभन्दा केन्द्रिय प्रभाव धेरै भएको र प्रायजसो विवादास्पद रहने गरेको छ ।

इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)लाई सामान्यतया: वामपन्थी पार्टीको रूपमा लिइन्छ । विगतमा श्रमिक, ग्रामीण र लोकप्रिय गरी तीन क्षेत्रको प्रतिनिधित्व गर्ने समूहमार्फत् व्यक्तिगत सदस्य पार्टीसँग आबद्ध हुन्थे । यी जनवर्गीय समूह इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)मा अहिले पनि छन् । बिगतमा शक्ति पुरै पार्टी सभापतिमा केन्द्रित थियो । तर, बढ्दो राजनीतिक प्रतिस्पर्धा र त्यसपछि पार्टीभित्रै भएका परिवर्तनले प्रदेश एकाइ र पदाधिकारीलाई थप भूमिका र शक्ति दिइयो । विकेन्द्रीकरण प्रक्रियाको धेरैजसो भाग प्रदेश गभर्नरलाई प्रदान गरिएको छ जुन बढ्दै गएको राजनीतिक स्वतन्त्रताका कारण प्राप्त भएको आएको हो ।

मेक्सिकोमा निर्वाचन : मेक्सिको मेक्सिको सिटी संघीय र ३१ ओटा प्रदेश मिलेर बनेको संघीय गणतन्त्र हो । मेक्सिकोको राष्ट्रपति दोहोरिन नपाउने गरी छवर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् । संघीय संसद (कंग्रेसो दे युनिय)मा दुई सदन छन् । सिनेटमा १२८ सदस्य हुन्छन् । यसमध्ये ९६ सिटको लागि ३१ राज्य र प्रत्येक संघीय क्षेत्रले तीन-सदस्यीय निर्वाचन क्षेत्रको काम गर्छन् । प्रत्येक निर्वाचन क्षेत्रमा सबैभन्दा धेरै मत ल्याउने पार्टीले दुई सिट जित्छ र दोस्रो हुने पार्टीले तेस्रो पाउँछ । बाँकी ३२ सिट राष्ट्रिय मतको आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीले निर्धारण गर्दछ ।

च्याम्बर अफ डेपुटिज्मा ५०० सिट हुन्छन् । यसमध्ये ३०० सिटमा प्रत्यक्ष निर्वाचन प्रणाली प्रयोग गरी एकल सदस्यीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने गरी निर्वाचित हुन्छन्, र २०० जना पाँचओटा बहुप्रदेशीय सूचीको आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीबाट निर्वाचित हुन्छन् । संघीय क्षेत्र र विभिन्न प्रदेशका साथै स्थानीय सरकारमा पनि कार्यपालिका र विधायिकासभाको लागि निर्वाचन हुने गरेको छ । यस घटना अध्ययन संघीय च्याम्बर अफ डेपुटिज्को लागि उमेद्वार छनौटमा केन्द्रित छ ।

मेक्सिकोमा सन् २००२ मा निर्वाचन कानुनमा संशोधन भयो । उक्त संशोधनअनुसार सबै पार्टीले "७० प्रतिशतभन्दा बढी उमेद्वार कुनै पनि हालतमा एउटै लिङ्गका नहुने" व्यवस्था सुरू भयो । तर, त्यसपछिको पाँचओटा संघीय चुनावमा मात्र यो कानुन लागू हुने भनियो । त्यसैले पार्टीले आफ्नो उमेद्वार छान्न "प्रत्यक्ष मत" प्रयोग गर्ने बहुमतीय सिटको हकमा कोटाको प्रावधानमा छुट प्रदान गरियो । सन् २००८ को जनवरीमा भएको निर्वाचन ऐनले कोटा व्यवस्थाको लागि तोकिएको समयसिमा हटायो र पार्टीको उमेद्वार सूचीमा प्रत्येक लिङ्गबाट ४० प्रतिशतभन्दा कम नहुने गरी प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गऱ्यो । सन् २००२ को कानुनमा जस्तै २००८ को कानुनमा पनि समानुपातिक प्रतिनिधित्व सूचीको क्रम निर्धारण गर्ने र सम्बन्धित पार्टीको विधानअनुसार लोकतान्त्रिक तरिकाबाट उमेद्वार छानिने र बहुमतीय प्रणालीअन्तर्गत सिटको हकमा कोटा व्यवस्थामा छुट प्रदान गरिएको थियो ।

उमेद्वार चयनको ऐतिहासिक दृष्टिकोण : मेक्सिकोमा दशकौँसम्म प्रतिस्पर्धाबिहीन राजनीति भएकोले उमेद्वार छनौटजस्ता विषयमा इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) भित्रै खासै छलफल भएन । यहाँको अधिकांश शक्ति राष्ट्रपतिको हातमा धेरै केन्द्रित थियो । राष्ट्रिय नेतृत्व समक्ष पार्टीका विभिन्न संरचनाले आ-आफ्नो रोजाइ पेश गर्थे । तर पनि उमेद्वार छनौटको अन्तिम निर्णय राष्ट्रपतिले नै गर्थे । औपचारिकरूपमा केन्द्रिय कार्यकारी समितिका सभापति पार्टीका प्रमुख व्यक्ति थिए । तर, प्रायजसो राष्ट्रपतिले पार्टीको सभापतिमा नजिकको व्यक्ति वा सल्लाहकारलाई नियुक्त गर्ने भएकाले यस पदलाई प्रायजसो राष्ट्रपतिको छायाँको रूपमा हेरिन्थ्यो ।

निर्वाचन प्रतिस्पर्धी बढ्दै जाँदा मतदान गर्ने जनतासमक्ष बढी लोकप्रिय उमेद्वारको पहिचान गर्ने प्रयास सुरू भयो र पार्टीले सदस्यता बिस्तार प्रक्रिया पनि विकेन्द्रित हुँदै जान थाल्यो । यसको अर्थ सुरूवातमा प्रदेशको प्रतिनिधित्व गर्ने उमेद्वार छनौटमा मतदाता परिचालनको लागि मूलत: पार्टीमै निर्भर रहने गभर्नरले बढी जिम्मा पाउन थाले । तर, सन् १९९० मा पार्टीको नियममा सुधार गर्ने प्रयास स्वरूप लोकतान्त्रिक तरिकाले निर्वाचित अधिवेशनबाट उमेद्वार छान्न मिल्ने प्रावधान सुरू भयो । यद्यपि, यो नियमलाई प्रायजसो पार्टीका नेताले बेवास्ता र तोडमोड गर्थे । सन् २००० मा राष्ट्रपति उमेद्वारको लागि इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) मा पहिलोचोटी गरिएको प्राइमरीको प्रयोगले पार्टीभित्र बढ्दै गरेको उमेद्वार छनौटको प्रक्रियामा थप विकास हुँदै गएको संकेत गऱ्यो ।

सन् २००० को राष्ट्रपति चुनावमा पराजित भएपछि इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) संकटमा पऱ्यो । पार्टीका सभापतिले राजिनामा गरे र त्यसपछि हारको कारणबारे एक-अर्कालाई दोष दिने क्रम सुरू भयो । कमजोर

आन्तरिक सञ्चार, आर्थिक संकट र केन्द्रिय नेतृत्वको सन्तुलन नभएपछि इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)का गभर्नरको सक्रियता बढ्यो । यसले पार्टी विभाजनको जोखिम बढायो । पार्टीभित्र विवाद चलिरहेकै बेला उमेद्वार छनौट प्रक्रियाजस्ता विषयमा रहेका थुप्रै समस्याको पहिचान भयो । सन् २००१ को पार्टी महाधिवेशनमा विधान संशोधन भयो र केन्द्रिय आन्तरिक कार्यविधि आयोगले उमेद्वार र पार्टी पदाधिकारी छनौट गर्ने नयाँ कार्यविधिको सुपरिवेक्षण पनि गर्ने प्रावधान विधानमै समेटिएको थियो ।

वर्तमान छनौट कार्यविधि

उमेद्वारको योग्यता : पार्टी नियमावलीको परिच्छेद ४, खण्ड ३ अन्तर्गत मनोनयनका आकांक्षीले देहायका शर्त पूरा गर्नुपर्छ :

- मेक्सिकोको नागरिक हुनुपर्ने,
- मुलुकको सम्बन्धित कानुनअनुसार योग्य हुनुपर्ने,
- पार्टीको सिद्धान्तप्रति सार्वनिक बफादारी देखाउने र असल चालचल भएका सदस्य वा कार्यकर्ता हुनुपर्ने,
- सदस्यता शुल्क भुक्तान गरिसकेको हुनुपर्ने (प्रशासन तथा वित्त हेर्ने पार्टी सचिवालयले प्रमाणिकरण गरेको हुनुपछए),
- पार्टीको आचारसंहिता पालना गर्ने बाचा गरेको,
- कम्तीमा पाँचवर्षदेखि पार्टीको सदस्य रहिरहेको (युवा उमेद्वारको लागि सदस्यताको प्रावधान तीनवर्ष मात्रै हो । यस्ता उमेद्वारले पार्टीको कुनै युवा संगठनमा सहभागी भएको प्रमाण दिनुपर्छ),
- इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) विरोधी राजनीतिक दल वा संगठनको नेता, उमेद्वार वा अन्य उच्च पदस्थ पदाधिकारी नभएको वा त्यसपछि लगातार कम्तीमा सातवर्षसम्म इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)को सदस्यका रूपमा रहेको,
- पार्टीको आधारभूत दस्तावेजबारे ज्ञान प्रदर्शन गर्न सक्ने (पार्टीको प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण सत्रमा सहभागिता भएको),
- देखिने गरि नेतृत्व गर्न सक्ने गुण भएको,
- सार्वजनिक क्षेत्रमा उचित सदाचार प्रदर्शन गरेको र सार्वजनिक कार्यक्रम आदिमा नियतवश कुनै अपराध गरेको विषयमा दोषी ठहर नभएको,
- आफूले प्रतिनिधित्व गर्न चाहेको संघीय एकाइ वा प्रदेश वा संघीय क्षेत्रमा कम्तीमा तीन वर्षदेखि बसोबास गर्दै आएको (केन्द्रिय कार्यकारी समिति (सीआईएन)का सदस्य, प्रदेश वा संघीय क्षेत्रका पार्टी पदाधिकारी वा संघीय पदाधिकारीलाई यस प्रावधानमा छुट हुनेछ)
- र, एउटा कार्ययोजना प्रस्तुत गर्नुपर्ने ।

यसका साथै बहुमत सिटको लागि मनोनय दर्ता गर्न इच्छुक निर्वाचन क्षेत्रीय वा त्यसभन्दा माथिको पार्टी पदाधिकारीमा रहेका व्यक्तिले छनौट प्रक्रिया सम्पन्न नहुन्जेल पार्टीका पद वा अन्य कुनै सार्वजनिक जिम्मेवारीमा बस्न पाउँदैन ।

पार्टीको उमेद्वार छनौट नियमावलीको दफा ४२ अनुसार प्राइमरीले उमेद्वार छनौट गरेको अवस्थामा बाहेक कुनै पनि लिङ्गको प्रतिनिधित्व ५० प्रतिशतभन्दा बढी हुनु हुँदैन । पार्टीको नियमले समानुपातिक प्रतिनिधित्व सूचीमा पनि कुनै पनि एक लिङ्गको प्रतिनिधित्व ५० प्रतिशतभन्दा धेरै हुन नहुने उल्लेख गरेको छ ।

पार्टी नियमावलीमा उल्लेख गरिएको छनौट विधि : केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)र आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई) गरि दुई राजनीतिक संरचनाले उमेद्वार छनौट प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छन् ।

उमेद्वार र पार्टी पदाधिकारीको छनौट प्रक्रिया सञ्चालनको निम्ति आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई) जिम्मेवार हुन्छ । पार्टी विधानले तल उल्लेख गरिए जस्तै उमेद्वार छनौटको लागि साधारण मार्गदर्शन र बिकल्प प्रदान गर्दछ । निश्चित निर्वाचन र निर्वाचन क्षेत्रको मनोनयनको लागि आवेदन केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)ले अनुमोदन गर्ने गरी आन्तरिक प्रक्रियाको निम्ति केन्द्रिय आयोग (सीएनपीआई)ले मस्यौदा गर्दछ । केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)ले अनुमोदन गरेको कार्यविधिलाई ५० प्रतिशतसँगै पार्टीको संघीय निकायका राजनीति परिषद्मध्ये एउटाको समर्थन चाहिन्छ ।

आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई)ले मनोनयनका आवेदन प्राप्त भएपछि विश्लेषण र फैसला गर्ने काम गर्दछ । उमेद्वार मनोनयन प्रक्रिया समापन भइसकेपछि मनोनितलाई प्रमाणिकरण गर्छ । यसले केन्द्रिय कार्यकारी समिति (सीईएन)लाई उमेद्वार र नेतृत्व चयनका

तालिका २ : इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीको केन्द्रिय राजनीतिक परिषद् (सीपीएन) र आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई)को भूमिका तथा जिम्मेवारी

	केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)	आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई)
सदस्यता	● केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)को अध्यक्ष ● केन्द्रिय कार्यकारी समिति(सीईएन)का सभापति ● केन्द्रिय कार्यकारी समिति (सीईएन)को महासचिव ● केन्द्रिय कार्यकारी समिति (सीईएन)का पूर्व सभापति ● इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)का निर्वाचित पदाधिकारीको प्रतिनिधि ● पार्टीको भौगोलिक तथा जनवर्गीय (महिला, युवा, श्रमिक, ग्रामीण, लोकप्रिय) संरचनाका प्रतिनिधि	● केन्द्रिय कार्यकारी समिति (सीईएन)का सभापतिको प्रस्तावमा केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)द्वारा निर्वाचित
भूमिका तथा जिम्मेवारी	● आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीए(नपीआई)ले मस्यौदा गरेको छनौट प्रक्रियाको अन्तिम अनुमोदन गर्ने । ● केन्द्रिय कार्यकारी समिति (सीईएन)ले मस्यौदा गरेको समानुपातिक प्रतिनिधित्व सूचीको अनुमोदन गर्ने ।	● केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)बाट अनुमोदनको लागि मनोनयनको आह्वानको मस्यौदा तयार गर्ने । ● बहुमत सिटको लागि आवेदन प्राप्त भएपछि र समीक्षासहितको छनौट प्रक्रिया सञ्चालन गर्ने

विषयमा अन्य निश्चित सिफारिस पनि गर्न सक्छ ।

केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)मा केन्द्रिय कार्यकारी समिति (सीईएन)का सभापति र महासचिव, केन्द्रिय कार्यकारी समिति (सीईएन)का पूर्वसभापति, इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)का प्रत्येक प्रदेश र मेक्सिको सहरका सभापति समावेश हुन्छन् । यस अतिरिक्त प्रत्येक प्रदेशबाट एक पालिकाका सभापतिको प्रतिनिधि र पार्टीका विभिन्न संरचनाले निर्वाचित गरेका इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)का निर्वाचित प्रतिनिधि समावेश हुन्छन् । केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)मा कूल ७०० सदस्य रहन्छन् । केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)को अध्यक्षता केन्द्रिय कार्यकारी समिति (सीईएन)का सभापतिले गर्छन् । यसैगरी विभिन्न संसदीय निकायमा इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) को टोली, तीन जनवर्गीय संगठन, भौगोलिक संरचना र महिला तथा युवा संगठनका गरी १० जनाको प्रतिनिधित्व उपसभापतिले गर्छन् । यसको कार्यसञ्चालन विभिन्न समितिमार्फत हुने गर्दछ। केन्द्रिय कार्यकारी समिति (सीईएन) को सभापतिको सिफारिसको आधारमा केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)ले आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई)को चुनाव गर्दछ । (तालिका २ मा उम्मेद्वार छनौटमा केन्द्रिय राजनीतिक परिषद् (सीपीएन) र आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोग (सीएनपीआई)को भूमिकाको सार प्रस्तुत गरिएको छ ।)

बहुमतीय सिट : इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)को विधानले बहुमतीय सिटको लागि उमेद्वार छनौटका दुई बिकल्प प्रयोग गर्दै आएको छ :

- प्राइमरी : केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)ले बन्द प्राइमरी (दर्ता भएका सदस्यलाई छनौट टोलीमा राखेर) वा खुला प्राइमरी (यसमा दर्ता नभएका सदस्य र पार्टीसँग आबद्ध नरहेका नागरिकले पनि मतदान गर्न पाउँछन्) गरी दुई बिकल्पमध्ये एउटा छनौट गर्न सक्छ वा
- अधिवेशन : अधिवेशनको हकमा संघीय राजनीतिक

सल्लाहकार र संघीय तीन क्षेत्रको प्रतिनिधित्व गर्न निर्वाचित व्यक्ति र पार्टीका अन्य संस्थाबाट ५० प्रतिशत प्रतिनिधि आउँछन् । बाँकी प्रतिनिधि भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्ने गरी चुनिन्छन् । यसरी प्रतिनिधि छान्ने नियम चाहिँ मनोनयनको आह्वान गर्दा निर्माण गरिन्छ ।

कतिपय अवस्थामा मनोनयनको लागि आह्वान गर्दा जनमतको शर्त समावेश हुनसक्छ । उदाहरणका लागि भौगोलिक संरचना, जनवर्गीय समूह, महिला र युवा संगठन, राजनीतिक पार्षद, र सूचीकृत वा दर्ता गरिएका सदस्यमध्ये एकको समर्थन अनिवार्य हुनसक्छ । प्रत्येक समूहबाट कति समर्थन चाहिने भन्ने कुरा मनोनयनको लागि आवेदन माग गरिँदा तोकिएको हुन्छ । तर, पार्टीको विधानअनुसार, मनोनयनको लागि आवेदन आह्वान गर्दा आवेदकले पाउने समर्थनको अधिकतम स्तर रहन्छ । ती अधिकतम स्तरहरू : भौगोलिक संरचनाको २५ प्रतिशत, जनवर्गीय समूह, महिला र युवा संगठनको २५ प्रतिशत, राजनीतिक पार्षदको २५ प्रतिशत र सूचीकृत पार्टी सदस्यको १० प्रतिशत हुनुपर्छ ।

समानुपातिक प्रतिनिधित्व सूची : पार्टी विधानको धारा १९४ अनुसार केन्द्रिय कार्यकारी समिति (सीईएन)ले केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)बाट अनुमोदन गराउने गरी समानुपातिक प्रतिनिधित्वका सिटको लागि सूची निर्माण गर्छ ।

पार्टी विधानले समानुपातिक प्रतिनिधित्व सूचीमा समावेश व्यक्तिको जिम्मेवारी देहाय बमोजिम हुनुपर्छ भन्ने व्यवस्था पनि गरेको छ :

- पार्टीको प्रतिष्ठा बढाउने,
- चुनावको समयमा र पार्टीको संगठनात्मक संरचना बढाउनमा योगदान गर्ने,
- व्यवसायिक पृष्ठभूमिबाट आएका व्यक्तिले पार्टीको कानुन निर्माणसम्बन्धी कामलाई सजिलो बनाउने (संवाद र समिति दुवैमा),
- देशैभरिबाट मत आकर्षण गर्नको निम्ति क्षेत्रीय सन्तुलनको प्रतिनिधित्व गर्ने, र
- पार्टीको विभिन्न पक्ष र सामाजिक उद्देश्यको प्रतिनिधित्व गर्ने ।

वर्तमान प्रणालीको सबल पक्ष र कमजोर पक्ष : राजनीतिक प्रतिस्पर्धा बढ्दै गएपछि इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)ले बहुमत सिटमा आफ्नो उमेद्वार छनौट प्रक्रियालाई फराकिलो बनाउने र संस्थागत गर्ने प्रयास गरेको छ । तैपनि पार्टीको कार्यविधिमा स्थानीय छनौटभन्दा पनि केन्द्रिय प्रभावनै बढी हुने किसिमको छ । उमेद्वारी मनोनयनको लागि आवेदन माग गर्ने व्यवस्थाले पार्टीलाई देशका विभिन्न निर्वाचन क्षेत्र र निर्वाचनमा उपयुक्त छनौट प्रक्रिया निर्धारण गर्नको लागि उल्लेख्य लचकता अपनाउने स्थान दिएको छ ।

तर, यस अभ्यासमा केन्द्रिय नेताले आफूलाई मन परेको उम्मेद्वारको पक्षमा निर्णय गर्न प्रक्रिया नै तोडमोड गर्ने सम्भावना रहन्छ । यतिमात्र होइन, छनौट प्रक्रिया जस्तोसुकै भए पनि निश्चित निर्वाचन क्षेत्रको लागि पहिचान गरिएको उमेद्वारी अनुमोदनको लागि एक जनालाई मात्र समावेश गर्ने सम्भावना रहन्छ । लामो समयदेखि अभ्यास गरिँदै आएको "सम्झौता" वा "सहमती"को परिपाटीले छनौटकर्तालाई कुनै बिकल्प दिँदैन । समानुपातिक प्रतिनिधित्वको सिटको लागि सूची निर्धारण पार्टी सभापतिको निकट सुपरिवेक्षणमा केन्द्रिय कार्यकारी समिति (सीईएन)मा केन्द्रित छ ।

मेक्सिकोको उमेद्वार छनौट प्रक्रियामा प्रायजसो अनियमितता र मत खरिद गरेको आरोप लाग्ने गरेको छ । इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) पनि यो आरोपबाट मुक्त छैन । सन् २००३ को विधायिको चुनावभन्दा अघिको उमेद्वार छनौट निकै विवादास्पद र विभाजनकारी थियो । इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई) गभर्नरले समानुपातिक प्रतिनिधित्व सूची निर्धारण गर्दा आफ्नो सुझाव नलिइएको भन्दै निराशा व्यक्त गरे । पार्टीका युवा सदस्यले पनि आफूलाई बेवास्ता गरेको गुनासो गरे । त्यसपछि सन् २००६ को निर्वाचनमा पार्टीले पराजय भोगेपछि उम्मेद्वार छनौट प्रक्रियाका साथै पार्टीको आन्तरिक सुधार गर्नुपर्ने माग सशक्तरूपमा उठ्न थाल्यो । (तालिका ३ मा मेक्सिकोका तीन सबैभन्दा ठूला दलको उमेद्वार छनौट प्रक्रियाको तुलना गरिएको छ ।)

तालिका ३ मेक्सिकोका ठूला दलको उम्मेद्वार छनौट प्रक्रिया

	पार्टी अफ द डेमोक्रेटिक रिभोलुशन (पीआरडी)	इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी (पीआरआई)	नेशनल एक्शन पार्टी (पीएएन)
एक – सदस्यीय क्षेत्र	● खुला प्राइमरी वा ● प्रतिनिधिको अधिवेशन (केन्द्रिय परिषद् सदस्यको दुई तिहाइले अनुमोदन गरेको अवस्थामा)	● प्राइमरी (बन्द वा खुला) वा ● प्रतिनिधिसहितको अधिवेशन	सदस्यको मतदान
समानुपातिक प्रतिनिधित्व	● सूचीको आधा संख्या (बिजोडी संख्या) अधिवेशनले निर्धारण गर्ने पार्टीका केन्द्रियस्तरका नेताले निर्धारण गर्ने ● सूचीको आधा संख्या (जोडी संख्या) केन्द्रिय परिषद्ले प्रत्यक्ष निर्वाचित गर्ने		● प्रदेशस्तरमा प्रतिनिधिको अधिवेशन र ● केन्द्रिय कार्यकारी समिति (यसले पहिलो, दोस्रो र तेस्रो स्थान पूर्ति गर्दछ) ● सूचीको क्रम निर्धारण गर्न र प्रदेशलाई प्रत्येक निर्वाचन क्षेत्रमा सिटको वितरण गर्न सूत्रको प्रयोग गरिन्छ
आरक्षण कोटा **(माथि उल्लेख गरिएअनुसार, सन् २००८ को जनवरीमा पारित गरिएको निर्वाचनसम्बन्धी नयाँ ऐनले उम्मेद्वार सूचीमा प्रत्येक लैङ्गिकताको कम्तीमा ४० प्रतिशत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गऱ्यो । यो दस्तावेज लेख्ने समयसम्ममा पार्टीको नियमावलीमा यो कानुनमा उल्लेख गरिएको नयाँ व्यवस्था अद्यावधिक गरिएको थिएन ।**	● समानुपातिक प्रतिनिधितित्व सूचीको लागि प्रत्येक पाँच उमेद्वारको सिटमा कम्तीमा एकजना युवा (३० वर्ष वा सोभन्दा कम उमेरको) र कुनै पनि एक लिङ्गले ७० प्रतिशतभन्दा बढी प्रतिनिधित्व गर्न नपाइने	● एक-सदस्यीय निर्वाचन क्षेत्रमा र समानुपातिक सूचीमा ३० प्रतिशत युवा हुनुपर्ने ● एक-सदस्यीय निर्वाचन क्षेत्रमा र समानुपातिक सूचीमा कुनै पनि एक लैङ्गिकताको ५० प्रतिशतभन्दा बढी सहभागिता हुन नहुने ● एक-सदस्यीय निर्वाचन क्षेत्रमा प्राइमरीमार्फत उमेद्वार चयन गरिने ठाउँमा कोटाको आवश्यकतामा छुट दिइएको छ	● समानुपातिक प्रतिनिधितित्वको सूचीको हकमा: कम्तीमा एउटा सूची महिलाले नेतृत्व गरेको हुनुपर्छ र प्रत्येक तीन सदस्यको सिटमा एक लैङ्गिकताको कम्तीमा एकजना हुनुपर्छ

नियमित छनौट नियमावलीलाई परिमार्जन गर्ने पार्टीका केन्द्रिय सदस्यको अधिकार	● केन्द्रिय परिषद्ले उपस्थित भएका सदस्य संख्याको दुई तिहाइले प्रतिशत बढाउने निर्णय गरेको अवस्थामा बाहेक पार्टीले प्रत्येक राज्यस्तरमा पेश गर्ने सबै उम्मेद्वारीको २० प्रतिशतसम्म सिटमा बाहिरी उमेद्वार नियुक्त गर्न सक्छन् ● केन्द्रिय परिषद्ले संघीय चुनावको लागि बाहिरी उमेद्वारको चयन गर्छ, तर पार्टीको मनोनयनको लागि गैरसदस्यलाई सदस्यसँग प्रतिस्पर्धा गराउने बिकल्प पनि हुन्छ	● विशेष परिस्थितिमा आन्तरिक प्रक्रियाको लागि केन्द्रिय आयोगका अध्यक्ष र केन्द्रिय कार्यकारी परिषद्ले पार्टी एकता र बलको लागि जरूरी निर्णय गर्न सक्छन् (छनौटसम्बन्धी नियम, दफा ४८) ● पार्टीले चुनावी गठबन्धन वा साझेदारीमा प्रवेश गरेपछि (तर, यो निर्णयको केन्द्रिय राजनीतिक परिषद् (सीपीएन)ले अनुमोदन गर्नुपर्छ) नियमित छनौट नियम निलम्बित हुनसक्छ ।	● विशेष अवस्थामा र पार्टीको सम्बन्धित अङ्गले निर्णय लिन नसकेको अवस्थामा सम्बन्धित प्रदेशको नेतृत्वसँग परामर्श गरी केन्द्रिय कार्यकारी परिषद्ले संघीय चुनावको लागि उमेद्वार निर्धारण गर्न सक्छ (पार्टी नियमावली, दफा ४३) ● संघीय चुनावमा पार्टीको सहभागिता र सहभागिताका शर्तबारे केन्द्रिय संघीय परिषद्ले निर्णय गर्दछ (दफा ४७, पार्टी नियमावली)

द कोमिन्ताङ (ताइवान)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास । चाइनिज नेशनल पार्टीको कोमिन्ताङ (केएमटी) सन् १८९४ मा चीन-जापनी युद्धको समयमा स्थापना भएको थियो । विभाजित चीनलाई पुन:जागरण गर्न स्थापित यो पार्टीले चीनको मुख्य भूमिमा धेरै वर्ष शासन गऱ्यो । सन् १९४९ मा कोमिन्ताङ (केएमटी)ले कम्युनिष्ट पार्टी सामु आफ्नो शक्ति गुमायो र यसका नेता ताइवान टापुमा गएर शरण लिएर बस्न थाले ।

कोमिन्ताङ (केएमटी)ले सैनिक शासन लागू गऱ्यो । यो पार्टीले ताइवानमा झण्डै ४० वर्ष कुनै निर्वाचनबिना नै शासन गऱ्यो । सैनिक शासनले राजनीतिक प्रतिस्पर्धालाई निषेध गर्ने शक्ति प्रदान गऱ्यो र त्यतिखेर राज्य र कोमिन्ताङ (केएमटी) बीच खासै केही फरक थिएन । सन् १९८० दशकको अन्त्यतिर ताइवानको राजनीतिमा नाटकीय परिवर्तन भयो । कानुनले प्रतिबन्ध लगाएको भए पनि विपक्षी राजनीतिक दलले सन् १९८६ मा कोमिन्ताङ (केएमटी) सरकारको बिकल्प खोज्दै विभिन्न समूहले मिलेर डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) स्थापना गरे । यसको एक वर्षपछि नै कोमिन्ताङ (केएमटी)ले सैनिक शासन हटायो । सन् १९९१ मा सरकारले पूर्ण संवैधानिक शासनको स्थापना गऱ्यो र सन् १९९२ मा बहुदलीय संसदीय चुनाव गऱ्यो । पहिलो बहुदलीय राष्ट्रपति चुनाव सन् १९९६ मा गरिएको थियो । सन् १९९६ मा कोमिन्ताङ (केएमटी)ले जितेको भए पनि सन् २००० र २००४ को निर्वाचनमा भने कोमिन्ताङ डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी)को गठबन्धनसँग पराजित भयो । सन् २००४ को पराजय ०.२२ प्रतिशतको अत्यन्त झिनो अन्तरले भएको थियो ।

सन् २००४ को संसदीय चुनावमा, कोमिन्ताङ (केएमटी)र उक्त पार्टीसँगको प्यान-ब्लु गठबन्धनले जम्मा ११४ सिट प्राप्त गऱ्यो । डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी) र प्यान-ग्रीन गठबन्धनले भने १०१ सिट मात्रै प्राप्त गऱ्यो । सन् २००८ को जनवरीमा कोमिन्ताङ (केएमटी) र यसका साझेदारले संसदमा आफ्नो बहुमतलाई उल्लेख्य बृद्धि गरे । त्यतिबेला नयाँ निर्वाचन प्रणाली अपनाइएको थियो र नयाँ निर्वाचन प्रणालीको अभ्याससँगै उसले ११३ मध्ये ८६ सिट

प्राप्त गऱ्यो । सन् २००८ को राष्ट्रपति चुनाव पनि ५८ प्रतिशतको लोकप्रिय मत ल्यायो ।

ताइवानमा सन् १९४० दशकको अन्त्यमा आइपुगेको कोमिन्ताङ (केएमटी)ले पार्टीको स्थानीय तहलाई पुनःसंरचना गर्नुपऱ्यो । स्थानीय तहमा सदस्य प्रारम्भिक एकाइको रूपमा संगठित भएका हुन्छन् । स्थानीय तहभन्दा माथि काउण्टी वा नगर हुन्छ र त्यसपछि केन्द्रिय तहका संरचना हुन्छन् । पार्टीको सर्वोच्च अङ्ग भनेको प्रत्येक दुईवर्षमा आयोजना हुने पार्टी प्रतिनिधिको केन्द्रिय अधिवेशन हो । केन्द्रिय अधिवेशनले निर्वाचित गर्ने २१० सदस्यीय केन्द्रिय समितिको वार्षिक बैठक हुने गर्छ । यसले महधिवेशनले गरेका निर्णयको कार्यान्वयनको सुपरीवेक्षण गर्दछ । पार्टीको दैनिक कार्यसञ्चालन, अधिवेशनले केन्द्रिय समिति सदस्यमध्येबाट निर्वाचित गरेको ३१ सदस्यीय केन्द्रिय स्थायी समितिले गर्ने गर्दछ । विचारको हिसाबले कोमिन्ताङ (केएमटी)मध्य दक्षिणपन्थी पार्टी हो ।

ताइवानको निर्वाचन व्यवस्था : सन् १९९१ मा संवैधानिक व्यवस्थामा फर्किएपछि ताइवानले विभिन्न संवैधानिक तथा निर्वाचन सुधार गरेको छ । उदाहरणका लागि सन् २००० को संविधान संशोधनले द लेजिस्लेटिभ युआन (एलवाई) र द नेशनल एसेम्बली गरी दुई विधायिका सदनको अधिकारमा संशोधन गऱ्यो । राष्ट्रियसभा (नेशनल एसेम्बली) अस्थायी निकाय बन्यो । यसको एक मात्र अधिकार द लेजिस्लेटिभ युआन (एलवाई)को सिफारिसमा संविधान संशोधन गर्ने र केन्द्रिय सीमा हेरफेर गर्ने मात्रै रह्यो । उक्त सभा सन् २००५ मा खारेज गरिएको थियो ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- समानान्तर (सन् २००८ पछि)
- केन्द्रिय निर्वाचन क्षेत्रको लागि लैङ्गिक कोटा (५० प्रतिशत)
- छनौट प्रक्रियाको मुख्य विशेषता
- आपराधिक क्रियाकलापमा आबद्ध उमेद्वारबाट बच्न बिस्तृत मनोनयन प्रावधान
- सदस्यताको मत र सार्वजनिक मत सर्वेक्षण (३० र ७० को मतभार हुनेगरी)

ताइवानमा सन् २००८ को निर्वाचन अघि २१ ओटा बहुसदस्यीय निर्वाचन क्षेत्रबाट ६८ सिट निर्धारणका लागि एकल असंक्रमणीय मत (एसएनटीभी) को प्रयोग गरिएको थियो । यसका साथै राजनीतिक दलको प्रतिनिधित्व गर्ने उमेद्वारको हकमा प्रत्येक राजनीतिक दलको मत दलका सबै उमेद्वारको मतलाई केन्द्रियरूपमा एकीकृत गरी तय गरिन्थ्यो । केन्द्रिय रूपमा कम्तीमा ५ प्रतिशत मत प्राप्त गर्ने दललाई ४१ सिट समानुपातिक तरिकाले वितरण गरिन्थ्यो । अन्त्यमा, ताइवानको आदिवासी जनता र विदेशमा बस्नेले आठ-आठ सदस्य निर्वाचित गर्दथे । यस प्रणालीअन्तर्गत भएको सन् २००४ को निर्वाचन अन्तिम थियो ।

सन् २००५ मा पारित गरिएको सुधारले द लेजिस्लेटिभ युआन (एलवाई)को सिट २२५ बाट घटाएर ११३ कायम बनायो । साथै संसदको कार्यकाल तीन वर्षबाट बढाएर चारवर्ष पुऱ्यायो । ताइवानमा एउटा मतपत्र निर्वाचन क्षेत्रका उमेद्वारको लागि र अर्को पार्टीको सूचीको लागि गरी दोहोरो मतपत्रको व्यवस्था सुरू गरियो । अहिले एकल-सदस्यीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने गरी ७३ सिट निर्धारण गर्न पहिलो हुने निर्वाचित हुने प्रणाली अपनाइन्छ । यसका साथै ३४ ओटा समानुपातिक सिट पार्टीको सूचीको लागि प्राप्त मतको अनुपातका आधारमा समानुपातिकरूपमा विनियोजन गरिन्छ । नयाँ व्यवस्था अनुसार समानुपातिकतर्फको पार्टी सूचीमा ५० प्रतिशत महिला हुनुपर्छ । बाँकी छसिट आदिवासी जनजातीको लागि छुट्याइएको छ ।

उमेद्वार चयनको ऐतिहासिक पक्ष : एउटै पार्टीको शासनमा थुप्रै निर्वाचन सञ्चालन भएकाले कोमिन्ताङ (केएमटी)भित्रको उमेद्वार छनौट प्रक्रिया संवैधानिक व्यवस्था हुनुभन्दा पहिलेदेखि नै लागू भएको हो । सन् १९५० देखि १९५७ सम्म स्थानीय संरचना नभएका कारणले कोमिन्ताङ (केएमटी)को उमेद्वार छनौट मूलतः आमजनताबाट उपयुक्त व्यक्तिको पहिचान गरी सोही व्यक्तिलाई समर्थन गर्ने विधि थियो । पार्टीले आफ्ना संगठनात्मक संरचना निर्माण गर्दै जाँदा केन्द्रिय एकाइले उमेद्वार छनौटमा बढी नियन्त्रण गर्न थाल्यो । स्थानीय पार्टी समितिले विभिन्न उमेद्वारबारे सदस्यको धारणा संकलन गर्न थाल्यो । त्यसका लागि अनौपचारिक मूल्याङ्कन सञ्चालन गरेर केन्द्रिय तहका पार्टी नेतालाई जानकारी दिइन्थ्यो । केन्द्रिय नेताले अन्तिम निर्णय लिन्थे, त्यतिबेला पार्टीका शाखा समितिको विचार बुझ्न जरूरी थिएन । ताइपेइ नगरपालिकाको चुनावमा बाहेक सन्

१९८० दशकको उत्तरार्धसम्म यस्तै अभ्यास जारी रह्यो । ताइपेइ नगरपालिकाको चुनावमा भने मूलरूपमा स्थानीय शाखा समितिको कुरा नै सुनिन्थ्यो ।

सन् १९८९मा एक दलीय शासनको अन्त्य भएर प्रतिस्पर्धी राजनीतिको उदय भएसँगै कोमिन्ताङ (केएमटी) पार्टीका प्राइमरी तर्फ लाग्यो । पार्टीका पदाधिकारीले सुधारसँगै उमेद्वार छनौट प्रक्रियालाई विकेन्द्रीकरण गरी पार्टी छबि सुधार गर्दै पार्टी एकतालाई समेत सुदृढ गर्ने मौकाको रूपमा लियो । तर, पार्टीका कार्यकर्ता यस प्रक्रियामा तटस्थ मात्र रहेनन् र आन्तरिक प्रतिस्पर्धाले पार्टीभित्रको विभाजनलाई बढवा दियो । आलोचकले सुधारले निर्वाचन प्रचार-प्रसार खर्च बढाएको र प्राइमरीमा भाग लिनेले ताइवानको आमजनसंख्याको सही प्रतिनिधित्व नगर्ने विश्लेषण गरे । यसरी छान्ने उमेद्वारले जित्न आवश्यक मत पाउन नसक्ने आलोचकहरूले तर्क गरे । कोमिन्ताङ (केएमटी)ले सन् १९८९मा द लेजिस्लेटिभ युआन (वाईएल)मा बहुमत ल्याए पनि सिट र मत कम आयो । यसले सुधारका आलोचकलाई प्राइमरी व्यवस्थालाई दोष लगाउन सजिलो बनाइदियो । सन् १९९२ को लागि भार प्रणालीको सुरूवात गरियो, जसमा सदस्यको मत र कार्यकर्ताको मूल्याङ्कन दुवैले पचास-पचास प्रतिशत पाउने भए । यसका साथै स्थानीय शाखा समितिले प्राइमरीलाई रद्द गरेर पार्टी मुख्यालयमा सोझै आफैं सिफारिस गर्न पनि पाउने व्यवस्था थियो । त्यसपछिका परिमार्जनमा शाखा समितिले पार्टी सदस्यको धारणा र प्रतिक्रिया लिने, प्राइमरीको प्रयोग गर्ने, कार्यकर्ताबाट मूल्याङ्कन गराउने र जनमत सर्वेक्षण गर्नेजस्ता व्यवस्थाको सुरूवात गरे । यद्यपि, पार्टीको केन्द्रिय नेतृत्वले शाखाको प्रस्तावको मूल्याङ्कन गर्ने भएकाले अगाडि उल्लेख गरिएका व्यवस्थाको हैसियत परामर्शात्मक मात्र रह्यो ।

सन् २००० मा कोमिन्ताङ (केएमटी)ले राष्ट्रपति चुनाव हार्‍यो र पार्टीको समग्र सुधार कार्यक्रमको सुरूवात गर्‍यो । फलस्वरूप उमेद्वार छनौट प्रक्रियामा पुनः परिमार्जन भयो । त्यसपछि बहु-सदस्यीय सिटको लागि उमेद्वार छनौट गर्दा पार्टी प्राइमरी र आमसर्वसाधारण मतदाताको जनमत सर्वेक्षणको सम्मिश्रणबाट गर्न थाल्यो ।

उमेद्वार छनौटको वर्तमान प्रक्रिया

उमेद्वारको योग्यता: उमेद्वार छनौट नियमावलीमा देहाय बमोजिमको योग्यताका प्रावधान उल्लेख गरिएको छ :

- कम्तीमा चार महिनादेखि पार्टीको सदस्य रहेको वा पार्टीमा फर्केको ,
- पार्टीमा स्वच्छ छबि भएको,
- प्राइमरीको निर्वाचनभन्दा चारमहिना अघिदेखि नै सदस्यता शुल्क भुक्तान गरिसकेको, र
- असल चालचलन रहेको ।

लेजिस्लेटिभ युआन (एलयू) ओहदाका आकांक्षीले पार्टीको शाखा समितिलाई देहाय बमोजिमका दस्तावेज तथा सूचना पेश गर्नु पर्छ :

- सबै विवरण भरिएको दर्ता फारम,
- पार्टीको सदस्यता झल्काउने र अन्य सबै शुल्क तिरेको रसिद,
- पार्टीका वरिष्ठ पदाधिकारीको सिफारिस पत्र,
- व्यक्तिगत वृत्ति विवरण वा बायोग्राफी,
- निर्वाचन रणनीति,
- निर्वाचनको घोषणा,
- आन्तरिक मनोनयन शुल्क,
- वर्तमान (चार महिनाभन्दा पुरानो हुन नहुने) सरकारी दर्ताको जानकारी -ताइवानमा सरकारले सबै बासिन्दाको दर्ता सूची कायम राख्दछ), र
- एउटा फोटो ।

यति मात्र होइन पार्टीले आवश्यक पृष्ठभूमि जाँच गर्न सकोस् भनेर नियमावलीअनुसार आवेदकले शैक्षिक, व्यवसायिक र अन्य सूचना पनि पेश गर्नुपर्छ । ताइवान वा अन्यत्र देहायका अपराधमा दोषी पाइएका व्यक्ति अयोग्य हुन्छन् ।

- लागू औषध तस्करी, सम्पत्ती शुद्धिकरण र भ्रष्टाचारलगायतका संगठित अपराधमा संलग्न भएको,
- पब्लिक अफिसहोल्डर रिकल ल भनिने सार्वजनिक ओहदाका व्यक्तित्व निलम्बनसम्बन्धी कानुनी प्रावधानको उल्लंघन गरेका व्यक्ति, मत खरिद गरेको र जनतामा हिंसा भड्काएको व्यक्ति,
- यौन दुर्व्यवहार वा बाल यौन व्यापारमा संलग्न रहेको, वा
- हत्या, कुटपिट, डकैती, अपहरण वा ठगीमा संलग्न ।

यस्ता व्यक्तिलाई पार्टीको मनोनयनको लागि आवेदन गर्नबाट रोकिन्छ । आरोप विचाराधीन रहेको वा शंका गरिएको तर फैसला नभएको अवस्थामा समेत पार्टीको केन्द्रियस्तरको मूल्याङ्कन तथा अनुशासन समितिले पार्टी, जनता र समग्रमा समाजलाई उक्त आरोपले गर्न सक्ने सम्भाव्य हानी लेखाजोखा गर्न सकोस् भनेर आरोपित व्यक्तिले आफूमाथि लागेको आरोपको खुलासा गर्नुपर्छ ।

प्रमुख कदम

समानुपातिक प्रतिनिधित्व सूची : पार्टी अध्यक्ष, पाँचजना उपाध्यक्ष, महासचिव र अध्यक्षले नियुक्त गरेका थप दुईजना सहित नौ सदस्यीय समितिले सूची निर्धारण गर्दछ । महिला संगठनलगायत पार्टीका विभिन्न एकाइले सिफारिस पठाउँछन् जसको आधारमा समितिले सूची निर्धारण गर्दछ ।

बहुमतीय सिट

१. इच्छुक व्यक्तिले निर्वाचन क्षेत्रस्तरीय पार्टी समितिलाई आफ्नो आवेदन पेश गर्छन् । आवेदनको समीक्षा गरिन्छ, आवश्यक पृष्ठभूमि जाँच गरिन्छ र एउटा छोटो सूची तय गरिन्छ । आवेदकलाई देहायका क्रियाकलाप गर्न निषेध गरिन्छ :
   - पार्टीको प्रतिष्ठामा आँच पुऱ्याउने वा अन्य पार्टी सदस्यलाई बदनियतपूर्वक हानी पुऱ्याउने वा आरोप लगाउने,
   - सहयोग प्राप्तिका लागि घेस लिने वा अन्य विधि प्रयोग गर्ने, र
   - मनोनयन प्रक्रियालाई प्रभावित पार्न प्रदर्शन वा हुलदङ्गा गर्ने

२. संक्षिप्त सूचीमा परेका व्यक्तिको सार्वजनिक लोकप्रियता मूल्याङ्कनको लागि जनमत सर्वेक्षण गरिन्छ । आवेदकले सदस्यतबाट मत लिने दिनभन्दा तीन हप्ता बढी नहुने गरी र मतदानको दिनपछि नहुने गरि जनमत सर्वेक्षण गर्नुपर्छ । छनौट नियमअनुसार जनमत सर्वेक्षण स्वतन्त्र हुनुपर्छ र सदस्यताको छलफल वा प्रत्येक व्यक्तिको सार्वजनिक लोकप्रियताको यथार्थ मापन सुनिश्चित गर्ने मत भन्दा फरक हुनुपर्छ ।

३. संक्षिप्त सूचीमा पार्टी सदस्यको मत । १८ वर्ष वा सो भन्दा बढी उमेरका कम्तीमा चार महिनादेखि पार्टीको सदस्य रहेको वा पार्टीमा फर्किएको, सदस्यता शुल्क तिरिसकेको र असल चालचलनभएको कुनै पनि सदस्यले मतदानमा भाग लिन पाउँछ । जनमत सर्वेक्षणले कुनै पनि प्रतिस्पर्धीको ७० प्रतिशत अंक भार लिन्छ भने सदस्यको मतले ३० प्रतिशत अंकभार लिन्छ । जम्मा अंकको ३ प्रतिशतभन्दा बढीको अन्तरले जित्ने व्यक्तिले पार्टीको शाखा समितिबाट मनोनयन प्राप्त गर्दछ ।

४ आवश्यक परेमा दोस्रो चरणको जनमत सर्वेक्षण र सदस्यबाट मतदान पनि गराइन्छ । कुनै पनि उमेद्वारले सदस्यको मत वा जनमत सर्वेक्षणमा ३० प्रतिशतभन्दा बढी मत प्राप्त नगरेमा अथवा दुई उमेद्वारले प्राप्त गरेको अंकको अन्तर तीन प्रतिशत वा तीन प्रतिशतभन्दा कम भएमा छनौट नियमावलीले दुई प्रतिस्पर्धीलाई सल्लाह गरेर सहमतीमा आउन प्रोत्साहित गर्दछ । सहमती नभएमा दुई अग्रस्थानमा रहेका उमेद्वारबीच दोस्रो चरणको जनमत सर्वेक्षण र सदस्यता मतदान गरिन्छ । यसमा सबैभन्दा धेरै मत प्राप्त गर्ने प्रतिस्पर्धीले मनोनयन प्राप्त गर्दछ ।

५. शाखा समितिले आफूले मनोनयन गरेका व्यक्ति र छनौट प्रक्रियाको एक प्रतिवेदन समावेश गरेर समीक्षाको लागि सेन्ट्रल नोमिनेशन एग्जामिनेशन एण्ड भेरिफिकेशन कमिटी (सीएनईभीसी) भनिने केन्द्रिय मनोनयन परीक्षण तथा प्रमाणिकरण समितिमा पठाउँछ । पार्टी अध्यक्षले नियुक्त गर्ने केन्द्रिय मनोनयन परीक्षण तथा प्रमाणिकरण समिति (सीएनईभीसी)ले पार्टीको प्रक्रिया पालना भएको सुनिश्चित गर्न शाखा समितिले पेश गरेको सूचनाको समीक्षा गर्दछ ।

६. केन्द्रिय मनोनयन परीक्षण तथा प्रमाणिकरण समिति (सीएनईभीसी)ले अन्तिम समीक्षा, अनुमोदन र मनोनयनको सार्वजनिक घोषणाको लागि शाखाले पठाएको मनोनयलाई केन्द्रिय स्थायी समितिमा पठाउँछ ।

वर्तमान प्रणालीको सबल पक्ष र कमजोरी । सन् २००० को राष्ट्रपति चुनावका धेरैजसो विश्लेषणले कोमिन्ताङ (केएमटी)ले हार्नुका प्रमुख कारणमा आफ्नो समर्थनमा भएको विभाजन, चुनावी मुद्दाको रूपमा भ्रष्टाचारको कुरा उठेको उठ्नु हो । त्यसका अतिरिक्त विरोधी डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी)ले आफूलाई सफा र सुधारोन्मुख बिकल्पको रूपमा प्रस्तुत गरेको भएको देखाउनु पनि हो । सुधारबारे जारी आन्तरिक छलफलमा कोमिन्ताङ (केएमटी)ले बिगतका

छनौट प्रक्रियामा रहेका दुई प्रमुख कमजोरीको पहिचान गरेको थियो । पहिलो, पार्टीका सदस्य र नेताबीच बढ्दो खाडल र दोस्रो, कतिपय भ्रष्टाचारको समेत आरोप लागेका र पर्याप्त सार्वजनिक समर्थन नभएका व्यक्तिको मनोनयन । सन् २००१ देखि एकल असंक्रमणीय मत (एसएनटीभी)का लागि उमेद्वार छनौटको जिम्मेवारी पार्टी नेताबाट सदस्यमा सार्ने गरी सुधारको प्रारम्भ भयो । डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी (डीपीपी)ले नै प्रयोग गरेको विधिको सिको गर्दै कोमिन्ताङ (केएमटी)ले पार्टी सदस्यको मत र जनमत सर्वेक्षणको सम्मिश्रणलाई उमेद्वार छनौटको नयाँ विधिको रूपमा प्रयोग गऱ्यो । सुधारले पाटीमा कसैले गुण लगाएबापत गुण तिर्न मनोनयन प्रदान गर्ने पुरानो चलनको अन्त्य भयो । पार्टी नेतृत्व र सदस्यबीचको दूरी कम गर्ने, बढी सहभागितात्मक सदस्यतामार्फत पार्टी संरचनालाई नवीकरण गर्न सघाउ पुऱ्याउने काम सुरू भयो । पार्टीको वैधानिकता र सार्वजनिक लोकप्रियताको दोहोरो मापदण्ड पूरा गरेका उमेद्वारको उत्पादनलाई सहयोग पुऱ्याउने आशा लिइयो । यसका साथै बिस्तृत सदाचारका शर्त समावेश गरी भ्रष्ट व्यक्तिलाई अयोग्य बनाउँदै पार्टी नियमावलीको संशोधन गरियो । यी वैधानिक प्रावधानमा थप गरिएका व्यवस्था हुन् ।

द लेबर पार्टी (बेलायत)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : बेलायती राजनीतिमा कामदार, ट्रेड युनियनकर्मी र समाजवादीको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्नको निम्ति सन् १९०० मा लेबर पार्टीको स्थापना भएको थियो । द लेबर रिप्रेजेन्टेशन कमिटी नाम दिइएको सुरूको संरचनामा व्यक्तिगत हैसियतमाभन्दा पनि ट्रेड युनियनजस्ता संस्थागत आबद्धताको हैसियतमा सदस्यता वितरण हुन्थ्यो । सन् १९२४ लेबर पार्टीले पहिलो सरकार गठन गरेको थियो र त्यसपछि सन् १९४५ देखि १९५१ सम्म र १९६४ देखि १९७० सम्म निर्वाचनमा विजयी भएको थियो ।

लेबर पार्टी सन् १९७९ को निर्वाचनमा नराम्ररी पराजित भयो, त्यसपछि पार्टीमा आन्तरिक आत्मालोचना र पार्टीभित्रका आन्तरिक गुटबीच धेरै बढ्दै गयो । त्यसपछि १८ वर्षसम्म प्रतिपक्षमा बसेको लेबर पार्टीले आफ्नो सदस्यताको आधार बढाउन, ट्रेड युनियनको प्रभाव घटाउन, सदस्यको सहभागिता बढाउन र जनतामाझ व्यापक आकर्षण बढाउन विभिन्न सुधारको श्रृंखला सञ्चालन गऱ्यो । सन् १९९४ मा पार्टीले टोनी ब्लेयरलाई आफ्नो नयाँ नेता चयन गऱ्यो । ब्लेयरको नेतृत्वमा पार्टीले विधानको दफा ४ संशोधन गर्दै केन्द्रिकरणको लागि पार्टीले दिएको समर्थनको अन्त्य गऱ्यो (व्यवहारमा सन् १९९५ को विधान संशोधनभन्दा पहिले नै लेबर पार्टीको नीति मध्यमार्गी बन्दै गएको थियो) । लेबर पार्टी सन् १९९७ मा १७९ सिटको अन्तरले त्यतिखेर सम्मकै ठूलो चुनावी विजयसँगै शक्तिमा स्थापित भयो । सन् २००५ मा पार्टीले जितेको सिटको अन्तर ६७ सिटमा झरेको भएपनि यो पार्टी इतिहासमै लगातार तेस्रो पटक निर्वाचन जित्न सफल भएको थियो ।

पार्टीको आधारभूत संगठनात्मक एकाइ स्थानीय चुनावको लागि तय गरिने वडाको क्षेत्रका आधारमा स्थापना हुने शाखा समिति हो । यस्ता शाखा समितिबाट वेस्टमिन्स्टरको निर्वाचन क्षेत्रसँग मिल्ने निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी) बन्छ । यसका साथै ट्रेड युनियनलगायतमा आबद्ध संस्थाका स्थानीय शाखाको पनि निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)मा प्रतिनिधित्व र मताधिकार हुन्छ । यसैगरी निर्वाचन क्षेत्र स्तरीय लेबर पार्टी (सीएलपी)को वार्षिक सम्मेलन र केन्द्रिय नीति मञ्चजस्ता थुप्रै केन्द्रिय तहमा प्रतिनिधित्व हुन्छ । केन्द्रिय कार्य सञ्चालन पार्टीको केन्द्रिय कार्यकारी समितिले गर्दछ । यसमा सरकार, सांसद, युरोपेली संसदका सदस्य, पार्षद्, ट्रेड युनियन, समाजवादी समाज र निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)को प्रतिनिधित्व रहन्छ । सदस्यले केन्द्रिय कार्यकारी समितिमा आफ्नो निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)को प्रतिनिधि पठाउन हरेक वर्ष मतदान गर्छन् ।

वेष्टमिन्स्टरको निर्वाचन : हाउस अफ लर्ड्स् भनिने माथिल्लो सदन र हाउस अफ कमन्स् भनिने तल्लो सदनले बनेको बेलायतको संसद अर्थात् वेष्टमिन्स्टर दुई सदनात्मक हो । यहाँ हाउस अफ कमन्स्को लागि छनौट प्रक्रियामा बढी ध्यान दिइएको छ । यसका ६४६ सदस्य एफटीपिटीपी भनिने पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष प्रणालीबाट निर्वाचित हुन्छन् । हाउस अफ कमन्स्का सदस्यको कार्यकाल पाँच वर्षको हुन्छ । तर, संसदको विघटन भएपछि निर्वाचन घोषणा हुने र संसद विघटनको समयमा बहालवाला प्रधानमन्त्री विवेकमा भर पर्ने भएकाले यस व्यवस्थालाई राजनीतिक

लाभको लागि प्रयोग गर्न पनि सकिन्छ (महारानीले वा महाराजाले प्रधानमन्त्रीको अनुरोधमा संसद विघटन गर्छन् ।)

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- प्रत्यक्ष (पहिलो हुने निर्वाचित हुने)

छनौट प्रक्रियाका मुख्य विशेषता

- शाखा समितिले पूर्वअनुमोदित सूचीबाट छनौट गर्न सक्छन् वा अन्य बिकल्पबारे विचार गर्न सक्छन्
- पूर्व अनुमोदित सूचीमा नरहेका व्यक्ति छनौट भएमा निजलाई केन्द्रिय कार्यकारीले अनुमोदन गर्नुपर्छ
- शाखा समितिको छनौट बैठक एक सदस्य एक मतमा आधारित हुन्छन्
- प्रायजसो हुलाक मार्फत् गरिने मतदान निर्णायक हुन्छन्
- केन्द्रिय कार्यकारीलाई महिला तथा जातीय अल्पसंख्यकको हितमा हुने गरी सकारात्मक विभेदका विधि (जस्तै : सबै महिला मात्रै भएको संक्षिप्त सूची वा निश्चित निर्वाचन क्षेत्रमा ५० प्रतिशत लैङ्गिक कोटाको व्यवस्था) लागू गर्ने अधिकार हुन्छ ।

हालैका वर्षमा, कन्जर्भेटिभ पार्टी र लेबर पार्टी पालैपालो सरकारमा पुगेका छन् । हाउस अफ कमन्स्को अत्यन्त थोरै हिस्सा बाहेक सबै सिटमा यिनै दुई पार्टीले जित्ने गरेका छन् । तर, १९७० पछि भने अन्य दलले पनि वेष्ट मिन्स्टरमा आ-आफ्नो प्रतिनिधित्वको अनुपात बढाएका छन् । सन् २००५ को चुनावमा ६२ सिट जितेको डेमोक्र्याट पार्टी र डेमोक्रेटिक युनियनिस्ट, प्लायड सिम्रु, द स्कटिस नेशनल पार्टी र सिन फियनजस्ता क्षेत्रीय पार्टी पर्छन् ।

वेस्टमिन्स्टरको चुनावको लागि सुरक्षित र लक्षित सिटको अवधारणा महत्वपूर्ण छ । धेरैजसो निर्वाचन क्षेत्र एक पार्टीको लागि सुरक्षित सिट र अर्को पार्टीको लागि असम्भव छन् । मार्जिनल भनिने सिमान्त सिट जसलाई लक्ष्यित सिट पनि भनिन्छ सिट कडा प्रतिस्पर्धा गरिने चुनावी युद्धमैदान हुन् । कुनै सिट वा निर्वाचन क्षेत्र जति सुरक्षित मानिन्छ त्यसको उम्मेद्वारीको लागि मनोनयनको प्रतिस्पर्धा त्यत्ती नै कडा हुन्छ किनभने त्यस्तो सिटमा मनोनयन पाउनु भनेको लगभग वेस्टमिन्स्टरको लागि निर्वाचित हुनु हो ।

ऐतिहासिक दृष्टिकोणबाट उमेद्वार छनौट : बीसौं शताब्दीको अन्त्यतिरसम्म पनि पार्टीभित्रका अन्य निर्णय प्रक्रिया जस्तै उमेद्वार छनौटको निर्णय प्रतिनिधिमुलक लोकतन्त्रको आधारमा हुने गर्दथ्यो । पार्टीको केन्द्रिय संगठनले सम्भाव्य उमेद्वारको सुची बनाउँथ्यो । अन्तिम निर्णय भने निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)ले गर्थ्यो र केन्द्रिय सूचीमा नभएका व्यक्तिलाई पनि छान्न पाउने व्यवस्था थियो । निर्वाचन क्षेत्रको कार्यकारीले निर्वाचन क्षेत्र साधारण व्यवस्थापन समितिका सदस्यले मतदान गर्नको लागि संक्षिप्त सूची बनाउँथ्यो । निर्वाचन क्षेत्र साधारण व्यवस्थापन समितिमा पार्टीका शाखा समिति र आबद्ध संगठनका तर्फबाट प्रतिनिधि रहन्थे । तर, संगठनले आफ्ना प्रतिनिधिलाई निश्चित उमेद्वारलाई मत दिन निर्देशन दिन सक्दैनथे ।

सन् १९८० दशकको सुरूवातसँगै उमेद्वार छनौटमा मात्रै होइन नीति-निर्माणमा समेत सदस्य सहभागिता बढाउनका लागि पार्टीमा विभिन्न सुधारका श्रृंखला सुरू भयो । सदस्यको विचारको प्रतिनिधित्व नगर्ने उमेद्वार छनौट गरेको आरोप लाग्ने गरेका कारण निर्वाचन क्षेत्रस्तरका पार्टी र ट्रेड युनियन प्रतिनिधि सिमान्तकृत हुँदै गए । उदाहरणको लागि सन् १९८९ मा पार्टीको शाखा समितिले गरेको मनोनयनलाई केन्द्रिय कार्यसमितिको अनुमोदन गर्नुपर्ने नयाँ व्यवस्थाको सुरूवात गऱ्यो । सन् १९८८ मा सुरू गरिएको इलेक्टोरल कलेज प्रणालीले ट्रेड युनियन र अन्य आबद्ध संगठनको मतभार लाई ४० प्रतिशतमा सीमित गर्दै बाँकी ६० प्रतिशत मतभार सदस्यको व्यक्तिगत मतमा रहने व्यवस्था गऱ्यो । अन्त्यमा, सन् १९९३ मा पार्टीले एक सदस्य एक मतको व्यवस्था लागू गरी पहिले ट्रेड युनियन र अन्य आबद्ध संस्थासँग रहेको एकमुष्ट मतलाई पूरै खारेज गर्दै प्रत्येक सदस्य व्यक्तिलाई समान मतभार प्रदान गऱ्यो ।

वेष्टमिन्स्टरको लागि हालको छनौट प्रक्रिया

उमेद्वारको योग्यता : अनिवार्य योग्यतासम्बन्धी शर्तका साथै लेबर पार्टीको नियमावलीले कुनै पनि सार्वजनिक पदका लागि पार्टीको मनोनयन प्राप्त गर्नको तल उल्लेखित योग्यताको शर्तको खाका बनाएको छ :

- कम्तीमा १२ महिनादेखि निरन्तर पार्टीको सदस्य रहेको, र
- पार्टीले मान्यता दिएको ट्रेड युनियनको सदस्य रहेको र युनियनको कोषमा योगदान गरेको ।

केन्द्रिय कार्यसमितिले केही अपवादलाई भने यो शर्त पूरा नभए पनि अनुमती दिनसक्छ । स्थानीय सरकारको उमेद्वारको लागि लागि अयोग्य घोषित व्यक्ति यसमा पनि अयोग्य हुन्छन् । साथै पार्टी नियमावलीले महिला र जातीय अल्पसंख्यक उमेद्वारको संख्या बढाउनको लागि सकारात्मक कदम चाल्न पाउने व्यवस्था गरेको छ ।

बहालवाला सांसदको लागि प्रक्रिया : सन् १९८० सम्म लेबर पार्टीको उमेद्वार छनौट प्रक्रियाले बहालवाला सांसदलाई धेरै प्राथमिकता दिन्थ्यो । आफ्ना सांसदलाई प्रतिस्थापन गर्न चाहने निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)मा प्रक्रियाको सुरूवात गर्न साधारण व्यवस्थापन समितिले विशेष बैठक आह्वान गर्नुपर्दथ्यो । त्यसपछिको बैठकमा बहालवाला सांसदविरूद्ध अविश्वासको मत पारित गर्नुपर्थ्यो । बहालवाला सांसदलाई केन्द्रिय कार्यसमिति समक्ष पुनरावेदन गर्ने अधिकार हुन्थ्यो र धेरैजसो अवस्थामा पुनःस्थापित गरिन्थ्यो । पार्टीले सन् १९८० मा सबै सांसदलाई पुनःछनौटको प्रक्रियामा समावेश हुनुपर्ने नयाँ नियमको व्यवस्था गऱ्यो । तथापि बहालवाला सांसद पुनः निर्वाचित हुने दर अझैं उच्चनै रह्यो । त्यसपछि पार्टीको नियमअनुसार बहालवाला सांसदले आफ्नो निर्वाचन क्षेत्रका पार्टी एकाइ र आबद्ध संगठनको बहुमतको सकारात्मक मनोनयन प्राप्त गर्नुपर्ने व्यवस्था लागू भयो । यद्यपि, यो प्रावधान पूरा गर्न नसक्ने सांसदलाई पनि सूचीमा रहने अधिकार हुन्छ ।

मुख्य चरण

१ केन्द्रिय कार्यसमितिले पूर्व छनौटको लागि प्रक्रियागत कार्यविधि, आवेदन फारम र समयतालिका जारी गर्दछ । पछिल्लो चरणको छनौटमा प्रयोग भएको फारममा आवेदकले आफ्नो आधारभूत सूचना प्रदान गर्नुपर्ने र तल उल्लेखित शीर्षकमा आफ्नो पृष्ठभूमि, शैक्षिक र व्यवसायिक विवरण दिनुपर्छ :

- लेबर पार्टीमा अनुभव,
- जीवनमा अन्य अनुभव,
- ज्ञान,
- सञ्चार सीप,
- प्रचार-प्रसार सम्बन्धी सीप,
- प्रतिनिधित्व र समस्या समाधानका सीप,
- अन्तर वैयक्तिक, समूहकार्य र समन्वयात्मक सीप, र
- अन्य दक्षता ।

आवेदकलाई व्यक्तिगत वक्तव्य पनि समावेश गर्न लगाइन सक्छ (यसमा निजले छनौट हुन चाहेको कारण र राजनीतिक वक्तव्य पनि समावेश हुनसक्छ) । तिनीहरूले आचारसंहितामा हस्ताक्षर पनि गर्नुपर्छ र आफूले मनोनयन प्राप्त गर्न खोजेको क्षेत्रको पनि संकेत गर्नुपर्छ । पार्टीको केन्द्रिय नेतृत्वले पूर्वअनुमोदन गरेको नेशनल पार्लियामेन्टरी प्यानल (एनपीपी) भनिने आकांक्षीको पूर्वअनुमोदित सूचीमा रहेकाको लागि आवेदन अनिवार्य छैन तर केन्द्रिय कार्यसमितिले निजलाई आवेदन दिनको लागि प्रोत्साहित गर्दछ । ट्रेड युनियनजस्ता केन्द्रियस्तरमा आबद्ध संस्थाले पनि उमेद्वार सिफारिस गर्न सक्छन् । ट्रेड युनियनले उमेद्वारको लागि सिफारिस गर्दा प्रायजसो उमेद्वारको निर्वाचन प्रचार-प्रसार खर्च व्यहोर्ने प्रतिवद्धता जाहेर गर्छन् । यसले निजलाई निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टी (सीएलपी)को लागि आकर्षक बिकल्प बनाउन सक्दछ ।

२. केन्द्रिय कार्यसमितिले अनुमोदन गरेको क्षेत्रीय मूल्याङ्कन समूहले आवेदनको समीक्षा गर्छ । यसैगरी प्रशिक्षण तथा अन्तर्वार्ताजस्ता कार्यत्रम सञ्चालन गर्छन् । अन्तर्वार्तामा सफल हुनेलाई नेशनल पार्लियामेन्टरी प्यानलमा राखिन्छ । सबै आवेदकको अन्तर्वार्ता लिइन्छ । उनीहरूलाई प्रशिक्षणको बिकल्प पनि प्रदान गरिन्छ । धेरैजसो आवेदकले प्रशिक्षणको प्रस्तावलाई स्वीकार गर्छन् । महिला र जातीय अल्पसंख्यकको लागि विशेष प्रशिक्षण सञ्चालन गरिन्छ । यस चरणमा असफल हुने व्यक्तिलाई स्पष्ट कारण बताइन्छ र निजले

बक्स १४ : लेबर पार्टीमा महिलाको लागि सकारात्मक विभेदको संयन्त्र

सन् १९८० को दशको उत्तरार्ध र १९९० दशकको सुरूवातसम्म महिला प्रतिनिधित्वको सन्दर्भमा बेलायत युरोपेली युनियनका अधिकांश मुलुकभन्दा पछाडि थियो । सन् १९८७ मा लेबर पार्टीले संक्षिप्त सूची कोटाको व्यवस्थाको सुरू गऱ्यो र निश्चित निर्वाचन क्षेत्रमा महिला मात्रै छानिने कुरामा जोड दियो । यो परिवर्तनलाई गति दिने उद्देश्यले सन् १९९३ को शिशिर ऋतुमा भएको लेबर पार्टीको सम्मेलनले पार्टीको सांसदले अवकाश दिएपछि नियुक्त गर्नुपर्ने उत्तराधिकारीको सिट र पार्टी सम्मेलनले नै परिभाषित गरेको पार्टीले जित्ने सबैभन्दा बढी सम्भावना भएका सिट वा "सहज प्रतिस्पर्धी" सिटमध्ये आधामा महिला मात्रै भएको संक्षिप्त सूची हुनुपर्ने व्यवस्था गऱ्यो । नयाँ नियमअनुसार लक्षित निर्वाचन क्षेत्रमा स्थानीय पार्टी सदस्यले उमेद्वार छनौटको लागि मतदान गर्न पाउने भए । यद्यपि, उनीहरूले महिला मात्रै भएको संक्षिप्त सूची बनाउनु पर्ने बाध्यता थियो ।

यसले गर्दा दशकौँसम्मको सुस्त प्रगतिपछि वेस्टमिन्स्टरमा महिलाको अनुपात एकैपटक दुईगुणा बढ्यो । हाउस अफ कमन्स् भनिने बेलायती संसदको तल्लो सदनमा सन् १९९२ को निर्वाचनमा महिलाको अनुपात ९.२ प्रतिशत थियो । सन् १९९७ को निर्वाचनमा यो अनुपात १८ प्रतिशतमा पुग्यो जहाँ महिला सांसदको संख्या १२० भयो । यो प्रवृत्ति बेलायतमा सन् १९९० को दशकमा देखिएको विकासक्रमको एक अंश थियो । त्यतिबेला राज्यका अन्य विधायिकी अङ्गमा समेत महिलाको प्रतिनिधित्व बढिरहेको थियो । कतिपयले बेलायतमा देखिएको परिवर्तनले महिलाको सामाजिक र राजनीतिक भूमिकासम्बन्धी सांस्कृतिक सोचमा अन्य थुप्रै औद्योगिक क्रान्तिपछिका समाजमा आएको परिवर्तन जस्तै रूपान्तरण भइरहेको अर्थ समेत लगाए । यसले बेलायतमा भएको व्यापक परिवर्तनको प्रतिनिधित्व गर्दछ भन्ने तर्क बलियो रूपमा आयो । लेबर सांसदको संख्याको बृद्धिले महिला संसदको संख्या बढाउनमा महत्वपूर्ण भूमिका खेल्यो ।

तर, सबै महिला मात्रै हुने संक्षिप्त सूची विवादास्पद बनेको थियो । यो प्रणालीको केही मात्रामा विरोध पनि भयो । सन् १९९६ को जनवरीमा लीड्स्मा भएको इन्डस्ट्रियअल ट्राइब्युनल भनिने एक औद्योगिक न्यायाधीकरणमा दुईजना असन्तुष्ट पुरुष आकांक्षीले यस्तो व्यवस्थाविरूद्ध कानुनी चुनौती दिए । त्यसपछि यो व्यवस्थालाई औपचारिक रूपमा खारेज गरियो । ट्राइब्युनलले यस्तो छनौट प्रक्रियाले रोजगारीको पहुँचलाई सहजीकरण गर्ने भएकाले बेलायतको लैङ्गिक विभेद ऐनको दायराभित्र आउने तर्कलाई स्वीकार गऱ्यो । तर, सन् १९९७ निर्वाचनको लागि पार्टीको कोटा व्यवस्था लागू भयो र यसैको फलस्वरूप त्यस निर्वाचनमा महिला सांसदको संख्या १० प्रतिशतले बढ्यो ।

सबै महिला मात्रै राखिने संक्षिप्त सूची बनाउने व्यवस्था खारेज भएपछि लेबर पार्टीले सन् १९८७ देखि १९९२ सम्म प्रयोग भएको जस्तै विधि पुनः प्रयोग गर्न थाल्यो । संसदीय छनौटको सन् १९९७ देखि २००१ को चक्रमा पार्टीले उमेद्वार संक्षिप्त सूचीमा पुरुष र महिलाको संख्या बराबर (र प्रत्येकको लागि कम्तीमा दुई) गर्ने विषयमा जोड दियो । यस नीतिको परिणामस्वरूप निकै थोरै मात्र महिला सांसद चुनिए । सन् २००१ मा लेबर पार्टीले जितेको सिटमध्येबाट खाली भएका सिटमा १०.३ प्रतिशत महिलो मात्रै छानिए ।

सन् २००२ मा ऐनको रूपमा पारित भएको नयाँ कानुनले संसदीय चुनाव, स्थानीय सरकार र विकेन्द्रित सभाको लागि उमेद्वार चयन गर्दा कोटा निर्धारणजस्ता सकारात्मक विभेदका कदम चाल्न पाउने र त्यसको विरूद्ध कुनै कानुनी प्रश्न नउठाइने व्यवस्थाले मान्यता पायो । तर, यस कानुनले युरोपेली कानुनअन्तर्गत मुद्दा चलेमा भने जोगाउन सक्दैनथियो । यद्यपि यो विधेयकले संसदमा विभिन्न पार्टीको समर्थन प्राप्त भएको थियो ।

त्यसपछि लेबर पार्टीले निश्चित निर्वाचन क्षेत्रमा महिला मात्रै समावेश भएको संक्षिप्त सूचीको व्यवस्था पुनः सुरू गऱ्यो । सन् २००५ मा लेबर पार्टीको तर्फबाट २२ जना नयाँ महिला सांसद चुनिए । समयक्रमसँगै लेबर पार्टीमा महिला उमेद्वार र महिला सांसदको संख्या बृद्धि हुनसक्छ । पार्टीले आगामी निर्वाचनदेखि संसदमा महिलाको चालीस प्रतिशत प्रतिनिधित्व पुऱ्याउने लक्ष्य लिएको छ ।

उमेद्वार छनौट प्रक्रियाबाट स्वतन्त्र संरचनाको रूपमा रहेको पार्टीको पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न पाउँछन् । यो अवस्थासम्म व्यक्तिलाई निर्वाचन क्षेत्रले सम्भाव्य उमेद्वारको रूपमा चयन गरिसकेका हुँदैनन् ।

३. निर्वाचन क्षेत्रस्तरीय समितिले छनौट प्रक्रिया सुरू भएको सूचना र समयतालिका पनि प्रकाशित गर्दछ । सम्भावित उमेद्वारले स्थानीय पार्टी समितिमा सम्पर्क गरी आफ्नो रूचि व्यक्त गर्छन् । उनीहरूलाई शैक्षिक योग्यता र व्यवसायिक अनुभवको विवरण पठाउन लगाइन्छ । यसपछि यी दस्तावेजलाई परिपत्र गरिन्छ । त्यसपछि उमेद्वारले सदस्यमाझ प्रचार-प्रसार गर्न सक्छन् । उनीहरूलाई सर्वसदस्यीय बैठक जहाँ उनीहरूले पार्टीका सदस्यलाई भेट्न सक्छन्, पार्टीका त्यस्ता महत्वपूर्ण कार्यक्रममा उनीहरूलाई आमन्त्रण गरिन्छ ।

४. स्थानीय शाखा समिति र पार्टीका अन्य एकाइले व्यक्तिको मनोनयन गरेर निर्वाचन क्षेत्रस्तरीय समितिमा पठाउनको लागि बैठकको आयोजना गर्छन् । शाखा समिति र अन्य इकाइले नेशनल पार्लियामेन्टरी प्यानलमा भएका कुनै पनि व्यक्तिलाई वा पार्टी नियमावलीमा उल्लेखित शर्त पूरा गर्ने व्यक्तिलाई मनोनयन गर्न सक्छन् । कम्तीमा एकवर्षको लागि सदस्यता शुल्क तिरिसकेको र आबद्ध ट्रेड युनियनको सदस्य भएको व्यक्तिले नेशनल पार्लियामेन्टरी प्यानलको प्रक्रियामा सफल वा सामेल नभएको भएपनि मनोनयनको लागि शाखा समितिमा आवेदन दिन सक्छ । निर्वाचन क्षेत्रस्तरीय समितिबाट अनुमोदन प्राप्त गर्न सफल भएमा उक्त व्यक्तिलाई अनुमोदन अन्तर्वार्ताको लागि केन्द्रिय कार्यसमिति समक्ष बोलाइन्छ ।

५. निर्वाचन क्षेत्र साधारण समितिले शाखा समिति र आबद्ध संस्थाले पठाएको मनोयनमाथि विचार गर्छ र संक्षिप्त सूची निर्माण गरी अन्तर्वार्ता लिन्छन् । महिला, पुरुष, अश्वेत समुदाय, एशियाली र जातीय अल्पसंख्यक (बीएएमई) जस्ता प्रत्येक समूहले एक वा एकभन्दा बढीले मनोनयन दर्ता गर्न चाहेमा शाखा समितिले उनीहरूको मनोनयन गर्नुपर्छ । पार्टीमा आबद्ध संस्थाले एउटा मात्र मनोनय गर्नुपर्छ । संक्षिप्त सूचीको निर्धारण मतदानबाट गर्नुपर्छ । त्यसमा पुरुष र महिलाको समान संख्या हुनुपर्छ । महिला, पुरुष, अश्वेत समुदाय, एशियाली र जातीय अल्पसंख्यक (बीएएमई) बाट एक वा एकभन्दा बढी आकांक्षीले आवेदन गरेमा कम्तीमा एकजनालाई संक्षिप्त सूचीमा राख्नै पर्ने हुन्छ । कतिपय खाली निर्वाचन क्षेत्रमा सबै महिला मात्रै रहेको संक्षिप्त सूची बनाउनुपर्ने हुनसक्छ । क्षेत्रीय निर्देशकले संक्षिप्त सूचीले सम्बन्धित शर्त पूरा गरेको कुरा भने प्रमाणिकरण गर्छन् ।

६. संक्षिप्त सूची मतदानको लागि सदस्य समक्ष प्रस्तुत गरिन्छ । कम्तीमा छ महिनादेखि निरन्तर पार्टीको सदस्य रहेको र सम्बन्धित निर्वाचन क्षेत्रमा बस्दै आएको कुनै पनि व्यक्तिले मतदानमा भाग लिन पाउँछ । प्रायजसो मतदानभन्दा पहिले हुने छनौट बैठकमा प्रत्येक आकांक्षीले सभालाई सम्बोधन गर्दछ र सभामा उठेका प्रश्नको जवाफ दिन्छन् । व्यक्तिगत रूपमा प्रत्यक्ष उपस्थित हुन नसक्ने सदस्यले हुलाकमार्फत मतदान गर्न सक्दछन् । प्रायजसो धेरै भोट हुलाकमार्फत आउने गर्दछ र त्यही नै निर्णायक हुने गर्दछ ।

७. निर्वाचन क्षेत्रस्तरीय लेबर पार्टीले केन्द्रिय कार्यसमितिलाई अनुमोदनको लागि आफ्नो मनोनयन पेश गर्दछ । सबै सम्भावित मनोनितले केन्द्रिय कार्यसमितिमा निजको नाम सिफारिस हुनुभन्दा पहिले अनुमोदन अन्तर्वार्तामा भाग लिनुपर्छ । केन्द्रिय कार्यसमितिले अनुमोदन नगरूनजेल मनोनयनलाई आधिकारिक वा अन्तिम मानिँदैन ।

सुधारका प्रभाव : लेबर पार्टीले उमेद्वार छनौट प्रक्रियामा गरेका सुधारको प्रभावबारे फरक-फरक धारणा पाइन्छ । कतिपय पर्यवेक्षकले पार्टीको अन्य सुधारका साथसाथै उमेद्वार छनौट प्रक्रियामा भएको परिवर्तनलाई निर्णय प्रक्रियामा सदस्यको प्रभाव हुने गरी सदस्यता बिस्तार र निर्वाचनमा समर्थन प्राप्त गर्ने एउटा महत्वपूर्ण रणनीतिका रूपमा व्याख्या गरिएको छ । यी सुधारले लेबर पार्टीका उमेद्वारले आफू मनोनित भएको समुदायको सही प्रतिनिधित्व गर्छन् भन्ने सुनिश्चित गर्न महत्वपूर्ण जाँच र सन्तुलन प्रदान गर्छन् । तर, निर्वाचन क्षेत्रस्तरीय पार्टी समितिले छानेका सबै उमेद्वारलाई केन्द्रिय कार्यसमितिले अनुमोदन गर्नुपर्ने व्यवस्था गरेर छनौट प्रक्रियालाई पहिलेभन्दा बढी प्रभावित गर्न सक्ने गरि पार्टीको केन्द्रिय नेतृत्वले यस प्रक्रियामा धेरै नियन्त्रणका उपाय सफलतापूर्वक समावेश गरेको भन्ने कतिपयको तर्क छ । कतिपयले त यो परिवर्तनलाई पार्टीको केन्द्रिय नेतृत्वले आफ्नो बुझाइअनुसार अप्रतिनिधिमुलक र सामान्य सदस्य र मतदाताको तुलनामा अत्यन्त वामपन्थी भएको टिप्पणी गरेका छन् । यसले निर्वाचन क्षेत्रस्तरका

"कार्यकर्ता"लाई सिमान्तकृत गर्न प्रयोग गरिएको नियोजित रणनीतिको एउटा अंश भएको तर्क समेत हुने गरेको छ । लेबर पार्टीको सदस्यतामा पार्टी नवीकरणको समयमा भएको नाटकीय वृद्धि भएको थियो, अहिले भने यसमा उल्लेख्य गिरावट आएको छ । कतिपय सदस्यलाई पार्टीले आफ्नो परम्परागत मूल्य छोडिसकेको लाग्ने गरेको छ । यसैबीचमा लेबर पार्टीको मुख्य प्रतिस्पर्धी कन्जर्भेटिभ पार्टीले पनि नवीकरण प्रयासमार्फत समर्थनको दायरा बढाउने प्रयास गरेको छ । तालिका ४ मा बेलायतका सबैभन्दा ठूला दलको उमेद्वार छनौट प्रक्रियाको तुलना गरिएको छ ।

तालिका ४. बेलायतका तीन ठूला दलमा उमेद्वार छनौट

	लेबर	कन्जर्भेटिभ	लिबरल डेमोक्र्याट
छनौट नियम निर्धारण गर्ने अधिकार	● पार्टीको नियमावलीमा मौलिक सिद्धान्त र प्रक्रिया तोकिएको हुन्छ । तर, केन्द्रिय कार्यकारीलाई यसको परिमार्जन गर्ने र थप कार्यविधि बनाएर जारी गर्ने अधिकार दिएको हुन्छ । ● प्राय: प्रत्येक निर्वाचन चक्र अघि केन्द्रिय पार्टी पदाधिकारीले बिस्तृत कार्यविधि तयार गरी जारी गर्छन् ।	● पार्टी विधानले निर्वाचन क्षेत्र समितिको छनौट गर्ने अधिकार र मौलिक सिद्धान्तको सम्मान गर्छ । तर पार्टीको बोर्डलाई कार्यविधि तयार गर्ने अधिकार दिन्छ ।	● आन्तरिक रिपोटिङ्को प्रावधान, संक्षिप्त सूची विकास गर्ने कार्यविधि, संक्षिप्त सूचीमा समावेश गर्ने उमेद्वारको संख्या, छनौटको विज्ञापन गर्ने आदि व्यवस्थाबारे बिस्तृत कार्यविधि इङ्लिश पार्टीको संविधानसँग जोडिएको छ ।
योग्यताका प्रावधान	● पार्टी सदस्यता लिएको १२ महिना भएको हुनुपर्ने, आबद्ध ट्रेड युनियन (वा पार्टीको केन्द्रिय कार्यकारीले मान्यता दिएको) को सदस्य भएको र सो ट्रेड युनियनमा योगदान गरेको हुनुपर्छ । ● केन्द्रिय कार्यकारीले अपवादको अनुमोदन गर्न सक्छन् ।	● निश्चित योग्यताको प्रावधान छैन । ● सञ्चार र अन्तरवैयक्तिक दक्षताजस्ता प्रमुख क्षमता भएको व्यक्तिमा ध्यान दिन्छ ।	पार्टीको सदस्यता
अनुमोदित सूचीको प्रयोग	● निर्वाचन क्षेत्रलाई केन्द्रिय अनुमोदित सूची, ट्रेड युनियन, अन्य अनूमोदित सूची र अन्य स्रोतबाट छान्ने बिकल्प हुन्छ । ● केन्द्रिय अनुमोदित सूचीमा नभएको व्यक्तिले मनोनय प्राप्त गरेमा उक्त व्यक्ति पार्टीका केन्द्रिय नेतृत्वले लिने अन्तर्वार्तामा भाग लिनुपर्छ ।	● निर्वचन क्षेत्र समितिले केन्द्रिय अनुमोदित सूचीबाट चयन गर्नुपर्छ । ● अनुमोदित सूचीभित्र "उत्कृष्ट उज्वल" उमेद्वारको प्राथमिक सूचीमा पर्छ ।	● निर्वाचन क्षेत्र समितिले केन्द्रिय अनुमोदित सूचीबाट छान्नुपर्छ ।

बहालवालाको पुनः मनोनयन	● बहालवाला जनप्रतिनिधिले आफ्नो निर्वाचन क्षेत्रभित्रको लेबर पार्टीको इकाइ समिति वा आबद्ध संस्थाको सकारात्मक मनोनयन प्राप्त गरेमा, केन्द्रिय कार्यकारी परिषद्ले अनुमोदन गर्ने गरी स्वतः पुनः छनौट गरिन्छ । बहालवालाले त्यस्तो समर्थन मत गुमाएमा अन्य मनोनितसँग प्रतिस्पर्धा गर्नका लागि स्वतः संक्षिप्त सूचीमा समावेश गरिन्छ ।	● बहालवाला जनप्रतिनिधिले पुनः मनोनयनका लागि आफ्नो निर्वाचन क्षेत्रको कार्यकारी परिषद्को स्वीकृति लिनुपर्छ । अनुमती प्राप्त भएमा बहालवालालाई एकल उमेद्वारको रूपमा अनुमोदनको लागि सदस्यता बैठकमा प्रस्तुत गरिन्छ । यस्तो अनुमती प्राप्त नभएको खण्डमा बहालवाला सम्पूर्ण सदस्यको हुलाकमार्फत मतदानको माग गर्न सकिन्छ वा संक्षिप्त सूचीमा स्वतः समावेश हुने माग गर्न सक्दछन् ।	● पार्टीको स्थानीय बैठकमा भाग लिने अधिकांशले निजलाई अनुमोदन गरेमा बहालवालाको पुनःमनोनयन हुन्छ । पुनःमनोनयनको प्रस्ताव असफल भएको खण्डमा बहालवालाले सबै स्थानीय मतदाताबाट मतदान गराइ पाउन माग गर्न सक्दछन् ।
छनौट प्रक्रियामा सदस्यले मतदान गर्ने प्रावधान	● कम्तीमा छ महिनादेखि निरन्तर सदस्य रहेको र सम्बन्धित निर्वाचन क्षेत्रमा बसोबास गरेको हुनुपर्छ । केन्द्रिय कार्यसमितिले केही अपवादलाई अनुमती दिन सक्छ ।	● छनौटभन्दा कम्तीमा तीन महिना अगाडि देखि सदस्य भएको हुनपर्छ ।	● निर्वाचन क्षेत्रमा छनौट प्रक्रिया सुरू हुने समयमा पार्टीको सदस्य भएको हुनुपर्छ ।
केन्द्रिय एकाइको सुपरिवेक्षण/ स्थानीय छनौट प्रक्रियाको नियन्त्रण	● केन्द्रिय कार्यकारीले निर्वाचन क्षेत्रले छनौट गरेको उमेद्वारलाई अनुमोदन गर्नुपर्छ । केन्द्रिय कार्यकारीलाई पार्टीको हित विपरित काम गरेको पाइएमा उमेद्वारको अनुमोदन नगर्ने अधिकार हुन्छ । ● यसैगरी, केन्द्रिय कार्यकारीले आपतकालीन अवस्थामा वा पार्टीको समग्र हितको लागि सामान्य प्रक्रियालाई निलम्बन पनि गर्नसक्छ ।	● केन्द्रिय कार्यकारीलाई अनिवार्य नियम लागू गर्ने अधिकार हुन्छ । तर, भीटो गर्ने अधिकार हुँदैन । ● केन्द्रिय कार्यकारीले प्रत्येक निर्वाचन क्षेत्रको छनौट प्रक्रियाको पर्यवेक्षण गर्न एकजना अधिकृत नियुक्त गर्न सक्छ । कार्यकारीको मुख्य जिम्मेवारी भनेको तोकिएको प्रक्रिया पूरा भएको सुनिश्चित गर्नु हो ।	● राज्य वा प्रदेशका उमेद्वार समितिलाई तल उल्लेखित अवस्थामा अनुमोदित सूचीबाट हटाउने अधिकार हुन्छ : अनुचित व्यवहार, पार्टीको मौलिक मूल्य वा उद्देश्यलाई समर्थन नगरेको, कमजोर स्वास्थ्य भएको र अन्य कुनै कारण ।

सकारात्मक विभेदको उपाय	● नियमावलीमा भनिएको छ, "महिला र जातीय अल्पसंख्यक समूहबाट उल्लेख्य संख्यामा उमेद्वार चयन भएको सुनिश्चित गर्नको पार्टीले सकारात्मक कदम चाल्नेछ ।" ● शाखा समितिले महिला, पुरुष र अश्वेत समुदाय, एशियाली र जातीय अल्पसंख्यक (बीएएमई) समूहमध्ये प्रत्येक समूहबाट एक वा बढीले मनोनयन माग गरेमा कम्तीमा एकजनालाई मनोनय गर्नु पर्छ । ● प्रत्येक छनौट चक्रको लागि, केन्द्रिय कार्यकारीले सबै महिला मात्र रहेको संक्षिप्त सूची निर्धारण गर्नको लागि ● बहालवाला पुनः नउठ्ने स्थानमध्येबाट निश्चित निर्वाचन क्षेत्रको पहिचान गर्दछ ।	● सन् २००५ मा गरिएको नयाँ परिवर्तनअनुसार, केन्द्रिय अनुमोदित सूचीको "उत्कृष्ट र उज्ज्वल" भनिने प्राथमिकता सूचीको ५० प्रतिशतमा महिला हुनुपर्छ । ● नतिजामा कोटा तोकिएको छैन ।	● पार्टीको नियमावलीले संक्षिप्त सूची बनाउनको लागि "प्रत्येक लिङ्गबाट पर्याप्त संख्यामा आवेदक भएको अवस्थामा" प्रक्रियागत लैङ्गिक कोटा निर्धारण गरेको छ । तर, पार्टीले महिला उमेद्वार र महिला सांसदको संख्या बढाउनको लागि लक्ष्य निर्धारण गरेको छ ।

द लिबरल पार्टी (क्यानाडा)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : लिबरल पार्टीको इतिहास हाल क्यानाडा रहेको स्थानमा सन् १८०० ताकाको आत्मनिर्णयको आन्दोलनसँग जोडिएको छ । परिसंघीय राज्य स्थापना भसकेपछिको पहिलो ३० वर्ष सन् १८७३ देखि १८७८ सम्म संक्षिप्त अविधको लागि सरकारमा गएको अपवाद बाहेक - लिबरल पार्टी धेरैजसो प्रतिपक्षमै बस्यो । तर, बृहत् आर्थिक मन्दीपछि यो पार्टी धेरैजसो क्यानाडाको सरकारमा बढी रहेको छ ।

सन् १९५७ सम्ममा लिबरल पार्टी २२ वर्षसम्म सरकारमा बसिसकेको थियो । त्यतिबेला भएको आम निर्वाचनपछि कन्जर्भेटिभ दलको अल्पमतको सरकार बन्यो । अर्को वर्षको आम निर्वाचनमा लिबरल पार्टीले त्यतिखेरसम्मकै सबैभन्दा नराम्रो पराजय व्यहोऱ्यो । त्यसपछिका केही वर्षमा लेष्टर पियर्सनको नेतृत्वमा लिबरल पार्टीले नयाँ नीतिको विकास गऱ्यो र मुख्यालयमा नयाँ कर्मचारी भर्ती गऱ्यो । उनले सन् १९६३ को निर्वाचन त जिते तर संसदमा बहुमत भने ल्याउन सकेनन् । त्यसपछि भने प्रोग्रेसिभ कन्जर्भेटिभ पार्टीको जो क्लर्कले नेतृत्व गरेको सरकारको छोटो अवधिबाहेक सन् १९८४ सम्म लिबरल पार्टी निरन्तर सरकारमा रह्यो । प्रोग्रेसिभ कन्जर्भेटिभ पार्टीले सन् १९८४ मा २११ सिट सहित ठूलो अन्तरले बहुमत ल्यायो भने लिबरल पार्टीले ४० सिट जितेको थियो ।

सन् १९८२ मा लिबरल पार्टीले पार्टीका सदस्यसँग परामर्श गरी सुधारका बिस्तृत कार्यक्रमको सिफारिस गर्न सुधार सम्बन्धी आन्तरिक समिति गठन गऱ्यो । सन् १९८४ को निर्वाचनमा पराजय भएपछि नवीकरणको लागि थप बल प्राप्त भयो । सन् १९८५ मा पार्टीले सुधार सम्मेलनको आयोजना गऱ्यो र पार्टीलाई आधुनिक बनाउन र महिला, युवा र आदिवासी क्यानेडेलीको सहभागिता बढाउनको लागि पार्टी विधानमा थुप्रै संशोधन पारित गऱ्यो । सन् १९९० मा

पार्टी प्रतिपक्षमै रहेको बेला पार्टी विधानको पुनरावलोकन गरी पार्टीभित्र लोकतन्त्र, समता र पारदर्शिता वृद्धि गर्न सिफारिस गर्ने कार्यादेशसहित एउटा सुधार आयोग गठन भयो । उक्त आयोगले "रोड म्याप टु रिफर्म" शीर्षकको सुधारसम्बन्धी प्रतिवेदन पेश गऱ्यो र यसैको आधारमा सन् १९९२ मा विधान संशोधन भयो ।

लिबरल पार्टी सन् १९९३ मा सत्तामा फर्कियो र त्यसपछि लगातार चारओटा आम निर्वाचनमा विजयी भयो । प्रोग्रेसिभ कन्जर्भेटिभ र क्यानेडियन अलायन्स्को एकताको तीन वर्षपछि नयाँ बनेको कन्जर्भेटिभ पार्टीले सन् २००६ मा अल्पमतको सरकार गठन गऱ्यो । प्रोग्रेसिभ कन्जर्भेटिभ पार्टीको विघटनसँगै हाल क्यानाडाको संघीय तहमा सञ्चालनमा रहेको सबैभन्दा पुरानो पार्टी लिबरल पार्टी हो ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- पहिलो हुने निर्वाचित हुने
- मनोनयन प्रक्रियाको लागि खर्चको सीमा तोक्नेलगायत निर्वाचन प्रचार-प्रसारको लागि बिस्तृत संघीय नियमावली

छनौट प्रक्रियाको मुख्य विशेषता

- प्रादेशिक शाखा समितिले अन्तर गर्ने सक्ने बिकल्पसहित संघीय दलको छनौटसम्बन्धी नियम
- नेताको चाहनामा प्रत्यक्ष मनोनयनको लागि नियममै प्रावधान रहेको
- मनोनयन प्रक्रियाको महत्वपूर्ण भाग सदस्यता बिस्तार

क्यानाडाको प्रचलनअनुसार लिबरल पार्टीको आधारभूत संगठनात्मक इकाइ निर्वाचन क्षेत्रस्तरीय संगठन (इडीए) हो । नाम अनुसार (इडीए) हाउस अफ कमन्स्को निर्वाचन क्षेत्रस्तरमा सञ्चालित हुन्छ । यसभन्दा माथि प्रादेशिक र इलाका संगठन (पीटीएएस्) र त्यसभन्दा माथि केन्द्रिय तह हुन्छ । उदाहरणको लागि पार्टीको केन्द्रिय इकाइले छनौट प्रक्रियाको निर्धारण गर्ने भए पनि प्रादेशिक तथा इलाका संगठनले केहि परिमार्जन गर्न सक्दछन् ।

क्यानाडाको निर्वाचन प्रणाली : क्यानाडा १० राज्य र तीन इलाकासहितको संघीय संसदीय लोकतान्त्रिक मुलुक हो । संघीय संसदमा सिनेट नामको माथिल्लो सदन र हाउस अफ कमन्स् नामको तल्लो सदन रहेको छ । यसैगरी यो संवैधानिक राजतन्त्र भएको देश हो । क्यानाडाको प्रधानमन्त्रीको सिफारिसमा महारानी वा महाराजले आफ्नो तर्फबाट क्यानाडामा दैनिक कार्य सञ्चालन गर्ने निम्ति गभर्नर जनरलको नियुक्ति गर्छन् । प्रधानमन्त्रीको सिफारिसमा गभर्नर जनरलले सिनेटका १०५ सदस्यको नियुक्ति गर्छन् । हाउस अफ कमन्स्का ३०८ सदस्य पहिलो हुनेले जित्ने प्रत्यक्ष प्रणाली प्रयोग गरी एक सदस्यीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्नको लागि निर्वाचित हुन्छन् । अन्य लोकतान्त्रिक मुलुकमा जस्तै हाउस अफ कमन्स्मा सबैभन्दा बढी सिट ल्याउने पार्टीको नेताले सरकार गठन गर्छन् । हाउस अफ कमन्स्का सदस्य चारवर्षे कार्यकालको लागि निर्वाचित हुन्छन् । तर, चारवर्षे कार्यकाल सकिनु भन्दा अगाड नै सरकारले विश्वासको मत गुमायो भने वा प्रधानमन्त्रीले संसद बिघटनको सिफारिस गरेको अवस्थामा मध्यावधि निर्वाचनको घोषणा हुन्छ । यो अध्ययन हाउस अफ कमन्स्को निर्वाचनको लागि उमेद्वार छनौटको प्रक्रियामा केन्द्रित छ । क्यानाडामा निर्वाचन प्रचार-प्रसारको खर्चसम्बन्धी व्यवस्था बिस्तृत नियमावलीमा उल्लेख गरिएको छ । सन् २००३ मा मनोनयन अभियानको लागि खर्च सीमा तोकिएको थियो ।

ऐतिहासिक दृष्टिकोणमा उमेद्वार छनौट : उन्नाइसौँ शताब्दीमा क्यानाडाका राजनीतिक दल मूलतः नाम चलेका र सामुदायिक अगुवामार्फत राजनीतिक दलमा आबद्ध भएका अनौपचारिक सञ्जालको पर्याय थियो । पार्टीमा औपचारिक सदस्यताको व्यवस्था नभएको र केन्द्रियस्तरको पार्टी संरचना नभएको कारण स्थानीय सञ्जालले नै आफ्ना उमेद्वार छान्नुपर्छ भन्ने विचार हाबी भयो । यो आजको दिनसम्म पनि उमेद्वार छनौटको महत्वपूर्ण सिद्धान्तका रूपमा रहिआएको छ । परिसंघीय राज्य स्थापना भएको सुरूवाती समयमा विधायिकाका उमेद्वार सामान्यतया स्थानीय प्रतिनिधिको अधिवेशनबाट चयन हुन्थे । तर, बीसौँ शताब्दीको पूर्वार्धमा क्षेत्रीय पार्टीका नेतृत्वले कहिलेकाहीँ निरंकुश किसिमले उमेद्वार छनौटमा धेरै प्रभावकारी भूमिका खेलेका थिए ।

सन् १९७० सम्म राजनीतिक दल बढी संस्थागत भइसकेका थिए र पार्टीको नयाँ आन्तरिक अनिवार्य नियमावलीको व्यवस्था भैसकेको थियो । सन् १९७२ को संघीय चुनावभन्दा अगाडिसम्म क्यानाडा निर्वाचन ऐनमा भएको नयाँ संशोधनअनुसार मतपत्रमा उमेद्वार आबद्ध पार्टीको नाम उल्लेख गर्नुपर्ने व्यवस्था भयो । उमेद्वारको आवद्धतासम्बन्धी विवादलाई निरूपण गर्नको लागि उमेद्वारलाई पार्टीको आधिकारिक उमेद्वार भएको प्रमाणित गर्दै पार्टीको नेताले उमेद्वार मनोनयन दस्तावेजमा हस्ताक्षर गर्नुपर्ने नयाँ व्यवस्था प्रारम्भ भयो ।

तर, सन् १९८८ को निर्वाचनमा उमेद्वार छनौट प्रक्रियाको अन्तरपार्टी अध्ययनमा समावेश निर्वाचन क्षेत्रमध्ये अत्यन्त थोरै निर्वाचन क्षेत्रमा मात्रै केन्द्रिय तहको पार्टी इकाइले मनोनित गर्ने निर्णय गरेको पाइयो । वास्तवमा लिबरल पार्टीको केन्द्रिय नेतृत्वलाई क्युबेकका तीन निर्वाचन क्षेत्र निश्चित उमेद्वारको लागि रोक्ने प्रयासबाट पछि हट्न बाध्य पारिएको थियो । सोही अध्ययनमा ९० प्रतिशतभन्दा बढी सदस्यको मतको आधारमा उमेद्वार छनौटको निर्णय गरिएको पाइएको थियो (एरिक्सन तथा कार्टी १९९१) । सन् १९९० दशकको सुरूवातदेखि भने उमेद्वार छनौट प्रक्रियामा लिबरल पार्टीको केन्द्रिय प्रभावको बढ्न थालेको छ ।

उमेद्वार छनौट

योग्यता : लिबरल पार्टीको उमेद्वार चयन कार्यविधि २००७ ले तल उल्लेख भएबमोजिमको योग्यता तोकेको छ :

- वर्तमान सदस्यता (असल चालचलनको हुनुपर्ने),
- सम्बन्धित फारम पूर्णरूपमा र सत्य तथ्यसहित भरिएको हुनुपर्ने,
- क्यानाडाको कानुनबमोजिमको योग्यता,
- पार्टी वा यसको कुनै पनि आङ्गिक निकायलाई शोधभर्ना गर्नुपर्ने कुनै कर्जा नभएको,
- संघीय र यससँग सम्बन्धित प्रादेशिक तथा इलाका संगठन नियमावलीको अनुपालना,
- स्वच्छ छबिका २५ सदस्यको हस्ताक्षर,
- पृष्ठभूमि जाँच र प्रमाणिकरणको लागि सहमत, र
- योग्य प्रतिस्पर्धी हुनको लागि प्रादेशिक वा इलाका अध्यक्षको सहमती (यो सहमती पार्टीको नेताले आफ्नो विवेकमा कुनै पनि बेला फिर्ता लिन सक्छन्)

प्रादेशिक वा इलाका प्रचार-प्रसार अध्यक्षले यीमध्ये केही योग्यतामा छुट प्रदान गर्न वा परिवर्तन गर्न सक्दछन् । यसका अतिरिक्त छनौट नियमावलीमा कानुन अनुसारको प्रचार-प्रसार खर्चसम्बन्धी प्रावधान लागू हुन्छ ।

हालैका वर्षमा पार्टीले महिला उमेद्वार बढाउनको लागि केही कदम चालेको छ । तर, औपचारिकरूपमा कोटाको व्यवस्था भने गरिएको छैन ।

प्रमुख कदम : पार्टीको केन्द्रिय नियमावलीमा तोकिएका केही प्रमुख कदम यस प्रकार छन् ।

१. केन्द्रिय निर्वाचन तयारी समिति (एनइआरसी)ले उमेद्वार छनौटको कार्यविधि तय गर्दछ । केन्द्रिय निर्वाचन तयारी समितिमा केन्द्रिय सभापति र केन्द्रिय सभापतिसँग परामर्श गरी नेताले नियुक्त गरेका दुईजना केन्द्रिय प्रचार-प्रसार सहअध्यक्ष रहन्छन् । यसका बाहेक प्रादेशिक वा इलाका नियमावलीले नेतालाई सामान्य छनौट प्रक्रियाबिना नै उमेद्वार तय गर्ने अधिकार दिन सक्छ । प्रादेशिक वा इलाका प्रचार-प्रसार समितिले उमेद्वार खोज्न जरूरी छैन भन्ने निर्णय पनि गर्न सक्छन् । यति मात्र होइन, देशभरि वा निश्चित निर्वाचन क्षेत्रमा केन्द्रिय प्रचार-प्रसार अध्यक्षले चुनावी संकट परेको निर्णय गरेको अवस्थामा स्वविवेकमा कुनै पनि निर्वाचन क्षेत्रको लागि छनौट प्रक्रिया परिवर्तन गर्न सक्छन् ।

२. प्रादेशिक वा इलाकास्तरका निर्वाचन अभियान समितिले आवश्यकताअनुसार केन्द्रिय नियमावलीमा परिमार्जन गर्छन् । परिमार्जन गर्दा प्रादेशिक वा इलाका कार्यकारीस(ँगको परामर्शमा गरिन्छ जुन केन्द्रिय नियमसँग बाझिनु हुँदैन । यस्ता केही परिमार्जन देखाउनका लागि क्युबेक र ओन्टारियोको लिबरल पार्टीको कार्यविधिको तुलना तालिका ५ मा गरिएको छ ।

३. इच्छुक व्यक्तिले आफ्नो क्षेत्रको लागि केन्द्रिय, प्रादेशिक वा इलाका फारम प्रयोग गरी आवेदन दिन्छन् । क्यानाडामा, पार्टीको मनोनयन प्राप्त गर्न चाहने आवेदकले प्रचार-प्रसार अभियानकै हिस्सा स्वरूप नयाँ पार्टी सदस्य भर्ना गर्ने अपेक्षा गरिन्छ । त्यसैले आवेदन प्याकमा इच्छुक व्यक्तिले भर्ने फारम साथै नयाँ सदस्यको फारम पनि समावेश हुन्छ । मनोनयन फारममा आवेदकले आफ्नो पृष्ठभूमिको जानकारी प्रदान गर्छन् र पार्टीलाई पृष्ठभूमि जाँच गर्ने अधिकार दिने दस्तावेजमा हस्ताक्षर गर्छन् । पार्टीलाई पृष्ठभूमि जाँच गर्न दिने दस्तावेजमा हस्त(

ाक्षर गर्न इन्कार गर्ने व्यक्तिमाथि कारबाही हुनसक्छ । यसका अतिरिक्त कतिपय प्रादेशिक वा इलाका संगठनले धितो राख्नुपर्ने वा शुल्क तिर्नुपर्ने व्यवस्था गरेका हुन्छन् । क्यनाडाको निर्वाचन अभियन खर्चसम्बन्धी नियमावलीको कारणले गर्दा आवेदकले आफ्नो मनोनयन अभियानको लागि वित्तीय एजेन्ट नियुक्त गर्नुपर्छ ।

४. केन्द्रिय, प्रादेशिक वा इलाका संगठनको आवेदनको पुनरावलोकन गरिन्छ । कुनै पनि आवेदन अर्को चरणमा प्रवेश गर्नुअघि केन्द्रिय नेतृत्वको अनुमोदन गर्नुपर्ने हुन्छ ।

५. आवश्यक परेको समयमा निर्वाचन क्षेत्र संगठनको छनौट बैठक बोलाइन्छ । केन्द्रिय प्रचार-प्रसार अध्यक्षले निर्वाचन क्षेत्र संगठनको छनौट बैठक आयोजनालाई अनुमोदन गर्नुपर्छ । निर्वाचन क्षेत्र संगठनले स्वीकार्य उमेद्वारको खोजी अभियान सञ्चालन गरेको कारण कुनै बैठक आवश्यक नभएको देखाउन पनि सक्नुपर्छ । प्रादेशिक वा इलाका संगठनको नियमावली बमोजिम नेताले चयन गर्ने निर्वाचन तयारी संयोजकले छनौट सम्पन्न भएको ७२ घण्टासम्म तटस्थ रहनु पर्ने गरी एकजना अधिकृतको नियुक्ति गर्छन् ।

६. निर्वाचन क्षेत्र संगठनले उमेद्वार छान्नको लागि छनौट बैठकको आयोजना गर्छन् । बैठक आह्वान गरिएको कम्तीमा सातदिन अघिदेखि राम्रो छबि भएका सदस्य रहिआएका सबै सदस्य छनौट गर्ने टोलीमा समावेश हुन्छन् । प्रादेशिक वा इलाका संगठनलाई बैठकमा सदस्य सहभागिता गराउनेबारे आफ्नै नीति बनाउने छुट हुन्छ । मनोनयन सुरक्षित गर्नको लागि खसेको मतको निरपेक्ष बहुमत आवश्यकता पर्छ । निर्वाचन क्षेत्र संगठनलाई दोस्रो चरणको मतदानको प्रावधानसहित परम्परागत मतपत्र प्रयोग गर्ने वा सिङ्गल प्रिफरेन्सिअल भनिने एकै मत(पत्रमा विभिन्न उमेद्वारलाई रोजाइको क्रमअनुसार मत प्रदान गर्न मिल्ने बैकल्पिक विधि प्रयोग गर्न सकिन्छ ।

७. केन्द्रिय प्रचार-प्रसार समिति वा नेताले उमेद्वारको अनुमोदन गर्छन् । विधानको धारा ४९ अनुसार, केन्(द्रय प्रचार-प्रसार समिति वा नेतालाई कुनै व्यक्तिलाई उमेद्वार बन्नबाट रोक्ने अधिकार हुनेछ । उनीको निर्णय अन्तिम हुनेछ ।

प्रणालीको बलियो पक्ष तथा कमजोरी : लिबरल पार्टीको छनौट प्रक्रियाले प्रादेशिक वा इलाका संगठनसम्म उल्लेख्य विकेन्द्रीकरणको अभ्यास गर्दछ । तर, केन्द्रिय प्रभावको लागि पनि यस्तो प्रावधानको व्यवस्था गरिएको छ । पार्टीको नेतृत्वले सोझै उमेद्वार छान्न पाउने प्रावधानले केन्द्रिय प्रभाव हुनसक्ने उदाहरण देखाउँछ । केन्द्रिय नेतृत्वमा रहेको यस्तो तजबिजीको अधिकारले टिकट वितरणमा सन्तुलन कायम गर्न सघाउ पुऱ्याउँछ । क्यानेडेली समाजभित्रका विभिन्न समूहलाई समावेश गर्ने अवसर प्राप्त हुन्छ । तर, यसको कारणले सम्बन्धित निर्वाचन क्षेत्र संगठनले उमेद्वार छनौटमा प्रभाव पार्न सक्ने क्षमता गुमाउँछ । तालिका ६ मा कन्जर्भेटिभ पार्टीले कसरी निर्वाचन क्षेत्र संगठनको उल्लेख्य सहभागिताको व्यवस्था गर्छ । तर, पार्टीका प्रादेशिक समितिले नियमावलीमा परिमार्जन गर्न पाउने कुनै प्रावधानको व्यवस्था गर्दैन भन्ने देखाउँछ ।

पछिल्ला निर्वाचनमा लिबरल पार्टीको नेताले उच्चस्तरीय नेतृत्वको लागि मनोनयन सुनिश्चित गर्न र महिला उमेद्वारको संख्या बढाउन आफ्नो अधिकार प्रयोग गरेका छन् । यसैगरी पार्टीको केन्द्रिय इकाइले नियुक्त गरेका प्रादेशिक प्रचार-प्रसार अध्यक्षले केही व्यक्तिलाई पार्टीको लागि अस्वीकार्य हुने र आवेदन वा मनोयन इन्कार भएर पनि सार्वजनिक रूपमा लज्जित हुनबाट बच्न उम्मेद्वारीको लागि आवेदन नदिन प्रोत्साहित गरेका घटना छन् । खासगरी बहालवाला सांसद पुनः प्रतिस्पर्धा गर्न चाहेका धेरै सिटमा प्रतिस्पर्धा नै हुँदैन ।

माथि उल्लेख गरिएझैं सदस्यता बिस्तार अभियान उमेद्वार छनौट प्रक्रियाको अभिन्न अङ्ग हो र यो प्रक्रियामार्फत नियमितरूपमा नयाँ सदस्य आउने गर्छन् । सदस्यताको आवेदन फारम प्राप्तिका लागि नियमन गर्ने प्रक्रियाका साथै पार्टीका प्रत्येक नयाँ सदस्यले वास्तवमै पार्टीमा प्रवेश हुन चाहेको हो र उनीहरूले सदस्यता शुल्क तिर्छन् भन्ने सुनिश्चित गर्न सहयोग पुगोस् भनेर यस्तो कार्यविधि तय गरिएको हो । तर, पनि पार्टीमा प्रवेश प्रक्रियाको दुरूपयोगसम्बन्धी चिन्ता भने कायमै छ । धेरै व्यक्ति छनौट प्रक्रियामा भाग लिनको लागि मात्रै पार्टीमा प्रवेश गरेको जस्तो देखिन्छ । हालैका वर्षमा मनोनयनसँग जोडिएको सदस्यता वितरण अभियान धेरैभन्दा धेरै विवादास्पद हुँदै गइरहेका छन् । सबै राजनीतिक दल आफ्ना दीर्घकालीन कार्यकर्ताबाट यस्तो प्रकारको परिचालनको प्रयास नहोस् भन्ने चाहन्छन्, त्यसैले पार्टी उमेद्वार मनोनयन नियमावलीलाई सुधार गर्नु पर्ने दबाब छ ।

सदस्यता अभियानको महत्वको बाबजुद आमनिर्वाचनका मतदाताको तुलनात्मक रूपले सानो संख्या मात्रै उमेद्वार छनौट प्रक्रियामा भाग लिन्छन् । त्यसैले उमेद्वार छनौट प्रक्रियाले आमनिर्वाचनमा कसले सबैभन्दा बढी समर्थन पाउँछ भन्ने विषयमा कुनै अर्थपूर्ण नराख्न सक्छ सक्छ । यतिमात्र होइन, पार्टीको सदस्यता लिनको लागि आवश्यक योग्यता सहज नै छ, त्यसैले क्यानाडाको चुनावताका हुने सदस्यता वितरण अभियानमा प्रायजसो मतदान गर्न पाउने अधिकार नै नभएका व्यक्ति (उदाहरणको लागि, आप्रवासी समुदाय)लाई पार्टी सदस्य दिने गरिएको छ ।

तालिका ५ : लिबरल पार्टीका प्रादेशिक र इलाका संगठन (पीटीए)को उमेद्वार छनौट प्रक्रियाको उदाहरण

	क्युबेक	ओन्टारियो
प्रादेशिक तथा इलाका संगठनको छनौट नियमको निर्धारण कसले गर्दछ ?	● विधानले छनौट नियम बनाउनको लागि परिषद्लाई अधिकार दिएको छ । तर, सन् २००५ को नियमावलीलाई अधिवेशनले पारित गरेको थियो र यसलाई साधारण परिषद् वा अधिवेशनले परिमार्जन गर्न सक्दछ ।	ओन्टारियो क्याम्पेन कमिटी
छनौट प्रक्रियाको सञ्चालन कसले गर्दछ ?	● क्युबेक लिबरल पार्टीका सभापति तथा नेताले पार्टीको निर्वाचन आयोग सहअध्यक्षता गर्छन् । थप सदस्य पनि उनीहरूले नै नियुक्त गर्छन् ।	● निर्वाचन प्रचार-प्रसार समितिका अध्यक्षले निर्वाचन क्षेत्रस्तरीय कार्यक(ारीसँगको परामर्शमा अध्यक्ष र छनौट बैठकका लागि परिचालन अधिकृतको नियुक्ति गरिन्छ । ● निर्वाचन प्रचार-प्रसारका अध्यक्षले छनौट बैठकको लागि मिति, स्थान र मतदान समय पनि निर्धारण गर्छन् ।
केन्द्रिय नियमावलीमा भएका भन्दा अप पनि योग्यताका शर्त छन् ?	● क्युबेक लिबरल पार्टीको सदस्यता ।	● छैनन् ।
ईडीएका लागि छनौट बैठक आयोजनाका लागि आवश्यक न्यूनतम संख्या कति हो ?	निर्वाचन क्षेत्र संगठनलाई बैठक आयोजना गर्नको लागि स्वच्छ छबिका कम्तीमा ५०० सदस्यको आवश्यकता पर्छ ।	● न्यूनतम ४०० जनाको सदस्यता वा पछिल्लो निर्वाचनमा लिबरल पार्टील(ाई प्राप्त मतको २ प्रतिशतमध्ये जुन कम हुन्छ त्यही आवश्यक पर्छ । पर्याप्त खोजी गरेको देखाउनु पर्छ ।

केन्द्रिय आवेदन प्रक्रियामा विभिन्न स्वरूप छन् ?	● मनोनयन आवेदन फारम प्राप्त गर्नको लागि एकहजार क्यानेडियन डलरको धरौटी चाहिन्छ । यो धरौटी प्रतिस्पर्धाको ३० दिनपछि वा प्रतिस्पर्धामा अघि नबढ्ने भए सूचना दिएको ३० दिनपछि फिर्ता हुन्छ । ● सम्भावित उमेद्वारले निर्वाचन आयोगबाट अनुमति प्राप्त गरेपछि मात्र फारम भर्ने र हस्ताक्षर गर्नुपर्छ । ● एकहजार क्यानेडियन डलरको चेकसहित सबै विवरण भरिएका फारम तथा कागज(पत्र पेश गर्नुपर्छ ।	● छैनन् ।
मनोनयन अभियानको समयमा सदस्यता वितरणबारे के-के नियम छन् ?	● मनोनयनका आकांक्षीले आफ्नो आवेदनसँगै बढीमा २५० सदस्यता फारम प्राप्त गर्नेछन् । ● पहिलो २५० सदस्यता फारम भरिसकेपछि तिनीहरूले थप २५० फारम प्राप्त गर्न सक्छन् । ● कुनै पनि प्रतिस्पर्धीले ५०० भन्दा बढी सदस्यता फारम प्राप्त गर्दैनन् ।	● मनोनयनका अनुमोदित प्रतिस्पर्धीले अनुरोध गरेमा ३०० फारम प्राप्त गर्नेछन् । ● सदस्यता शुल्कसहित सम्पूर्ण विवरण भरि पेश गरिएको प्रत्येक सदस्यता फ(ारम बराबर अनुमोदित प्रतिस्पर्धीले थप दुई सदस्यता फारम प्राप्त गर्नेछन् ।
छनौट प्रक्रियामा सदस्य सहभागिताको लागि न्यूनतम आवश्यक संख्या कति हो ?	● असल चालचलन भएको सदस्यले ● बैठक आयोजना गर्ने आधिकारिक मि(तिभन्दा कम्तीमा ३० दिन अघि मनोनयन गर्ने सदस्यता पाउँछ	● नयाँ सदस्यले बैठक घोषणा भएको मितिभन्दा कम्तीमा तीन महिना अघि नै आफ्नो सदस्यता फारममा आफैँ हस्ताक्षर गरेको हुनुपर्नेछ वा अनल(ाइन फारम भरेको हुनुपर्नेछ । ● तीन महिना भित्रमा सदस्यताको म्याद सकिएका व्यक्तिले बैठकको मितिभन्दा पहिले वा बैठकको दिनमा आफ्नो सदस्यता नवीकरण गर्न सक्नेछन् ।
छनौट बैठकमा मतदानको प्रक्रिया के-के हो ?	● मनोनयन सुरक्षित गर्न ५० प्रतिशत भन्दा बढी मत आवश्यक । ● पहिलो चरणमा विजेता निर्धारण हुन नसकेको खण्डमा सबैभन्दा कम मत ल्याउने व्यक्तिलाई हटाइन्छ । ● तीनभन्दा बढी प्रतिस्पर्धी भएको अवस्थामा अर्को चरणको मतगणनामा प्रवेश गर्नको लागि कम्तीमा १० प्रतिशत मत प्राप्त गर्नुपर्छ । ● लगातार दुई पटक बराबर भयो भने चिट् ठाबाट अन्तिम निर्णय गरिन्छ ।	● मनोनयनको लागि एकभन्दा बढी प्रतिस्पर्धी भएको अवस्थामा प्रिफरेन्(शयल ब्यालट भनिने चरणवद्ध रोजाइ भएको मतपत्र प्रयोग हुनेछ ।

तालिका ६ क्यानाडाको कन्जर्भेटिभ र लिबरल पार्टीमा उमेद्वार छनौट

नियम	कन्जर्भेटिभ पार्टी	लिबरल पार्टी
नियमको परिभाषा कसले दिन्छ ?	● केन्द्रिय परिषद्	● केन्द्रिय निर्वाचन तयारी समिति र प्रादेशिक तथा इलाका संगठन (पीटीएएस)लाई आवश्यक परिमार्जन गर्ने अधिकार हुन्छ ।
केन्द्रिय तहमा प्रक्रियाको सञ्चालन कसले गर्दछ ?	● निर्वाचन क्षेत्रस्तरीय उमेद्वार मनोनयन समितिसँगको साझेदारीमा केन्द्रिय परिषद्को केन्द्रिय उमेद्वार छनौट समिति (एनसीएससी) ।	● सम्बन्धित प्रादेशिक तथा इलाका संगठन र निर्वाचन क्षेत्र स्तरीय संगठनसँगको साझेदारीमा केन्द्रिय प्रचार-प्रसार समिति ।
प्रदेश तहमा उमेद्वारी छनौट प्रक्रियाको सञ्चालन कसले गर्दछ ?	● निर्वाचन क्षेत्रस्तरीय संगठनको कार्यकारीले नियुक्त गर्ने उमेद्वार मनोनयन समिति (एनसीएससी) ● उमेद्वार मनोनयन समिति (एनसीएससी सदस्यले स्वयंले उमेद्वारी दावी नगर्ने र आफ्नो निर्वाचन क्षेत्र संगठनको उमेद्वार छनौट प्रक्रियामा तटस्थ रहने प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुपर्छ ।	● निर्वाचन क्षेत्र संगठनसँगको साझेदारीमा प्रादेशिक तथा इलाका संगठनका पदाधिकारी ।
केन्द्रिय नेतृत्वको संलग्नता कस्तो र कति हुन्छ ?	● केन्द्रिय उमेद्वार छनौट समिति (एनसीएससी)ले मात्रै आवेदन खारेज गर्न सक्छ । ● केन्द्रिय उमेद्वार छनौट समिति (एनसीएससी)ले कुनै व्यक्तिको उमेद्वारी निर्वाचन क्षेत्र संगठनबाट मनोनित हुनुअघि वा भएपछि पनि कुनै पनि बेला खारेज गर्न सक्छ । ● निर्वाचन संकटको अवस्थामा केन्द्रिय प्रचार-प्रसार समितिका अध्यक्षले आफ्नो मनोमानीमा कुनै पनि निर्वाचन क्षेत्र संगठनको लागि नियमावली परिवर्तन गर्न सक्दछन् ।	● केन्द्रिय नेतृत्वले मनोनयनका सबै प्रतिस्पर्धीको अनुमोदन गर्नुपर्छ । ● केन्द्रिय प्रचार-प्रसार अध्यक्षले निर्वाचन क्षेत्र स्तरीय संगठनले आह्वान गर्ने छनौट बैठकको अनुमोदन गर्नुपर्छ । ● केन्द्रिय नेतृत्वले छनौट प्रक्रिया विना नै उमेद्वार तोक्न सक्दछन् । ● केन्द्रिय प्रचार-प्रसार अध्यक्षले निर्वाचन संकटको अवस्थामा नियमलाई परिमार्जन गर्न सक्दछन्।

निर्वाचन क्षेत्रस्तरीय संगठनको सहभागिताको लागि न्यूनतम आवश्यक के-के हो ?	● सन् २००३ मा संगठनको स्थापना भएपछि सबैभन्दा धेरै सदस्य भएको समय सदस्य संख्याको कम्तीमा दुई तिहाइ ● पछिल्लो आम निर्वाचनमा उमेद्वारले खर्च गरेको जम्मा रकमको कम्तीमा ५० प्रतिशतको बैंक ब्यालेन्स् ● निर्वाचन प्रचार-प्रसार योजना, बजेट र आर्थिक संकलनको योजना पेश गरेको वा तयारी गरिसकेको प्रमाण	● उचित खोजी गरिसकेको प्रमाण । ● प्रादेशिक तथा इलाका संगठन अनुसार स्वरूप फरक हुने, जस्तै न्यूनतम आवश्यक सदस्य संख्या।
योग्यताका शर्त के-के हुन् ?	● कम्तीमा छ महिनादेखि सदस्य रहेको । ● यसभन्दा अघिका दुई संघीय निर्वाचनमध्ये दुवैमा असफल उमेद्वार नभएको । ● राजनीतिक कार्यसञ्चालनका निर्देशकले केन्द्रिय परिषद्का सभापतिसँगको परामर्शमा माथिका दुवै शर्तमा छुट दिन सक्दछन् । ● कम्तीमा २५ जना सदस्यले मनोनयन निवेदनमा हस्ताक्षर गरेको । ● स्वच्छ आचरण भएका बहालवाला सांसदले अब नउठ्ने भन्दै लिखित सूचना पेश गरेको अवस्थामा बाहेक निज मनोनयनको लागि प्रतिस्पर्धा गर्न स्वत: योग्य हुनेछन् ।	● पार्टीको सदस्यता । ● कम्तीमा २५ जना सदस्यले मनोनयन निवेदनमा हस्ताक्षर गरेको । ● पार्टीलाई कुनै कर्जा तिर्नुपर्ने भएमा सो कर्जा चुक्ता गरिसकेको । ● केन्द्रिय निर्वाचन तयारी समितिले तय गरेको अन्य कुनै शर्त ।
धरौटी आवश्यक पर्छ कि पर्दैन ?	● एकहजार डलरको धरौटी । मनोनयन प्रतिस्पर्धीको रूपमा स्वीकृत नभएमा र सो समयसम्म राम्रो आचरण प्रदर्शन गरेमा फिर्ता हुने । मनोनयनको लागि स्वीकृत भएमा संघीय निर्वाचन सम्पन्न भएपछि वा मनोनयन प्राप्त भएपछि फिर्ता हुने । ● एकहजार क्यानेडियन डलरको बुझाएको प्रमाण । मनोनयन प्रतिस्पर्धीको रूपमा स्वीकृत नभएमा वा मनोनयन प्रतिस्पर्धीको रूपमा स्वीकृत भइ मनोनयन प्राप्त गरेमा वा पहिलो मतको कम्तीमा १० प्रतिशत प्राप्त गरेमा ।	● केन्द्रिय तहमा नचाहिने । ● प्रादेशिक तथा इलाका संगठनले स्वरूप फेरबदल गर्न सक्ने ।

सदस्य सहभागिताको न्यूनतम आवश्यकता के हो?	● मनोनयन कार्यक्रमको मितिभन्दा कम्तीमा २१ दिन अघिदेखि राम्रो आचरणको सदस्य ।	● छनौट बैठक घोषणा मितिको कम्तीमा सात दिन अघिदेखि राम्रो आचरणको सदस्य रहेको र प्रादेशिक तथा इलाका समितिले यस प्रावधानमा केही फेरबदल गर्न सक्ने ।
सदस्यता अभियानको लागि केही मार्गनिर्देशन के के हुनसक्छन् ?	● प्रत्येक व्यक्तिले आ-आफ्नो शुल्क तिर्नुपर्ने मार्गनिर्देशनमा प्रावधान हुनुपर्छ ।	● प्रादेशिक तथा इलाका संगठनले फेरबदल गर्न सक्ने । उदाहरणका लागि प्रति उमेद्वार प्रदान गरिने खाली सदस्यता आवेदन फारम । ● प्रत्येक व्यक्तिले आ-आफ्नो शुल्क आफैं तिर्नुपर्ने वा परिवार सदस्यले तिरिदिन सक्ने मार्गनिर्देशनमा प्रावधान हुनुपर्छ ।

न्यु पेट्रियोटिक पार्टी (घाना)

पृष्ठभूमि

दलको संक्षिप्त इतिहास : बेलायतको उपनिवेशबाट स्वतन्त्र भएको (सन् १९५७) ५० वर्षभन्दा बढी भइसक्दा पनि घानाको दलीय राजनीति अझैं आत्मनिर्णयका लागि संघर्षको अग्रमोर्चामा रहेका दलको वैचारिक सिद्धान्तबाट प्रेरित छ । सन् १९४७ मा दर्ता भएको उपनिवेशकालीन पहिलो राजनीतिक दल द युनाईटेड गोल्ड कोष्ट कन्भेन्सन (युजिसीसी) ले बजारमुखी राजनीतिक दलको आधारशीला खडा गरेको हो । देशको पहिलो राष्ट्रपति समेत बनेका कन्भेन्सन पिपल्स पार्टीका नेता क्वामे न्क्रुमाले वामपन्थी झुकाबका राजनीतिक दलका लागि बाटो खोलेका हुन् । समयक्रमसँगै (सैनिक शासन वा एकदलीय शासनलगायत विखण्डन) घानाका राजनीतिक दलले आफ्नो नाम र स्वरूप परिवर्तन गदै गएका छन् । तथापि अधिकांश दल वैचारिक रूपमा मूलतः मध्यमार्गी चरित्रका छन् । न्यु पेट्रियोटिक पार्टी (एनपीपी) (चौथो गणतन्त्रअन्तर्गत घाना संवैधानिक बहुदलीय लोकतन्त्रमा फर्केपछि) औपचारिक रूपमा सन् १९९२ मा राजनीतिक दलका रूपमा दर्ता भएको हा । यसको जग पूर्व-पार्टी युजिसीसी दलकै परम्परासँग जोडिएकोछ । चौथो गणतन्त्रअन्तर्गत सन् १९९२ को पहिलो राष्ट्रपति निर्वाचनमा हारेसँगै निर्वाचन प्रक्रियामा असहमती जनाउँदै एनपीपीले सोही वर्षको अन्त्यतिर भएको विधायिका निर्वाचन बहिष्कार गऱ्यो । सो दलले १९९६ को राष्ट्रपति र विधायिका निर्वाचनमा हार बेहोरेपनि सन् २००० मा सत्तासीन पार्टी नेशनल डेमोक्रेटीक कंग्रेस (एनडीसी)लाई पराजित गर्दै राष्ट्रपति पद जित्यो । यसैगरी संसदमा बहुमत प्राप्त गर्न सफल भयो । सन् २००४ को निर्वाचनमा राष्ट्रपति कुफोर नै (५२.४५ प्रतिशत मत सहित) निर्वाचित भए र एनपीपीले संसदमा बहुमत हासिल गऱ्यो (२३० मा १२८ प्राप्त गरेर) । यहाँको राजनीतिक दलको संगठनात्मक इकाइ निर्वाचन क्षेत्रस्तरसम्म पुगेको छ । प्रत्येक निर्वाचन क्षेत्रअन्तर्गत विभिन्न मतदान केन्द्र इलाका छन्, जसमा प्रायजसो एक पार्टी पदाधिकारी रहने गर्छन् । निर्वाचन क्षेत्रमा रहेको संगठनले क्षेत्रीय कार्यालयमार्फत हेडक्वाटरमा प्रतिवेदन बुझाउँछन् ।

अध्ययनको एक झलक

निर्वाचन प्रणाली

पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष प्रणाली

छनौट प्रक्रियाका मुख्य विशेषता

पार्टीको शाखा समिति तहमा प्रतिनिधि अधिवेशनम(
र्फत छनौट गरिने
प्रतिनिधि छनौटमा पैसाको प्रयोग गरिएको चिन्ता

घानामा निर्वाचन : केन्द्रिय निर्वाचन प्रत्येक चारवर्षमा एकपटक गरिन्छ । त्यसबेला मतदाताले विधायक र राष्ट्रपतिका लागि एकै दिन मतदान गर्छन् । विधायकले प्रत्यक्ष निर्वाचनमार्फत एउटा निर्वाचन क्षेत्रलाई प्रतिनिधित्व गर्छन् । बहुदलीय राजनीतिमा फर्केदेखि नै एनपीपी र एनडीसीले संसदका धेरैजसो सिट ओगट्दै आएका छन् । त्यहाँको संसदमा रहेको २३० मध्ये ८ सीट अन्य दुईओटा दल र एउटा स्वतन्त्र गरी व्यक्तिले जितेका छन् । एनपीपी र एनडीसीका आ-आफ्नै पकड निर्वाचन क्षेत्र छन् । केही निर्वाचन क्षेत्र चाहिँ दुवैका लागि अनिश्चित छन् ।

उमेद्वार मनोनयन प्रक्रिया

उमेद्वारको योग्यता: दल विधानको धारा ११(४) अनुसार दलको मनोनयनमा पर्नका लागि आकांक्षीमा तल उल्लेखित विशेषता हुनु आवश्यक छ :

- कम्तीमा दुई वर्षसम्म दलको सक्रिय सदस्य भएको
- प्रतिनिधित्व गर्न चाहेको निर्वाचन क्षेत्रमा दर्ता भएको सदस्य र मतदाता भएको
- असल चरित्र भएको
- असल चालचलन भएको
- निर्वाचन कानुनअन्तर्गत योग्य
- दलको केन्द्रिय कार्यकारी परिषद्ले तोके बमोजिम शुल्क तिरेको, र
- "संसदीय उमेद्वारको प्रतिज्ञापत्र"मा हस्ताक्षर गरेको ।

केन्द्रिय कार्यकारी समितिले दलका क्षेत्रीय र निर्वाचन क्षेत्रका अधिकारीसँगको परामर्शमा उमेद्वारका लागि आवश्यक शर्तमा छुट दिन पनि सक्छन । घानाका राजनीतिक दलमा सम्भावित उमेद्वारले मनोनयन शुल्क तिर्नुपर्ने व्यवस्था छ । कतिपय अवस्थामा दुई प्रकारका शुल्क हुन्छ : एउटा निवेदन फारमका लागि र अर्को दलमा मनोनयन दर्ता गराउनका लागि । सन् २००७/२००८ मा मनोनयन शुल्क करिब ५०० अमेरिकी डलर बराबर थियो ।

बहालवाला पदाधिकारीका लागि प्रक्रिया : बहालवाला पदाधिकारीका लागि विशेष प्रावधान दलका नियममा छैन । तर पनि पार्टीको हेडक्वाटरले बाहालवाला विधायकलाई नै उमेद्वारीका लागि जोड दिन्छ भन्ने गरिन्छ । उदाहरणका लागि सन् २००० को निर्वाचनमा दलका महासचिव र अन्य दलका पदाधिकारीले तत्कालीन पदाधिकारीलाई नै निर्वाचित गरिनु पर्छ भनेर वक्तव्य दिएका थिए । उनीहरूको तर्क थियो, "दलका सबै ६१ जना बाहालवाला विधायकलाई नै प्राइमरीमा प्रतिस्पर्धा नगरिकन सन् २००० को निर्वाचनमा प्रतिस्पर्धा गर्न दिइएको खण्डमा यो दलको अधीकतम् हित हुनेछ" किनभने उनीहरूले मनोनयनका लागि स्रोतसाधन खर्चिनुको सट्टा आफ्नो निर्वाचन क्षेत्रको संगठन सुदृढीकरणका लागि उपयोग गर्न सकिन्छ (ओहमन, २००४) ।

संसदका प्रतिनिधिलाई नै पुनः मनोनयन गरिनुको अर्को तर्क के रह्यो भने त्यसबाट निर्वाचनसभा आयोजना गर्न लाग्ने खर्च बच्ने छ । यसले पार्टीको आन्तरिक संघर्षबाट पनि दललाई सुरक्षित राख्न सक्छ । एक अध्ययनअनुसार दलका पदाधिकारी बाहालवाला विधायिकालाई जनतासमक्ष पुनः निर्वाचित गराउन अनौपचारिक दबाब भने रहेको पाइयो । बाहालवाला विधायिकालाई पुनः निर्वाचित हुन निर्वाचन क्षेत्रमा रोक्ने उपाय पर्याप्त थिएनन् । उदाहरणका लागि बेक्वाई जिल्लाको एक निर्वाचन क्षेत्रमा दलका वरिष्ठ नेताले (लिखित र व्यक्तिगत रूपमै) आह्वान गरेपछि उमेद्वारले निर्वाचन सभा आयोजना गरे । तर, बाहालवाला पदाधिकारीले निर्वाचनमा हार व्यहोरे । असान्टी क्षेत्रको एक निर्वाचन क्षेत्रमा सम्भावित उमेद्वारलाई नै मनोनयन दरखास्त हाल्न निरूत्साहित गरियो । यसैको परिणाम त्यस क्षेत्रमा दलका बाहालवाला पदाधिकारी आपसी प्रतिस्पर्धा बिनै उमेद्वार बने । दलको नेतृत्वले मनोनयनका सम्भावित इच्छुकलाई निरूत्साहित गर्छ ताकि पदाधिकारी निर्विवाद निर्वाचनमा खडा हुन सकुन्, यस विषयमा एउटा अन्तर्वार्तामा दलको केन्द्रिय अध्यक्षले पनि बोलेका थिए (ओहमन २००४) । सन् २००० को निर्वाचनसम्म बहालवाला सांसद पुनःमनोनित हुने दर ९० प्रतिशत थियो । अझ, सन् २००८ को निर्वाचनको मनोनयनमा पार्न एनपीपीले प्राप्त गरेका सीटका लागि विशेष प्रावधान अवलम्बन गरिने भनेर दलका नेताले सार्वजनिक व्यक्तव्य नै जारी गरे । स्थानीय अखबारमा प्रकाशित समाचारअनुसार (क्रोनिकल जुन १, २००७) यसका साथै उनीहरूले सम्भावित इच्छुक व्यक्तिलाई सम्झाए । उनीहरूले दलले आफ्नो "रणनैतिक कारण" योग्य इच्छुकलाई पनि अस्वीकार गर्ने अधिकार भएको कुरा बताए ।

बक्स १५ : घानाको केन्द्रिय लोकतान्त्रिक कंग्रेसमा उमेद्वार चयन प्रक्रिया सुधार

सन् १९९२ को निर्वाचन अघि घाना बहुदलीय लोकतन्त्रमा फर्केपछि राजनीतिक दलको औपचारिक सूचिकरण गर्ने प्रक्रिया सुरू भयो । उक्त समय र निर्वाचन अभियानबीचको छोटो समयावधिले भएका कारण केन्द्रिय लोकतान्त्रिक कंग्रेस (एनडीसी)को उमेद्वार छनौट प्रक्रिया केही हदसम्म अव्यवहारिक र अराजक भएको थियो । सन् १९९६ को निर्वाचनमा यस प्रक्रियालाई अलि राम्रोसँग परिभाषित गरियो र धेरै हदसम्म निर्वाचन क्षेत्र कंग्रेसको प्रयोगमा आधारित थियो ।

विधायकको कार्यसम्पादनबारे स्थानीय, क्षेत्रीय र केन्द्रियस्तरमा अनौपचारिक परामर्शको श्रृंखलापश्चात पार्टीको १९९८ मा कंग्रेसले नयाँ उमेद्वारी प्रक्रिया अनुमोदन गऱ्यो । सो पार्टीले आवश्यकताको आधारमा नयाँ विधायकको मनोनयन गऱ्यो । तर, यसको अन्तिम निर्णय गर्ने अधिकार भने एनइसीलाई नै दिइयो । दलका केही पदाधिकारीले आन्तरिक पार्टी अनुशासनको आवश्यकताबारे बहस गर्दै शक्ति सन्तुलनमा आएको परिवर्तनलाई केन्द्रमै फर्काए । निर्वाचन अघि यस प्रक्रियाबारे पार्टी पङ्तिमा विभाजन आएको भन्दै सञ्चारमाध्यमले प्रशस्त टिकाटिप्पणी गरे (उमेद्वारलाई निश्चित निर्वाचन क्षेत्रमा लादिएको भन्ने आरोपसहित) । यस्ता टिप्पणीले गर्दा दलप्रति नकारात्मक धारणा मात्रै सार्वजनिक मात्र भएन, मतदातालाई स्वतन्त्र उमेद्वारतर्फ वा अन्य दलप्रति उन्मूख हुन समेत प्रेरित गऱ्यो (केही एनडीसी सदस्यले दलको मनोनयन गुमाए) । पराजयपछि पार्टी संगठन पुनःर्गठन र नवीकरणको प्रयास थाल्यो । सन् २००२ को कांग्रेसले उमेद्वार मनोनयन प्रक्रियालाई संशोधन गऱ्यो । फलःस्वरूप विधायिका उमेद्वार छनौटमा स्थानीय निर्वाचन प्रति(निधिको सम्मेलनलाई आधार मान्नुपर्ने गरी दलका नियम परिवर्तन गरिए । त्यसपछि एनडीसी संसदीय उमेद्वारको निर्वाचन निर्देशिका, २००४ मा थप निर्देशन जारी गरियो ।

यसका विपरीत, बहुदलीय राजनीति १९९२ मा फर्केपछि घानाको न्यू पाट्रियोटिक पार्टीले सन् २००० को निर्वाचन जित्यो । पाटीले भने पुरानै उमेद्वारलाई छनौट गर्ने परिपाटीलाई अघि बढायो र सोही अनुरूपका नियम बनायो । कतिपयको तर्क के छ भने एनपीपी अघिल्लो पार्टी संरचनामा आधारित छ र यसमा पहिलेको पार्टी संगठनको अनुभव भएका धेरै व्यक्ति छन् । जसले गर्दा एनडीसी भन्दा कम प्रयोगको आवश्यकता हुन सक्छ । यो दल सैन्य शासन र विभिन्न प्रचारमुखी संरचनाबाट अगाडि बढेको थियो (ओहमन २००४) ।

प्रमुख चरण

१. एनईसीको निर्देशनपश्चात निर्वाचन क्षेत्र कार्यकारी समितिले मनोनयनका लागि आवेदन आमन्त्रित गर्दछ । दलको विधानअनुसार सो सूचना वा जानकारी निर्वाचन क्षेत्रस्थित दलको कार्यालयमा देखिने स्थानमा राखिनुपर्छ । विधान अनुसार आमनिर्वाचनको मिति भन्दा १२ महिना पहिले नै उमेद्वार छनौट भइसक्नुपर्छ ।

२. केन्द्रियस्तरका दलका अधिकारी आवेदन परीक्षण गर्न ती क्षेत्रमा जान्छन् । एनइसीले अर्को चरणका लागि योग्य व्यक्तिको सूचीलाई अन्तिम स्वीकृति प्रदान गर्दछ ।

३. निर्वाचन क्षेत्रका कार्यकारी समितिले उमेद्वार छनौटका लागि निर्वाचन क्षेत्रका प्रतिनिधिको विशेष सम्मेलन आयोजना गर्दछ । प्रतिनिधिमा निर्वाचन क्षेत्रका कार्यक(ारी सदस्य र प्रत्येक निर्वाचन बुथका कार्यकारी अध्यक्ष समावेश हुन्छन् (पदाधिकारीको संख्या भिन्न हुन्छ, प्राय १०० जति हुन्छन्) । पदाधिकारीले गोप्य मतदान गर्छन् र मनोनयनमा पर्न स्पष्ट बहुमत आवश्यक पर्छ । पहिलो चरणको मतदानमा कसैको पनि स्पष्ट मतदान नआ(एको खण्डमा अग्रस्थानमा रहेका दुई उमेद्वारबीच दोश्रो चरणको मतदान गरिन्छ ।

उमेद्वार छनौट प्रणालीका सवल र कमजोर पक्ष

मनोनयन प्रक्रियामा स्थानीय शाखाको सहभागिता कायम गर्न प्रतिनिधिद्वारा गरिने छनौट प्रक्रिया समग्र रूपमा प्रभावकारी ठहर भएको छ । बक्स १५ ले देखाइए झैं एनपीपीको उमेद्वार छनौट प्रक्रिया यसको प्रमुख प्रतिस्पर्धी, एनडीसीको भन्दा बढी संस्थागत, विकेन्द्रित र बढी स्थिर देखिएको छ । मतदान केन्द्र र निर्वाचन क्षेत्रका पदाधिकारी पार्टीका सदस्यद्वारा निर्वाचित हुने भए पनि मनोनयन सम्मेलनमा यी व्यक्ति तदर्थ सदस्य हुन्छन् । अर्को शब्दमा भन्दा मनोनयन सम्मेलनका प्रतिनिधि सोही उद्देश्यका लागि प्रत्यक्ष निर्वाचित भएका हुँदैनन् । प्रतिनिधिले सदस्यसँग परामर्श गर्ने गरेका रिर्पोट प्राप्त भए पनि मतदान गर्ने सन्दर्भमा यी सदस्यको विचारलाई मान्नु पर्ने बाध्यता छैन ।

यसका साथै, प्रतिनिधि सम्मेलनको मतदान प्रक्रिया मूलतः औपचारिक र गोप्य मतदानबाट गरिन्छ । तर, छनौट प्रक्रियामा देखाइने संरक्षकत्वप्रति चिन्ता व्यक्त गरिन्छ । घानाका विधायकको चुनावी खर्चबारे गरिएको एक सर्वेक्षणअनुसार, "नेशनल पेट्रोयटिक पार्टी (एनपीपी)ले धेरैपटक प्राइमरी वा पहिलो चरणको प्रतिनिधि छनौट प्रक्रियामा जानु पर्‍यो र दलभित्रको आन्तरिक प्रतिस्पर्धामा पनि संरक्षकत्वले धेरै ठूलो प्रभाव पारेको अनुभव धेरैले सुनाए" (लिण्डबर्ग २००३) । अन्य दलको पनि त्यस्तै चिन्ता छ ।

द प्यान्हेलेनिक सोसलिस्ट मुभमेन्ट (ग्रीस)

पृष्ठभूमि

दलको संक्षिप्त इतिहास : प्रायः पासोक भनेर चिनिने ग्रीसको द प्यान्हेलेनिक सोसलिष्ट मुभमेण्ट १० वर्षे सैनिक शासनपश्चात सन् १९७४ मा लोकतन्त्रमा फर्केपछि यो पार्टी स्थापना भएको हो । यो पार्टीले सन् १९७४ नोभेम्बरको निर्वाचनमा १३.५ प्रतिशत मत र ३०० सीटमा जम्मा १५ सिटमा विजयी भई तेस्रो दल बन्यो । दलले मतदातामा आफ्नो आधार बिस्तार गर्‍यो । सन् १९७७ को निर्वाचनमा पासोकले मत हिस्सा दोब्बर बनायो र ९२ सिटसँगै मुख्य विपक्षी दल बन्यो । सन् १९८१ को निर्वाचनमा यो पार्टीले १७३ सीट जितेर सरकार बनायो । सन् १९८० को दशकको अन्त्यतिर भएको निर्वाचनमा दलले निर्वाचनमा हार बेहोरे पनि १९९३ को निर्वाचनमा पुन : सत्तामा फर्कियो ।

सन् २००४ भित्र २२ वर्षमा १९ वर्ष यो पार्टी सरकारमा रह्यो । आर्थिक हिसाबले कमजोर र भ्रष्ट पार्टीका रूपमा आमजनतामाझ चित्रित भएका कारण निर्वाचन सफलता खतरामा पर्‍यो । सन् मार्च २००४ को व्यवस्थापिका निर्वाचनको समयमा गरिएको एक मत सर्वेक्षण आँकडामा यो दलको मुख्य प्रतिस्पर्धी न्यु डेमोक्रेसी भन्दा पनि १० अङ्क पछाडि देखायो । यसैबीच, राजनीतिक प्रणालीप्रतिको वितृष्णाका कारण दलभित्रै सुधार आन्दोलनको कुरा उठ्न थाल्यो । दलको नेताबाट कोस्टा सिमिटीसले आफ्ना परराष्ट्रमन्त्री जोर्ज पापन्ड्रेउलाई आफ्नो उत्तराधिकारीका रूपमा समर्थन गर्न आह्वान गर्दै राजिनामा दिए ।

यो पार्टीको १८० सदस्यीय केन्द्रिय कमिटिले दलको नेता चुन्ने गर्दथ्यो । आन्तरिक सुधारको मागमा टेकेर पापन्ड्रेउले औपचारिक तरिकाले दलको नेता चुन्न बढी सहभागितामुलक र प्रत्यक्ष प्रणाली लागु गर्ने प्रयासलाई समर्थन जनाए । दलका नियममा गरिएको परिवर्तन स्वरूप दलका आधिकारिक सदस्य र पासोकका समर्थकले पापन्ड्रेउलाई नै सर्वसम्मत दलको अध्यक्ष चुने । पापन्ड्रेउ निर्विरोध उमेद्वार भए पनि दलको इतिहासमा मतदानद्वारा दलको नेता चुन्ने परिपाटी ग्रीसको इतिहासमै पहिलो ठहरियो । पापन्ड्रेउको निर्वाचन पश्चात पार्टीप्रतिको समर्थनमा सुधार आयो । तर पनि सन् २००४ को निर्वाचनमा न्यु डेमोक्रेसी पार्टीले केन्द्रियस्तरमा उसको भन्दा पाँच प्रतिशत बढी मत ल्याएर निर्वाचन जित्यो ।

पापन्ड्रेउको नेतृत्वमा दलको अनुशासनमा सुधार, सदस्यता बृद्धिसँगै मजबुतीकण, पारदर्शिता र आन्तरिक सञ्चारमा अभिवृद्धि गर्दै पासोकले नेतृत्वलाई थप विविधतायुक्त बनाउन थप सुधारका काम गरे । उदाहरणका लागि नेतृत्वमा र अधिवेशन प्रतिनिधिमा लैङ्गिक कोटा प्रणाली कायम गरे भने आप्रवासीलाई पनि सदस्यता खुल्ला गरे । पासोकले तालिम प्रतिष्ठान पनि गठन गरे । यसका साथै सदस्यको उजुरी छानबिन गर्ने र समस्या समाधान गर्ने संयन्त्रको पनि गठन गरे ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व : ५६ एकल र बहुल सदस्यीय क्षेत्र र एउटा केन्द्रिय सूची । सबभन्दा बढी मत प्राप्त गर्ने दललाई ४० सीट बोनस ।

छनौट प्रक्रियाका प्रमुख विशेषता

- सदस्यको बैठकद्वारा ५६ निर्वाचन क्षेत्रमा उमेद्वार छनौट गर्न शाखासँग विचार विमर्श गरिन्छ ।
- पार्टीको शाखा बैठकबाट प्राप्त प्रतिवेदनका आधारमा आन्तरिक निर्वाचन आयोगले ५६ नि(र्वाचन क्षेत्रको अन्तिम उमेद्वार सूची तयार पार्छ ।
- केन्द्रिय सूचीको मस्यौदा दलको अध्यक्षले तय गर्दछन् र त्यसलाई केन्द्रिय कार्यकारीले अनुमोदन गर्दछ ।

पापन्ड्रेउले गरेका सुधारका कारण दलका संरचनालाई मूलप्रवाहमा ल्याइयो । पहिला एउटै ठाँउमा दलका विभिन्न इकाइ सञ्चालित हुन्थे तर त्यसपछि तिनीहरूलाई संगठित गरिएको छ । एउटा स्थानीय तहमा दलको एउटा इकाइ कायम गरिएको छ । विभिन्न व्यवसायिक समूहलाई प्रतिनिधित्व गर्ने शाखाका साथै ट्रेड युनियन र कृषि तथा सहकारी आन्दोलनसँग पार्टी सम्बन्ध समन्वयन गर्न क्रियाशील समितिलाई बन्द गरिएको छ ।

पासोकले गरेका यी सुधार र डेमोक्रेटिक गठबन्धनले राज्यको पेन्सन कोष प्रबन्धनमा गरेको घोटालाबारे भएको बदनामी र गर्मी मौसममा डढेलो नियन्त्रण गर्न नसकेकोबारे भएका आलोचनाका बाबजुद सन् २००७ को केन्द्रिय निर्वाचनमा डेमोक्रेटिक अलायन्स्ले साढे तीन प्रतिशतको मतान्तरले पुनः निर्वाचन जित्यो । तर, सत्ताधारी दल र पासोकले साना दलसमक्ष मत गुमाएका थिए । तर ती दलहरू क्रमश : १५२ र १०२ सीटमा सीमित भए ।

ग्रीसमा निर्वाचन : ग्रीसको ३०० सदस्यीय संसदमा सांसद चारवर्षका लागि निर्वाचित हुन्छन् । संसदीय निर्वाचनमा भाग लिन दलले केन्द्रिय निर्वाचनको तीन प्रतिशत मत हासिल गरेको हुनुपर्छ । ५६ निर्वाचन क्षेत्रलाई २४८ सीट संख्या छुट्याइएको छ (यसमा एकल र बहुसदस्यीय निर्वाचन क्षेत्र पर्छन्) । राजनीतिक दलले प्राप्त गरेको मतपरिणामका आधारमा केन्द्रिय सूचीका बनाइ १२ सीट समानुपातिक तरिकाले वितरण गरिन्छ । अन्ततः सन् २००४ गरिएको निर्वाचन सुधारअर्न्तगत केन्द्रियस्तरमा सबभन्दा बढी मत प्राप्त गर्ने दलले "४० सीट" बोनस पाउँछ ।

ऐतिहासिक सन्दर्भमा उमेद्वार चयन : सुरू-सुरूमा पासोकले उमेद्वार चयन कार्य दलका नेताकै हातमा निर्भर हुन्थ्यो । पापन्ड्रेउको नेतृत्वमा गरिएको समग्र सुधारमा स्थानीय निर्वाचनका लागि प्राइमरीमार्फत मनोनित गरिने परिपाटी दलका नियम संशोधन गरी थालनी भयो । यसलाई सन् २००४ को कंग्रेसले पनि अनुमोदन गऱ्यो । यसले पहिलेभन्दा पृथक विधानसभा सदस्यको उमेद्वार बनाउने अधिकार समितिलाई प्रदान गऱ्यो । अहिले यसैका आधारमा दलको केन्द्रिय समितिबाट मनोनित हुन्छन् ।

उमेद्वार चयन प्रक्रिया

उमेद्वारको योग्यता : विधायक उमेद्वारका लागि कुनै औपचारिक योग्यता आवश्यक पर्दैन । यद्यपि, दलको नियमअनुसार निर्वाचित अधिकारी जस्तै : नगर प्रमुखले विधायक उमेद्वार बन्नका लागि वर्तमान जनादेशलाई पुरा गरेको हुनुपर्छ । साथै, उमेद्वार बन्नुभन्दा दुईवर्ष अगाडि नै पदबाट राजीनामा गरेको हुनुपर्छ । महिला प्रतिनिधित्वका लागि दलले ४० प्रतिशत कोटा छुट्याएको भए पनि एकल सदस्यीय निर्वाचन क्षेत्रमा यो प्रावधान कायम राख्न चुनौतीपूर्ण देखिएको छ ।

बहालवाला पदाधिकारीका लागि प्रक्रिया : बाहालवाला पदाधिकारीका सन्दर्भमा कुनै विशेष व्यवस्था गरिएको छैन । यद्यपि, केन्द्रिय निर्वाचन समितिको मूल्याङ्कनका आधारमा सम्भावित आकांक्षीले व्यवस्थापिकामा कस्तो हैसियत राख्छन् भन्ने कुरालाई ध्यान दिएको छ ।

प्रमुख कदमहरू

बहुसदस्यीय र एकल सदस्यीय चुनावी क्षेत्रका उमेद्वार

१. इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण र करचुत्ता गरेको कागजात पार्टीका जिल्लाका अधिकारी वा जिल(ला शाखामा बुझाउनु पर्छ (करचुक्ता दलको आन्तरिक आवश्यकता हो र निर्वाचन आयोगमा नाम दर्ता गर्दा उमेद्वारले बुझाउनु पर्दैन) ।

बक्स १६ : पासोकको मारोसी प्रयो

डेलिबरेटिभ पोलिङ अर्थात् विमर्शात्मक मतदानको विधिबाट उमेद्वार चयन

सन् २००६ मा ग्रीसको शहर मारोसीको मेयरको चुनावअघि पासोकले आफ्नो उमेद्वार छनौट गर्न स्ट्याण्ड्फोर्ड विश्वविद्यालयको सेन्टर फर डेलिबरेटिभ डेमोक्रेसीले विकास गरेको डेलिबरेटिभ पोलिङ भनिने विमर्शात्मक विधिको प्रयोग गऱ्यो । विमर्शात्मक मतदाने यस्तो प्रक्रिया हो जसमा एक वैज्ञानिक अनौपचारिक (ऱ्यान्डम नमुना) विधिबाट मतदान गर्नु भन्दा पनि मतदान गरिसकेपछि केही प्रश्नको उत्तर दिन्छ । पार्टीको तर्फबाट अन्तर्राष्ट्रिय विज्ञको एउटा समूहले यो मतदान प्रक्रिया सञ्चालन गऱ्यो । सुरूमा १५ जनाले पार्टीको तर्फबाट मनोनयनको लागि आवेदन दिए । पार्टी पदाधिकारीले पूर्व छनौट गरिसकेपछि योग्य आवेदकको संख्या छ मा झऱ्यो । मारोसीका ऱ्यान्डम तरिकाले छानिएका १६० नागरिकलाई विमर्शात्मक मतदानको माध्यमबाट अन्तिम छजनाबाट एक उमेद्वार छान्न लगाइयो । यस अभ्यासमा भाग लिएका सबै सहभागीले आ-आफ्नो शहरलाई असर गर्ने विभिन्न विषय र ती विषयबारे प्रत्येक आकांक्षी उमेद्वारले लिएको अडानबारे जानकारीमुलक सामग्री प्राप्त गरे । प्लेनरी र ब्रेकआउट सत्रमा १० घण्टा भन्दा बढी समयसम्म सहभागीले आकांक्षीसँग विभिन्न विषयमा छलफल गरे र प्रत्यक्ष प्रश्न सोधे । पहिलो गोप्य मतदानबाट उत्कृष्ट दुई आकांक्षी छानिए । दोस्रो चरणको मतदानमा पानागियोटिस अलेक्ज्याण्ड्रसले स्पष्ट बहुमत प्राप्त गरे र पार्टीको तर्फबाट उमेद्वार घोषित भए । अलेक्ज्याण्ड्रसले त्यसपछि मेयरको निर्वाचन हारेको भए पनि यो प्रयोग सफल भएको पासोकले स्वीकार गरेको छ । पार्टीले उमेद्वार छनौटमा र पार्टीका अन्य क्रियाकलापमा विमर्शात्मक मतदानको प्रयोगलाई बिस्तार गर्नेबारे सोचिरहेको छ ।

विमर्शात्मक मतदानका पक्षधर मास प्राइमरीमा प्रायजसो प्रयोग हुने भाषणका अंशको तुलनामा यसले थप जानकारीमुलक सूची छनौट गर्ने बिकल्प प्रदान गर्छ भन्ने तर्क गरिन्छ । छलफल अघि र छलफल पछि सहभागीको धारणाको तुलना गर्दा छलफलले नागरिकको धारणालाई प्रभावित पार्ने गरेको देखाएको छ । उदाहरणको लागि यस अभ्यास भन्दा पहिले अलेक्ज्याण्ड्रस सबैभन्दा कम चिनिएका उमेद्वार थिए, तर तिनैले मनोनय प्राप्त गर्न सफल भए । यसका साथै छलफलको अभ्यासपछि उमेद्वारले नागरिक शिक्षाको लागि बजेट, मुख्य बजार केन्द्रको किनमेल क्षेत्र र निर्वाचित पदाधिकारीको जवाफदेहिताजस्ता कतिपय स्थानीय सवालबारे धेरै चासो लिन थाले । बेरोजगारी लगायत अन्य केही सवालबारे भने कम चासो लिन थाले । सहभागीले पनि यस प्रक्रियालाई अत्यन्त उपयोगी मानेको जस्तो देखिन्छ । किनभने यस प्रक्रियामा सबैभन्दा राम्रो लागेमा १० र सबैभन्दा नराम्रो लागेमा ० अंक दिने गरी ० देखि १० सम्म मानेर प्रणाली बनाइएको हुन्छ । यो प्रक्रियाबाट ९४ प्रतिशतले सात वा सातभन्दा बढी अंक प्रदान गरेको पाइयो । तर, यो प्रक्रियामा लाग्ने खर्च हेर्दा कतिपय पार्टीको लागि असम्भव जस्तो देखिँदैन र विमर्शात्मक प्रक्रियाले छनौट प्रक्रियालाई लामो बनाउन सक्छ ।

२. पार्टीका जिल्ला अधिकारी वा जिल्लाका अधिकारीले आवेदनपत्रको समीक्षा गर्छन् र आवश्यकता परेमा अन्य व्यक्तिलाई पनि समावेश गर्न सक्नेछन् ।
३. विभिन्न निवेदकबोरे छलफल गर्न सार्वजनिकरूपमा शाखाको बैठक आयोजना गरिन्छ । पार्टी शाखाका अधिकारीले प्रतिवेदन तयार पारेर केन्द्रिय निर्वाचन समितिलाई सुझाबसहित आवेदकको पूर्ण सूची बुझाउँछन् । केही अवस्थामा आकांक्षीविरूद्ध अपील परेमा सार्वजनिक सुनुवाईमार्फत जनमत पनि लिइन्छ ।
४. दलको केन्द्रिय निर्वाचन समितिले शाखाबाट प्राप्त प्रतिवेदनको समीक्षा गर्छ र अन्तिम उमेद्वार सूची तय गर्छ । निर्वाचन समितिका सदस्य दलको अधिवेशनबाट

निर्वाचित भएका हुन्छन् । दलको अध्यक्ष पनि सो समि(तिको सदस्य हुने भएकाले सो सूचीमा कसैको नाम सिफारिस गर्न सक्छन् । यो विशेषाधिकार प्रायः राज(नीतिक रूपमा संवेदनशील सदस्य थप्न वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा लागू हुन्छ ।

केन्द्रिय सूची

दलका अध्यक्षले मस्यौदा सूची तयार पारेपछि यसलाई दलको स्थायी समिति समक्ष अनुमोदनका लागि पेश गरिन्छ । केन्द्रिय सूचीमा प्रायः निश्चित निर्वाचन क्षेत्रमाको उमेद्वार हुन्छ भन्दा पनि रणनैतिक तबरले कसलाई मैदानमा उतार्दा चित हुन्छ भन्नेमा भर पर्छ । उदाहरणका लागि सबैलाई समतामुलक तरिकाले सञ्चारमा पँहुच दिलाउने हो भने पक्कै पनि दलका महासचिव वा जनसम्पर्क अधिकारीलाई २८८ सिटमध्ये कुनै एकमा प्रतिस्पर्धा गराउँदा राम्रो हुन्छ । उनीहरूले दिने अन्तर्वार्तालाई पनि प्रचार-प्रसारकै रूपमा हेरिन्छ। केन्द्रिय सूचीमा ओजपूर्ण र साङ्केतिक व्यक्तित्वलाई चुनावी मैदानमा उतार्नका लागि पनि प्रयोग गरिन्छ ता कि यसले दलको उमेद्वारीमा सन्तुलन कायम गर्न सकोस् ।

वर्तमान छनौट प्रणालीका सवल तथा कमजोर पक्ष : अहिलेको हकमा विधायिका निर्वाचनका लागि उमेद्वार छनौट प्रक्रिया समग्रतामा केन्द्रीकृत देखिन्छ । यद्यपि, यो सुधार बिगतको केन्द्रीकृत अवस्थाको तुलनामा भने प्रगति नै भएको मान्नुपर्छ । सन् २००६ मा पापन्ड्रेउले भनेका थिए, "विधानमा हामीले थुप्रै नवीनतम् प्रयासको थालनी गरेका छौं र निर्णय प्रक्रियालाई विशिष्ठरूपमा लोकतान्त्रिक बनाएका छौं । पहिलोपटक पासोक र ग्रीक समाजका लागि पनि नयाँ अभ्यास सुरू भएको छ, यहाँ नेताले चुनेको समितिले उमेद्वार चयन गर्ने छैन, बरु उमेद्वार चयन गर्न हाम्रो अभियानको केन्द्रिय समितिले चुनेको पूर्णत स्वतन्त्र समितिले गर्नेछ ।"

कतिपय कोणबाट हेर्दा पासोक अझैं पनि संक्रमणमा रहेको दल हो । पापन्ड्रेउ र अन्य अधिकारीलाई थाहा छ यो दलले व्यापक फेरबदल गर्नु भन्दा पहिले केही प्रयोग गरिरहेको छ । उदाहरणका लागि उमेद्वार छनौट प्रक्रिया जानाजानी नगरपालिका स्तरका लागि गरिएको व्यवस्थाको अभ्यास हो । यो प्रयोग सफल भएको खण्डमा अन्य निर्वाचनमा पनि प्रयोगमा ल्याउन सकिनेछ (बक्स १६ हेर्नुहोस्) ।

सन् २००७ को संसदीय निर्वाचनलगत्तै भएको दलीय नेतृत्वका लागि भएको निर्वाचनमा पापन्ड्रेउ मुस्किलले जोगिए र अन्तत : ५५ प्रतिशत मात्रै मत हासिल गरे । धेरैजसो पापन्ड्रेउ विरूद्धको आलोचना संसदीय निर्वाचन परिणामबारे हुने गरेको थियो । तर, नीतिगत अडान र आन्तरिक दलीय सुधारका लागि लिएको अडान सन्दर्भ छाँयामा पऱ्यो । एउटा प्रेस नोटअनुसार पापन्ड्रेउले आफ्नो कमजोरी यी शब्दमा स्वीकारेका छन्, "हाम्रो नीतिप्रति औल्याइएका नकारात्मक अभ्यास, व्यक्ति र सोचसँग सिधै संघर्ष गरिनुपर्ने थियो" (एथेन्स न्युज, सेप्टेम्वर २८, २००७) । पापन्ड्रेउको नेतृत्व दोहोरियो भन्नुको अर्थ उनले नीति निर्माण, उमेद्वार चयनलगायत अन्य क्षेत्रमा प्रशस्त मात्रामा सुधार भयो भन्नु पनि हो ।

सोसल डेमोक्रेटिक पार्टी (बोस्नीया-हर्जगोभिनिया)

पृष्ठभूमि

पार्टीको संक्षिप्त इतिहास : बोस्नीया-हर्जगोभिनियाको सोसल डेमोक्रेटिक पार्टीले आफूलाई कामदार र तिनका आश्रितकको आधुनिक र वामपन्थी पार्टीको रूपमा व्याख्या गर्छ । सन् १९९१ मा स्थापना भएको यो पार्टीको इतिहास सन् १९०९ मा श्रमिक वर्गको राजनीतिक आवश्यकता पूरा गर्न र अन्तरजातीय ध्रुवीकरण र द्वन्द्वको सामना गर्न स्थापित भएको सोसल डेमोक्रेटिक पार्टीसँग जोडिएको छ ।

बोस्नीया-हर्जगोभिनियाको युद्ध र त्यसपछिको *डेटन* सम्झौताको समयमा यो पार्टी सामाजिक न्याय, गुण, ऐक्यबद्धता र अरूप्रति जिम्मेवारीमा आधारित लोकतान्त्रिक राज्यको स्थापनाको पक्षमा उभियो । राजनीतिकरु बहुलताको स्थापनापछि सोसल डेमोक्रेटिक पार्टीले संघीय संसदमा सिट जित्यो र हालसम्म पनि संसदमा केही सिट जितिरहेकै छ । देशका अप सबै तहका विधायिका अङ्गमा यो पार्टीको प्रतिनिधित्व छ । सोसल डेमोक्रेटिक पार्टी सन् २००० देखि सन् २००२ सम्म बोस्नीया-हर्जगोभिनामा सरकार गठन गरेको मध्यमार्गी गठबन्धनमा सहभागी भएको थियो । त्यसपछि एउटा मुख्य प्रतिपक्षी पार्टीको रूपमा रहेको छ । सन् २००६ मा यो पार्टीले बोस्नीया-हर्जगोभिनाको

संसदीयसभाको ४२ सिटमध्ये पाँच सिट जित्यो । बोस्नीया-हर्जगोभिनाको तीन राष्ट्रपति कार्यादेशमध्ये एक सोसल डेमोक्रेटिक पार्टीका सदस्यले लिएका छन् ।

बोस्नीया-हर्जगोभिनामा सोसल डेमोक्रेटिक पार्टी सक्रिय छ । यो पार्टीको बोस्नीया-हर्जगोभिना भरि नै संरचना छ । यो पार्टीका झण्डै ५० हजार सदस्य छन् । पार्टी संगठन स्थानीय समुदायस्तरका पार्टी इकाइ हुँदै स्थानीय तह, क्यान्टोन र केन्द्रिय तहसम्म फैलिएको छ । पार्टीभित्रका जनवर्गीय संगठनमा महिला, युवा, व्यापारी र अवकाश प्राप्त व्यक्तिका संगठन छन् । महाधिवेशनले निर्वाचित गर्ने सदस्य मिलेर बन्ने पार्टीको मूल समिति पार्टीका दुई महाधिवेशनबीचको समयमा राजनीतिक निर्णय लिने मुख्य अङ्ग हो । प्रादेशिक तहमा पनि यस्तै किसिमका निर्वाचित समिति हुन्छन् ।

प्रतिनिधि सभाको निर्वाचन : बोस्नीया-हर्जगोभिना फेडेरशन अफ बोस्नीया-हर्जगोभिना वा फेडेरशन बोस्नीया-हर्जगोभिना भनिने बोस्नीया-हर्जगोभिना महासंघ र रिपब्लिका स्प्र्स्का (वा द आरएस) र डिस्ट्रिक्ट अफ ब्रोको गरी दुई अङ्ग मिलेर बनेको असाधारण मिश्रित राज्य हो । बोस्नीया-हर्जगोभिनाको दुई सदनात्मक संसदीयसभामा दुवै निकायका विधायकले चयन गर्ने हाउस अफ पिपल्स् र दुई निकायका मतदाताले प्रत्यक्ष निर्वाचित गर्ने प्रतिनिधिसभा वा हाउस अफ रेप्रेजेन्टेटिभ्स्ले छन् । यो अध्ययन प्रतिनिधिसभा वा हाउस अफ रेप्रेजेन्टेटिभ्स्को निर्वाचनको लागि उमेद्वार छनौटमा केन्द्रित छ ।

घटना अध्ययनको एक झलक

निर्वाचन प्रणाली

- सूचीमा आधारित समानुपातिक प्रतिनिधिमुलक
- अनिवार्य कोटा : लैङ्गिक तटस्थ र प्रत्येक तीन स्थानमा एउटा महिला

छनौट प्रक्रियाको मुख्य विशेषता

- पार्टीका शाखा समिति र जनवर्गीय संगठन (जस्तै : महिला, युवा, व्यापारी र अवकाश प्राप्तको संगठन)ले सम्भावित उमेद्वार मनोनित गर्छन् ।
- स्थानीय पालिकास्तरीय, क्यान्टोन र रष्ट्रिय तहका पदाधिकारीले सूचीलाई एकीकृत गरी अन्तिम रूप दिन्छन् ।
- महिला र युवा प्रत्येकको लागि पार्टीभित्र आन्तरिक ३५/३५ प्रतिशत कोटाको व्यवस्था गरिएको छ ।
- बहुजातीय प्रतिनिधित्व सुनिश्चित गर्ने प्रयास भएको छ ।
- प्रतिनिधिसहितको अधिवेशनको व्यवस्था सुरू गर्नेबारे बहस जारी छ ।

प्रतिनिधि सभामा ४२ सिट छन् । २८ जना सदस्य फेडेरेशन बोस्नीया-हर्जगोभिनाका मतदाताबाट र बाँकी १४ जना आरएसका मतदाताबाट निर्वाचित हुन्छन् । प्रत्येक इलाकाका झण्डै दुईतिहाइ सदस्य बहु-सदस्यीय निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने गरी समानुपातिक प्रतिनिधित्व सूचीबाट निर्वाचित हुन्छन् । बाँकी सिट अतिरिक्त सिटको रूपमा निर्धारण गरिन्छ । उदाहरणको लागि फेडेरेशन बोस्नीया-हर्जगोभिनाका २१ जना सदस्यले निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्छन् भने बाँकी सातले कम्पेनसेटरी म्यान्डेट भनिने अतिरिक्त सिटअन्तर्गत सेवा गर्छन् । निश्चित निर्वाचन क्षेत्रमा खसेको सदर मतको तीन प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उमेद्वार वा सूची मात्र सिटको लागि योग्य हुन्छन् ।

बोस्नीया-हर्जगोभिनाको निर्वाचनसम्बन्धी कानुनमा सबै निर्वाचनका उमेद्वार सूचीको लागि लैङ्गिक-तटस्थ कोटाको व्यवस्था छ । न्यूनतम् प्रतिनिधित्व भएको लैङ्गिले सबै सूचीमा कम्तीमा एकतिहाइ स्थान पाउनुपर्छ र पहिलो दुईमध्ये कम्तीमा एक, पहिलो पाँचमध्ये कम्तीमा दुई र पहिलो आठमध्ये कम्तीमा तीन सिट महिलाका लागि छुट्याइनुपर्छ । यो क्रम त्यसभन्दा धेरै उमेद्वार भएको खण्डमा पनि लागू हुन्छ ।

उमेद्वार छनौट प्रक्रिया

योग्यता : पार्टी विधानमा कुनै योग्यता तोकिएको छैन । तर, सोसल डेमोक्रेटिक पार्टीको विधानको धारा ८५ अनुसार

पार्टीको मूल समितिले प्रत्येक निर्वाचन अघि नियम बनाउँछ र निश्चित निर्वाचनको लागि छुट्टाछुट्टै प्रावधान बनाउन सक्छ ।

सन् २००६ को कार्यविधिको धारा २(२) अनुसार उमेद्वारमा तल उल्लेखित गुण हुनुपर्छ :

- पार्टीको साधारण लक्ष्य र निर्वाचनको मञ्चअनुसार संसदीय परियोजनाको प्रताव गर्ने क्षमता भएको
- पार्टीको प्रतिष्ठा र चुनावी सफलतामा उल्लेख्य योगदान गर्न सक्ने
- विज्ञता भएको हुनुपर्ने
- रचनात्मक हुनुपर्ने
- समूहमा काम गर्ने दक्षता र व्यवस्थापकीय दक्षता भएको
- सदस्यता शुल्क तिरेको र पार्टीलाई तिर्नुपर्ने अन्य सबै शुल्क तिरेको रसिद भएको, र
- नैतिकता र विश्वसनीयताको शर्त पूरा गरेको हुनुपर्नेछ ।

व्यक्तिले सोसल डेमोक्रेटिक पार्टीको नीति र कार्यक्रमअनुरूप काम गर्ने र मनोनित भएमा पार्टीले आग्रह गरेको अवस्थामा वा पार्टीबाट निष्काशित भएको अवस्थामा पदबाट राजिनामा दिनेछु भन्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

अन्य प्रावधानअनुसार पार्टीको सूचीमा देहायका विशेषता हुनुपर्छ :

- सूची बहुजातीय हुनुपर्छ र यसले सम्बन्धित निर्वाचन क्षेत्रको सन् १९९१ को जनगणनाअनुसारको जनसंख्या र सोसल डेमोक्रेटिक पार्टीको सदस्यताको बनावटअनुसार जातीय अनुपातको प्रतिनिधित्व गर्नुपर्छ ।
- प्रत्येक लैङ्गिकतालाई कम्तीमा ३५ प्रतिशत स्थान प्रदान गर्ने (बोस्नीया-हर्जगोभिनियाको निर्वाचन कानुनअनुसार कम्तीमा प्रत्येक तेस्रो स्थानमा कम प्रतिनिधित्व भएको लैङ्गिकताको व्यक्ति समावेश हुनुपर्छ)
- सूचीको कम्तीमा ३५ प्रतिशत स्थानमा युवा (३५ वष(ंभन्दा कम उमेर)लाई समावेश गर्ने र तिनीहरूलाई सूचीको सबैतिर समान तरिकाले वितरण गर्ने ।
- जनसंख्याको सामाजिक बनावटको प्रतिनिधित्व गर्ने ।
- विधायिकाको विभिन्न क्षेत्रको कामलाई सघाउ पुऱ्याउने गरी विविध व्यवसायिक पृष्ठभूमिका व्यक्ति समावेश गर्ने ।
- पछिल्लो निर्वाचनको नतिजा र मतदाता संख्यालाई ध्यान दिँदै भौगोलिकरूपमा प्रतिनिधिमुलक उमेद्वार छान्ने ।

बहालवाला सांसद : बहालवाला सांसदको लागि विशिष्ट वा विशेष प्रावधान छैन । तर, पार्टीको छनौट कार्यविधिअनुसार पार्टीको क्यान्टोनस्तरीय र मूल समितिले पार्टी ककस (संसदीय दल)ले बुझाएको प्रतिवेदन उपर विचार गर्नुपर्छ । ककसको प्रतिवेदनमा बहालवाला वा पूर्वविधायकको योगदान र कार्यसम्पादनको मूल्याङ्कन समावेश गरिएको हुन्छ । त्यसैले छनौट प्रक्रियामा पहिलेको कार्यसम्पादनलाई आधार मान्न सकिन्छ ।

प्रक्रियाका प्रमुख चरण

१. पार्टीको अधिवेशनले चुन्ने मूल पार्टी समितिले तोकिएको निर्वाचनको लागि छनौट कार्यविधि निर्धारण गर्दछ ।

२. सबैभन्दा आधारभूत तहका पार्टीको शाखा समिति र पार्टीका महिला, युवा, व्यवसायी र अवकाश प्राप्त व्यक्तिको संगठनजस्ता भुइँतहका पार्टी इकाइले उमेद्वार मनोनयन गरी स्थानीय तहमा सिफारिस गर्छन् । इच्छुक व्यक्तिले स्वयंलाई पनि मनोनित गर्न सक्दछन् ।

३. पार्टीको स्थानीय स्तरको समितिले एउटा छोटो सूची बनाउनको लागि मतदान गर्दछ । स्थानीय स्तरको पार्टी नेतृत्वको प्रस्तावमा स्थानीय पार्टी समितिले पर्शनल कमेसन्स् नामको एउटा आयोग गठन गर्छ । यस्ता स्था(नीय स्तरीय पर्शनल कमेन्स्ले आयोगबाट मान्यता पा(एका हुन्छन् र तिनले सूची पार्टी समितिलाई सिफारिस गर्छन् । स्थानीय स्तरको पार्टी समितिले छोटो सूची निर्धारण गर्नको लागि गोप्य मतदान गराउँछन् । यसबाट आउने सूचीले पार्टीको कोटा र अन्य मार्गनिर्देशन पालना गरेको हुनुपर्छ र यसलाई क्यान्टोन स्तरमा पठाइन्छ ।

४. क्यान्टोनस्तरीय समितिले एकीकृत छोटो सूची निध(ारणको लागि मतदान गर्छन् । क्यान्टोनस्तरीय पार्टी नेतृत्वको प्रस्तावमा क्यान्टोन पार्टी समितिले पर्सनेल कमिसन्स् नामको आयोग गठन गर्दछ । आयोगले पालिका स्तरीय संरचनाले पठाएका छोटो सूचीको पुनरावलोकन गर्छ र क्यान्टोनस्तरको पार्टी समितिको गोप्य मतद(ानका आधारमा एकीकृत छोटो सूची निर्माण गर्दछ । क्यान्टोनस्तरीय छोटो सूचीले पनि पार्टीको कोटा र अन्य मार्गनिर्देशन पालना गरेको हुनुपर्छ । यो सूचीलाई पार्टी मुख्यालयमा पार्टीको मूल समिति समक्ष पेश गरिन्छ ।

५. अन्तिम एकीकृत सूची निर्माण गर्न झण्डै ९० जना रहेको पार्टीको मूल समितिले मतदान गर्दछ । पार्टी

मुख्य कार्यालयमा पार्टी मूल समितिले नियुक्त वा गठन गरेको पर्सनेल कमिसनको प्रस्तावमा र छनौट कार्यविधि अनुरूप अध्यक्षमण्डलले प्रत्येक निर्वाचन क्षेत्रको लागि मागिएको उमेद्वार संख्या भन्दा एक तिहाइ बढी संख्यामा उमेद्वारको सूची निर्माण गर्दछ । पार्टी मूल समितिले सबै मनोनयनबारे छलफल गर्छन् र अन्तिम सूची निर्माण गर्नको लागि गोप्य मतदान गर्दछ । त्यसपछि पर्शनेल कमिसनले निर्वाचन कानुन र पार्टीको प्रावधान पूरा भएको सुनिश्चित गर्न आवश्यक परेमा सूचीलाई हेरफेर गर्छन् । परिमार्जित सूची पार्टी मूल समितिसमक्ष खुला मतदानको लागि पेश गरिन्छ ।

६. यसरी छानिएका उमेद्वारले पार्टीले राजिनामा गर्नु भनी आग्रह गरेमा वा पार्टीबाट निष्काशित भएमा राजिनामा गर्नेछु भन्ने व्यहोराको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुपर्ने व्यवस्था छ । बोस्नीया-हर्जगोभिनियाको निर्वाचन कानुनअनुसार पार्टीको सभापति र अर्को एक वरिष्ठ पदाधिकारी (पार्टी सभापतिले तोकेको उपसभापति वा महासचिव)ले अन्तिम सूचीमा हस्ताक्षर गर्नुपर्छ । निर्वाचन कानुन, पार्टीको निर्वाचन रणनीति र पार्टी नियमावली उल्लंघन भएको खण्डमा पार्टी सभापतिले सूचीमा अन्तिम संशोधन गर्न सक्दछन् ।

सबल र कमजोर पक्ष : सोसल डेमोक्रेटिक पार्टीको उमेद्वार छनौट कार्यविधिले सबै तहका पार्टी इकाइलाई उमेद्वार छनौट प्रक्रियामा सहभागी हुने व्यवस्था गरेको छ । यसका साथै जातीय आधारका राष्ट्रवादी पार्टी अझैं पनि सञ्चालनमा रहेको र युद्धबाट तंग्रिंदै गरेको यस मुलुकमा जातीय र अन्य सन्तुलन कायम गर्ने प्रावधान पनि समावेश गरेको छ । तर, पछिल्ला वर्षमा मताको आधार बिस्तार गर्ने विषयमा पार्टीभित्र बहस बढ्न थालेको छ । विचाराधीन एउटा बिकल्प भनेको प्रक्रियाको प्रत्येक चरणमा सूची निर्धारणका निम्ति पार्टीका समिति (स्थानीय, क्यान्टोन र केन्द्रियस्तर) सदस्य भन्दा पनि अधिवेशन प्रतिनिधिको उपयोग गर्ने हो । बोस्नीया-हर्जगोभिनियाका थुप्रै राजनीतिक दलले अधिवेशन प्रतिनिधिको मोडललाई उमेद्वार चयनको भावी मोडलको रूपमा लिन थालेका छन् । अर्को सम्भावित सुधार भनेको मनोनयनका आकांक्षीको लागि औपचारिक मनोनयन वा आवेदन फारमको प्रयोग हो । हाल मनोनितले आफ्नो शैक्षिक योग्यता र व्यवसायिक अनुभवको विवरण मात्र पेश गरे पुग्ने अवस्था छ ।

अनुसूचीहरू

नाम तथा शब्दका छोटकरी रूप

देवनागरीमा छोटकरी रूप	देवनागरीमा बिस्तृत रूप	नेपालीमा शाब्दिक अर्थ
एएनसी	अफ्रिकन नेशनल कंग्रेस	अफ्रिकी राष्ट्रिय काँग्रेस
बीएएमइ	ब्ल्याक, एसियन अर माइनरिटी एथ्नीक	अश्वेत जाति, एसियाली वा जातिय अल्पसंख्यक
बीआइएच	बोस्नीया-हर्जगोभिना	बोस्नीया-हर्जगोभिना
सीइएन	नेशनल एक्जेक्युटिभ कमिटी	राष्ट्रिय कार्यकारी समिति
सीएलपी	कन्स्टिच्युएन्सी लेबर पार्टी	निर्वाचन क्षेत्र स्तरीय लेबर दल
सीएनसी	क्यान्डिडेट नोमिनेशन कमिटी	उमेद्वार छनौट समिति
सीएनइभीसी	सेन्ट्रल नोमिनेशन एक्जामिनेशन एण्ड भेरिफिकेशन कमिटी	केन्द्रिय मनोनयन जाँच तथा प्रमाणिकरण समिति
सीएनपीआइ	नेशनल कमिशन फर इन्टर्नल प्रोसेसेस्	आन्तरिक प्रक्रियाहरूको लागि राष्ट्रिय आयोग
सीओएसएटीयु	कंग्रेस अफ साउथ अफ्रिकन ट्रेड युनियन्स्	दक्षिण अफ्रिकी ट्रेड युनियनहरूको अधिवेशन/महासंघ
सीपीएन	नेशनल पोलिटिकल काउन्सिल	राष्ट्रिय राजनीतिक परिषद्
डीए	डेमोक्रेटिक अलायन्स्	लोकतान्त्रिक गठबन्धन
डीपीपी	डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी	लोकतान्त्रिक प्रगतिशिल दल
इडीए	इलेक्टोरल डिस्ट्रिक्ट एसोसियशन	निर्वाचन क्षेत्र स्तरीय संगठन
एफसीइसी	फेडेरल क्यान्डिडेट इलेक्शन कमिटी	संघीय उमेद्वार निर्वाचन समिति
केएमटी	कोमिन्ताङ	कोमिन्ताङ
एलवाइ	लेजिस्लेटिभ युआन	विधायिका युआन
एमपी	मेम्बर अफ पार्लियामेन्ट	संसद सदस्य
एनडी	न्यु डेमोक्रेसी	नयाँ लोकतन्त्र
एनडीसी	नेशनल डेमोक्रेटिक कंग्रेस	राष्ट्रिय लोकतान्त्रिक कंग्रेस
एनइसी	नेशनल एक्जेक्युटिभ कमिटि	राष्ट्रिय कार्यकारी परिषद्
एनइआरसी	नेशनल इलेक्शन रेडिनेश कमिटी	राष्ट्रिय निर्वाचन तयारी समिति

एनपीपी	न्यु पेट्रियोटिक पार्टी	नयाँ देशभक्त पार्टी
एनसीएससी	नेशनल क्यान्डिडेट सेलेक्शन कमिटी	राष्ट्रिय उमेद्वार छनौट समिति
ओएपओभी	वान मेम्बर वान भोट	एक सदस्य एक मत
पीएएन	नेशनल एक्शन पार्टी	राष्ट्रिय एक्शन दल
पीएएसओके	प्यान्हेलिक सोसलिस्ट मुभमेन्ट	प्यान्हेलिक समाजवादी आन्दोलन
पीआरडी	पार्टी अफ द डेमोक्रेटिक रिभोलुशन	लोकतान्त्रिक क्रान्तिको दल
पीआरआइ	इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी	संस्थागत क्रान्तिकारी दल
पीटीए	प्रोभिन्सिअल एण्ड टेरिटोरिअल एसोसियशन	प्रादेशिक तथा इलाका संगठन
एसएसीपी	साउथ अफ्रिकन कम्युनिष्ट पार्टी	दक्षिण अफ्रिकी साम्यवादी दल
एसडीपी	सोसल डेमोक्रेटिक पार्टी	सामाजिक लोकतान्त्रिक दल
एसएनटीभी	सींगल नन-ट्रान्सफरेबल भोट	एकल असंक्रमणीय मत
एसटीभी	सींगल ट्रान्सफरेबल भोट	एकल संक्रमणीय मत

शब्दावलीको परिभाषा

सन्तुलित टिकट वितरण भन्नाले लैङ्गिक, भौगोलिक, जातीय, धार्मिक वा अन्य माध्यमले परिभाषित लक्षित सामाजिक समूह वा मतदाताको पर्याप्त प्रतिनिधित्व सुनिश्चित हुने गरी आफ्नो प्रचार-प्रसारमा व्यापक आकर्षण सिर्जना गर्नको लागि राजनीतिक दलहरूले गरेको प्रयास भन्ने बुझ्नुपर्छ ।

उमेद्वार/उमेद्वारी : पार्टीको आन्तरिक पदको लागि वा कुनै निश्चित समयमा हुन गइरहेको निर्वाचनमा पार्टीको प्रतिनिधिको रूपमा आफूलाई प्रस्तुत गर्न सक्ने व्यक्तिलाई उमेद्वार भनिन्छ । यसरी उमेद्वार बन्ने प्रक्रियालाई उमेद्वारी भनिन्छ । सम्भावित उमेद्वारको लागि लागू हुने योग्यताका शर्त प्रायजसो समावेशीकरण वा बहिष्करणको अवस्थाअनुसार निर्धारण गर्दै लगिन्छ । समावेशी सिटको लागि चरम बहिस्करणमा पारिएका, निषेध गरिएका र श्रृङ्खलाबद्ध रूपमा विभेदमा पारिएका समुदायले पार्टीका उमेद्वारी दिन सक्छन् ।

उमेद्वार छनौट विधि वा प्रक्रिया भनेका राजनीतिक दलले राष्ट्रपति, विधायिका, स्थानीय र अन्य सार्वजनिक पदका लागि हुने अन्य चुनावका लागि आफ्नो उमेद्वार छनौट गर्ने आन्तरिक प्रक्रिया वा संयन्त्रलाई जनाउँछ ।

अधिवेशन भनेको पार्टीको शाखा समिति र पार्टीभित्रका अन्य विवभिन्न समूहको प्रतिनिधित्व गर्ने प्रतिनिधि सहभागी पार्टीको तर्फबाट उमेद्वार छनौट गर्ने वा पार्टीका पदाधिकारी छनौट गर्ने प्रक्रिया हो । प्रायजसो केन्द्रिय, क्षेत्रीय वा प्रादेशिक स्तरको राजनीतिक दलको बैठक भन्ने बुझ्नुपर्छ ।

विकेन्द्रीकण भन्नाले भौगोलिक विकेन्द्रीकरणको अवस्था वा पार्टीका शाखालाई प्रदान गरिएको नियन्त्रणको स्तरलाई बुझ्नुपर्छ । उमेद्वार छनौटको सन्दर्भमा विकेन्द्रीकरण भन्नाले पार्टीका शाखा समितिका पदाधिकारीले छनौट प्रक्रियालाई गर्ने नियन्त्रणको अधिकारको अवस्थालाई बुझाउँछ । पार्टीमा विकेन्द्रीकरणको अभ्यास हुँदा एकातिर पार्टीमा उमेद्वार छनौट प्रक्रियालाई केन्द्रिय अङ्गको कुनै हस्तक्षेपबिना पार्टीको स्थानीय अङ्ग र निर्वाचन क्षेत्रले नियन्त्रण रहन्छ भने अर्कोतिर, पार्टीको केन्द्रिय अङ्ग वा कुनै एकजना व्यक्तिले मात्रै उमेद्वार छनौटको नियन्त्रण गर्छन् । यस दस्तावेजमा विकेन्द्रीकरणको प्रयोग मूलतः भौगोलिक व्याख्या गर्ने सन्दर्भममा प्रयोग गरिएको छ, यद्यपि, विकेन्द्रीकरणले कहिलेकाहीँ पार्टीभित्रका जनवर्गीय संगठनलाई कति शक्ति प्रत्यायोजित गरिएको छ भन्ने कुरालाई पनि जनाउँछ । उदाहरणको लागि कतिपय पार्टीहरूले सामुदायिक वा सामाजिक समूहका लागित निश्चित निर्वाचन क्षेत्र छुट्याउने गर्छन् । यस्तो ठाउँमा उमेद्वार छनौट गर्ने व्यक्ति सबैजना एउटै समुदाय वा सामाजिक समूहका सदस्य हुने गर्छन् (जस्तै धार्मिक समुदाय) । यस्तै अर्को उदाहरण आरक्षित स्थानको संयन्त्र हो । आरक्षणका लागि उमेद्वारीको सूचीमा न्यूनतम स्थानको सुनिश्चितता गरिएको हुन्छ (एक-सदस्यीय निर्वाचन क्षेत्रको हकमा सुरक्षित सिटको न्यूनतम संख्या तोकिएको हुन्छ) ।

समावेशीकरण भन्नाले निर्वाचनमा उमेद्वार छनौट गर्ने समूहमा खुलापनाको अवस्था भन्ने बुझिन्छ । यसरी छनौट भएको उमेद्वारलाई सम्पूर्ण मतदाताले मतदान गर्छन् । यस्तो अवस्थामा बहिस्करणमा पारिएका समुदायको समुदाय वा पार्टीको तर्फबाट एकजना मात्रै उमेद्वार हुन्छन् ।

संस्थागत भन्नाले उमेद्वार छनौट प्रक्रियाको औपचारिक र पारदर्शी व्यवस्था भन्ने बुझ्नुपर्छ । पार्टीको संस्थागन विधि र प्रक्रियालाई पार्टीको विधान वा नियमावलीमा बिस्तृत व्याख्या गरिएको हुन्छ । संस्थागत नभएको वा तदर्थ पार्टी कुनै किसिमको विधि र विधान वा प्रक्रियाबिना "अन्यौल र अन्धकार"मै सञ्चालित हुन्छ ।

एक सदस्य एक मत (ओएमओभी)ले सामान्यतया : यसले निर्वाचनमा उमेद्वार छनौट र पार्टीका अन्य निर्णय प्रक्रियामा सबै सदस्यको प्रत्यक्ष सहभागितालाई जनाउँछ । यसलाई प्रायजसो "आन्तरिक लोकतन्त्र"को सबैभन्दा असलरूप भनेर पनि बुझिन्छ । यस्तो लोकतान्त्रिक परिपाटीमा पार्टीका नेताहरूले कुनै "अँध्यारो कोठामा" बसेर उमेद्वार छनौट गरिँदैन ।

पार्टी नियमावली भन्नाले पार्टी सञ्चालन हुने मौलिक सिद्धान्त र नियमावलीको सङ्गालो हो । यस्तो दस्तावेजलाई देश र पार्टीको विधान भन्न सकिन्छ । प्रायजसो सबै पार्टीको सिद्धान्तलाई मूल विधानमा व्याख्या गरिन्छ भने विधानमा पूर्ण व्याख्या नगरिएका विषयलाई नियमावली बनाएर बिस्तृतमा व्याख्या गरिन्छ ।

पार्टी शाखा भन्नाले राजनीतिक दलको प्रादेशिक वा क्षेत्रीय तहको कार्यालय भन्ने बुझिन्छ । प्रायजसो यी कार्यलयले निर्वाचन क्षेत्र, स्थानीय तह, क्षेत्रीय वा प्रादेशिक

तहका निश्चित भौगोलिक क्षेत्रको प्रतिनिधित्व गर्छन् ।

कोटा भन्नाले निर्वाचनमा संख्यात्मक आधारमा लक्षित समूहको सहभागिता सुनिश्चित गर्नको लागि प्रयोग गरिने विधि हो । प्रायजसो लैङ्गिक, भौगोलिक, अपाङ्गता भएका व्यक्ति, युवा, जातीय, समुदाय र अन्य सिमान्तकृत समूहको व्यापक प्रतिनिधित्व सुनिश्चित गर्नको निम्ति सकारात्मक विभेदको अभ्यासका रूपमा प्रयोग गरिन्छ । प्रायजसो कोटा वा अन्य सकारात्मक विभेदको विधिको प्रयोग कहिलेकाहीँ विवादास्पद पनि हुने गरेको छ (कोटा प्रयोगको उदाहरणको लागि बक्स ८ हेर्नुहोस्) ।

छनौट समूह भन्नाले उमेद्वार छनौट प्रक्रियामा मत प्रदान गरेर वा एक-अर्को उमेद्वारबीच कुनै एउटा छनौट गर्नका लागि प्रत्यक्ष सहभागिता जनाउने व्यक्तिको समूहलाई जनाउँदछ । यसमा एक वा धेरै व्यक्तिक रहन सक्दछन् अथवा कुनै कुनै सन्दर्भमा देशको सम्पूर्ण मतदातानै छनौनकर्ता हुन सक्छ । छनौट समूहलाई प्रायजसो समावेशिता वा बहिस्करणको अवस्थाअनुसार परिभाषित गरिन्छ (“समावेशीकरण”को परिभाषा हेर्नुहोस् ।)

जीपरीङ्ग भन्नाले महिला पुरुषलाई कुनै उमेद्वार सूचीमा एकजना पुरुषपछि अर्को महिला उमेद्वार समावेश गर्ने तरिकालाई जनाउँछ । उदाहरणको लागि समानुपातिक प्रतिनिधित्व सूचीको हकमा ३० प्रतिशत महिला आरक्षणसहितको *जिपरीङ्ग* सूचीको प्रत्येक तेस्रो स्थानमा महिलाको नाम समावेश हुनुपर्छ । यसले सूचीको “सुरक्षित” स्थानमा महिला समावेश भएको सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

निर्वाचन प्रणाली र उमेद्वार चयनमा प्रभाव

विशषगरी निर्वाचन प्रणालीलाई मोटामोटी तीन समूहमा वर्गीकरण गरिन्छ : समानुपातिक, बहुमतीय र मिश्रित । समान्यतः समानुपातिक प्रणालीअनुसार निश्चित संख्याका विधायिका सिट प्रतिस्पर्धी राजनीतिक दल र उमेद्वारमाझ खसेको मतमध्ये उनीहरूले प्राप्त गरेको मतको अनुपातको आधारमा वितरण गरिन्छ । अर्कोतिर, बहुमतीय प्रणालीमा सबैभन्दा धेरै मत प्राप्त गर्ने पार्टी वा उमेद्वारको मात्र सिट सुरक्षित हुन्छ । मिश्रित प्रणालीमा समानुपातिक प्रणाली र बहुमतीय प्रणाली दुवैका केही तत्वहरूको मिश्रण हुन्छ । यी प्रत्येक उच्च वर्गभित्र पनि विविधता हुन सक्छन् । यस्तो निर्वाचनमा मतदातालाई उमेद्वारमध्येबाट र पार्टीमध्येबाट मतदाताले छनौट गर्छन । निर्वाचन प्रणाली र उमेद्वार छनौटका क्रममा यसले पार्ने प्रभावबारे तल व्याख्या गरिएको छ (विभिन्न निर्वाचन प्रणालीबारे थप जानकारीको लागि रेनोल्ड्स् र अन्य, २००५ हेर्नुहोस् ।)

समानुपातिक प्रणाली

सूचीमा आधारित समानुपातिक प्रणाली बेनिन र दक्षिण अफ्रिकाजस्ता स्थानमा प्रयोग गरिएको थियो । यस्तो व्यवस्थामा पार्टी र समूहले बहु-सदस्यीय निर्वाचन क्षेत्रको लागि उमेद्वारको सूची तयार पारिन्छ । मतदाताले पार्टी वा समूहलाई मतदान गर्छन् । खसेको मतमध्ये प्राप्त गरेको मतको अनुपातमा सूचीलाई सिट संख्या विनियोजन गरिन्छ । "बन्द" सूची प्रणालीमा पार्टी पदाधिकारीले दर्ता गरेको सूचीमा समावेश गरिएको नाम र क्रमको आधारमा उमेद्वारलाई सिट विनियोजन गरिन्छ (गुयानामा यस प्रणालीको असामान्य स्वरूप छ, निर्वाचनको नतिजा थाहा भएपछि मात्रै उमेद्वारको प्राथमिकता तय गरिन्छ । निर्वाचन अघि पार्टीले वर्णानुक्रमअनुसार सूची प्रकाशन गर्छन् र त्यसपछि पार्टीका नेताले उमेद्वारलाई सिट प्रदान गर्छन् जसले गर्दा उनीहरूलाई पार्टीप्रतिको बफादारीका आधारमा पुरस्कृत गर्ने वा स्वतन्त्रतालाई दण्डित गर्ने पर्याप्त ठाउँ हुन्छ) । बन्द सूचीसहितको समानुपातिक प्रतिनिधित्व प्रणालीमा आवश्यक समन्यव र विभिन्न कार्यादेशले प्रदान गरेको लचकता र मतदातामा छुट्टाछुट्टै उमेद्वारलाई छान्न अन्य बिकल्प नहुने भएको कारण यसले टिकटमा सन्तुलन कायम गर्ने बिकल्प प्रदान गर्दछ ।

सूचीमा स्थान निर्धारण गर्ने प्रक्रिया उमेद्वार छनौटको प्रमुख पक्ष हो । कतिपय पार्टीले सूचीमा प्रत्येक व्यक्तिको स्थान निर्धारण गर्न सदस्यको मत वा प्रतिनिधि मत प्रयोग गर्ने गर्छन् । केही पार्टीले संकलित सूची अनुमोदनको लागि सदस्य वा प्रतिनिधि माझ प्रस्तुत गर्छन् । दक्षिण अफ्रिकाको अफ्रिकन नेशनल कंग्रेसभित्र र मेक्सिकोको पार्टी अफ द डेमोक्रेटिक रिभोलुशनभित्र पार्टीको शाखा समितिले एउटा केन्द्रिय निकायलाई मस्यौदा सूची पेश गर्छन् । सो केन्द्रिय निकायले एकीकृत सूची निर्धारण गर्दछ । पार्टीको छनौट उमेद्वार सम्बन्धी नियमावलीले केन्द्रिय इकाइले सूचीमा कसरी स्थान निर्धारण गर्छ भन्ने विषयमा प्रष्ट कार्यविधि तोकेको हुन्छ ।

"खुला" वा "स्वतन्त्र" प्रणालीमा निर्वाचनका मतदाताले व्यक्तिगत छनौट व्यक्त गरेर सूचीमा उमेद्वारको क्रमलाई प्रभावित पार्न सक्दछन् । त्यसैले पार्टीको पहिचानसँगै उमेद्वारको नामको पहिचान पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यस व्यवस्थामा पार्टीले मत प्राप्त गर्न सक्ने व्यक्तिगत पहिचान समेत भएका उमेद्वारलाई अघि सार्नु पर्ने हुन्छ । पार्टीले समन्वय सुनिश्चित गर्न आफ्ना उमेद्वारलाई विभाजित गर्नसक्ने अभियानको पूर्वआँकलन गर्नुपर्छ । पार्टीका समर्थकलाई पनि रणनीतिक मतदानको निर्देशन दिनेबारे विचार गर्न सक्छन् । सिट निर्धारण गरिएको तरिकाको आधारमा पार्टीहरूले कुनै खास निर्वाचन क्षेत्रमा उठाउने उपयुक्त उमेद्वारको संख्या निर्धारण गर्न सक्दछन् । आवश्यक भन्दा धेरै वा आवश्यक थोरै उमेद्वार उठाएमा पार्टीले जित्ने सिट समेत गुमाउन सक्छ ।

एकल संक्रमणीय मतको प्रणालीमा बहुसदस्यीय निर्वाचन क्षेत्रका मतदाताले रुचीको आधारमा उमेद्वारको क्रम निर्धारण गर्छन् । पहिलो रोजाइ मतको निश्चित संख्या प्राप्त गर्ने उमेद्वार निर्वाचित हुन्छन् । त्यसपछि गरिने मतगणनामा सबैभन्दा पहिलो रोजाइको मत ल्याउने उमेद्वारको मतलाई र अघिल्लो चरणमै निर्वाचित भइसकेका उमेद्वारको पनि निर्वाचित हुन आवश्यक मत कटाएपछि बचेको मतदाताको दोस्रो रोजाइको मतमा मिसाइन्छ । त्यसपछि पुनः वितरण गरिन्छ, र निर्वाचित हुन आवश्यक पूर्वनिर्धारित मतसंख्याको आधार पुनः सिट वितरण गरिन्छ । यसरी सबै सिट पूरा नभएसम्म यो प्रक्रिया दोहोरिरहन्छ ।

बहुल वा बहुमतीय प्रणाली

एक-सदस्यीय निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष प्रणालीमा मतदाताहरूले आफूले छानेको उमेद्वारलाई एक मत प्रदान गर्छन् । क्यानाडा, भारत, केन्या र बेलायत (बेलायत))ले यो विधि प्रयोग गर्छन् । मतदाताले मतपत्रमा उमेद्वारलाई व्यक्तिगत रूपमा छनौट गर्ने भएकाले उमेद्वारको व्यक्तिगत लोकप्रियता पनि पार्टीको पहिचान जत्तिकै महत्वपूर्ण हुनसक्छ। त्यसैले, पार्टीले प्रत्येक निर्वाचन क्षेत्रमा कस्तो प्रकारको उमेद्वारले मतदातालाई आकर्षित गर्न सक्छ भन्ने विषयमा विचार गर्नुपर्छ। निर्वाचन क्षेत्रका पार्टी एकाइहरूको उल्लेख्य सहभागिता यसो गर्ने एउटा उपाय हो । प्रत्येक निर्वाचन क्षेत्रको लागि मात्र एक सिट उपलब्ध हुने भएकाले सन्तुलित टिकट वितरण गर्ने र उमेद्वारलाई जिताउने विधिमा भन्दा बढी विवादित हुनसक्छ । किनभने सन्तुलित टिकट वितरणको लागि निश्चित शाखाले निश्चित सामाजिक समूहबाटै उमेद्वार चयन गर्नुपर्ने हुनसक्छ । तर बेलायतको लेबर पार्टीले सबै महिला मात्रै रहने संक्षिप्त सूचीको प्रयोग र निर्वाचन क्षेत्रमा जोर-बिजोर प्रणाली सफलतापूर्वक लागू गरेको छ (पृष्ठ ६५ मा रहेको बक्स् १६ हेर्नुहोस्) ।

दुई चरणको व्यवस्था : यो व्यवस्था पहिलो हुने निर्वाचित हुने व्यवस्थाकै एउटास्वरूप हो। तर, यसमा निर्वाचित हुनको लागि उमेद्वारले स्पष्ट बहुमत पाउनुपर्छ। पहिलो चरणमा कुनै पनि उमेद्वारले स्पष्ट बहुमत प्राप्त नगरेमा केही उमेद्वारलाई हटाएर दोस्रो चरणको मतदान गरिन्छ । यो विधि प्रायजसो राष्ट्रपति चुनावको लागि प्रयोग गरिने (जस्तै बेनिन र पेरु आदि) भए पनि, फ्रान्समा संसदीय चुनावमा यस्तो विधिको प्रयोग गरिन्छ । यस विधिलाई राजनीतिक दलहरूले केही प्रारम्भिक छनौट गरिसकेपछि पहिलो चरणमा कुनै पार्टी वा गठबन्धनका विभिन्न उमेद्वारलाई अघि सारेर रणनीतिक रूपमा प्रयोग गर्न सक्छन् ।

ब्लक मतले बहुसदस्य निर्वाचित गर्ने निर्वाचन क्षेत्रका मतदातालाई सो क्षेत्रबाट निर्वाचित हुने सिट संख्या बराबरको मत संख्या प्रदान गर्दछ । उदाहरणको लागि पाँच सिटमा उमेद्वारी दिनुपर्ने छ भने प्रत्येक मतदाताले मतपत्रमा पाँच जना उमेद्वारलाई मत दिनुपर्ने हुन्छ । बिगतमा जोर्डन, मंगोलिया, फिलिपिन्स् र थाइल्याण्डमा यस विधिको प्रयोग गरिएको छ । यस्तो निर्वाचन प्रणालीमा कूल मतमध्ये अधिकतम् मत प्राप्त गर्ने उमेद्वारले सिट जित्दछन् (पाँच सिट भएको निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँच उमेद्वार विधायिकाको लागि निर्वाचित हुन्छन्) ।

यस व्यवस्थामा छनौट प्रक्रियामा धेरैतिर लोकप्रिय भएका उमेद्वारको रणनीतिक संख्या छानिनु पर्छ । अत्यन्त कम संख्यामा उमेद्वार उठाएमा पार्टीले अन्य दलसमक्ष मत "गुमाउन" सक्छ । अर्कोतिर, अत्यन्त धेरै संख्यामा उमेद्वार उठाएमा पार्टीलाई प्राप्त समर्थन प्रति-उमेद्वार थोरै हुने गरी बाँडिन सक्छ । यसले गर्दा थोरै सिट मात्र जित्ने सम्भावना हुन्छ । सन् २००६ को निर्वाचनमा उमेद्वार छनौट प्रक्रियामा विवाद भएको कारण वेष्टब्यांक र गाजाको फताहा आन्दोलन भयो। यसले धेरैओटा निर्वाचन क्षेत्रमा धेरै उमेद्वार (सिट संख्याभन्दा पनि धेरै) उठायो । यसरी फताहाको मत बाँडिएपछि प्यालेष्टाइनको फताहा आन्दोलनलाई विधायिका परिषद्मा कम सिट संख्या प्राप्त भयो । यस्तो अवस्थामा पार्टीहरूले आफ्ना उमेद्वा बीच फाटो ल्याउने अभियानको पनि पूर्व आँकलन गर्न सक्दछन् । पार्टीलाई सामूहिक मत दिने पार्टी ब्लक भोट विधिमा बहुसदस्यीय निर्वाचन क्षेत्रका मतदाताले पार्टीका उमेद्वार सूचीलाई एउटा मत प्रदान गर्छन् । त्यसैले पार्टीको मत बाँडिने सम्भावना कम हुन्छ । जिबुटी र सिंगापुरमा कानुनअनुसार, पार्टीले विभिन्न जातीय समूहको प्रतिनिधित्व हुने गरी विविधतायुक्त सूची प्रस्तुत गर्नुपर्छ। त्यस्तो कानुनी व्यवस्था नभएको ठाउँमा पनि सूची प्रणालीले सन्तुलित टिकट वितरणलाई सहज बनाउन सक्दछ ।

बैकल्पिक मत : प्रिफरेन्शियल भोटिङ् वा इन्स्ट्यान्ट रन अफ पनि भनिने बैकल्पिक मत प्रदान गर्ने विधिमा मतदाताले एकै चरणको आफ्नो रुचीअनुसार प्राथमिकता निर्धारण गरी उमेद्वारलाई मतदान गर्न सक्छन् । प्रायजसो एक-सदस्यीय निर्वाचन क्षेत्रमा यस्तो विधिको प्रयोग गरिन्छ। पहिलो रोजाइको मतबाट जुन उमेद्वारले स्पष्ट बहुमत पाउँछ ऊ निर्वाचित हुन्छ । पहिलो प्राथमिकताको मतबाट कुनै पनि उमेद्वारले स्पष्ट बहुमत पाउन सकेन भने सबैभन्दा कम पहिलो प्राथमिकताको मत प्राप्त गर्ने उमेद्वारलाई मतगणनाबाट हटाइन्छ र निजलाई पहिलो प्राथमिकताको मत प्राप्त भएका मतपत्रबाट दोस्रो प्राथमिकताको मतगणना गरिन्छ। यसपछि बाँकी रहेका उमेद्वारको पहिलो प्राथमिकताका कूल मतमा जोडिन्छ। पुनः यस चरणको मतगणनाबाट कुनै उमेद्वारले स्पष्ट बहुमत प्राप्त गरेमा निजलाई विजयी घोषित गरिन्छ। अन्यथा अघिको प्रक्रिया पुनः दोहोऱ्याइन्छ - अर्थात् यस

चरणको गणनामा जोडिसकेपछि पनि सबैभन्दा कम मत प्राप्त गर्ने उमेद्वारलाई हटाइन्छ ।

यो विधिमा स्पष्ट बहुमत प्राप्त नभएसम्म पहिलो प्राथमिकताको मतमा दोस्रो प्राथमिकता वा तेस्रो प्राथमिकता आदिको मत थप्दै गइन्छ । जब कि यसभन्दा भिन्न एकल संक्रमणीय मतमा बढी भएको मत अन्य आवश्यक उमेद्वारलाई पुनः वितरण गर्दै गइन्छ । अष्ट्रेलिया, फिजी, पपुवा न्यु गिनी, र आयरल्याण्डको राष्ट्रपति चुनावमा यो विधि प्रयोग गरिन्छ । यस विधिमा उमेद्वारले मतदाताको पहिलो रोजाइ र पहिलो रोजाइ नभए दोस्रो वा तेस्रो रोजाइको लागि समेत मन जित्नु पर्ने भएकाले उमेद्वारको लोकप्रियता र नाम चिनिएको उमेद्वार हुनु राम्रो हुन्छ । राजनीतिक दलले संयोजित प्रचार-प्रसार सुनिश्चित गर्न आवश्यक पर्ने कदमबारे सोच्ने वा आफ्ना समर्थकलाई मतदान निर्देशन जारी गर्नेबारे सोच्न सक्दछन् ।

एकल असंक्रमणीय मतको विधिमा बहु-सदस्यीय निर्वाचन क्षेत्रमा मतदाताले आफूले रोजेको उमेद्वारलाई एक मत प्रदान गर्छन् । सबैभन्दा बढी मत ल्याउने उमेद्वारले सिट जित्दछन् । यो विधि हाल अफगानिस्तानमा र इन्डोनेशिया, जोर्डन र थाइल्याण्डको दोस्रो सदनको निर्वाचनको लागि प्रयोग गरिन्छ । राजनीतिक दलले धेरै जना उमेद्वार उठाउने भएकाले एकीकृत वा संयोजित प्रचार-प्रसार र प्रभावकारी रणनीतिक मतदान निर्देशनको अभावमा एउटै पार्टीका उमेद्वारबीच विभाजनकारी प्रचार-प्रसार पनि भइदिन सक्छ ।

सन्दर्भ सामग्री

अफ्रिकन नेशनल कंग्रेस । (२००७) । सन् २००७ को डिसेम्बर महिनामा आयोजना भएको ५२औं राष्ट्रिय अधिवेशनमा संशोधन तथा पारित भएको, एएनसी विधान ।

अफ्रिकन नेशनल कंग्रेस । अफ्रिकन नेशनल कंग्रेसको इतिहास । http://www.anc.org.za/ancdocs/about/umzabalazo.html. मा उपलब्ध । सन् २००८को अप्रिल २६ मा हेरिएको ।

अफ्रिकन नेशनल कंग्रेस । (२००३) । सूचीकरण प्रक्रियाको कार्यविधि, सन् २००३, मे २२ देखि २४ मा राष्ट्रिय कार्यकारी परिषद्ले अनुमोदन गरेको ।

अफ्रिकन नेशनल कंग्रेस । (२००३) । राष्ट्रिय सूची निर्धारण सम्मेलन, एएनसीले नोभेम्बर १९, २००३मा जारी गरेको वक्तव्य ।

अफ्रिकन नेशनल कंग्रेस । (२००६) । एएनसी राष्ट्रिय कार्यसमितिले जारी गरेको वक्तव्य । सन् २००६ मे २९ । http://www.anc.org.za/ancdocs/pr/2006/pr0529.html. मा उपलब्ध । अप्रिल २६ २००८ मा हेरिएको ।

अफ्रिकन नेशनल कंग्रेस । (२००७) । थ्रू द आइ अफ अ नीडल ? चुजिङ् द बेष्ट कार्डर्स् टु लिड ट्रान्स्फर्मेशन । अम्ब्रालो नं ११ । http://www.anc.org.za/ancdocs/pubs/ umrabulo/umrabulo11d.html. मा उपलब्ध । अप्रिल २६ २००८ मा हेरिएको ।

बाल्डेज, लिसा । (२००४) । ओबेदेसियोरोन कुम्प्लिएरोन ? मेक्सिकोमा लैङ्गिक आरक्षण कानुनको प्रभाव । अमेरिकी राजनीतिशास्त्र संगठनको वार्षिक बैठकमा प्रस्तुत कार्यपत्र । शिकागोः हिल्टन शिकागो एण्ड पाल्मर हाउस हिल्टन । सेप्टेम्बर २, २००४ ।

बार्निया, श्लोमिट एण्ड गिडियन राहत । (२००७) । उमेद्वार छनौट विधिको सुधारः तीन तहको विधि । पार्टी पोलिटिक्स्, १३ (३) । लण्डनः सेज पब्लिकेशनस् । पृष्ठ ३७५-३९४ ।

बिले, लार्स् । (२००१) । लोकतान्त्रिक प्रक्रियाको लोकतान्त्रिकरणः भ्रम कि यथार्थ ? पश्चिमी युरोपेली दलहरूमा उमेद्वार छनौट, १९६०-१९९० । पार्टी पोलिटिक्स्, ७ (३) । लण्डनः सेज पब्लिकेशनस् । पृष्ठ ३६३-३८० ।

कार्टी, आर के एण्ड डोनाल्ड इ ब्लेक । (१९९९) । दलका नेताहरू चुन्नको लागि सदस्यहरूको मत लिने व्यवस्था - क्यानाडाका दलहरूको अनुभव । पार्टी पोलिटिक्स्, ५ (२) । लण्डनः सेज पब्लिकेशनस् । पृष्ठ २११-२२४ ।

चेङ, तुन्-जर्न । (२००६) । दलको अनुकूलन रणनीति । कोमिन्ताङ् दलको उदाहरण । पार्टी पोलिटिक्स्, १२ (३) । लण्डनः सेज पब्लिकेशनस् । पृष्ठ ३६७-३९४ ।

क्यानाडाको कन्जर्भेटिभ दल, (२००६) । उमेद्वार मनोनयन नियमावली तथा प्रक्रियाहरू, राष्ट्रिय परिषद्ले सन् २००६को अक्टोबर महिनामा संशोधन गरेबमोजिम ।

क्यानाडाको कन्जर्भेटिभ दल, (२००५) । विधान, सन् २००५को मार्च १९मा संशोधन गरेबमोजिम ।

कन्जर्भेटिभ पार्टी (बेलायत) । (२००२) । कन्जर्भेटिभ पार्टीको विधान, जुलाइ २००२ मा संशोधन गरिएबमोजिम ।

कन्जर्भेटिभ पार्टी (बेलायत) । (२००५) । २१औं शताब्दीको पार्टीः कन्जर्भेटिभ पार्टीको संगठन सुधारको प्रस्ताव तय गर्ने परामर्श पत्र । विन्चेष्टर, ह्याम्प्शरः कल्भर्ल्याण्ड्स् प्रेस लिमिटेड ।

कन्जर्भेटिभ पार्टी (बेलायत) । (२००६) । कन्जर्भेटिभ पार्टीबाट सांसद कसरी बन्ने ।

कोर्ट्नी, जोन सी । (१९९५) । अधिवेशनले फरक पार्छ ? क्यानाडामा राष्ट्रिय पार्टी नेतृत्वको छनौट । मोन्ट्रियाल : म्याकगील-क्वीन्स् युनिभर्सिटी प्रेस ।

क्रस, विलियम । (२००४) । राजनीतिक दलहरू । क्यानाडाः युबीसी प्रेस । डेभिडसन-स्क्मिक, लुइज के । (२००६) । राजनीतिक दलमा लैङ्गिक कोटाको कार्यान्वयन : जर्मन ल्याण्डरबाट लिइएको प्रमाण । १९९०-२००० । पार्टी पोलिटिक्स् १२ (२) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ २११ - २३२ ।

डेमोक्रेटिक अलायन्स् । (२००४) । संघीय विधान, संघीय अधिवेशनले अप्रिल १३, २००२मा अनुमोदन गरेको र संघीय अधिवेशनले नोभेम्बर २१, २००४मा संशोधन गरेबमोजिम ।

डेमोक्रेटिक अलायन्स् । (२००७) । संघीय विधान, संघीय अधिवेशनले अप्रिल १३, २००२मा अनुमोदन गरेको र संघीय अधिवेशनले नोभेम्बर २१, २००४, मे ५, २००७ मा संशोधन गरेबमोजिम ।

डेमोक्रेटिक अलायन्स् । (२००७) । उमेद्वार मनोनयनको लागि नियमावली, संघीय परिषद्ले सन् २००६ जुलाई ३० र सन् २००७ फेब्रुअरी ११ र अक्टोबर २७, २००७मा संशोधन गरेको र अनुमोदन गरेबमोजिम ।

डेमोक्रेटिक रिभोलुशनरी पार्टी । (२००५) । इस्तातुतो देल पार्तीदो दे ला रिभोल्युसियोन डेमोक्रेशिया, रिफोर्मास अप्रुबादास पोर इल ९ कंग्रेसो नेसियोनाल देल पार्तीदो दे ला रिभोल्युसियोन डेमोक्रेशिया । (डेमोक्रेटिक रिभोलुशनरी पार्टीको विधान, नवौं कंग्रेसले संशोधन गरे बमोजिम) ।

डेन्भर, डेभिड । (१९८८) । "बेलायतः विकेन्द्रित छनौट सहितको केन्द्रीकृत पार्टी" गालाघार, माइकल एण्ड माइकल मार्श (सं), तुलनात्मक दृष्टिकोणमा उमेद्वार छनौटः राजनीतिको गोप्य वर्गैंचा (पृष्ठ ४७-७१) । लण्डनः सेज पब्लिकेशन्स् ।

एरिक्शन, लिण्डा एण्ड आर. के. कार्टी । (१९९१) । क्यानाडाको सन् १९८८ को आम निर्वाचनमा पार्टीहरू र उमेद्वार छनौट । क्यानेडियन जर्नल अफ पोलिटिकल साइन्स, २४(२) । ओटावाः क्यानेडियन पोलिटिकल साइन्स् एसोसियशन । पृष्ठ ३३१-३४९ ।

फारेल, डेभिड एम । (१९९४) । "आयरल्याण्डः केन्द्रीकरण, व्यवसायिकरण र प्रतिस्पर्धी दबाबहरू ।" काज, रिचार्ड एस. एण्ड पिटर मायर (सं) मा । पार्टीहरूले कसरी संगठित हुन्छन् । पृष्ठ २१६ - २४१ । लण्डनः सेज पब्लिकेशन्स् ।

फल, जोनाथन । फ्लोर क्रसींग इज ब्याड न्युज फर डेमोक्रेसी । (२००५) । प्रेटोरिया/केप टाउनः इन्स्टिच्युट फर डेमोक्रेसी इन साउथ अफ्रिका (आइडीएएसए) ।

फायना फेल । (२००३) । विधान तथा परिमार्जित नियमहरू २००३ ।

फायना फेल । (२००३) ।

फायना फेल । (२०००) । सार्वजनिक जीवनमा मापदण्ड । पदाधिकारी तथा उमेद्वारहरूको लागि अनिवार्य आचारसंहिता ।

फीन गेल । (२००३) । विधान तथा नियमहरू २००३ ।

फीन गेल । (२०००) । पार्टीको प्रतिबद्धता पत्र ।

फिशर, जस्टिन । (१९९६) । बेलायती राजनीतिक दलहरू । ग्रेट ब्रिटेनः प्रेन्टीस हल युरोप ।

गालाघार, माइकल । (१९८०) । आयरल्याण्डमा उमेद्वार छनौटः स्थानीयवादको प्रभाव र निर्वाचन प्रणाली । ब्रिटिश जर्नल अफ पोलिटिकल साइन्स, १०(४) । इसेक्सः युनिभर्सिटी अफ इसेक्स् । पृष्ठ ४८९-५०३ ।

गालाघार, माइकल । (१९८८) । "परिचय ।" गालाघार, माइकल एण्ड माइकल मार्श (सं)मा, तुलनात्मक दृष्टिकोणमा उमेद्वार छनौटः राजनीतिको गोप्य वर्गैंचा (पृष्ठ १-१९) । लण्डनः सेज पब्लिकेशन्स् ।

गालाघार, माइकल । (१९८८) । "आयरल्याण्ड : केन्द्रको बढ्दो भूमिका ।" गालाघार, माइकल एण्ड माइकल मार्श (सं)मा,

तुलनात्मक दृष्टिकोणमा उमेद्वार छनौटः राजनीतिको गोप्य वर्गैंचा (पृष्ठ ११९-१४४) । लण्डनः सेज पब्लिकेशन्स् ।

गालाघार, माइकल । (१९८८) । "निश्कर्ष ।" गालाघार, माइकल एण्ड माइकल मार्श (सं.)मा, तुलनात्मक दृष्टिकोणमा उमेद्वार छनौटः राजनीतिको गोप्य वर्गैंचा (पृष्ठ २३६-२८३) । लण्डनः सेज पब्लिकेशन्स् ।

गालाघार, माइकल । (१९८८) । जापान र न्यु जिल्याण्डमा निर्वाचन प्रणाली परिवर्तनको राजनीतिक प्रभाव, १९९६ । पार्टी पोलिटिक्स् १९९८; ४ । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ २०३-२२८ ।

गालाघार, माइकल एण्ड माइकल मार्श । (२००४) । आयरल्याण्डमा पार्टी सदस्यताः फीन गेलका सदस्यहरू । पार्टी पोलिटिक्स् १०(४) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ४०७-४२५ ।

होप्किन, जोनाथन । (२००१) । सदस्यताहरूलाई फिर्ता ल्याउने?: बेलायत र स्पेनमा उमेद्वार छनौटको लोकतान्त्रिकरण । पार्टी पोलिटिक्स् ७(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ३४३-३६१ ।

होरोविज, शेल एण्ड सुनवुङ्, किम । (२००२) । दक्षिण कोरियाको निर्वाचनमा सार्वजनिक रुचीको 'ब्ल्याक बलिङ्' । पार्टी पोलिटिक्स् ८(५) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ५४१-५६२ ।

इन्स्टिच्युट फर डेमोक्रेसी इन साउथ अफ्रिका (आइडीएएसए) । (२००४) । फ्लोर क्रसिङ्गो एक झलक Pretoria/Cape Town: (IDASA) http://www.idasa.org.za/index.asp?page=output_details .asp%3FRID%3D132%26PID%3D10%26OTID %3D2. मा उपलब्ध । मे १५, २००८ मा हेरिएको ।

इन्स्टिच्युट अफ स्ट्याटिस्टिक्स् अफ द एथेन्स् युनिभर्सिटी अफ इकोनमिक्स् एण्ड बिजनेस एण्ड द सेन्टर फर डेलिबरेटिभ डेमोक्रेसी अफ स्ट्याण्डफोर्ड युनिभर्सिटी । (२००६) । संयुक्त प्रेस वक्तव्यः मारोसी, ग्रीसमा उमेद्वार छनौटको लागि पहिलो डेलिबरेटिभ मतदान । इथाकीस : एथेन्स् युनिभर्सिटी अफ इकोनमिक्स् एण्ड बिजनेस डिपार्टमेन्ट अफ स्ट्याटिस्टिक्स् । http://www.aueb.gr/ statistical-institute/deliberative-polling/index_en.htm. मा उपलब्ध । मे १५, २००८ मा हेरिएको ।

इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी । इस्त्यातुतोस देल पार्तिदो रिभोल्युसियोनारियो इन्स्तीत्युसियोनाल, अप्रोबादोस इन ला १९ एसाम्ब्ला नेसियोनाल (इन्स्टिच्युशनल रिभोलुशनरी पार्टीको विधान), १९औं राष्ट्रिय भेलाले अनुमोदन गरे बमोजिम ।

इन्स्टिच्युशनल रिभोलुशनरी पार्टी । (२००५) । पार्तिदो रिभोल्युसियोनारियो इन्स्तीत्युसियोनालः रेग्लामेन्तो पारा ला इलेक्सियोन दे दिरिजेन्तर् वाइ पोस्तुलासियोन दे क्यान्दिदातोस । १२ जुलाइ २००५ (उमेद्वार तथा नेतृत्व छनौट नियमावली, जुलाइ १२, २००५मा अनुमोदन गरिए बमोजिम) ।

लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान र दक्षिण अफ्रिकाको चुनावी प्रतिष्ठान । (२००६) । अनुसन्धान र राजनीतिक दलहरूसँगको संवादमा आधारित दक्षिण अफ्रिकी मुलुकी प्रतिवेदन । स्टकहोमः लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान ।

जेन्कीन, बर्नार्ड । (२००६) । डेभिड क्यारूनलाई पत्र । व्यक्तिगत पत्राचार । http://conservativehome. blogs. com/goldlist/2006/11/will_associatio.html. मा उपलब्ध । मे १३, २००८ मा हेरिएको ।

काज, रिचार्ड एस. । (२००१) । उमेद्वार छनौटको समस्या र दलीय लोकतन्त्रका नमुनाहरू । पार्टी पोलिटिक्स् ७(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ २७७ - २९६ ।

कोमिन्ताङ् । (२००७) । उमेद्वार मनोनयन नियमावली, जुलाइ १८, २००७मा संशोधन गरिए बमोजिम ।

कोमिन्ताङ् । (२००५) । पार्टीको वडापत्र, अगष्ट २००५मा संशोधन गरिए बमोजिम ।

लेबर पार्टी (आयरल्याण्ड) । (२००५) । लेबर पार्टीको विधान, मे २००५ मा संशोधन गरिएबमोजिम ।

लेबर पार्टी (संयुक्त अधिराज्य) । (२००३) । लेबर पार्टीको नियमावली २००३ । लेबर पार्टी (संयुक्त अधिराज्य) । (२००७) । लेबर पार्टीको नियमावली २००७ । लेबर पार्टी (संयुक्त अधिराज्य) । (२००३) । नेशनल पार्लियामेन्टरी प्यानल एप्लिकेशन प्याक ।

लेबर पार्टी (संयुक्त अधिराज्य) । (२००७) । नेशनल पार्लियामेन्टरी प्यानल एप्लिकेशन फारम ।

लेबर पार्टी (संयुक्त अधिराज्य) । (२००६) । संसदीय उमेद्वार छनौटको लागि राष्ट्रिय कार्यसमितिको मार्ग निर्देशन २००६ ।

ल्यांग्स्टन, जोय । (२००४) । "मेक्सिकोमा विधायिकामा भर्ना ।" मोर्गेन्स्तर्न, स्कट एण्ड पिटर एम. सियाभेलिस (सं) मा । ल्याटिन अमेरिकामा राजनीतिक भर्ती र उमेद्वार छनौट । युनिभर्सिटी पार्क (पीए) स पेन्सिल्भेनिया युनिभर्सिटी प्रेस ।

ल्यांग्स्टन, जोय । (२००४) । इन्स्टिच्युशनल रिभोलुशनको परिवर्तनशिल पार्टीः चुनावी प्रतिस्पर्धा तथा विकेन्द्रित उमेद्वार छनौट । पार्टी पोलिटिक्स् १२(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ३९५ - ४१३ ।

लार्सेरुड, स्टीना एण्ड रिता ट्यापहर्न । (२००७) । डिजाइनिङ् फर इक्वालिटीः बेष्ट-फिट, मिडियम-फिट एण्ड नन-फेभरेबल कम्बिनेशन्स् अफ इलेक्टोरल सिस्टम्स् एण्ड जेण्डर कोटाज् । स्टकहोम : लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान ।

लेडुस, लरेन्स् । (२००१) । दलीय नेतृत्व छनौटको लोकतान्त्रिकरण । पार्टी पोलिटिक्स् ७(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ३२३ - ३४१ ।

लिबरल डेमोक्र्याट्स् । (२००६) । लिबरल डेमोक्रयाटहरूको विधान ।

क्यानाडाको लिबरल पार्टी । (२००६) । विधान, नोभेम्बर ३० - डिसेम्बर १, २००६ मा भएको दुईवर्षे अधिवेशनमा अनुमोदन र संशोधन गरिएबमोजिम ।

क्यानाडाको लिबरल पार्टी । (२००६) । क्यानाडाको लिबरल पार्टीको लागि उमेद्वार छनौटको लागि राष्ट्रिय नियमावली, सेप्टेम्बर २९, २००६मा राष्ट्रिय प्रचार-प्रसार समितिले अनुमोदन गरे बमोजिम ।

क्यानाडाको लिबरल पार्टी । (२००७) । क्यानाडाको लिबरल पार्टीको लागि उमेद्वार छनौटको लागि राष्ट्रिय नियमावली, राष्ट्रिय निर्वाचन तयारी समितिले फेब्रुअरी ५, २००७मा अनुमोदन गरेको र अप्रिल १७, २००७ मा संशोधन गरेबमोजिम ।

क्यानाडाको लिबरल पार्टी (क्विबेक) । (२००५) । क्यानाडाको लिबरल पार्टी (क्वीबेक)को लागि क्वीबेक प्रदेशको लागि उमेद्वार छनौटको नियमावली, सन् २००५को दुई वर्षे अधिवेशनमा अनुमोदन गरिए बमोजिम।

क्यानाडाको लिबरल पार्टी (ओन्टारियो) । (२००६) । क्यानाडाको लिबरल पार्टी(ओन्टारियो)को लागि ओन्टारियो प्रदेशको लागि उमेद्वार छनौटको नियमावली, सन् २००५को दुई वर्षे अधिवेशनमा अनुमोदन गरिए बमोजिम ।

लिण्डबर्ग, स्टेफान आइ । (२००३) । इट्स् आवर टाइम टु 'चप' : डु इलेक्सन्स् इन अफ्रिका फिड नियो-पेट्रिमोनियल रादर द्यान काउण्टर-एक्ट इट? डेमोक्रेटाइजेशन, १०(२) । न्यु योर्कः रुट्लेज । पृष्ठ १२१ - १४० ।

लोभेन्डुस्की, जोनी एण्ड पीप्पा नोरीस । (१९९५) । पोलिटिकल रिक्रुटमेन्ट - जेण्डर, रेस एण्ड क्लास इन द ब्रिटिश पार्लियामेण्ट । ग्रेट ब्रिटेनः क्याम्ब्रीज युनिभर्सिटी प्रेस ।

मान्कुसो, माउरीन, रिचार्ड प्राइस एण्ड रोनाल्ड वागेनवर्ग (सं) । (१९९४) । लीडर्स् एण्ड लिडरशिप इन क्यानाडा । टोरन्टोः अक्सफर्ड युनिभर्सिटी प्रेस ।

मानिकास, पिटर एण्ड लउरा थर्नटन (सं) । (२००३) । एसियाका राजनीतिक दलहरू । वाशिङ्टनः नेशनल डेमोक्रेटिक इन्स्टिच्युट ।

म्याकस्वीनि, डि । (१९९९) । चेन्जीङ द रुल्स् चेन्ज्ड् द गेम । पार्टी पोलिटिक्स् ५(४) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ४७१

- ४८३ ।

नेशनल एक्शन पार्टी । पार्तीदो एसियोन न्यासियोनालः रिफर्मा दे लोस इस्तातुतोस जेनेरालेस देल (पीएएन) अप्रोवादा पोर ला १६ असेम्ब्लीया नेसियोनियाल एक्स्त्राओदिनेरिया (नेशनल एक्शन पार्टी (पीएएन)को साधारण विधान), १६औं विशेष राष्ट्रिय अधिवेशनले संशोधन गरेबमोजिम ।

नेशनल एक्शन पार्टी । (२००२) । पार्तीदो एसियोन न्यासियोनालः रेग्लामेन्तो दे इलेक्सियोन दे क्यान्दीदातोस आ कार्गोस दे इलेक्सियो पोपुलार (उमेद्वार छनौट नियमावली), राष्ट्रिय कार्यसमितिले अनुमोदन गरेबमोजिम, नोभेम्बर ८, २००२ ।

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट । (२००८) । राजनीतिक दलहरूको लोकतान्त्रिक सञ्चालनको लागि न्यूनतम मापदण्ड । वाशिङ्टनः नेशनल डेमोक्रेटिक इन्स्टिच्युट ।

न्यु पेट्रियोटिक पार्टी । (१९९८) । न्यु पेट्रियोटिक पार्टीको विधान, अगष्ट १९९८ मा संशोधन भए बमोजिम ।

नोरीस, पिप्पा । (१९९६) । "लेजिस्लेटिभ रिक्रुटमेन्ट ।" लेडुस्, लरेन्स्, रिचार्ड निमी, र पिप्पा नोरीस (सं) मा, लोकतन्त्रहरूको तुलना (पृष्ठ १८४ - २१६) । लण्डनः सेज पब्लिकेशन्स् ।

पेट्रियोटिक पार्टी । (२००४) । राजनीतिक दलहरूको निर्माणः कानुनी नियमावली तथा आन्तरिक नियमहरूको सुधार । स्टकहोमः लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान ।

ओह्मन, म्याग्नस । (२००४) । द हर्ट एण्ड सोल अफ द पार्टीः घाना र अफ्रिकामा उमेद्वार छनौट । अप्शालाः अप्शाला युनिभर्सिटी प्रेस ।

पानारेतोस, जोहन एण्ड जर्ज पापान्द्रेउ । (२००६) । नगरप्रमुखको उमेद्वार छान्ने प्रक्रिया सम्बन्धी पत्रकार सम्मेलनः प्रश्नोत्तर । अप्रिल ५, २००६ । http://www.aueb.gr/statistical-institute/deliberative-polling/index_en.htm. मा उपलब्ध । मे १५,२००८मा हेरिएको ।

पापान्द्रेउ, जर्ज ए । (२००६) । नगरप्रमुखको र प्रिफेक्चरको लागि उमेद्वार छान्ने प्रक्रिया, एथेन्स् । प्रेस वक्तव्य । अप्रिल ५, २००६ । http://www.aueb.gr/statistical-institute/deliberative-polling/index_en.htm. मा उपलब्ध । मे १५,२००८मा हेरिएको ।

पार्टी अफ द डेमोक्रेटिक रिभोलुशन । (२००५) । इस्तातुतो देल पार्तीदो दे ला रिभोल्युसियोन डेमोक्रेशिया, रिफोर्मास अप्रुबादास पोर इल ९ कंग्रेसो नेसियोनाल (पार्टी अफ द डेमोक्रेटिक रिभोलुशन विधान, नवौं अधिवेशन संशोधन गरे बमोजिम) ।

पेनिङ्स्, पल एण्ड रेउभेन वाइ. हजान । (२००१) । उमेद्वार छनौटको लोकतान्त्रिकरणः कारणहरू तथा परिणामहरू । पार्टी पोलिटिक्स् ७(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ २६७ - २७५ ।

पेश्चार्ड-स्वेर्ड्रूप, अर्माण्ड । (२००३) । मेक्सिको अलर्ट, जुलाइ ६, २००३ मध्यावधी निर्वाचन, निर्वाचनपूर्वको विशलेषण । वाशिङ्टन, डिसिः सेन्टर फर स्ट्र्याटेजिक एण्ड इन्टर्नेशनल स्टडिज् ।

राहत, गिडियन । (२००७) । उमेद्वार छनौटः छनौट भन्दा पनि पहिलेको छनौट । जर्नल अफ डेमोक्रेसी, १८(१) । वाशिङ्टनः नेशनल इण्डावमेन्ट फर डेमोक्रेसी एण्ड द जोहन हप्कीन्स् विश्वविद्यालय प्रेस । पृष्ठ १५७ - १७० ।

राहत, गिडियन एण्ड रेउभेन वाइ. हजान । (२००१) । उमेद्वार छनौट विधिहरू । पार्टी पोलिटिक्स् ७(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ २९७ - ३२२ ।

राने, अष्टिन । (१९८१) । "उमेद्वार छनौट ।" बटलर, डेभिड, हवार्ड आर. पेन्नीम्यान, एण्ड अष्टिन राने (सं) मा, निर्वाचनमा लोकतन्त्रः प्रतिस्पर्धात्मक निर्वाचनहरूको प्रतिस्पर्धी अध्ययन (पृष्ठ ७५ - १०६)। वाशिङ्टन, डिसिः अमेरिकन इन्टरप्राइज इन्स्टिच्युट ।

रेनोल्ड्स्, एण्ड्रु, बेन रेली एण्ड एण्ड्रु एलिस । (२००५) । इलेक्टोरल सिस्टम डिजाइनः द न्यु इन्टरनेशनल (आईडीइए) ह्याण्डबुक । स्टकहोमः लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान ।

रोरी, लाम्प्रिनी । (२००५) । इलेक्टोरल डिफिट एज स्टिमुलस फर पार्टी चेन्ज (निर्वाचनमा हारपछि पार्टी परिवर्तन) : विशेष देखि सातौँ अधिवेशन सम्म (पीएएसओके)को आन्तरिक परिवर्तन प्रक्रियाको एकीकरण । आधुनिक ग्रीस सम्बन्धी दोस्रो (पीएचडी एलएसई) संगोष्ठीमा प्रस्तुत कार्यपत्र । लण्डनः लण्डन स्कुल अफ इकोनोमिक्स् । जुन १०, २००५ ।

रोज, डेभिड एण्ड श्यानन ओ कोनेल । उमेद्वार छनौट प्रक्रियाहरूः बिकल्प पत्र । अप्रकाशित । नेशनाल डेमोक्रेटिक इन्स्टिच्युट - वेष्ट ब्यांक र गाजा ।

स्क्यारो, सुसन । (२००५) । सैद्धान्तिक र व्यवहारिक दृष्टिकोणबाट राजनीतिक दलहरू र लोकतन्त्रः पार्टीमा आन्तरिक लोकतन्त्रको कार्यान्वयन । वाशिङ्टन, डिसिः अमेरिकन इन्टरप्राइज इन्स्टिच्युट ।

सेयद, प्याट्रिक (१९९९) । नयाँ पार्टीहरू / नयाँ राजनीति ? बेलायतको लेबर पार्टीको घटना अध्ययन । पार्टी पोलिटिक्स् ५(३) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ३८३ - ४०५ ।

सितो, एडुआर्डो जे., जेफानियास मात्सिम्बे एण्ड अमिल्कार एफ. पेरेइरा । (२००५) । मोजाम्बिकका राजनीतिक दल तथा राजनीतिक विकास । जोहानेसबर्गः दक्षिण अफ्रिका चुनावी प्रतिष्ठान ।

बोस्नीया - हर्जगोभिनयाको सामाजिक लोकतान्त्रिक दल । (२००६) । सन् २००६को आमचुनावको लागि (एसडीपीबीच)का उमेद्वार मनोनयन तथा छनौटको लागि शर्तहरूसम्बन्धी नियमहरू । साराजेभोः एसडिपी नम्बर ००२-०४-४२८-१/ण्छ, नेशनल डेमोक्रेटिक इन्स्टिच्युटका बोस्नियाहर्जगोभिनाका कर्मचारी गरेको अनौपचारिक अनुवाद ।

स्पाउर्डालाकिस्, मिकालिस् र क्रिस्तान्तोस् तासिस, (२००६) । पार्टी चेन्ज इन ग्रीस एण्ड द भ्यान्गार्ड रोल अफ पीएएसओके । साउथ युरोपियन सोसाइटी एण्ड पोलिटिक्स्, ११(३-४) । लण्डन । रुटलेज । पृष्ठ ४९७ - ५१२ ।

स्क्वायर्स्, जुडिथ । (२००५) । बेलायतमा लैङ्गिक कोटाको कार्यान्वयन । ब्रिस्टोलः लोकतन्त्र तथा चुनावी सहायताको लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान ।

भ्यालेन, हेनरी, हाने मार्थे नारुद एण्ड अउदुन स्कारे । (२००२) । "नर्वेः पार्टीको नियन्त्रण र विकेन्द्रित निर्णय-प्रक्रिया ।" नारुद, हाने मार्थे, मोगेन्स एन. पिदेर्शन एण्ड हेनरी भ्यालेन (सं.) मा, पार्टीको सम्प्रभूता र नागरिक नियन्त्रण : डेनमार्क, फिनल्याण्ड, आइसल्याण्ड र नर्वेमा संसदीय चुनावको लागि उमेद्वार छनौट, (पृष्ठ १६९ - २१४) । ओडेन्सः ओडेन्स युनिभर्सिटी प्रेस ।

वेब, पल डि । (१९९४) । "बेलायतमा पार्टीको संगठनात्मक परिवर्तनः केन्द्रीकरणको फलामे कानुन ?" काज, रिचार्ड एस. एण्ड पिटर मायर (सं.) मा, पार्टीहरू कसरी संगठित हुन्छन् : पश्चिमी लोकतन्त्रहरूमा परिवर्तन र अनुकूलन । ग्रेट ब्रिटेनः सेज पब्लिकेशन्स् ।

वु, चुङ्-ली । (२००१) । कुओमिन्ताङ्गो उमेद्वार छनौट प्रक्रियामा रूपान्तरण । पार्टी पोलिटिक्स् ७ (१) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ १०३ - ११८ ।

वुह्स्, स्टेभेन टी । (२००३) । मेक्सिकोमा उमेद्वार छनौट, सहभागिता र लोकतान्त्रिक सुदृढिकरण । अमेरिकी विश्वविद्यालय, अमेरिकी अन्तर्राष्ट्रिय विकास सहयोग नियोग र लोकतन्त्र तथा निर्वाचन व्यवस्थापन केन्द्रको प्रायोजनमा मेक्सिकोको लोकतान्त्रिक सुदृढिकरणमा चुनौती विषयक सम्मेलनमा प्रस्तुत कार्यपत्र । वाशिङ्टन, डिसि । नोभेम्बर १३-१४, २००३ ।

यङ्, लिसा एण्ड विलियम क्रस । (२००२) । क्यानाडाका राजनीतिक दलहरूमा प्लेबीसीटरी लोकतन्त्रको उदय । पार्टी पोलिटिक्स् ८(६) । लण्डनः सेज पब्लिकेशन्स् । पृष्ठ ६७३ - ६९९ ।

जुटिक, एल्भिस । (मिति उल्लेख नभएको) । उमेद्वार तथा नेतृत्वको छनौटमा राजनीतिक दलहरूको अभ्यास : तुलनात्मक दृष्टिकोणबाट केन्द्रीकरणको स्तर । नेशनल डेमोक्रेटिक इन्स्टिच्युट - बोस्नीया- हर्जगोभिनिया । अप्रकाशित ।

नेशनल डेमोक्रेटिक ईन्स्टिच्यूट फर ईन्टरनेशनल अफेयर्स
२०३० एम स्ट्रीट, एनडब्लू
पाँचौ तल्ला
वाशिङ्टन, डिसी २००३६
टेलिफोन : २०२-७२८-५५००
फ्याक्स : २०२-७२८-५५२०
वेबसाइट : www.ndi.org